# बाल न्याय स्रोत सँगालो

# २०६६

NJA-Nepal


केन्द्रीय बाल कल्याण समिति
हरिहर भवन, पुल्चोक
ललितपुर, नेपाल

राष्ट्रिय न्यायिक प्रतिष्ठान
हरिहर भवन, पुल्चोक
ललितपुर, नेपाल

# बाल न्याय स्रोत सँगालो
# २०६६

NJA-Nepal

**केन्द्रीय बाल कल्याण समिति**
हरिहरभवन, ललितपुर

**राष्ट्रिय न्यायिक प्रतिष्ठान**
हरिहरभवन, ललितपुर

**सम्पादन समूह**

मानननीय श्री तिलप्रसाद श्रेष्ठ, फ्याकल्टी
श्री नृपध्वज निरौला, रजिष्ट्रार
श्री पारस पौडेल, तथ्यांक अधिकृत

**सम्पादन सहयोगी**

श्री विष्णुबहादुर बरुवाल, प्रकाशन सहायक
सुश्री समी मोक्तान, प्रशासन सहायक


| | |
|---|---|
| प्रकाशक | : राष्ट्रिय न्यायिक प्रतिष्ठान, हरिहर भवन ललितपुर |
| सहयोग | : केन्द्रीय बाल कल्याण समिति |
| प्रकाशन मिति | : २०६६ चैत्र |
| प्रकाशित | : ५०० प्रति |
| सर्वाधिकार | : राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल |
| मुद्रक | : फरम्याट प्रिन्टिङ्ग प्रा.लि. |

# प्राक्कथन

राष्ट्रिय न्यायिक प्रतिष्ठानले आफ्नो स्थापना कालदेखि नै मानव अधिकारलाई उच्च प्राथमिकतासाथ पाठ्यक्रममा समावेश गराएको कुरा सर्वविदितै छ । लक्षित समूहका लागि सञ्चालित क्षमता विकास कार्यक्रमहरूमा मानव अधिकारका विभिन्न पाटाहरूमा गरिने नियमित छलफलका अतिरिक्त प्रतिष्ठानले लैंगिक न्याय तथा बाल न्यायजस्ता विषयमा केन्द्रित रही अलग्गै कार्यक्रमहरूसमेत सञ्चालन गरिआएको छ । यो सिलसिलालाई अझ घनीभूत र व्यवस्थित रूपमा अघि लैजाने क्रममा बाल न्याय स्रोत सँगालो अघि सारेका छौं ।

प्रतिष्ठानले केन्द्रीय बाल कल्याण समितिसँग मिलेर विगत वर्षमा न्यायाधीश, सरकारी वकिल, प्रहरी अधिकृतहरू तथा अदालतका अधिकृतहरूका लागि बाल न्यायका विभिन्न पक्षहरूलाई समेटेर पाँच वटा अनुशिक्षण कार्यक्रमहरू सञ्चालन गरेको थियो । प्रशिक्षण कार्यक्रमबाट लक्षित समूहबीच बाल न्यायको विषयमा आधारभूत ज्ञान तथा सूचनाहरूको सम्प्रेषण भएको छ भन्ने हाम्रो विश्वास छ । तथापि बाल न्याय विषयमा उपयुक्त ज्ञान, सीप र प्रवृत्तिको विकास गरी प्रभावकारी न्याय व्यवस्थालाई अझ सुदृढ पार्ने क्रम जारी राखिनु जरुरत छ भन्ने कुरालाई पनि हामीले महसुस गरेका छौं । बाल न्याय स्रोत सँगालो तयार गर्ने हाम्रो यो प्रयास त्यही दायित्व निर्वाह गर्नेतर्फको एक कदम रहेको कुरा पनि हामी निवेदन गर्न चाहन्छौं ।

प्रस्तुत स्रोत सामग्रीको निर्माणमा बाल न्याय क्षेत्रमा काम गरी आउनुभएका विशिष्ट व्यक्तिहरूको सहभागिता रहेको छ । आफूहरूलाई तोकिएको बिषयमा समयमा नै लेख रचना उपलब्ध गराई प्रकाशनयोग्य बनाउन सहयोग गर्ने सम्पूर्ण बिद्वान् लेखकहरूप्रति हामी आभारी छौं । बाल न्यायका विभिन्न पक्षहरूलाई समेट्ने प्रयास गरिए पनि छोटो समयमा तयार गरिएको यो स्रोत सामग्रीमा बाल न्यायका सबै पक्षहरू बृहत् रूपमा नसमेटिएको हुन सक्तछ। पाठकहरूको सुझाव समेतको आधारमा यहाँ संकलित सामग्रीहरूलाई आउँदा दिनहरूमा हामी अरू परिमार्जन गरी प्रकाशन गर्ने प्रयास गर्ने छौं ।

अन्तमा, प्रस्तुत प्रकाशनमा प्रतिष्ठानसँग सहकार्य गर्ने केन्द्रीय बाल कल्याण समिति तथा आर्थिक सहयोग गर्ने प्लान नेपालप्रति धन्यवाद दिन चाहन्छौं ।

राष्ट्रिय न्यायिक प्रतिष्ठान

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बाल कल्याण समिति

# Central Child Welfare Board

हरिहरभवन, पुल्चोक, ललितपुर

पत्र संख्या : २०६६/६७

चलानी नं. : ८२३

मिति २०६६/१२/१०

## प्राक्कथन

बालबालिका सम्बन्धि ऐन, २०४८ मा बालबिज्याँइ सम्बन्धि मुद्धाको सुनुवाई बालअदालत वा बाल इजलासबाट हुने व्यवस्था गरिएको छ । प्रभावकारी बाल न्याय सम्पादनका लागि कानुनी, नीतिगत तथा प्रसाशकिय जटिलतालाई सम्बोधन गर्न बाल न्याय (कार्यविधी) नियमावली, २०६३ र बालबालिकाका निमित्त दश बर्षे कार्ययोजना बनाई लागु गरिएको छ । कानुनको बिवादमा परेका बालबालिकाको बालमैत्री न्यायको हक सुनिश्चितताका लागि हालसम्म २६ जिल्ला अदालतहरुमा बाल इजलासको स्थापना गरिनुका साथै १० जिल्लाका प्रहरी कार्यलयहरुमा बालमैत्री अनुसन्धान तथा अवलोकन कक्षको स्थापना समेत गरिएको छ । नेपालको बाल न्याय सुदृढिकरणका लागि केन्द्र तथा जिल्ला तहमा खास खास सरोकारवालाहरु संग नियमित छलफल पनि भैरहेका छन् ।

बालबालिकाले गल्ती गर्छन्; अपराध गर्दैनन् । बालबालिकाले गरेको कामको प्रकृति र परिणाम थाहा पाउँदैनन् । अपराध मानिएको कार्य बालबालिकाबाट भएको अवस्थामा पनि उनीहरूको मनसायतत्व सबल र पूर्ण हुँदैन र बालकलाई सजाय गर्न सकिँदैन, सच्याउन मात्र सकिन्छ । तसर्थ, बालबालिकाबाट हुन जाने कानुनको उल्लङ्घनलाई फौजदारी कानुन अर्न्तगत राखी सजाय गरिदा बालबालिकाहरुले आफुलाई असल नागरिकको रुपमा विकास गर्न पाउने अवसरबाट बञ्चित हुन्छन् । साथै, उनीहरुको कलिलो मानसपटलमा सामाजिक र कानुनी संस्था प्रति नकारात्मक प्रभाव पर्न गई उनीहरु भित्र आपराधिक प्रवृत्तिको विकास हुन जान्छ र उनीहरुको बयस्क अपराधीका रुपमा परिणत हुने संभावना रहन्छ । तसर्थ, बालबालिकालाई दण्डित गर्नुको सट्टा सुधारको उपायहरु सोच्नु पर्ने हुन्छ ।

नेपालको बाल न्याय प्रणालिलाई फौजदारी न्याय प्रणालीको बिशिष्ट हाँगाको रुपमा लिइएको छ । नेपालको बाल न्याय प्रणालीलाई बालअधिकार सम्बन्धि महासन्धी १९८९ र बालन्याय सम्बन्धि अन्तर्राष्टिय मापदण्ड अनुरुप अझ प्रभावकारी र छुट्टै प्रणालीको विकास गर्नु पर्ने आवश्यक भएको छ । बाल न्याय प्रणालिको सुदृढीकरणका लागि बालन्याय संपादनमा संलग्न निकाय, पक्ष तथा ब्यक्तिहरुको कानुनको बिवादमा परेका बालबालिकाहरु प्रति हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन र क्षमता अभिवृद्धि गर्नका लागिसमेत पठन सामग्रीहरुको खाँचो रहेको छ ।

बिगत बर्षमा राष्ट्रिय न्यायिक प्रतिष्ठानले केन्द्रीय बालकल्याण समितिसँगको सहकार्यमा बाल न्याय सम्बन्धि न्यायधीस, तथा अदालतका अधिकृतहरुका लागि क्षमता अभिबृद्धि गर्न प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरिसकेको छ । तथापि बाल न्याय विषयमा उपयुक्त ज्ञान, सीप र क्षमताको

फोन नं. : ५०१००४५, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ccwb.gov.np

Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591 Website : ccwb.gov.np

विकासका लागि पठन सामग्रिहरुको लेखन र प्रकाशन गर्नु जरुरी छ भन्ने कुरालाई पनि हामीले महसुस गरेका छौं । अत: बाल न्याय सम्बन्धि स्रोत सामग्रिको सँगालो तयार गर्ने यो प्रयासका लागि राष्ट्रिय न्यायिक प्रतिष्ठानका सम्पुर्ण टिमलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । साथै यस श्रोत सामग्रि तयार पार्न योगदान दिनुहुने सम्पुर्ण लेखक मित्रहरुलाई बिशेष धन्यवाद दिन चाहन्छु । केन्द्रीय बाल कल्याण समितिको तर्फबाट राष्ट्रिय न्यायिक प्रतिष्ठानसँग सहकार्य र समन्वयको भूमिका निर्वाहकर्ता टीम लिडर श्री रोम थापा प्रति पनि धन्यवाद व्यक्त गर्न चाहन्छु ।

अन्तमा, यस श्रोत पुस्तिकाले बालन्यायको सन्दर्भमा सरोकार राख्ने अनुसन्धान अधिकारी, सरकारी वकील, अदालत र बाल इजलासमा रहि बाल न्याय सम्पादन गर्न सहयोग गर्ने सामाजिक कार्यकर्ता तथा बालमनोबिज्ञका लागि अध्ययन सामाग्रीको रुपमा उपयोगी हुन्छ भन्ने ठानेको छु । र बालन्याय सम्बन्धि श्रोत सामग्रिहरुको लेखन र प्रकाशनले बाल न्याय संम्बन्धि पठन सामग्रिको खट्किएको अभावलाई कम गर्न सघाउ पुऱ्याउने विश्वास समेत लिएको छु ।

धर्मराज श्रेष्ठ
कार्यकारी निर्देशक

# विषय-सूची


| | | | |
|---|---|---|---|
| १. | नेपाली बालबालिकाको सामान्य स्थिति र कानुनसँग द्वन्द्वमा परेका बालबालिका | शिव पौडेल | १-१८ |
| २. | बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ | राजेन्द्र खरेल | १९-३४ |
| ३. | बाल न्यायसम्बन्धी अन्तरराष्ट्रिय मापदण्ड-१ | आशिष अधिकारी | ३५-४८ |
| ४. | बाल न्यायसम्बन्धी अन्तरराष्ट्रिय मापदण्ड-२ | आशिष अधिकारी | ४९-५८ |
| ५. | पुनःस्थापकीय न्याय - संक्षिप्त परिचय | केशरीराज पण्डित | ५९-६६ |
| ६. | बालबालिकासम्बन्धी राष्ट्रिय नीति, कानुन र विधि | डा.आनन्दमोहन भट्टराई | ६७-८६ |
| ७. | किशोरावस्था तथा बाल बिजाइँ | सुष्मा रेग्मी | ८७-१०० |
| ८. | बालबालिकासँग सञ्चार-संवाद : केही सन्दर्भ र सिकाइहरू | चन्द्रिका खतिवडा | १०१-१२० |
| ९. | बालबालिकासँग गरिने व्यवहार र सञ्चार | डा.आनन्दमोहन भट्टराई | १२१-१३० |
| १०. | बाल न्यायलाई व्यवहारमा कसरी उतार्ने | तिलप्रसाद श्रेष्ठ | १३१-१५२ |
| ११. | बालबालिकासम्बन्धी मुद्दाको फैसला र तिनको कार्यान्वयन | तिलप्रसाद श्रेष्ठ | १५३-१६२ |

# १. नेपाली बालबालिकाको सामान्य स्थिति र कानुनसाग द्वन्द्वमा परेका बालबालिका

**परिचय**

बाल न्यायका सम्बन्धमा जानकारी हासिल गर्न बालबालिका भन्नाले के बुझिन्छ, नेपालमा बालबालिकाको स्थिति कस्तो छ र उनीहरूलाई कस्तो न्यायको आवश्यकता छ भन्ने बारेमा साझा दृष्टिकोण बनाउन आवश्यक छ ।

बाल न्यायको क्षेत्रमा कार्य गर्ने हामी सबैका आ-आफ्ना पृष्ठभूमि र आ-आफ्ना विभिन्न अनुभवहरू छन् । हाम्रो बाल्यकालको भोगाइ र देखाइ, हामी वरिपरिको समुदायका बालबालिकाको दिनचर्या र हामीसँगको सम्पर्क, हामीले पढेका कथा, नाटक, सिनेमा आदिबाट हामीले बालबालिका के-कस्ता हुन्छन् भनी एउटा मानसिक चित्र बनाएका हुन्छौं । अधिकांश स्थितिमा हाम्रा धारणा र हामीले गर्ने क्रियाकलापहरू तिनै अनुभव र पृष्ठभूमिबाट प्रेरित पनि हुन्छन् । सबै अवस्थामा हाम्रा अनुभवले हामीलाई सिकाएका बाटाहरू मात्र ठीक नहुन पनि सक्दछन् । ती अनुभवहरूका आधारमा बनाइएका निष्कर्षहरूलाई सर्वमान्य मान्नुभन्दा तिनीहरूलाई सापेक्षिक रूपमा प्रयोग गर्नु बढी प्रभावकारी हुन्छ ।

तसर्थ यस परिच्छेदमा बालबालिकासम्बन्धी विषयहरूमा साझा अवधारणा बनाउने प्रयास हुनेछ । कुन उमेर समूहका मानिसहरूलाई बालबालिका भन्ने ? के सबै बालबालिकाको बालापन एकै खालको हुन्छ ? उनीहरूका परिस्थितिहरू एकै हुन्छन् ? उनीहरूको सिकाइमा उनीहरूले गरेका कार्यहरूको विश्लेषण कसरी गर्नुपर्दछ र उनीहरूलाई कसरी एक असल नागरिकको रूपमा स्थापित गर्न मद्दत गर्न सकिन्छ भन्ने बारेमा पाठकहरूलाई आन्दोलित गर्नु र हामीले कानुनसँग द्वन्द्वमा परेको बालबालिकाभन्दा झट्ट सम्झने गरेको अनुहार र दायरालाई फराकिलो पार्नु यस परिच्छेदको उद्देश्य हो । बाल न्यायका क्षेत्रमा नेपालमा भएका सीमित अध्ययनहरूले यस विषयका सम्बन्धमा भएका सत्य तथ्यको उजागर गरेका छन् । यी सबै अध्ययनहरूले बाल न्यायको सम्बन्धमा हामीलाई आफैं विश्लेषण गर्न सक्षम बनाउनेछन् ।

**क) बालबालिकाको परिभाषा र आपराधिक दायित्व**

**बालबालिकाको परिभाषा**

नेपाली कानुन प्रणालीमा बालबालिकाको सर्वमान्य परिभाषा छैन । बालबालिकासम्बन्धी ऐनलाई बालबालिकाको क्षेत्रको विशेष ऐन मान्ने हो भने यसको व्यवस्थालाई नै सर्वमान्य मान्नुपर्ने हुन्छ ।
विभिन्न कानुनमा विभिन्न किसिमले बालबालिकाको परिभाषा गरिएको छ । उदाहरणका लागि -

- करार ऐनमा करार गर्न सक्ने उमेरका रूपमा **१६ वर्ष** तोकिएको छ ।
- मुलुकी ऐन, बिहावारीको महलमा **१८ वर्ष** नभई विवाह गर्न नपाइने कुरा उल्लेख छ ।
- निर्वाचन ऐनमा **१८ वर्ष** पुगेका व्यक्तिलाई मात्र भोट हाल्ने अधिकार प्रदान गरिएको छ ।
- बालबालिकासम्बन्धी ऐनमा बालबालिका भन्नाले **१६ वर्ष** मुनिका व्यक्तिलाई सम्झनुपर्दछ भनिएको छ ।

- बाल श्रम (निषेधित र नियमित) गर्ने ऐनले बालबालिका भन्नाले **१६ वर्ष** मुनि परिभाषित गरी, जोखिमपूर्ण श्रममा कुनै पनि बालबालिकालाई लगाउन नहुने तर १४ वर्ष माथिका बालबालिकालाई उसको शारीरिक र मानसिक अहित नहुने गरी **सामान्य काम**मा लगाउन हुन्छ भनी उल्लेख गरेको छ ।

बालबालिकासम्बन्धी ऐनलाई खारेज गर्ने गरेर बन्न गइरहेको प्रस्तावित बाल अधिकार ऐन, २०६६ को मस्यौदामा बालबालिकाको उमेर १८ वर्ष भनेर उल्लेख गरिएको छ । बालबालिकासम्बन्धी विशेष कानुनको यस व्यवस्थाले बालबालिकाको उमेर १८ वर्ष कायम गर्न मद्दत गर्दछ । संसारका सबैभन्दा बढी देशले अनुमोदन गरेको बाल अधिकार महासन्धिले बालबालिका भन्नाले १८ वर्ष मुनिका मानिस हुन् भनी परिभाषित गरेको छ । यस उमेरलाई सर्वमान्य भनेर मान्न सकिन्छ ।

**आपराधिक दायित्व**

कानुनद्वारा निषेधित कार्य (वा अपराध) गरेकोमा त्यसबापतको उत्तरदायित्व भोग्न पर्ने उमेरलाई आपराधिक दायित्वको उमेर (age of criminal responsibility) भनिन्छ । प्रत्येक कानुनी प्रणालीमा निश्चित उमेरभन्दा मुनिका बालबालिकालाई कानुनद्वारा निषेधित कार्य गर्न नसक्ने बालबालिकाका रूपमा परिभाषित गरिएको हुन्छ । बालबालिकासम्बन्धी ऐन, २०४८ मा आपराधिक दायित्वसम्बन्धी व्यवस्था निम्नअनुसारको छ–

- १० वर्ष मुनिको बालबालिकाले गलत कार्य गर्न सक्दैन भनी अनुमान गरिएको छ ।
- १० देखि १४ वर्षसम्मको बालबालिकाले गरेको निषेधित कार्यको सम्बन्धमा बढीमा ६ महिनासम्म सुधार गृहमा राख्न सक्ने गरी व्यवस्था गरिएको छ ।
- १४ वर्षदेखि माथि र १६ वर्षभन्दा मुनिका बालबालिकालाई उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुने व्यवस्था गरिएको छ । अर्थात् जरिवानाको हकमा आधा र कैदको हकमा कैद अवधिको आधा अवधि सुधार गृहमा बसी बिताउनुपर्ने भन्ने हो ।

बालबालिकालाई यसरी सजायमा कमी वा छुट दिनु भनेको उनीहरूलाई सुध्रिन मौका प्रदान गर्नु एवं सुधार्न सहयोग गर्नु पनि हो । आपराधिक उत्तरदायित्व भोग्न नपर्ने भनी कुनै उमेर तोक्नुको अर्थ त्यस उमेरभन्दा मुनिका बालबालिकाको विवेकशील मस्तिष्कले आफूले गरेको कार्यको परिणामबारे थाहा पाउन सक्दैन भन्ने हो । त्यस्ता बालबालिकालाई कानुनसँग द्वन्द्वमा परेका बालबालिकाका रूपमा कानुनी प्रक्रियामा नल्याए पनि सामाजिक, मनोवैज्ञानिक र बौद्धिक मद्दत गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने गरेको भने पाइन्छ ।

**ख) नेपाली बालबालिकाको स्थिति**

**बालबालिकाकाको संख्यात्मक विवरण**

२०५८ सालको जनगणनाका आधारमा नेपालमा १८ वर्ष मुनिका बालबालिका १ करोड १० लाखजति भएको प्रक्षेपित अनुमान गरिएको छ । यी सबै बालबालिकालाई एकै समूहमा राखिए पनि यो आफैंमा विविध समय हो । भर्खर जन्मेको बालबालिकालाई आवश्यक पर्ने कुराहरू र १८ वर्ष पुग्न लागेको बालबालिकालाई आवश्यक पर्ने कुराहरू नितान्त फरक हुन्छ । शारीरिक, मानसिक, आध्यात्मिक र सामाजिक विकासका निमित्त बालबालिकाको उमेर सबैभन्दा महत्वपूर्ण मानिन्छ ।

नेपालमा भएका बालबालिकाको तथ्यांक र बालबालिकाको शिक्षामा भएका पहुँचलाई निम्नानुसार देखाउन सकिन्छ :

| **बालबालिकाको तथ्यांक** | **शिक्षामा पहुँच** |
| --- | --- |
| ■ कुल जनसंख्या : २, ३१, ५१, ४३२<br>बालबालिकाको संख्या :<br>■ १८ वर्ष मुनिका १, ०९, ९६, ०५२ (४९.३६%)<br>    ■ बालक ५५, ८२, ६९६ (५०.७७ %)<br>    ■ बालिका ५४, १३, ३५६ (४९.२३ %)<br>■ १६ वर्ष मुनिका ९४, ७५, ८९४ (४०.९३ % )<br>    ■ बालक ४८, २९, ८६३ (५०.९७ %)<br>    ■ बालिका ४६, ४६, ०३१ (४९.०३ %)<br><br>(२०५८, तथ्यांक विभाग) | ● प्राथमिक ४५, ०२, ६९७<br>● निम्नमाध्यमिक १३, ७४, ७९६<br>● माध्यमिक ५, ८७, १७७<br>● १८ वर्ष मुनिका बालबालिकामध्ये मात्र ६४,६४,६७० अर्थात् ६६.८८ % मात्र शैक्षिक संस्थामा भएको पाइन्छ ।<br>● उमेरका कारण ५ वर्ष मुनिका १५ लाख बालबालिका प्राथमिक शिक्षामा आई पुग्दैनन्<br>(शिक्षा विभाग, २०६५) |

बालबालिका शिक्षा क्षेत्रमा छन् भने उनीहरू कानुनसँग द्वन्द्वमा पर्ने सम्भावना कम हुन्छ । शिक्षा क्षेत्रमा भए पनि बालबालिकामा समस्या आउने वा बालबालिकाले उपद्रव नगर्ने हुँदैन । तर तुलनात्मक रूपमा शिक्षा क्षेत्रमा हुने बालबालिकाले गलत कार्य गर्ने सम्भावना कम हुन्छ । शिक्षा क्षेत्रमा भएका बालबालिका गलत कार्यतर्फ उन्मुख भए भने समयमै थाहा पाउन सकिन्छ र उसलाई संस्थागत हेरचाह पनि समयमै पुऱ्याउन सकिन्छ । तसर्थ हिजोआज विकसित मुलुकमा विद्यालयमै बालबालिकाका लागि सहयोग केन्द्र तथा मेलमिलाप केन्द्र राख्ने प्रचलन छ ।

नेपालमा माध्यमिक विद्यालय जाने उमेरका बालबालिकामध्ये ६०% बालबालिका विद्यालय बाहिर छन् । यी बालबालिका या श्रममा छन् या बेरोजगार छन् । श्रममा भए पनि अधिकांश बालबालिकाको आम्दानीले उनीहरूको जीविकोपार्जन गर्न धौ-धौ हुन्छ । बेरोजगार बालबालिका बाल न्यायका दृष्टिकोणले गलत कार्य गर्न सक्ने जोखिममा भएका बालबालिका भन्न सकिन्छ । बालबालिकाको उमेर नै यस्तो हो कि यदि उसले शारीरिक र मानसिक रूपमा तल्लीन हुन सक्ने पर्याप्त काम पाएन भने ऊ गलत कार्यतर्फ प्रवृत्त हुन पुग्दछ ।

**क्षेत्र, संस्कृति र प्रचलित कानुनद्वारा निषेधित कार्यसँगको सम्बन्ध**

भौगोलिक प्रदेशअनुसार मानिसको रहनसहनमा पार्ने प्रभाव तथा प्रत्येक भौगोलिक प्रदेशसँगै रहेको साँस्कृतिक पृष्ठभूमि र प्रचलनले बालबालिकाको सामाजिकीकरणमा बृहत् प्रभाव पारेको हुन्छ । बालबालिकाले समाजप्रति बनाउने दृष्टिकोण पनि यसैको आधारमा हुन्छ । तसर्थ बालबालिकाले गर्ने कार्य र देखाउने व्यवहारलाई भौगोलिक प्रदेशअनुसार पनि मूल्यांकन गर्न सकिन्छ । जस्तै हिमाली भेगमा मदिरापान, धूम्रपान सामान्य प्रचलन हुन सक्दछ । नेपालको मध्य तराईका मैथली र भोजपुरी मातृ भाषा भएकाहरूमा सुर्ती, पान, पराग सेवनलाई स्वाभाविक मानिन्छ । कानुनको दृष्टिकोणमा यसरी मदिरा, धूम्रपान वा सुर्तीजन्य पदार्थको सेवन बालबालिकाका लागि कानुनद्वारा निषेधित कार्य हुन जान्छ । तसर्थ यस किसिमका आरोपमा बालबालिकालाई ल्याइँदा उसको सामाजिक र साँस्कृतिक परिवेशलाई बिर्सनुहुँदैन । सुर्ती, मदिरा आदि पदार्थको सेवन आफैंमा कानुनद्वारा निषेधित कार्य हो तर यो खाँदैमा बालबालिका अपराध उन्मुख भयो भन्ने कुरा गलत सावित भएको छ ।[१]

१ काठमाडौं स्कुल अफ लको अध्ययनमा अपराध प्रमाणित भएका १६५ बालबालिकासँगको सोधपुछमा ४२ प्रतिशतभन्दा बढी बालबालिकाले कुनै पनि पदार्थ सेवन गर्ने नगरेको देखियो । यसको अर्थ पदार्थको सीधा सम्बन्ध अपराधसँग छैन । पदार्थ उपभोग गर्ने बालबालिकाको संगतसम्म खराब हुन्छ भन्ने हो । हेर्नुहोस्, पृष्ठ १०३, जुभेनाइल जस्टिस सिस्टम इन नेपाल, २००३ ।

मदिरापान, सुर्तीजन्य पदार्थको सेवन आदि उमेर पुगेका वयष्कले गरे भने कानुनद्वारा निषेधित कार्य मानिँदैन तर त्यही कार्य उमेर नपुगेका बालबालिकाले गरे भने कानुनद्वारा निषेधित कार्य मानिन्छ । (वयष्कलाई हालका कानुनी प्रणालीहरूमा सार्वजनिक स्थानमा मात्र धूम्रपान निषेध गरिएको छ ।) यसलाई उमेरका आधारमा हुने कानुनद्वारा निषेधित कार्य (status offence) भनेर भनिन्छ । यस प्रकारको निषेधित कार्यलाईलाई अंग्रेजी कानुन प्रणालीमा substancee abuse भन्ने गरिएको पनि छ । उमेरका आधारमा गरिएका कानुनद्वारा निषेधित कार्यमा विद्यालयबाट भाग्ने, होमवर्क वा अन्य गृहकार्य नगर्ने, घरबाट भाग्ने आदि पनि पर्दछन् ।

बाल न्यायको दृष्टिकोणले कुन क्षेत्र वा प्रदेशमा बस्ने बालबालिका संख्यात्मक हिसाबले कानुनसँग द्वन्द्वमा परेको छ भनी चनाखो हुनु पनि जरुरी छ । यस दृष्टिकोणले त्यस प्रदेश वा ठाउँमा कानुनद्वारा निषेधित कार्य हुने कारण पत्ता लगाउन र त्यसलाई समाधान गर्न सजिलो पर्दछ । त्यस्तै क्षेत्र वा प्रदेशभित्र पनि कुन समूहका बालबालिका कानुनसँग द्वन्द्वमा परिरहेका छन् भनी हेर्नुपर्दछ । समूहभित्र आर्थिक रूपमा बढी र कम हैसियत भएका, विभिन्न जात जातिका, कुनै खास स्थानमा बस्ने र त्यस क्षेत्रमा प्राप्त भएको धन कमाउने सम्भाव्यताले पनि बालबालिकालाई निषेधित कार्य गर्न प्रभाव पार्दछ । उदाहरणका लागि तराईका सीमा क्षेत्रका १० देखि १६ वर्षका बालबालिकालाई राजस्व छली गर्ने गरी बढी काममा लगाएको देखिन्छ । यसमा बालबालिकाको दोषभन्दा पनि बालबालिकालाई काम लगाउने व्यापारीहरू वा अनियन्त्रित सीमा क्षेत्र राख्ने प्रशासनको पनि उत्तिकै दोष हो । तसर्थ बाल न्यायका दृष्टिकोणले कसैले कानुनद्वारा निषेधित कार्य गरेको देखियो भन्दैमा त्यसको मूल कारणमा नगई निर्णय गर्नु उपयुक्त हुँदैन ।

भौगोलिक प्रदेशअनुसार १६ वर्षमुनिका बालबालिकाको संख्या तालिकामा देखाइएअनुसार छ । एकै भूगोलमा एकै प्रकारका बालबालिका नबसे पनि सडकमा भएका ८० जना बालबालिकाको जातिगत पृष्ठभूमि निम्नअनुसार देखिएको छ ।

| भौगोलिक प्रदेश | सडकमा भएका ८० बालबालिकाको जातिगत विश्लेषण |
|---|---|
| ■ तराई, ४५,७६,८५७ (४८.३ %)<br>■ पहाड, ४२, ८३, १०४ (४५.१ %)<br>■ हिमाल, ६, १५, ९३३ (६.५ %)<br><br>(२०५८, तथ्यांक विभाग) | ■ छेत्री २३.७ %<br>■ तमाङ २२.५ %<br>■ ब्राह्मण ११.२५ %<br>■ गुरुङ ८.७ %<br>■ मुस्लिम ८.७ %<br>■ राईलिम्बू ७.५ %<br>■ नेवार ५ %<br>■ अन्य १२.५ %<br>(स्रोत : जुभेनाइल जस्टिस सिस्टम इन नेपाल) |

**आर्थिक अभाव (गरिबी) को कानुनद्वारा निषेधित कार्यसँगको सम्बन्ध**
सामान्यतः बालबालिकाको आफ्नै आर्थिक स्थिति हुँदैन । आफ्ना बाबुआमाको आर्थिक स्थितिको प्रत्यक्ष प्रभाव बालबालिकामा पर्दछ ।

**नेपालमा परिवारको आर्थिक स्थिति**
नेपालको कुल परिवारको संख्या, ४१,७४,३७४
व्यापारिक आर्थिक क्रियाकलाप ८,४०,१२८
आर्थिक क्रियाकलाप नभएका ३३,३४,२४६

आर्थिक क्रियाकलाप नभएका मध्ये
जग्गाजमिन/ पशुपालन केही नभएका ८,०२,६१५
(२०५८, तथ्यांक विभाग)

राष्ट्रिय योजना आयोगको तथ्यांकअनुसार नेपालमा गरिबीको रेखा मुनि रहेको जनसंख्या ३१.८ रहेको छ । यसमध्ये पनि २४.१ प्रतिशत जनसंख्याले दैनिक १ अमेरिकी डलरभन्दा कम आम्दानी गरेको पाइन्छ । नेपालका एक परिवारमा औसत २ भन्दा बढी बालबालिका हुने भएकाले माथि देखाएअनुसार निकै बालबालिका आर्थिक रूपले कमजोर तथा आर्थिक क्रियाकलाप नभएका परिवारमा छन् । यदि बालबालिकाको परिवारले उसको राम्रो भरणपोषण गर्न सक्दैन भने बालबालिकाले आफ्नो जीवन निर्वाह गर्न जे पनि गर्ने परिस्थिति सिर्जना हुन्छ । बालबालिका आफ्नो जीवन धान्न काम गर्दा अक्सर सही र गलतमध्ये कुन कार्य गर्ने भन्ने उनीहरूसँग अवसर निकै कम हुन्छ र उनीहरू आफ्नो निर्दोषपनाका कारणले पनि अरूको आपराधिक मनोवृत्तिको सिकार हुन पुग्दछन् । बालबालिकालाई राज्यले संरक्षण गर्नुपर्ने समूहमा राखिने भएकाले उनीहरूले पूर्णकालीन रूपमा काम गर्ने समूहका रूपमा लिइँदैन । दुर्भाग्यबस वा राज्यको प्रतिबद्धताको कमीले बालबालिका पूर्णकालिक श्रमिकका रूपमा कार्य गर्न बाध्य छन् । श्रमिक बालबालिकाको जीवनस्तर निकै जोखिमपूर्ण र बाल विकासको दृष्टिकोणले प्रतिकूल हुन्छ तर पनि गरिबी र राज्यले सामाजिक सुरक्षा प्रत्याभूत गर्न नसकेका कारण बालबालिका काम गर्न बाध्य छन् ।

आफ्नो जीवन निर्वाह गर्ने उद्देश्यका साथ गरिएका कानुनद्वारा निषेधित कार्यहरू बापत उसले सजाय भोग्न पर्ला कि उसको पारिवारिक र आर्थिक स्थिति परिवर्तन गर्न राज्य वा समाजको पनि केही दायित्व हुन्छ ? भन्ने प्रश्नमाथि बाल न्यायकर्मीले विचार गर्नुपर्ने हुन्छ ।

**बालबालिकाको अभिभावकत्वको विवरण**
**बालबालिका कोसँग छन्**

- बाबुआमा दुवैसँग (८७.६४ %)
- बाबु वा आमामध्ये एकसँग (८.२५%)
    - आमा (५.५४ %)
    - बाबु, (१.२० %)
    - बाबु र सौतेनी आमा, (०.८३ %)
    - आमा र भ्रूड्केलो बुवा, (०.६८ %)
- नातेदारसँग (०.९४ %)
- रोजगारदातासँग (०.६६ %)
- अन्य (२.४७ %) ( जसमध्ये १५००० भन्दा बढी बालबालिका बालगृहमा छन्, के.बा.क.स.)

(२०५८, तथ्यांक विभाग)

बालबालिका आफ्ना प्राकृतिक बाबुआमा वा धर्मबाबु, आमासँग बस्दा उनीहरूको स्याहारसम्भार एवं मायाको वातावरण राम्रो हुने भएकाले अक्सर उनीहरू कानुनद्वारा निषेधित कार्यमा संलग्न भएको पाइँदैन । बाबुआमासँग बस्ने बालबालिका कानुनद्वारा निषेधित कार्यमा संलग्न भएको पाइएकामा पनि उनीहरूको परिवारमा बाबुआमाका बीचमा सम्बन्ध राम्रो नभएको वा बाबुआमा नै कुलतमा फसेको भई राम्ररी बालबालिकाको हेरचाह गर्न नसकेको पाइएको छ। अध्ययनहरूले पुष्टि गरे अनुसार बाबुआमासँग हेरचाहपूर्ण पारिवारिक वातावरणमा हुर्केको बालबालिकामा कानुनद्वारा निषेधित कार्य गर्ने प्रवृत्ति कम हुन्छ । नेपालमा करिब ८८ प्रतिशत बालबालिका बाबुआमासँगै बस्ने भएकाले उनीहरू कानुनद्वारा निषेधित कार्यमा संलग्न हुने जोखिम कम छ। यो तथ्यांकलाई आर्थिक स्थितिसँग तुलना गर्ने हो भने आर्थिक (गरिबी) का कारणले मात्र नेपालका धेरै बालबालिका परिवारबाट अलगिएर बस्नुपरेको परिस्थिति छैन । आर्थिक स्थिति जस्तै भए पनि पारिवारिक सद्भाव नेपाली परिवारमा विदेशी मुलुकको भन्दा राम्रो छ। तर बाबुआमा वा परिवारमा नभएका बालबालिकाप्रति राम्ररी ध्यान दिन सकिएन भने क्रमशः उनीहरू कानुनद्वारा निषेधित कार्यप्रति धकेलिँदै जान सक्दछन् । बालबालिकालाई परिवारमा अपहेलना, भेदभाव र कुटपिट आदि गरिएमा ऊ घर छाडेर जाने, पढाइ राम्ररी पूरा गर्न नसक्ने हुन्छ। तसर्थ परिवारमा भएका बालबालिकालाई पनि सक्दो समय र हेरचाह दिनुपर्दछ।

**विशेष संरक्षणको आवश्यकता भएका बालबालिका**
विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई निम्न श्रेणीमा विभाजन गरी हेरिएको छ–

**विशेष संरक्षण आवश्यकता भएका बालबालिका**

- शरणार्थी ४१, ०००
- बालश्रमिक २६ लाख, (जोखिमपूर्ण बालश्रमिक १ लाख २७ हजार)
- सडक बालबालिका ५ हजार
    - काठमाडौंमा ७९६
- बिस्थापित ८ हजार
- बाल यौन शोषण र दुर्व्यवहार,
    - उजुरी १ सय ८९ (२०६२ र ६३)

- यौन व्यवसाय ४० हजार (महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, २०६५)
- बाल बेचबिखन र ओसारपसार, १२ हजार
- भेदभाव र तिरष्कारबाट कति बालबालिका पीडित छन्, अनुमान नै छैन ।
- हराएका बालबालिका २६८९ (बालबालिका खोजतलास समन्वय केन्द्र, भृकुटीमण्डप)

(स्रोत : बालबालिकाको स्थिति प्रतिवेदन २०६३, के.बा.क.स.)

माथि उल्लेख गरे बमोजिम बाहेकका अन्य श्रेणीका बालबालिकालाई पनि विशेष संरक्षणको बालबालिका भनी भन्न सकिन्छ। उदाहरणका लागि कानुनसँग द्वन्द्वमा परेका बालबालिकालाई पनि विशेष संरक्षण गर्नुपर्ने बालबालिकाका रूपमा राखिन्छ। त्यसरी नै एच.आई.भी. संक्रमित बालबालिकालाई पनि विशेष संरक्षण गर्नुपर्ने बालबालिकाका रूपमा राखिन्छ। माथि देखाएको तथ्यांकबाट नेपालमा शरणार्थी बाहेक पनि करिब २७ लाख बालबालिका विशेष संरक्षण गर्नुपर्ने स्थितिमा अर्थात विशेष समस्यामा छन् ।

परिवारमै बसे पनि र परिवार बाहिर भए पनि धेरै समूहका बालबालिकालाई विशेष संरक्षणको आवश्यकता हुन्छ। अपांगता भएका बालबालिका, शरणार्थी बालबालिका, विस्थापित परिवारका बालबालिकाका, यौन दुर्व्यवहार वा बेचबिखनमा परेका बालबालिकाको आफ्नै परिवार छ भने उनीहरूको विशेष संरक्षणका लागि परिवारलाई मद्दत र सहयोग गर्न सकिन्छ। यदि ती बालबालिकाको आफ्नै परिवार छैन भने उनीहरूको हेरचाह र पालनपोषणका निमित्त थप कदम चाल्नुपर्ने हुन्छ। धरै अध्ययन र अनुभवहरूले देखाएअनुसार बालबालिकालाई संस्था वा गृहमा राखेर हेरचाह गर्नुभन्दा परिवार, नातेदार वा समुदायमा नै पालनपोषण गर्नु बालबालिका तथा समाज दुवैका लागि हितकर देखिएको छ।

यदि यी बालबालिकालाई उचित पालनपोषण र संरक्षण प्रदान गर्न सकिएन भने यिनै बालबालिकामध्ये अधिकांश कानुनसँग द्वन्द्वमा पर्ने निश्चित प्रायः हुन्छ। हामीकहाँ बालबालिकाले गर्ने सानातिना उपद्रवलाई कानुनी दायरामा नल्याईकन गाउँस्तरमै सम्झाई बुझाई वा पिटपाट गरी मिलाउने भएकाले माथिका बालबालिकाले गर्ने धेरैजसो कानुनद्वारा निषेधित कार्यहरूको अभिलेख हामीसँग नभएको हो ।

काठमाडौंको सडकमा भएका ७९६ बालबालिकामध्ये १२२ जनासँग गरिएको अध्ययनमा सडक बालबालिकाले घर छाडेर सडकमा बस्नुपरेका कारण निम्नअनुसार व्यक्त गरेका छन्–

**परिवारबाट बिछोडिनुको कारण**

- घरमा दुःख भएर, काम गर्न, पैसा कमाउन (२८%)
- बाबुआमा परिवारको पिटाइ, गाली, हेला (१५%)
- साथीको संगतले (१३%)
- बाबुआमाको मृत्यु (५%)
- परिवारसँग सडकमा (३.२%)
- फेल भएर (३.२%)
- आफ्नै खुसी (३.२%)
- घरमा बदमासी गरेर वा पैसा लिएर भागेको (१.६%)
- बाबुआमाको झगडाले (१.६%)
- नपढाएकाले (१.६% )
- हराएको (१.६% )

- थाहा छैन/ कारण खुलाउन नचाहेको (२३%)

(सडक जिन्दगानी, २०६०)

माथि बक्समा देखाएजस्तै आर्थिक कुरा मात्र बालबालिका घर छाडेर जाने वा कानुनद्वारा निषेधित कार्यमा संलग्न हुने कारण होइन ।

बालबालिका भन्दा अक्सर हाम्रो मस्तिष्कमा छाप परेको एकजना बालबालिका वा बालबालिकाको समूह सम्झन्छौं । कानुनसँग द्वन्द्वमा परेको बालबालिका वा जोखिममा रहेको बालबालिका वा विस्थापित बालबालिका भन्दा बित्तिकै हाम्रो मन मस्तिष्कमा ती बालबालिका हाम्रा आफ्ना छोराछोरी वा नातिनातिना भन्दा अर्कै समूह हुन् भन्ने चित्र हाम्रो मस्तिष्कमा प्रतिबिम्बित हुन्छ । मूलतः जोखिममा परेका ती बालबालिका र हाम्रा बालबालिकाबीच कुनै गुणात्मक भिन्नता छैन । उनीहरूको परिस्थितिले ती बालबालिका हाम्रा बालबालिकाभन्दा भिन्न देखिएका मात्र हुन् । उचित संरक्षण दिन सकेमा उनीहरू हाम्रा बालबालिकाजस्तै सक्षम हुन सक्छन् ।

**ग) कानुनसँग द्वन्द्वमा परेका बालबालिकाको स्थिति**

**कानुनसँग द्वन्द्वमा परेका बालबालिकाको परिभाषा**

नेपाली कानुन प्रणालीमा कानुनसँग द्वन्द्वमा परेका बालबालिका भन्ने शब्द हालसम्म प्रचलनमा छैन । बाल अधिकार मस्यौदा ऐन तथा बालन्यायका क्षेत्रमा काम गर्ने अनुसन्धानकर्ता र उदार न्यायाधीशहरूले यो शब्दलाई छलफलका क्रममा प्रचलनमा ल्याएको पाइन्छ । नेपाली कानुन प्रणालीमा प्रयोग हुने औपचारिक शब्द बाल अपराधी नै हो । बाल अपराधी शब्दले बालबालिकाको निर्दोषिता र बालबालिकाको सामाजिक तथा पारिवारिक पृष्ठभूमि तथा अवस्थालाई ध्यान नदिई उसलाई अपराधीको श्रेणीमा स्थापित गर्ने भएकाले बाल अपराध भन्ने शब्द हिजोआज अन्तरराष्ट्रिय जगतमा प्रचलनमा छैन ।

**कानुनसँग द्वन्द्वमा परेका बालबालिका : परिभाषा**

कानुनसँग द्वन्द्वमा परेका बालबालिका भन्नाले कानुनले गर्न नहुने भनी वर्जित गरेको काम गरे बापत कानुनी प्रक्रियामा रहेका वा आफूउपरको दोष प्रमाणित भई सुधारको प्रक्रियामा रहेका बालबालिका भन्ने बुझ्नुपर्दछ ।

कानुनसँग द्वन्द्वमा परेका बालबालिका भन्ने शब्दले दुई समूहका बालबालिकालाई जनाउँछ : (क) कानुनद्वारा निषेधित कार्यको आरोप लागेका बालबालिका, (ख) कानुनद्वारा निषेधित कार्य गरेको भनी प्रमाणित भएका बालबालिका ।

**बाल न्यायको उद्देश्य र क्षेत्र**

बाल न्यायको उद्देश्य र क्षेत्र सम्बन्धमा परम्परागत र आधुनिक गरी दुई धारणा रहेको पाइन्छ ।

**बाल न्यायसम्बन्धी अवधारणा**

- परम्परागत धारणा
  - गलत काम गरेको भनी आरोपित बालबालिकाको सम्बन्धमा आकर्षित न्याय प्रणाली ।
  - जुन सामान्यतया अनुसन्धान, अभियोजनदेखि दण्ड दिने कामसम्म सीमित छ ।
  - यस पद्धतिलाई पछिल्ला दिनमा सुधारात्मक प्रणालीमा मिश्रित बनाइयो ।
- आधुनिक अवधारणा
  - विशेष हेरचाह र पालनपोषणको आवश्यकता भएका बालबालिका (१)

- बाबु वा आमामध्ये एकजनासँग मात्र भएका
- परिवारबाट बिछोडिएका वा परिवारविहीन अवस्थामा हुर्केका
- विद्यालय जान नपाएका, बाल श्रमिक, हिंसामा परेका

▪ बाल शुलभ वा मैत्री न्याय प्रणाली (२)
- बालबालिकाको विवाद सकेसम्म स्थानीयस्तरमा न्यायिक तवरले निरुपण गर्ने
- पीडित र पीडक बालबालिकाको सम्बन्धलाई पुनःस्थापना गर्ने गरी दिशान्तरण गर्ने
- विशेष अदालत वा इजलासबाट मुद्दाको निरुपण गर्नुपर्ने

▪ बालबालिकाको सुधारसम्बन्धी व्यवस्था (३)
- बालबालिकालाई निरन्तर रूपमा सुधार हुने गरी सहयोग गर्ने व्यवस्था
- बालबालिकालाई परिवार वा विद्यालयमा राखेर नै हेरचाह गर्न सक्ने व्यवस्थाको सिर्जना
- सहयोगात्मक एवं उपचारात्मक व्यवस्था, मनोविमर्श, अभिमुखीकरण र समूहकृत कुराकानी
- बाल सुधार गृह, अन्तिम उपचारका रूपमा

परम्परागत कानुनी प्रणाली वा फौजदारी कानुनी प्रणालीमा अत्यन्त सानो बालबालिकालाई छुट दिने चलन थियो । मुलुकी ऐन, २०२० मा ८ वर्षभन्दा मुनिको बालबालिकालाई सजायमा पूर्ण छुट र माथिका बालबालिकालाई आंशिक छुट दिइएको थियो । बालबालिकालाई कानुनी प्रक्रियामा प्राथमिकता दिने गरी २०३३ सालको छैठौं संशोधन पश्चात मात्र व्यवस्था भएको हो । बालबालिकाका निमित्त बालमैत्री प्रणाली, अनिवार्य कानुनी सहायता, दोभासेको सुविधा, सुधार गृह र सेवा, सजायको स्थगन, सामूहिक सुनुवाइ प्रणालीसम्बन्धी व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०४८ पछिका उपलब्धिहरू हुन् । नेपाली कानुन प्रणालीमा बाल न्यायसम्बन्धी व्यवस्था फौजदारी न्याय प्रणालीको जगबाट उठेर स्वतन्त्र रूपमा विकसित हुन खोजिरहेको छ । हुन त आधुनिक अपराधशास्त्रले फौजदारी न्याय व्यवस्थाको दण्डात्मक प्रणालीलाई विसर्जन गरी सुधारात्मक बाटो अपनाइरहेको छ । तर बाल न्यायका क्षेत्रमा पारिवारिक न्याय, फौजदारी न्याय र सामाजिक न्यायका विभिन्न अवधारणाहरू मिश्रित गरी एक भिन्न न्याय प्रणालीका रूपमा स्थापित गर्न खोजिरहेको छ । यसैले बाल न्यायमा सामाजिक कार्यकर्ता, बालमनोवैज्ञानिक, न्यायकर्मी र सामाजिक संस्थालगायत परिवारको भूमिकालाई महत्वपूर्ण स्थान दिइँदै आएको छ । तसर्थ बालन्यायको दायरालाई सामाजिक सुरक्षा वा राज्यले पूरा गरिदिनुपर्ने आधारभूत आवश्यकताको परिपूर्तिसँग पनि जोडेर हेरेको पाइन्छ । अमेरिका, जापानजस्ता सम्पन्न र विकसित मुलुकहरूमा बालबालिकाको हुर्काइ र बढाइमा बाबुआमा, परिवारका अन्य सदस्य तथा छरछिमेक र समुदायको सम्बन्ध र भूमिका न्यून हुँदै गएकाले बालबालिकाले कानुनद्वारा निषेधित कार्य गर्ने क्रम र संख्या बढेको हुँदा बालबालिकाको हुर्काइमा परिवार र समुदायले बढी भूमिका खेल्नुपर्नेमा जोड दिने गरिएको छ ।

परम्परागत अवधारणामा बालबालिकाले कानुनद्वारा निषेधित कार्य गर्‍यो भनी उजुरी दिएका दिनबाट मात्र बाल न्यायसम्बन्धी कार्य आकर्षित हुन्थ्यो । बालबालिकालाई पक्रने, थुनामा राख्ने, निर्णय गर्ने र कैद तोक्ने कार्य नै बाल न्यायको परिधिभित्र पर्दथे । कैद तोकिएको बालबालिकाको कैदको स्थिति र विवरण पनि बाल न्याय प्रणालीभित्र पर्दैनथ्यो । तर हाल आएर बालबालिकाको परिवारको स्थिति र हुर्काइ कस्तो छ भन्ने कुरा पनि बाल न्याय प्रणालीले हेर्नुपर्दछ भन्ने मान्यता स्थापित भइआएको छ । यदि बालबालिकालाई राम्ररी हुर्काउन र आवश्यक सेवा सुविधा दिन सकियो भने ऊ अपराधको चंगुलमा नै पर्दैन भन्ने मान्यता बढी प्रभावित भइरहेको छ । यसै मान्यताअनुरूप बालकल्याण कार्यालय, बाल अपराध न्यूनीकरण गर्ने प्रहरी कार्यालय, बाल अदालत र बाल सुधारका लागि काम गर्ने बाल मनोवैज्ञानिक, सुधार गृहहरू र अन्य सेवाप्रदायकहरूले सँगै काम गर्न चाहेको पाइन्छ । बाल न्याय प्रणालीको आधुनिक मान्यताबमोजिम बालबालिका गलत कार्यतर्फ उन्मुख भए भने बालबालिकामा मात्र समस्या नदेखी सम्पूर्ण समाजमा वा परिवारमा नै समस्या देखी समाज र परिवारलाई सहयोग गर्ने प्रयत्न गरिन्छ । तसर्थ बाल न्यायको उद्देश्य बालबालिकाले अपराध गर्न सक्ने परिस्थितिको सिर्जना

नै हुन नदिने एवं कथंकदाचित बालबालिका अपराध उन्मुख भए भने उनीहरूलाई सक्दो सहयोग गरी अपराध नगर्ने कुराको सुनिश्चितता प्रदान गर्नु हो । आधुनिक मान्यतामा बालबालिकाका विवादलाई सकेसम्म परिवार, विद्यालय र सामुदायिकस्तरमा नै सम्बोधन गर्न थालिएको छ ।

**कानुनसँग द्वन्द्वमा परेका बालबालिकाको तथ्यांक एवं स्थिति**

कानुनसँग द्वन्द्वमा परेको बालबालिकासम्बन्धी धैरै अध्ययनहरू छैनन् । न त यस सम्बन्धमा मानव अधिकार आयोग वा नेपाल प्रहरीबाट नै व्यवस्थित सूचना प्रकाशन गरिएका छन् । युनिसेफबाट प्रकाशित ३ जिल्लाका ११ महिनाको प्रहरी हिरासत अनुगमन प्रतिवेदनले निम्न कुराहरू सार्वजनिक गरेको छ ।

| **के कति बालबालिका प्रहरी हिरासतमा** | **कति समय प्रहरी हिरासतमा** |
|---|---|
| १८ वर्ष मुनिका | २४ घन्टासम्म मात्र : ११२ |
| बालक ११७ | मुद्दा नचलाई छाडिएको ५९ |
| बालिका १० | मुद्दा चलाइएको ५३ |
| १६ वर्ष मुनिका | २४ घन्टापछि पनि : १७१ |
| बालक १४९ | मुद्दा नचलाई छाडिएको ५१ |
| बालिका ७ | मुद्दा चलाइएको १२० |

(जुभेनाइल्स इन डिटेन्सन, २००५, युनिसेफ)

यस अध्ययनले प्रहरीले उमेर पुगेका थुनुवासँगै बालबालिकालाई पनि हिरासतमा राखेको, दण्ड र यातना दिएको, कानुनबमोजिम २४ घन्टाभित्र निर्णय गर्ने अधिकारीकहाँ उपस्थित नगराएको, बालबालिकालाई हतकडीसमेत लगाएको जस्ता तथ्यहरू सार्वजनिक गरेको छ ।

काठमाडौं स्कुल अफ लले गरेको अध्ययनले ५ वर्षको अवधिमा २६७३ बालबालिका कानुनसँग द्वन्द्वमा परेको जनाएको छ ।

**बालबालिकाले गरेको निषेधित कार्यको वार्षिक स्थिति**

**बालबालिकाले गरेको निषेधित कार्यको संख्या र प्रकृति**

- सार्वजनिक अपराध १६८९
- चोरी ३४१
- कर्तव्य ज्यान र उद्योग १९१
- बलात्कार र उद्योग ११४
- लागू औषध ७७
- डकैती ७३
- अवैध हातहतियार ५०

अन्य १३८

| आर्थिक वर्ष | काठमाडौं | अन्य जिल्ला |
| --- | --- | --- |
| ५४/५५ | २७१ | २६३ |
| ५५/५६ | २६७ | २१७ |
| ५६/५७ | ३९४ | २०८ |
| ५७/५८ | ४१० | १८३ |
| ५८/५९ | २११ | २३३ |
| ५९/६० (आंशिक) | ० | १६ |

(स्रोत : जुभेनाइल जस्टिस सिस्टम इन नेपाल, २००३, काठमाडौं स्कुल अफ ल)

यस अध्ययनले केही महत्वपूर्ण तथ्यहरू स्पष्ट पारेको छ : क) सबैभन्दा बढी मुद्दाहरू काठमाडौं जिल्लामा छन् । ख) सबैभन्दा बढी मुद्दाहरू सार्वजनिक अपराधका छन् ।[२] काठमाडौं नेपालको एक मात्र महानगरपालिका हो । यस अर्थमा सहरीकरण र बालबालिकाले गर्ने निषेधित कार्यको बीचमा सम्बन्ध छ भन्ने तथ्य यस अध्ययनबाट देखिन्छ । त्यस्तै काठमाडौंमा सबैभन्दा बढी सडक बालबालिका रहेका छन् । १२२ जना बालबालिकामा गरिएको एक अध्ययनले यी बालबालिकामध्ये ११५ जना बालबालिका पक्राउ परिसकेको देखाउँछ ।[३] ती बालबालिकामध्ये ९३ जना बालबालिका एकभन्दा बढीपटक पक्राउ परेको देखिन्छ । यी दुई अध्ययनलाई एकै ठाउँमा राख्दा काठमाडौंमा अधिकांश बालबालिका पक्राउ पर्नुको कारकका रूपमा सडक बालबालिका हुन् भन्ने देखिन्छ ।

बालबालिकाले गर्ने मुख्य कार्यको रूपमा सार्वजनिक अपराध रहेको छ । सार्वजनिक अपराधअन्तर्गत प्रहरीले बालबालिकालाई सडकमा सुतेको, फोहोरमैला गरेको, मागी हिँडेको, सार्वजनिक सम्पत्तिमा ढुंगामुडा गरेको, यातायात व्यवस्था अवरुद्ध गरेको आदिजस्ता आरोपमा पक्राउ गरी मुद्दा चलाउने गरेको पाइन्छ । यी गलत कार्यहरू अधिकांश रूपमा सडकमै बसोवास गर्ने वा विद्यालय बाहिरका श्रमिक बालबालिकाले गर्ने गरेको पाइन्छ । सार्वजनिक अपराध जेसुकै गरे पनि मुद्दा चलाउन सकिने र यी मुद्दाहरूको प्रक्रिया न्यायोचित हुन नसक्ने कुरा प्रायः निश्चित छ ।[४] सडक बालबालिकाले कानुनद्वारा निषेधित कार्य नै नगर्दाको स्थितिमा पनि बालबालिकालाई विभिन्न आरोपमा पक्राउ गर्ने गरेको देखिएको छ ।[५] तर सर्वोच्च अदालतले सरोज राई विरुद्ध नेपाल सरकार भएको मुद्दामा गरेको निर्णयमा जिल्ला प्रशासन कार्यालयबाट बालबालिकाको मुद्दा हेर्ने कार्यलाई गैरकानुनी भनी व्याख्या गरी सार्वजनिक अपराधसम्बन्धी मुद्दा पनि बाल इजलासबाट नै हेर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । यसले गर्दा सार्वजनिक अपराधका मुद्दामा पनि न्याय हुन सक्ने सम्भावनालाई बढाएको छ ।

---

[२] जुभेनाइल्स इन डिटेन्सन, २००५, युनिसेफ । यस अध्ययनमा पनि सार्वजनिक अपराधमा ४२ प्रतिशत बालबालिकालाई मुद्दा चलाएको देखिन्छ । हेर्नुहोस् पृष्ठ १० ।

[३] रेवतराज तिमिल्सिना र शिवप्रसाद पौडेल, सडक जिन्दगानी, २०६०, भुँडीपुराण प्रकाशन । यस अध्ययनमा १२२ जना सडक बालबालिकाका प्रहरी प्रशासनसँगका सम्बन्धका कथाहरू समावेश गरिएका छन् । यो अध्ययन सडक बालबालिकासँग सहभागितात्मक रूपमा पूर्व सडक बालबालिकाले मुख्य अनुसन्धानकर्त्ताको सहयोगमा गरेका छन् ।

[४] हेर्नुहोस्, पृष्ठ ९८, जुभेनाइल जस्टिस सिस्टम इन नेपाल, २००३ ।

[५] हेर्नुहोस् माथि सन्दर्भ ३, पृष्ठ २८ देखि ७८ ।

कम पढेका, कम आर्थिक स्थिति भएका वा कुनै खास जातजातिका बालबालिकाले मात्र निषेधित कार्य गर्दछन् भन्ने भ्रम मात्र हो । आरोप प्रमाणित भई सुधार गृहमा बसेका १६५ बालबालिकासँगको कुराकानी र त्यस्तै गरी ३८४ जना कानुनसँग द्वन्द्वमा परेका बालबालिकासँगको अर्को एक अध्ययनबाट बालबालिकाको पारिवारिक र आर्थिक अवस्थाबारे प्राप्त जानकारी यस्तो रहेको पाइयो–

**बाल सुधार गृहमा बस्ने १६५ को आर्थिक स्थिति**

- काम नगरी खान नपाउने, १३७
- दाल, भात खान पाउने, २३
- धनी, ५

(जुभेनाइल जस्टिस सिस्टम इन नेपाल, २००३)

**कारागारमा भएका ३८४ बालबालिकाको आर्थिक स्थिति**

- अति गरिब १८
- गरिब २१०
- मध्यमस्तर/ठीकै १५०
- धनी ६

(असेसमेन्ट अफ चिल्ड्रेन एन्ड योङ पिपल इन प्रिजन, युनिसेफ २००६)

माथिको तथ्यांकलाई हेर्दा गरिबीको अपराधसँग कारक सम्बन्ध भने देखिँदैन । नेपालमा अधिकांश बालबालिका गरिब भएका र न्यून संख्याका बालबालिका मात्र निषेधित कार्यमा संलग्न पाइएको छ । कानुनद्वारा निषेधित कार्यमा धनी र मध्यमस्तरका बालबालिका पनि संलग्न भएकाले गरिब भएकै कारणले कानुनद्वारा निषेधित कार्य गर्‍यो भनेर अनुमान गर्नुपर्ने स्थिति भने छैन । सडकका १२२ जना बालबालिकासँग गरिएको अध्ययनमा पनि आर्थिक गरिबीकै कारणले सडकमा आउन परेको मात्र ३४ जनाले बताएका छन् । तसर्थ बालबालिका सडकमा आउनको कारण पनि आर्थिक नभई सामाजिक र पारिवारिक देखिन्छ ।[६]

यिनै बालबालिकाको शैक्षिक स्थितिबारे तलको प्रस्तुतिले स्पष्ट पार्दछ :

**बाल सुधार गृहमा बस्ने १६५ जना बालबालिकाको शैक्षिक स्थिति**

- १० कक्षासम्म पुगेको ७०
- ५ कक्षा पास गरेको ३८
- लेखपढ गर्न जान्ने २६
- अक्षर नचिनेको १९
- एसएलसी पास गरेका ६
- १२ कक्षा पास गरेका ६

(जुभेनाइल जस्टिस सिस्टम इन नेपाल, २००३)

**कारागारमा भएका ३८४ जना बालबालिकाको शैक्षिक स्थिति**

- १० कक्षासम्म पुगेका १७३
- ५ कक्षा पास गरेका १३५
- एसएलसी पास गरेका २४
- अक्षर नचिनेको ४४
- ५ कक्षा सम्म पुगेको १३
- धार्मिक शिक्षा मात्र लिएका ३

(असेसमेन्ट अफ चिल्ड्रेन एन्ड योङ पिपल इन प्रिजन, युनिसेफ २००६)

[६] हेर्नुहोस् माथि सन्दर्भ ३, पृष्ठ ९ देखि १३ ।

बालसुधार गृहमा वा कारागारमा भएका बालबालिकामा गरिएको माथिको अध्ययनले बढी पढेका बालबालिका नै कानुनद्वारा निषेधित कार्यमा संलग्न भएको देखाएको छ । तर यसको अर्थ जति धेरै कक्षामा गयो त्यति नै कानुनद्वारा निषेधित कार्य गर्ने सम्भावना रहन्छ भन्ने होइन । बालबालिकाले गर्ने कानुनद्वारा निषेधित कार्यसम्बन्धी विश्वव्यापी अध्ययनले बालबालिका शिक्षित भएमा उनीहरूको मानसिक र बौद्धिक विकास हुने भएकाले उनीहरूले कानुनद्वारा निषेधित कार्य गर्ने प्रवृत्ति कम हुन्छ भन्ने नै देखाएको छ । तर कानुनद्वारा निषेधित कार्य गर्नुको कारक तत्व शिक्षित हुनु र नहुनु नभईकन अन्य नै हुन्छ । शिक्षित व्यक्तिले अशिक्षित व्यक्तिले भन्दा बढी विचार पुऱ्याएर सोच्न सक्दछ भनी सामान्य अनुमान मात्र गर्न सकिन्छ ।

कानुनद्वारा निषेधित कार्य गरेको अभियोगमा पक्राउ परेका बालबालिकालाई जातिगत आधारमा विश्लेषण गर्ने गरेको पनि पाइन्छ । कुनै खास समूहको अध्ययन गर्दा कुनै खास जात जाति वा भाषाभाषीका व्यक्तीले बढी अपराध गरेको देखिन आउँछ नै । यस विश्लेषणको आधारमा कुनै खास जातिका बालबालिकाले कानुनद्वारा निषेधित कार्य बढी गर्दा रहेछन् भनेर निष्कर्ष निकाल्न सकिँदैन । कुनै खास जाति वा समुदायका बालबालिकाले धेरै कानुनद्वारा निषेधित कार्य गरेको पाइएमा त्यसको कारण उनीहरूको आर्थिक, साँस्कृतिक, शैक्षिक, पारिवारिक स्थितिमध्ये कुनै एक वा सबै पनि हुन सक्दछ । तर जातिगत आधारमा विश्लेषण गरी कुनै अमुक जातिको मानिसले कानुनद्वारा निषेधित कार्य गर्दोरहेछ भनी निष्कर्षमा पुग्नु जोखिमपूर्ण हुन्छ ।

**बालबालिकाबाट कानुनद्वारा निषेधित कार्य हुनुको कारण**

बालबालिकाले कानुनद्वारा निषेधित कार्य गर्ने धेरै कारण हुने गर्दछन् । अपराधशास्त्रको दृष्टिकोणले बालबालिकाले कानुनद्वारा निषेधित कार्य गर्ने वंशानुगत तथा मानसिक कारण नभई आर्थिक सामाजिक कारणले नै कानुनद्वारा निषेधित कार्यमा प्रवृत्त भएको पाइन्छ । संसारभरका बालबालिकाले गरेका कानुनद्वारा निषेधित कार्यमध्ये ९० प्रतिशत बालबालिका चोरी, लुटपाट एवं पाकेटमार जस्ता सानातिना कानुनद्वारा निषेधित कार्यसँग सम्बन्धित छन् ।[७] ९५ प्रतिशतभन्दा बढी यी कानुनद्वारा निषेधित कार्यहरूले बालबालिका आर्थिक लाभका निमित्त कानुनद्वारा निषेधित कार्य गर्दछन् भन्ने देखिन्छ । तर आर्थिक लाभका निमित्त कानुनद्वारा निषेधित कार्य गर्ने बालबालिका कुनै अत्यन्त न्यून आर्थिक स्थिति भएको परिवारबाट आएको हुन सक्दछ भने अर्को बालबालिका उच्च मध्यमवर्गीय परिवारबाट पनि आएको हुन सक्दछ । कुन बालबालिका कुन आर्थिक हैसियत भएको परिवारबाट आयो भन्दा पनि उसले उक्त कार्यबाट आफूले आर्थिक लाभ लिन चाह्यो भन्ने देखिन्छ । कम आर्थिक स्थितिबाट आएको बालबालिकाले सामान्य आवश्यकताका लागि चोरी गर्न सक्दछ भने उच्च आर्थिक स्थिति भएका बालबालिकाले आफ्नो सोख पूरा गर्न चोरी गर्ने स्थिति हुन सक्दछ ।

बालबालिकाले कानुनद्वारा निषेधित कार्य गर्ने अर्को महत्वपूर्ण कारण उनीहरूको साथी जस्तै हुनुपर्ने वा साथीको लहलहैमा लाग्नुपर्ने बाध्यता हो । आफू सबैभन्दा राम्रो, बलियो, लोकप्रिय हुनुपर्ने होडमा बालबालिकाले कानुनद्वारा निषेधित कार्य गर्ने गरेको पनि पाइन्छ ।

[७] The Right Not to Lose Hope, a policy analysis and examples of good practice 2005, Save the Children Fund, page 10.

| कानुनद्वारा निषेधित कार्य हुनुका कारण | कानुनद्वारा निषेधित कार्य हुनुका कारण | कानुनद्वारा निषेधित कार्य गर्नुको कारण |
|---|---|---|
| ■ गरिबीको कारणले हेरचाह नपुगेर (२८%)<br>■ पारिवारिक असन्तुलन वा सदस्य बीच नराम्रो सम्बन्ध भई हेरचाह नभएर (१७%)<br>■ साथीभाइको लहलहैमा लागेको र घरले ध्यान पुऱ्याउन नसकेको (१३%)<br>■ शिक्षाको अभाव (१.६५%)<br>(सडक जिन्दगानी, २०६०) | ■ साथीसंगीको कारण ३८ %<br>■ अरूको उक्साहटमा १६ %<br>■ आर्थिक कारण १४ %<br>■ घरेलु हिंसाका कारण ६ %<br>■ शिक्षा वा चेतनाको अभाव ५ %<br>■ अरूको नक्कल ५ %<br>■ बदलाको भावना ३ %<br>■ विद्यालयको वातावरण २ %<br>■ होच्याइएको भावना २ %<br>■ अन्य १० %<br>(रिह्याबिलिटेसन डिनाइड, २००७) | ■ अरू साथीले जस्तै गर्न<br>■ खराब साथीसंगी भएकाले<br>■ पैसाका लागि<br>■ स्वतन्त्र भएर हिँड्न<br>■ खानका लागि<br>■ रमाइलो गर्न<br>(जुभेनाइल जस्टिस सिस्टम इन नेपाल, २००३) |

१२२ जना सडक बालबालिकाबीच भएको अध्ययनमा ११५ जना कानुनद्वारा निषेधित कार्य गरेका बालबालिकाको कुराकानीमा बालबालिकाले आफूले कानुनद्वारा निषेधित कार्य गर्नको कारण माथि पहिलो कोलममा उल्लेख भएअनुसार व्यक्त गरे । शिक्षाको अभावमा भन्ने शीर्षकमा बालबालिकाले मैले यो कुरा गलत हो भनी जानकारी पाएको भए गर्ने थिइनँ भनी आफूलाई जानकारी नभएको वा अशिक्षित भएको बेहोरा व्यक्त गरेका छन् ।

त्यस्तै काठमाडौंका ८० जना बालबालिकाबीच सिविन भन्ने संस्थाले गरेका अर्को अध्ययनअनुसार बालबालिकाले कानुनद्वारा निषेधित कार्य मुख्य पाँच कारणमा माथि तेस्रो कोलममा उल्लेख भए बमोजिमका कारणहरू उल्लेख गरे । उक्त अध्ययनमा बालबालिकालाई सम्भाव्य कारणहरू दिएर एकभन्दा बढी छान्न दिइएको थियो । जसमा उनीहरूले छानेका मुख्य कारणहरू तिनै हुन् । विस्तृत विवरणका लागि हेर्नुहोस पृष्ठ १२१ ।

६३ जना बालबालिका र युवाबीच गरिएको एक अर्को अध्ययनमा माथि दोस्रो कोलममा उल्लेख भए बमोजिमका कारणहरू उल्लेख गरे । यी तिनै अध्ययनबाट बालबालिकाले व्यक्त गरेका केही साझा कारणहरू भने स्पष्ट भएका छन्, जसमा परिवारको आर्थिक स्थिति, साथीसंगीको प्रभाव र आफूले गरेको कामको परिणामबारे थाहा नहुनु हो ।[८]

**बालबालिकाको सुधारको अवसर र स्थिति**

नेपालमा जम्मा एउटा बालसुधार गृह छ । त्यस बालसुधार गृहमा २०६६ को माघ महिनाको अभिलेखअनुसार ८० जना बालबालिका बसेका छन् । बालसुधार गृहमा बालबालिकाको संख्या बढ्ने र घट्ने क्रम निरन्तर नै चलिरहन्छ । बाल सुधार गृहमा हाल ३ बालिका र ७७ बालकहरू रहेका छन् । बाल सुधार गृहको बालबालिकालाई राख्न सक्ने क्षमता ५० जनाको हो तर अनुसन्धानका क्रममा पुर्पक्षमा बस्ने बालबालिकालाई समेत सुधार गृहबाहेक अन्यत्र राख्ने ठाउँ नभएकाले बाल सुधार गृहमा संख्या बढेको हो । संख्या अत्यधिक भएकाले केन्द्रीय बालकल्याण समिति र एक अन्तरराष्ट्रिय गैरसरकारी संस्थाको सहयोगमा अस्थायी गृह विस्तार गर्ने प्रयास

[८] Rehabilitation and Reintegration Denied: A critical analysis of Juvenile Justice System in Nepal, 2007, page 38.

भइरहेको छ । अत्यधिक संख्या भएकाले बाल सुधार गृहले केही बालबालिकालाई राख्न नसक्ने भनी नेपाल प्रहरीलाई भनेपछि ३ बालबालिकालाई प्रहरीले कारागारमा नै पठाएको पनि छ । हाल बाल सुधार गृहको सेवाको विवरण यस प्रकार छ–

**बाल सुधार गृहमा प्राप्त सेवा**

**भवन** ४, एक सुरक्षाफौज, एक किचन, एक मुख्य कोठा र एक बालिका गृह ।
**खेल :** एक फुटबल वा भलिबल खेल्ने मैदान, टिटी खेल्ने स्थान र अलिकत खुला चौर र बगैंचा ।
**मुख्य गृहमा सुविधा :** तल्लो तला- भेटघाट कक्ष, स्वास्थ्य परीक्षण कक्ष, टिभी कक्ष, कार्यालय, पुस्तकालय, दुई कक्षाकोठा, शौचालय र हाल बालिकाहरू र एक महिला प्रहरी बस्ने एक कोठा । दोस्रो तला- सबै बालकहरू बस्ने कोठा र शौचालय । एक कोठामा ४ देखि ६ जनासम्म बस्न मिल्ने गरी २ तले खाट ।
**कर्मचारी :**
नेपाल प्रहरी : १८ जना सुरक्षा कर्मचारी ।
प्रशासक : १ (आंशिक), वार्डेन/लेखा- १, वकिल र व्यवस्थापक- १, मनोविज्ञ : १, सहयोगी- १ ।
**भ्रमण :**
बाहिरका व्यक्ति वा संस्था महिनाका ४ पटक आइरहने । हाल बन्द गरेको ।
**तालिम र सेवा :**
मनोविमर्श र योग प्राप्त
शारीरिक व्यायाम र खेलकुद प्राप्त (बालकहरूप्रति केन्द्रित) ।
शिक्षा : प्राप्त । कम्तीमा हप्ताको ३ पटक शिक्षक आउने । क्याम्पस पढ्न बाहिर जान पनि पाइएको ।
घरमा टेलिफोन गर्न : प्राप्त तर निकै कम ।
पत्राचार : मासिक एक चिठी पठाउन पाइने । प्राप्त गर्न जति पनि पाइने ।
कानुनी सल्लाह : प्राप्त र नियमित ।
पत्रपत्रिका : एक दुईवटा, अपर्याप्त ।
खाना : दिनको तीनपटक, राम्रै ।
व्यावसायिक काम- छैन ।
व्यवसायिक तालिम : छैन ।
**बाह्य सेवा**
चिकित्सक : महिनाको एक पटक
स्वयंसेवी मनोविमर्श : कहिलेकाहीँ
कानुनी सहायता : प्राप्त तर अनियमित
तालिम : अनियमित र कहिलेकाहीँ

**बालबालिकाको सामाजिक र पारिवारिक पुनःस्थापनाको स्थिति**

<u>सुधार गृहबाट छुटेका २५ जनामा</u>
घर फर्केका : ८ जना
एक्लै बसेका : १७ जना

<u>सुधार गृहबाट छुटेका २५ जनामा</u>
पढ्दै गरेका : २ जना
काम गर्दै : २ जना
केही पनि नगरेका : १५ जना
सडकमा नै फर्केका : ६ जना

<u>भेदभाव हुन्छ कि हुँदैन</u>
हुन्छ : १८
हुँदैन : ७

<u>पुनःस्थापनालाई सुधार गर्न के गर्नुपर्ला</u>

कानुनसँग द्वन्द्वमा परेका बालबालिका खराब हुँदैनन् भनी जनचेतना फैलाउने २०
कानुनसँग द्वन्द्वमा परेका बालबालिका खराब हुँदैनन् भनी पाठ्यसामग्रीमा राख्ने १
सामाजिक संस्थाले केही गर्नुपर्दछ : २
थाहा छैन : २

(स्रोत : रिह्याबिलिटेसन डिनाइड, २००७)

मथिका यी सूचनाहरू बालबालिकासँग, कर्मचारीहरूसँग र प्रत्यक्ष अवलोकनबाट प्राप्त भएका हुन् । बालसुधार गृहको कम्पाउन्डभित्रको यी जग्गामा बनेका संरचनामा बालिकाहरूका लागि भनिएको छुट्टै भवनमा अहिले सुरक्षाफौज बसेको स्थिति छ । बालिकाहरू कम भएकाले यसो गरिएको अनुमान छ । तर सुरक्षाफौजका लागि पनि पर्याप्त स्थान छैन । मुख्य भवनभित्र पनि उज्याला र ठूला कोठाहरू छैनन् । बालिकाहरूका निमित्त खेल खेल्ने, टिभी हेर्ने छुट्टै सुविधा छैन । बालबालिकाका निमित्त वा अन्य पर्याप्त पत्रिकाहरू पनि आउँदैनन् । बाल सुधार गृहभित्र ठूला बालबालिकाले साना बालबालिकालाई कहिलेकाहीँ हेप्ने भए पनि सम्पूर्ण स्थिति निकै राम्रो छ । बाल सुधार गृहमा बालमनोविज्ञ एक भएकाले उनले सबै बालबालिकालाई समय दिन सकेको भने देखिँदैन । सबै बालबालिकाका व्यक्तिगत फाइलहरू बनाइए पनि त्यसलाई निरन्तर अद्यावधिक गरिएको छैन । त्यस फाइलमा बालबालिकालाई पुऱ्याउनुपर्ने सेवाको चेकलिस्ट राख्ने र त्यसअनुसार अनुगमन गर्ने गरेको पनि पाइँदैन । तर पनि बालकहरू, बालिकाहरू, कर्मचारीहरू र सुरक्षाफौज मिलेर बसेको स्थिति देखिन्छ । सुरक्षाफौजले बालबालिकालाई सिकाउने, खेल खेलाउने र व्यायाम गराउने गरेको पनि पाइयो । सुरक्षाफौजलाई बाल सुधार गृहमा पठाउनुपूर्व तालिम नदिइने भएकाले उनीहरूको मनमा अन्य कारागारमा गए जस्तै व्यवहार गर्नुपर्दछ भन्ने भावना तीव्र पाइयो ।

बाल सुधार सञ्चालनका लागि राज्यको लगानी न्यून देखियो । कारागार विभागबाट प्रहरी कर्मचारी र खानाबापतको थुनुवा र कैदीसरह खर्चबाहेक महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट वार्षिक १० देखि १२ लाखसम्म जाने गरेको छ । मन्त्रालयको अनुगमन र स्वामित्व न्यून भएकाले बाल सुधार गृहप्रति ध्यान जान सकेको पाइँदैन । बाल सुधार गृहमा कुनै विशेष कार्यक्रम, तालिम वा भौतिक सुधार गर्नुपऱ्यो भने स्रोत जुटाउने काम युसेप नेपालले गर्नुपर्ने देखिएको छ । अन्तरराष्ट्रिय गैरसरकारी संस्थाले दिएको अन्य सहयोग र मन्त्रालयको स्रोतबाट नै कर्मचारी लगायतको अन्य खर्च सञ्चालन भइरहेको छ । विगत ३ वर्षदेखि बाल सुधार गृहलाई क्षेत्रगत रूपमा विस्तार गर्न प्रयास भइरहेको छ तर सफल हुन सकेको छैन । विराटनगरमा बाल सुधार गृहका लागि जग्गा प्राप्त भइसकेको, पोखरामा भवन प्राप्त भइसकेको र त्यसमा अन्य पूर्वाधारको विकास भइरहेको तर अन्य क्षेत्रमा ठोस केही नभएको पाइएको छ ।

मुद्दा चल्दाचल्दै प्रहरी नियन्त्रणमा राख्नुपर्ने बालबालिकाका निमित्त प्रत्येक जिल्लामा गृहहरू नबनाइँदा र अन्तिम निर्णयले बाल सुधार गृहमा बस्नुपर्ने भनी निर्णय भइसकेका बालबालिकाका लागि कम्तीमा पनि प्रत्येक विकास क्षेत्रमा बाल सुधार गृह नबनाउँदा उनीहरूलाई क) आफूविरुद्धको न्यायिक प्रक्रियामा भाग लिन नपाउने, ख) आफ्ना परिवार, साथी, सम्बन्धहरूसँग भेटघाट हुन नपाउने देखियो । यी दुई स्थिति सिर्जना हुनु भनेको बालबालिकाको न्यायिक प्रक्रियामा सहभागी हुन पाउने हक र सामाजिक र पारिवारिक सम्बन्धको हकको उल्लंघन भएको देखिन्छ । अन्य देशहरूमा कानुनसँग द्वन्द्वमा परेका बालबालिकाको सामाजिक सम्बन्धलाई सुधार गर्न र पुनःस्थापनालाई सहज बनाउन राज्यले आफैं कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ तर हामीकहाँ भौतिक सुविधाको अनुपस्थितिले यी अधिकारहरूको हनन राज्यले आफैं गरिरहेको छ ।

बाल सुधार गृहमा बालबालिकालाई भर्ना गरिसकेपछि उसलाई पुऱ्याउने अन्य सुविधाहरूको अतिरिक्त राज्यले उसको पुनःस्थापनाका सम्बन्धमा पनि योजनाहरू बनाउनुपर्दछ । पुनःस्थापनाका योजनाहरू उसको परिवार र समाजसँगको सम्बन्ध सुधार गर्ने र उसको शैक्षिक वा व्यावसायिक योजना परिपूर्ति गर्ने उद्देश्यले तयार गरिनुपर्दछ । बालबालिकालाई मानसिक र संवेगात्मक सहयोग चाहिने देखिएमा पुनःस्थापना योजनामा संवेगात्मक विकास र सहयोग योजना पनि हुनुपर्दछ । माथिको अध्ययनले पुनःस्थापनाका सम्बन्धमा बाल सुधार गृहले गरेका कार्यहरू अपर्याप्त भएको र समाज र परिवारको सहयोग पनि सकारात्मक नभएको देखाउँछ । यदि कानुनसँग द्वन्द्वमा परेका यी बालबालिकालाई पर्याप्त सहयोग गरिएन भने यी देशका असल नागरिक नहुन सक्छन् । अपराधशास्त्रका अनुसार यी समूहबाट नै भावी अपराधीहरू जन्मने सम्भावना रहन्छ ।

### घ) नेपालमा बाल न्यायका क्षेत्रमा भएका अध्ययन अनुसन्धानहरू

बाल न्यायमा भएका अनुसन्धानमूलक पुस्तक, पुस्तिकाका रूपमा निम्न ४ अध्ययन प्रतिवेदनहरूलाई लिइएको छ ।

- **Juvenile Justice System in Nepal 2003, Kathmandu School of Law.**
  ३११ पृष्ठ लामो यस पुस्तकमा सात भाग छन् । पहिलो भागमा बाल न्यायका सन्दर्भमा भएका अन्तरराष्टिय प्रावधानहरू, बालबालिकासम्बन्धी ऐन, २०४८ र बाल न्यायका सन्दर्भमा सर्वोच्च अदालतले गरेका ८ वटा फैसलाहरू उल्लेख गरिएको छ । दोस्रो भागमा ६ आर्थिक वर्षमा बाल न्यायका सन्दर्भमा पाइएका मुद्दाहरूको विश्लेषण गरिएको छ । तेस्रो भागमा काठमाडौं उपत्यकाको सडकमा बस्ने बालबालिका र विद्यालयमा पढ्ने बालबालिकासँग कानुनद्वारा निषेधित कार्यका विभिन्न पक्षबारे अनुसन्धान गरिएको छ । चौथो भागमा बाल न्याय प्रणालीको सम्बन्धमा विभिन्न पक्षसँगको कुराकानीको आधारमा मनोसामाजिक विश्लेषण गरिएको छ भने पाँचौ भागमा काठमाडौंमा सन् २००३ मा भएको अन्तरराष्टिय बैठकको सेसनहरूको संक्षिप्त चर्चा गरिएको छ । छैठौं भागमा बाल न्यायसम्बन्धी कार्यविधि दिग्दर्शन र सातौं भागमा बालबालिकासम्बन्धी ऐन, २०४८ मा संशोधन गरिनुपर्ने कुराहरू उल्लेख गरिएका छन् ।
- **Juvenile in Detention : Police Custory Monitoring Reprot, 2005, Unicef.**
  २० पृष्ठ लामो यस अध्ययन प्रतिवेदनमा तीन जिल्लाका प्रहरी कार्यालय र कारागारमा ११ महिनासम्म अनुगमन गर्दा भेटिएका तथ्यहरूलाई उजागर गरिएको छ ।
- **Assessment of children and young persons in prisons, correction home and police custody in Nepal: Penal Reform International South Asia Regional Office and Advocacy Forum, 2006, Unicef.**
  कारागार, प्रहरी कार्यालय र सुधार गृह गरी २९ वटा स्थानमा भएका ८११ जना बालबालिका तथा युवाहरूसँगको अन्तर्वार्ताको आधारमा यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनले बालबालिकाको स्थिति, कानुन परिपालनाको स्थिति, बाल न्यायका सन्दर्भमा देखिएका समस्याहरू र समाधानका उपायहरू पनि सुझाएको छ । यो प्रतिवेदन ३९ पृष्ठ लामो छ ।
- **Rehabilitation and Reintegration Denied: A critical analysis of Juvenile Justice System in Nepal, 2007, Forum for Protection of People's Rights, Nepal**
  बालसुधार गृहमा बसेका बालबालिकाको सामाजिक पुनःस्थापनाका सवालहरूलाई उजागर गर्ने यस पुस्तिकाले बालबालिकाले भोगेको यथार्थ स्थितिलाई चित्रण गरेको छ । यस पुस्तकमा बाल न्यायसम्बन्धी मान्यताको अन्तरराष्ट्रिय विकासक्रम, नेपालमा कानुनद्वारा निषेधित कार्यको स्थितिसमेत संलग्न गरिएको छ ।
- **सडक जिन्दगानी, २०६०, भुँडीपुराण प्रकाशन ।**
  ७८ पृष्ठ लामो यस पुस्तिकामा मूलतः दुई खण्ड छन् । पहिलो खण्डमा १२२ जना सडक बालबालिकाको प्रहरी प्रशासनसँगको सम्बन्ध सम्बन्धी अध्ययन प्रक्रिया र निष्कर्षबारे उल्लेख गरिएको छ । दोस्रो खण्डमा बाल न्यायका चंगुलमा परेका ५९ जना बालबालिकाको कथा र अभिव्यक्तिहरू आफ्नै शब्दमा समेटिएका छन् ।
- **बाल अधिकार : केही अदालती अभ्यासहरू, २०६१, नेपाल बाल अधिकार संरक्षण केन्द्र ।**
  २१७ पृष्ठ लामो यस पुस्तकमा मुख्यतः दुई खण्ड छन् । पहिलो खण्डमा आठ भाग छन् र जसमा बाल न्यायसँग सम्बन्धित ८ वटा मुद्दाहरूमा अदालतले गरेका निर्णयहरू जस्ताको तस्तै राखिएको छ ।

दोस्रो खण्डमा यी मुद्दाहरूको विश्लेषण गरिएको पाइन्छ । अन्तिम खण्डमा बाल न्यायका सम्बन्धमा बालअधिकार महासन्धिले भनेको कुराहरू संक्षिप्त रूपमा राखिएको पनि पाइन्छ ।

**सन्दर्भ सामग्रीहरू -**


- बालबालिकासम्बन्धी ऐन २०४८, नियमावली २०५१, कार्यविधि नियमावली २०६३
- नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०६४, केन्द्रीय बालकल्याण समिति
- Flash Report 2006 / 07, Department of Education
- Nepal District Profile, 2006, Nepal Development Informaiton Institute.
- The Right Not to Lose Hope, a policy analysis and examples of good practice 2005, Save the Children Fund

# २. बाल अधिकारसम्बन्धी महासन्धि १९८९

## १. परिचय

### १.१ बाल अधिकारसम्बन्धी महासन्धि (Convention on the Rights of the Child)

बाल अधिकारसम्बन्धी महासन्धि संयुक्त राष्ट्रसंघीय महासभाबाट सन् १९८९ मा विश्वभरिका बालबालिकाहरूको हित र उनीहरूको अधिकारको संरक्षण गर्ने उद्देश्यले पारित भएको हो । यो महासन्धिले बालबालिकाको सर्वाङ्गीण हित र संरक्षणका लागि जीवन, विकास, संरक्षण र सहभागिताजस्ता आधारभूत हकहरूको प्रत्याभूति गरेको छ । प्रायः विश्वका सम्पूर्ण राष्ट्रहरू (सोमालिया र संयुक्त राज्य अमेरिकाबाहेक) ले यो महासन्धिको अनुमोदन गरेका छन् । यसको महत्वपूर्ण उपलब्धी भनेको विश्वका सबै राष्ट्रहरूले यस महासन्धिअन्तर्गतको दायित्व बहन गर्न देखाएको तत्परता र प्रतिबद्धता हो । महासन्धिले १८ वर्षसम्म उमेर समूहका व्यक्तिहरूलाई बालबालिकाका रूपमा परिभाषित गरेको पाइन्छ । सरकारहरू, गैरसरकारी संस्थाहरू, मानव अधिकारवादीहरू, वकिलहरू, स्वास्थ्यसम्बन्धी विशेषज्ञहरू, सामाजिक कार्यकर्ता, शिक्षाविद्, बाल विशेषज्ञहरू तथा धार्मिक नेताहरूबीच लामो छलफल र बहसपछि बाल अधिकारसम्बन्धी महासन्धिमा साझा सहमति कायम हुन सकेको हो । यो बालबालिकाको अधिकारको संरक्षण र विकास गर्ने साझा दस्तावेजका रूपमा रहेको छ ।

महासन्धिको मुख्य विशेषता भनेको यसले विश्वभरिका बालबालिकाहरूको सर्वोत्तम हित र व्यक्तित्व विकासका लागि विश्वव्यापी मापदण्ड स्थापना गरेको छ । बालबालिकालाई हेर्ने परम्परागत दृष्टिकोणमा नयाँ आयाम थपेको छ । बालबालिकाहरू बाबु-आमाको निजी सम्पत्ति वा असहाय वस्तु नभई उनीहरू मानव व्यक्तित्वहरू हुन् र हकका दावेदार हुन् । साथै आफ्नो उमेर र विकासको अवस्थाअनुसार स्वतन्त्र व्यक्ति, परिवार तथा समुदायको सदस्यका रूपमा बालकका पनि अधिकारहरू र जिम्मेवारीहरू हुन्छन् भन्ने मान्यतालाई यो महासन्धिले आत्मासात गरेको छ । बाल अधिकारसम्बन्धी महासन्धि कानुनी रूपमा लागू हुने सन्धि हो । यो सिर्फ घोषणापत्र मात्र नभई राज्य पक्षहरूले आफ्नो देशको कानुन, नीति, कार्यक्रमहरूमा लागू गर्न स्वीकार गरेको अन्तरराष्ट्रिय दस्तावेज हो ।

### १.२ बालबालिकाको हकमा छुट्टै महासन्धि किन ?

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्र, १९६६ लगायत मानव अधिकारसम्बन्धी अन्य दस्तावेजहरूले महिला, बालबालिकालगायत सम्पूर्ण मानवहरूको मानव अधिकारको प्रत्याभूति र संरक्षण गर्ने उद्देश्य राखे पनि बालबालिकाहरूको हकमा मात्र किन छुट्टै महासन्धि चाहियो भन्ने प्रश्न आउन सक्छ । बालबालिकाहरूको हकमा निम्न कारणहरूले गर्दा छुट्टै महासन्धिको आवश्यकता परेको हो–


- बालबालिकाहरू समाजमा अत्यन्त जोखिमपूर्ण अवस्थामा रहेका समूह (Vulnerable group) भएकाले उनीहरूलाई विशेष संरक्षणको आवश्यकता पर्दछ ।
- बालबालिकाहरूका कतिपय अधिकार वयष्कका भन्दा फरक हुन्छन् । जस्तै नामकरण, परिचय र राष्ट्रियताको अधिकार, अभिभावकको हेरचाह र सहयोग पाउने अधिकार आदि ।
- अधिकारको समान उल्लंघन भएको अवस्थामा पनि वयष्कभन्दा बालबालिकाहरूमा त्यसको प्रभाव फरक ढंगले पर्न सक्छ । जस्तै विस्थापित भएको अवस्थामा वयष्क विस्थापित भए पनि सामान्य अवस्थामा फर्केपछि पुनः रोजगारी पाउन सक्छ तर विस्थापित भएर शिक्षा र उचित स्याहार पाएन भने बालबालिकाको विकासमा अपुरणीय क्षति हुन्छ ।

### १.३ बाल अधिकारसम्बन्धी महासन्धिका आधारभूत सिद्धान्त

बाल अधिकारसम्बन्धी महासन्धिका मुख्य चारवटा आधारभूत सिद्धान्त छन् । यिनै चारवटा आधारभूत सिद्धान्तको जगमा यो महासन्धि बनेको हो र महासन्धिको कार्यान्वयनका लागि यिनै सिद्धान्तहरूलाई मार्ग निर्देशकका रूपमा लिइन्छ । ती चार वटा आधारभूत सिद्धान्तहरू निम्नअनुसार छन्–

१. बालबालिकाको सर्वोत्तम हित (Best Interest)
२. दीर्घ जीवन र विकास (Survival and Development)
३. भेदभाव रहितता (Non-discrimination)
४. सहभागिता (Participation) ।

बुझ्न सजिलोका लागि यी सिद्धान्तहरूलाई एउटा त्रिकोणमा राख्न सकिन्छ । जसले यी सिद्धान्तहरूको एक अर्का प्रतिको अन्तरसम्बन्ध र अन्तर निर्भरतालाई दर्साउँछ । यी सिद्धान्तहरू एक अर्काका परिपूरक रहेका छन् ।



### १.३.१ सर्वोत्तम हित (Best Interest)

बाल अधिकारसम्बन्धी महासन्धिको धारा ३ अनुसार बालबालिकाको सम्बन्धमा गरिने सम्पूर्ण क्रियाकलापहरूले उनीहरूको सर्वोत्तम हितलाई ध्यानमा राख्नुपर्दछ । यो सिद्धान्तअनुसार बालबालिकाहरूका हकमा लिइने जुनसुकै निर्णयको असरको मूल्यांकन हुनुपर्दछ । बालबालिकाका हकमा सार्वजानिक तथा निजी कल्याणकारी संस्थाहरू, न्यायिक एवं प्रशासनिक निकायहरू तथा कानुन निर्माण गर्ने निकायहरूका निर्णय एवं कार्यहरू बालकको सर्वोत्तम हितमा हुनुपर्दछ । बालबालिकाको सम्बन्धमा कुनै क्रियाकलाप र निर्णय गर्दा उनीहरूको सहभागिता अनिवार्य हुन्छ ।

### १.३.२ दीर्घ जीवन र विकास (Survival and Development)

आफ्नो जीवनको सुरक्षा र विकास बालबालिकाको आधारभूत अधिकार हो । बाल अधिकारसम्बन्धी महासन्धिको धारा ६ अनुसार प्रत्येक बालबालिकालाई बाँच्ने जन्मसिद्ध अधिकार हुनेछ र राज्य पक्षले बालबालिकाको दीर्घ जीवन र विकासका लागि यथासम्भव बढीभन्दा बढी प्रयास गर्नुपर्दछ। बालबालिकाको विकास भन्नाले उनीहरूको शारीरिक, मानसिक, साँस्कृतिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासलाई जनाउँछ। बाल अधिकार महासन्धिको अलावा बाल अधिकार र कल्याणसम्बन्धी अफ्रिकन चार्टरको धारा ५ ले पनि प्रत्येक बालबालिकाको बाँच्न पाउने जन्मसिद्ध अधिकारको प्रत्याभूति गरेको छ र राज्यले अधिकतम रूपमा बालबालिकाको जिउने वातावरण, सुरक्षा र विकासको प्रयासहरू गर्नुपर्दछ भनी राज्यलाई दायित्व तोकिएको छ । बाल अधिकार महासन्धिको धारा ६(२) अनुसार राज्यले बालबालिकाको जीवन र विकासका लागि उपयुक्त र उचित उपायहरू अपनाई कार्य गर्नुपर्दछ । राज्यले मातृ तथा बाल मृत्युलाई रोक्ने, स्वास्थ्य सेवा र हेरचाहको सुविधा, पौष्टिक खाना र सफा पिउने पानी सुविधा उपलब्ध गराउनुपर्दछ ।

बालबालिकाहरूलाई दिइने मृत्यु दण्डलाई रोक्नु, बालबालिकालाई बेपत्ता हुनबाट रोक्नु, गैरन्यायिक हत्यालाई रोक्नु आदि राज्यको प्रमुख दायित्वभित्र पर्दछ ।[९] त्यसैगरी सबै किसिमको सशस्त्र द्वन्द्वको नकारात्मक प्रभावबाट बालबालिकालाई जोगाउनु र त्यस्तो द्वन्द्वको प्रभावमा परेका पीडित बालबालिकालाई पुनःस्थापन गराउनु पनि राज्यको कर्तव्य हो ।[१०]

### १.३.३ भेदभाव रहितता (Non-discrimination)

महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि (CEDAW) लगायतका मानव अधिकारसम्बन्धी अन्य दस्तावेजहरूमा भेदभाव रहितताको सिद्धान्तलाई स्वीकार गरेको पाइन्छ। बाल अधिकारसम्बन्धी महासन्धिको धारा २ ले पनि यो सिद्धान्तलाई स्वीकार गरेको छ । जसअनुरूप प्रत्येक बालबालिकाले बाल अधिकारसम्बन्धी महासन्धिमा व्यवस्थित अधिकार कुनै पनि भेदभावबिना उपयोग गर्न पाउँछन् । बालबालिकाको वा उसको आमा-बाबु वा संरक्षकको जातजाति, रंग, लिंग, भाषा, धर्म, राजनीतिक आस्था वा विचार, राष्ट्रियता, शारीरिक अशक्तता, जन्म वा अरू हैसियतको आधारमा भेदभाव गरिने छैन । यो सिद्धान्तअनुसार बालक र बालिकालाई समान रूपमा अवसरहरू उपलब्ध हुनुपर्छ । शरणार्थी, आदिवासी एवं अल्प संख्यक बालबालिकाहरूलाई अरू बालबालिकासरह बिनाभेदभाव सुविधा र अवसरहरू उपलब्ध गराउनुपर्छ । त्यसैगरी अशक्त बालबालिकाहरूलाई सक्षम व्यक्तिसरह जीवन यापन गर्न सक्ने वातावरण हुनुपर्दछ र दुर्गम ग्रामीण इलाका र सहरमा बस्ने बालबालिकाहरूलाई व्यक्तित्व विकासको समान अवसर र सुविधाहरू उपलब्ध गराउनु राज्यको दायित्व हुन्छ ।

---

[९] Manual on Human Right Reporting, 1997, P. 24.

[१०] UN doc. CRC/C/90, Report on the twenty-second session (1999), Para, 179.

कुनै पनि किसिमको भेदभावबाट बालबालिकालाई जोगाउनु राज्यको कर्तव्य हुन्छ। राज्यले कुनै अधिकारको हनन गर्नु हुँदैन बरु बालबालिकाका ती अधिकारहरूको प्रवर्द्धनका लागि सकारात्मक कार्य गर्नुपर्दछ।

### १.३.४ सहभागिता (Participation)

आफ्नो सरोकारको कुनै पनि विषयको निर्णय र कार्यान्वयन प्रक्रियामा लोकतान्त्रिक पद्धति र भावनाअनुरूप पहुँच र अभ्यास सहभागिता हो। परम्परागत रूपमा भने अरूले गरेको निर्णय कार्यान्वयनमा संलग्न हुनुलाई सहभागिता भन्ने गरिएको थियो। निर्णय, त्यसको कार्यान्वयन र अनुगमन प्रक्रियामा सरोकार**वाला**को निर्णायक संलग्नता, पहुँच र अभ्यास सहभागिता हो। अधिकारमुखी अवधारणाअनुरूप सहभागिताको अर्थ आफूसँग सरोकार राख्ने कुनै पनि विषयमा सबै चरणमा सहभागी हुने अधिकार सहभागिता हो। बाल अधिकारसम्बन्धी महासन्धिले बालबालिकालाई आफूसँग सरोकार राख्ने विषयमा सहभागिताको अधिकार प्रदान गरेको छ। बाल सहभागिता भन्नाले बालबालिकासँग सरोकार राख्ने विकास र शासनका सबै गतिविधिको निर्णय र कार्यान्वयन प्रक्रियाको सबै चरणमा समान हैसियतमा स्वेच्छापूर्वक सहभागी हुने अधिकार बाल सहभागिता हो।

बाल सहभागिता अहिले नागरिक अधिकारको प्रयोग हो भने भविष्यका लागि लोकतान्त्रिक अभ्यासको प्रशिक्षण र दीक्षा पनि हो। बाल सहभागिताका लागि बालबालिकालाई आफ्ना बारेमा विचार गर्न, आफ्नो विचार व्यक्त गर्न र अरूसँग सकारात्मक रूपमा छलफल गर्न समर्थ र उत्साहित बनाउनु आवश्यक छ। बाल सहभागिताको मूल उद्देश्य बालबालिकालाई व्यक्ति र नागरिक समाजको सदस्यका रूपमा आफ्ना विचारहरू प्रभावकारी तरिकाले राख्न र आफूसँग सरोकार हुने निर्णयलाई प्रभावित गर्न समर्थ तुल्याउनु मानिन्छ। यसका लागि समुदायका वयष्क सदस्यहरूको सहयोग र संलग्नता पनि आवश्यक हुन्छ। बाल सहभागितासम्बन्धी अधिकारहरूमा स्वतन्त्र विचारको अधिकार,[११] अभिव्यक्तिको अधिकार,[१२] स्वतन्त्र आस्थाको अधिकार,[१३] संगठनको अधिकार,[१४] र सूचनाको अधिकार[१५] पर्दछन्।

## २. बाल अधिकारसम्बन्धी महासन्धिअन्तर्गतका बाल अधिकारहरू

बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ विश्वका सम्पूर्ण बालबालिकाको हक हितको संरक्षण र प्रवर्द्धन गर्ने एउटा आधारशीला हो। यस महासन्धिमा जम्मा ५४ वटा धाराहरू छन्। यीमध्ये ४१ वटा धाराहरूमा बालबालिकाका न्यूनतम हक अधिकारहरू र तिनका लागि आवश्यक मापदण्डबारे उल्लेख गरिएको छ। यी धाराहरूमा उल्लेखित अधिकारहरूका प्रावधानहरू एक अर्कामा अन्तरनिर्भर छन्। समग्रमा बाल अधिकारसम्बन्धी महासन्धिमा उल्लेखित बाल अधिकारहरूलाई निम्न मुख्य चार अधिकार शीर्षकअन्तर्गत राखी विभाजन गर्न सकिन्छ–

### २.१ जिउने अधिकार

### २.१.१ दीर्घ जीवन र विकास

बाँच्न पाउने जन्मसिद्ध अधिकार र बालबालिकाको दीर्घ जीवन र विकासप्रति राज्यको दायित्व।[१६]

---

[११] बाल अधिकारसम्बन्धी महासन्धि १९८९ धारा १२
[१२] ऐजन धारा १३
[१३] ऐजन धारा १४
[१४] ऐजन धारा १५
[१५] ऐजन धारा १७
[१६] ऐजन धारा ६

### २.१.२ पर्याप्त जीवनस्तरसहितको जिउने अधिकार

पर्याप्त जीवनस्तरको माध्यमबाट लाभान्वित हुने बालबालिकाको अधिकार । यसलाई पूरा गर्ने बाबु-आमाको प्राथमिक दायित्व र आवश्यक भएमा माना चामलको असुलउपरद्वारा समेत यस्तो दायित्व पूरा गर्न सकिने/नसकिने भनी निरोपण गर्ने र पूरा गर्ने समेत राज्यको दायित्व ।[१७]

### २.२ स्वास्थ्य र स्वास्थ्य सेवाहरूसम्बन्धी अधिकार

प्राथमिक र निवारक स्वास्थ्य स्याहार, जन स्वास्थ्य शिक्षा र न्यूनतम बाल मृत्युदरलाई विशेष जोड दिँदै सम्भव भएसम्मको उच्चतम स्तरको स्वास्थ्यसम्बन्धी अधिकार र स्वास्थ्य र औषधीउपचारसम्बन्धी सेवा प्राप्त गर्ने अधिकार । हानिकारक प्रथा र परम्पराहरूलाई उन्मूलन गर्ने दिशामा काम गर्ने राज्यको दायित्व ।[१८]

### २.३ अभिभावकको हेरचाह र सहयोग पाउने अधिकार

बालबालिकाको उदयोन्मुख क्षमतासँग मेल खाने किसिमसँग मार्गदर्शन प्रदान गर्न बाबु-आमा, परिवार र संरक्षकको अधिकार र कर्तव्यहरूलाई मान्यता दिने राज्यको दायित्व ।[१९]

बालबालिकाका सर्वोत्तम हितहरू विपरीत हुने अवस्थामा बाहेक आफ्नो आमा-बाबुसँग बसोवास गर्ने अधिकार । आमा वा बाबु वा दुवैबाट छुट्टिएमा सम्पर्क राख्न पाउने अधिकार । राज्यको काम कारबाहीबाट बाबु -आमाबाट अलग हुन गएमा राज्यले गर्नुपर्ने कर्तव्य ।[२०]

पारिवारिक पुनर्मिलन हुन वा बाबु-आमा र बालबालिकाको नाता कायम राख्नको निमित्त बालबालिकाले र निजको बाबु-आमा कुनैले पनि मुलुक छाड्ने र आफ्नो मुलुकमा प्रवेश गर्ने अधिकार ।[२१]

आफ्ना बालबालिकाको लालनपालनका लागि बाबु-आमा दुवैको संयुक्त प्राथमिक दायित्व छ भन्ने सिद्धान्त र यस कार्यमा राज्यले उनीहरूलाई सहयोग गर्नुपर्ने ।[२२]

### २.४ सामाजिक सुरक्षाको अधिकार

बालबालिकाले सामाजिक सुरक्षासम्बन्धी सुविधा पाउने अधिकार ।[२३]

## ३. विकासको अधिकार

### ३.१ सूचनाको अधिकार

बालबालिकालाई नैतिक विकास र ज्ञान तथा मानिसहरूबीचको समझदारी अनुकूलको र बालबालिकाको साँस्कृतिक पृष्ठभूमिप्रतिको आदर दर्साउने खालका जानकारीहरू बालबालिकासम्म पुऱ्याउनुपर्ने प्रचारमाध्यामको भूमिका । राज्यले यस्तो कार्यलाई प्रोत्साहित गर्नुपर्ने र बालबालिकाहरूलाई हानिप्रद सामग्रीबाट जोगाउनुपर्ने ।[२४]

---

[१७] ऐजन धारा २७
[१८] ऐजन धारा २४
[१९] ऐजन धारा ५
[२०] ऐजन धारा ९
[२१] ऐजन धारा १०
[२२] ऐजन धारा १८
[२३] ऐजन धारा २६
[२४] ऐजन धारा १७

**३.२ शिक्षाको अधिकार**
शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकार र कम्तीमा प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क गराउने राज्यको दायित्व । विद्यालयमा अनुशासन कायम राख्दा बालबालिकाको मानवीय मर्यादा प्रतिविम्बित हुनुपर्ने । यस अधिकारलाई सुनिश्चत गराउन अन्तरराष्ट्रिय सहयोगमा जोड दिइने ।[२५]

**३.३ फुर्सद, आराम र साँस्कृतिक क्रियाकलापसम्बन्धी अधिकार**
आराम गर्ने, खेल्ने तथा साँस्कृतिक, कलात्मक र मनोरञ्जनात्मक गतिविधिहरूमा भाग लिने बालबालिकाको अधिकार ।[२६]

**३.४ अशक्त बालबालिकाको अधिकार**
मर्यादा कायम गराउने, स्वावलम्बन अभिवृद्धि गर्ने र समाजमा पूर्ण र सक्रिय जीवन यापन गर्न योग्य बनाउने उद्देश्यले विशेष स्याहार, शिक्षा र प्रशिक्षण पाउने अपांग बालबालिकाको अधिकार ।[२७]

**३.५ आदिवासी बालबालिकाको अधिकार**
अल्पसंख्यक र आदिवासी समुदायका बालबालिकाहरूले आफ्नो समुदाय र अन्य समुदायसँग आफ्नो संस्कृति मान्न पाउने र आफ्नो धर्म र भाषा प्रयोग गर्न पाउने अधिकार ।[२८]

**४. <u>संरक्षणको अधिकार</u>**
**४.१ परिचय, नामकरण र राष्ट्रियताको अधिकार**
जन्मेपछि नाम राख्न पाउने पारिवारिक सम्बन्ध र राष्ट्रियता पाउने बालबालिकाको अधिकार ।[२९]

**४.२ गोपनीयताको अधिकार**
बालबालिकाको निजीपना, परिवार, घर र पत्राचार माथिको हस्तक्षेपबाट र गाली बेइज्जतीबाट सुरक्षित हुने अधिकार ।[३०]

**४.३ <u>शोषण र दुरुपयोगविरुद्धको अधिकार</u>**
**४.३.१ यौन शोषण**
वेश्यावृत्ति वा अश्लील चित्रणमा संलग्नतालगायतको यौन शोषण र दुर्व्यव्यवहारबाट संरक्षण पाउने बालबालिकाको अधिकार ।[३१]

**४.३.२ बाल श्रम**
स्वास्थ्य, शिक्षा र विकासमा हानि पुग्ने प्रकारको काममा बालबालिकाहरूलाई लगाउनबाट संरक्षण गर्न तथा रोजगारीका लागि न्यूनतम उमेरको हद तोक्ने र रोजगारीका सर्तहरू लागू गराउने राज्यको दायित्व ।[३२]

---
[२५] ऐजन धारा २८
[२६] ऐजन धारा ३१
[२७] ऐजन धारा २३
[२८] ऐजन धारा ३०
[२९] ऐजन धारा ७ र ८
[३०] ऐजन धारा १६
[३१] ऐजन धारा ३४
[३२] ऐजन धारा ३२

**४.४ बेचबिखन, सौदाबाजी र अपहरण**
बालबालिकाको बेचबिखन, सौदाबाजी र अपहरणलाई रोकथाम गर्न राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउने ।[३३]

**४.५ लागू औषधीको दुर्व्यसन**
लागू पदार्थ र मनोदीपक पदार्थको प्रयोगबाट संरक्षण पाउने र यसको उत्पादन एवं वितरणमा संलग्न गराउने कामबाट जोगिने बालबालिकाको अधिकार ।[३४]

**४.६ दुर्व्यव्यवहार र उपेक्षाबाट संरक्षण**
बाबु-आमा वा बालबालिकाको स्याहारको निमित्त उत्तरदायी व्यक्तिहरूद्वारा हुने सबै प्रकारका दुर्व्यव्यवहारबाट जोगाउने तथा यस सम्बन्धमा निवारक र उपचारका उपायहरू अपनाउने राज्यको दायित्व ।[३५]

**४.७ बाल स्याहारको वैकल्पिक उपायको अधिकार**
परिवारिक वातावरणबाट वञ्चित बालबालिकालाई विशेष संरक्षण प्रदान गर्ने र उसको साँस्कृतिक पृष्ठभूमिलाई मध्यनजर राख्दै उपयुक्त वैकल्पिक पारिवारिक स्याहार अर्थात संस्थागत स्याहार सेवाको व्यवस्था मिलाउनुपर्ने राज्यको दायित्व ।[३६]

दत्तक लिने प्रक्रियालाई मान्यता वा अनुमति लिने प्रचलन भएको देशमा दत्तकका रूपमा लिइएका बालबालिकाको सम्बन्धमा आवश्यक सबै बचाउ राखिएको र सक्षम अधिकारीहरूले मात्र स्वीकृति दिन पाउने गरी बालबालिकाको हितलाई ध्यानमा राखेर मात्र दिने व्यवस्था गर्ने ।[३७]

**४.८ सशस्त्र द्वन्द्वमा संरक्षण**
बालबालिकाको सन्दर्भमा लागू हुने मानवीय कानुनको आदर गर्ने र आदर गर्न लगाउने राज्यको दायित्व । १५ वर्ष मुनिका कुनै पनि बालबालिकालाई सशस्त्र लडाइँमा प्रत्यक्ष भाग लिन नलगाउने वा सशस्त्र सेनामा भर्ती नगराउने र सशस्त्र संघर्षबाट प्रभावित बालबालिकाले सुरक्षा र स्याहार पाउने ।[३८]

**४.९ शरणार्थी बालबालिकाहरूको संरक्षण**
शरणार्थी बालबालिका वा शरणार्थी हुन खोजिरहेका बालबालिकालाई विशेष संरक्षण दिनुपर्ने र त्यसको संरक्षण र सहायता दिने संस्थाहरूलाई सहयोग गर्नुपर्ने राज्यको दायित्व ।[३९]

**५. सहभागिताको अधिकार**

**५.१ अभिव्यक्तिको अधिकार**
आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूसँग सम्बद्ध विषयमा स्वतन्त्र रूपले आफ्नो विचार प्रकट गर्न पाउने र त्यस विचारले उचित मान्यता पाउने अधिकार ।[४०]

---

[३३] ऐजन धारा ३५
[३४] ऐजन धारा ३३
[३५] ऐजन धारा २७
[३६] ऐजन धारा २०
[३७] ऐजन धारा २१
[३८] ऐजन धारा ३८
[३९] ऐजन धारा २२
[४०] ऐजन धारा १२

### ५.२ विवेक, विचार र धार्मिक स्वतन्त्रता
बालबालिकाको विकसित हुँदै गरेको क्षमतासँग मेल खाने किसिमले बाबु-आमा र वैधानिक संरक्षकको निर्देशन र राष्ट्रिय कानुनको अधीनमा रही बालबालिकाको विचार, विवेक र धर्मसम्बन्धी स्वतन्त्रताको अधिकार ।[४१]

### ५.३ अभिव्यक्तिको स्वतन्त्रता
अर्काको हक हनन नहुने र राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा जनस्वास्थ्य वा नैतिकताको संरक्षणमा प्रतिकूल असर नपर्ने गरी जानकारी प्राप्त गर्ने र लिखित, मौखिक, मुद्रित र कलाका रूपमा व्यक्त गर्ने बालबालिकाको अधिकार ।[४२]

### ५.४ संगठनसम्बन्धी स्वतन्त्रता
अर्काको अधिकार वा कानुन उल्लंघन नहुने गरी शान्तिपूर्ण भेला हुने र संघ र संस्थामा भाग लिन पाउने र खोल्न पाउने बालबालिकाको अधिकार ।[४३]

## ६. पुनःस्थापनासम्बन्धी अधिकार
बाल अधिकारसम्बन्धी महासन्धिको धारा ३९ मा बालबालिकाको पुनःस्थापनासम्बन्धी व्यवस्था गरिएको छ, जसअनुसार राज्यपक्षहरूले कुनै पनि प्रकारको उपेक्षा, शोषण अथवा दुर्व्यवहार, यातना वा कुनै पनि प्रकारको क्रूर, अमानवीय वा होच्याउने किसिमको व्यवहार वा सजाय वा सशस्त्र द्वन्द्वको सिकार बनेका कुनै पनि बालबालिकाको शारीरिक वा मनोवैज्ञानिक पुनर्लाभ र सामाजिक पुनःस्थापनालाई संवर्द्धन गर्न सबै उपयुक्त कदमहरू चाल्नेछन् । यस प्रकारको पुनर्लाभ तथा पुनःस्थापना त्यस्तो बालबालिकाको स्वास्थ्य, आत्मसम्मान र मर्यादालाई सघाउने हुनुपर्छ ।

## ७. बाल न्यायसम्बन्धी अधिकार
बाल अधिकारसम्बन्धी महासन्धिको धारा ३७ र ४० बाल न्यायसँग सम्बन्धित र धारा ३९ बालबालिकाहरूको पुनःस्थापना र पुनर्लाभसँग सम्बन्धित छ । बालबालिकाहरूको शारीरिक एवं मानसिक विकासको अति संवेदनशील चरणमा रहेको हुँदा पक्राउ वा गिरफतार गरी उनीहरूको स्वतन्त्रताबाट वञ्चित गर्दा उनीहरूमा त्यसको नकारात्मक मनोवैज्ञानिक असर पर्न सक्छ । बालबालिकाहरूलाई स्वतन्त्रताबाट वञ्चित गर्नुपर्ने अवस्थामा पनि त्यसको प्रभावलाई अत्यन्त न्यून गर्ने सम्बन्धमा संयुक्त राष्ट्रसंघीय महासभाद्वारा पारित मार्गनिर्देशनहरूले एउटा अन्तरराष्ट्रिय मापदण्डको स्थापना गरेका छन् । बाल अधिकारसम्बन्धी महासन्धिको धारा ३७ तथा ४० मा उल्लेखित फौजदारी न्यायसम्बन्धी प्रावधानहरूको कार्यान्वयन गर्ने सम्बन्धमा “टोकियो नियम” “रियाद मार्गनिर्देशन” र “स्वतन्त्रताबाट वञ्चित बालबालिकाहरूको संरक्षणसम्बन्धी मार्गनिर्देशन” (JDL Guidelines) हरूका सम्बन्धित प्रावधानहरूलाई परिपूरक र मार्गनिर्देशनका रूपमा लिन सकिन्छ भनी बाल अधिकारसम्बन्धी समिति[४४]ले आफ्नो टिप्पणीमा उल्लेख गरेको पाइन्छ । मुख्य रूपमा महासन्धिको धारा ३७ ले यातना, क्रूर अपमानजनक सजाय गैरकानुनी गिरफ्तारी वयष्क व्यक्तिबाट अलग राख्नुपर्ने एवं स्वतन्त्रताबाट वञ्चित बालबालिकाका अधिकार सम्बन्धमा व्यवस्था गरिएको छ । धारा ३७ मा व्यवस्थित अधिकारहरूलाई निम्न शीर्षकअन्तर्गत उल्लेख गरिएको छ ।

---

[४१] ऐजन धारा १४
[४२] ऐजन धारा १३
[४३] ऐजन धारा १५
[४४] Report on General Discussion on administration of juvenile justice, Report on the tenth session, October-November 1995, CRC/CAC Para 214.

### ७.१ यातना वा अन्य क्रूर, अमानवीय अपमानजनक वा होच्याउने व्यवहार वा सजायविरुद्धको अधिकार

बाल अधिकारसम्बन्धी महासन्धिको धारा ३७(क) मा कुनै पनि बालबालिकाहरूलाई यातना वा अन्य कुनै क्रूर, अमानवीय, अपमानजनक वा होच्याउने खालको व्यवहार वा सजाय दिइने छैन र १८ वर्षभन्दा कम उमेरका व्यक्तिहरूद्वारा गरिएका अपराधका लागि मृत्युदण्डको सजाय वा रिहाइ पाउन नसकिने गरी आजीवन कारागारको सजाय दिइने छैन भन्ने व्यवस्था गरिएको पाइन्छ ।

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा ५ तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा ७ मा उल्लेखित सबै किसिमको यातना तथा अपमानजनक व्यवहारविरुद्धका हकहरू बालबालिकाका हकमा पनि समान रूपमा लागू हुन्छन् । त्यसैगरी यातना र अन्य क्रूर, अमानवीय, अपमानजनक व्यवहार र सजायविरुद्धको महासन्धिले परिभाषित गरेको यातनासम्बन्धी विषयहरू बालबालिकाका सम्बन्धमा पनि लागू हुन्छन् । मानव अधिकारसम्बन्धी अन्तरराष्ट्रिय सन्धिहरू बाहेक केही क्षेत्रीय सन्धिहरूले पनि बालबालिकाविरुद्धमा हुने सबै किसिमको यातनालाई प्रतिबन्ध लगाएका छन् । बाल अधिकार र कल्याणसम्बन्धी अफ्रिकन चार्टरको धारा १७ (२) (१) मा गिरफ्तार भएको, थुनामा रहेको वा अन्य तरिकाबाट स्वतन्त्रताबाट वञ्चित भएको बालबालिकालाई यातना, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन भनी उल्लेख भएको छ । बालबालिकाहरूको मानसिक र शारीरिक विकासको संवेदनशील अवस्थासमेतलाई मध्यनजर राख्दा अपराध अनुसन्धानको सिलसिलामा, सुधार गृहहरूमा राख्दा वा परिवार र स्कुलमा कुनै पनि रूपको यातना, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिइनुहुँदैन ।

### ७.२ मृत्युदण्ड र रिहाइ नपाउने गरी कारावासविरुद्धको अधिकार

मृत्युदण्डको सजायलाई मानव अधिकार उल्लंघन मानिन्छ । नेपालमा नेपाल अधिराज्यको संविधान, २०४७ र अन्तरिम संविधान, २०६३ ले मृत्युदण्डको समाप्ति गरेको छ । त्यसकारण बालबालिकालगायत कसैले पनि मृत्युदण्डको सजाय पाउने अवस्था नेपालमा छैन । बाल अधिकारसम्बन्धी महासन्धिको धारा ३७(क) अनुसार १८ वर्षभन्दा कम उमेरका व्यक्तिहरूद्वारा गरिएको अपराधका लागि मृत्युदण्डको सजाय दिइने छैन भनी मृत्युदण्ड दिने कार्यलाई निषेध गरेको छ । नागरिक एवं राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्रको धारा ६(५) ले पनि १८ वर्षभन्दा कम उमेरका व्यक्तिहरूले गरेको अपराधका लागि मृत्युदण्डको सजायमा प्रतिबन्ध लगाएको छ । त्यसैगरी क्षेत्रीयस्तरमा मानव अधिकारसम्बन्धी अमेरिकी सन्धिको धारा ४(५) मा पनि अपराध गर्दाको अवस्थामा १८ वर्षभन्दा कम उमेरको व्यक्तिलाई मृत्युदण्ड दिन निषेध गरिएको छ ।

बाल अधिकारसम्बन्धी महासन्धिको धारा ६ ले बालबालिकाको जिउन पाउने अधिकार र उनीहरूको जीवन र विकासको अधिकारको प्रत्याभूत गरेकाले पनि बाँच्न पाउने र आफ्नो व्यक्तित्वको विकास गर्न पाउने बालबालिकाको अधिकारको सम्मान गर्नु सबैको साझा जिम्मेवारी हो । बालबालिकालाई आजीवन कारावासको सजाय दिइनुहुँदैन । बाल न्याय प्रणालीको मुख्य उद्देश्य नै बालबालिकाहरूको समाजमा पुनःस्थापना भएकाले कारावासको सजाय बालबालिकाहरूको समाजमा पुनःस्थापना गर्ने उद्देश्यको प्रतिकूल हुन्छ । बालबालिकाहरू कानुनसँगको द्वन्द्वमा परेको अवस्थामा थुनामा राख्नुपर्दा छोटो समय र अन्तिम विकल्पका रूपमा मात्र थुनामा राख्नुपर्ने व्यवस्था महासन्धिले गरेको छ ।

### ७.३ अन्तिम उपायका रूपमा थुनामा राख्ने

बाल अधिकारसम्बन्धी महासन्धिको धारा ३७ (ख) मा कुनै पनि बालबालिकालाई गैरकानुनी वा अनुचित तवरले तिनको स्वतन्त्रताबाट वञ्चित गरिने छैन, बालबालिकाको गिरफ्तारी, थुना वा कारावास कानुनअनुरूप हुनेछ र सम्भव भएसम्म छोटो, उपयुक्त समयका लागि र अन्तिम उपायका रूपमा मात्र अपनाइनेछ भन्ने व्यवस्था गरिएको छ ।

### ७.४ मानवीय व्यवहारको अधिकार

बाल अधिकारसम्बन्धी महासन्धिको धारा ३७(ग) मा स्वतन्त्रताबाट वञ्चित बालबालिकालाई मानवीयता र मानवमा अन्तर्निहित मर्यादाअनुरूप तथा निजहरूको उमेरअनुसारको आवश्यकतालाई ध्यानमा राखी सो सुहाउँदो सम्मान गरिनेछ भन्ने व्यवस्था गरिएको छ । यो व्यवस्था धारा ३७(क) मा गरिएको व्यवस्थाको पूरक व्यवस्था हो । धारा ३७(क) को व्यवस्थाले अमानवीय र अपमानजनक व्यवहार गर्न निषेध गरेको छ भने यो धाराले बालबालिकाहरूप्रति मानवीयता र मानव मर्यादाअनुरूप व्यवहार गर्नुपर्ने सकारात्मक अधिकारको व्यवस्था गरेको पाइन्छ । मानवीय मर्यादा र प्रतिष्ठाअनुरूपको व्यवहार गर्नुपर्ने हकको सिर्जना नागरिक एवं राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा १०(१) तथा अमेरिकी मानव अधिकार सन्धिको धारा ५(२) मा समेत गरिएको छ ।

बाल अधिकार तथा कल्याणसम्बन्धी अफ्रिकन चार्टरको धारा १७(१) मा पनि प्रतिवादी बनाइएको वा कानुन उल्लंघन गरी सजाय पाएका बालबालिकाहरूलाई उनीहरूको इज्जत र प्रतिष्ठाको सम्मान गर्ने किसिमको विशेष व्यवहार पाउने अधिकार हुनेछ भन्ने व्यवस्था गरिएको पाइन्छ । उल्लेखित व्यवस्थाहरूबाट बालबालिकाहरू वयष्कसरह मानवीय सम्मान र प्रतिष्ठाका हकदार हुन् भन्ने देखिन्छ ।

### ७.५ वयष्क व्यक्तिसँग अलग रहने अधिकार

गिरफ्तार वा थुनामा रही स्वतन्त्रताबाट वञ्चित रहेका बालबालिकाहरूलाई वयष्क व्यक्तिबाट अलग राख्नुपर्दछ । बाल न्याय प्रणालीको उद्देश्य नै बालबालिकाहरूको पुनःस्थापना हो । थुनामा वयष्क व्यक्तिहरूको सम्पर्कबाट बालबालिकाहरूले आपराधिक प्रवृत्ति सिक्ने सम्भावना रहन्छ । खराब प्रवृत्ति भएका वयष्क थुनुवा वा कैदीको सम्पर्कबाट बालाबालिकाहरूमा नकारात्मक मनौवैज्ञानिक प्रभाव पर्न सक्छ । यसै तथ्यलाई मनन गरी बाल अधिकारसम्बन्धी महासन्धिको धारा ३७ (ग) मा स्वतन्त्रताबाट वञ्चित बालबालिकालाई निजको सर्वोत्तम हितको दृष्टिबाट अन्यथा आवश्यक भएमा बाहेक वयष्क व्यक्तिबाट छुट्टै राखिने छ भन्ने व्यवस्था छ ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १०(२) (ख) मा पनि कुनै अपराधको अभियोग लागेका थुनुवा बालबालिकाहरूलाई वयष्क थुनुवाबाट अलग राखिनेछ र उनीहरूको मुद्दाको चाँडो किनारा गर्नुपर्दछ भन्ने उल्लेख गरिएको छ । त्यसैगरी बाल अधिकार तथा कल्याणसम्बन्धी अफ्रिकन चार्टरको धारा १७(२) (ख) मा थुना वा कैदमा राख्दा बालबालिकाहरूलाई वयष्क थुनुवा वा कैदीबाट अलग गर्नुपर्ने व्यवस्था छ । मानव अधिकारसम्बन्धी अमेरिकी सन्धिको धारा ५(५) मा बालबालिकाहरूलाई फौजदारी कारबाहीको सिलसिलामा वयष्क थुनुवा वा कैदीबाट अलग राख्नुपर्ने व्यवस्था छ र बालबालिकाको मुद्दा बाल अदालतबाट प्राथमिकताका साथ फैसला गर्नुपर्छ । बाल अधिकारसम्बन्धी महासन्धिका केही पक्ष राष्ट्रहरूले सन्धिको अनुमोदन गर्दा यो धारा सम्बन्धित देशको हकमा लागू नहुने गरी आरक्षण गरेको पाइएको छ । जसको कारण बालबालिकाहरूलाई थुनामा वा कैदमा राख्दा वयष्क अपराधीबाट अलग गर्नुपर्ने महासन्धिको यो व्यवस्था उक्त देशको हकमा लागू हुँदैन तर बालअधिकार समितिले यो आरक्षण फिर्ता लिन सम्बन्धित राज्य पक्षहरूलाई अनुरोध गरेको छ ।[४५] बालबालिकाको सर्वोत्तम हित र वैकल्पिक हेरविचार र सुरक्षाका लागि वयष्क थुनुवा वा कैदीबाट अलग राख्नुपर्छ भन्ने समितिको धारणा रहेको छ । जोर्डनमा सुनुवाइका क्रममा रहेका बालबालिकाहरूलाई अपराध ठहर भइसकेको वयष्क अपराधीसँगै राखेकामा समितिले ध्यानाकर्षण गरेको थियो ।[४६] बालबालिकाहरूलाई

---

[४५] UN doc. CRC/C/15/Add.37, Concluding Observation Canada, Paras 10 and, 18.

[४६] UN doc CRC /C/ 15 Add 21 Concluding Observation: Jardon Para 16.

थुना वा कैदमा राख्दा मात्र होइन पुनःस्थापना केन्द्र, सुधार गृह र मनोवैज्ञानिक उपचार केन्द्रमा राख्दा समेत वयष्कबाट अलग राख्नुपर्ने धारणा समितिको रहेको छ ।[४७]

### ७.६ परिवारसँग भेटघाट र पत्राचार

बाल अधिकारसम्बन्धी महासन्धिको धारा ३७ (ग) अनुसार स्वतन्त्रताबाट वञ्चित बालबालिकालाई खास अवस्थामा बाहेक पत्राचार र भेटघाटको माध्यमबाट आफ्नो परिवारसँग सम्पर्क राख्ने अधिकार हुनेछ । कुनै खास अवस्थामा पत्राचार र भेटघाट गर्न नदिने भन्ने विषय महासन्धिका आधारभूत सिद्धान्त खासगरी बालबालिकाको सर्वोत्तम हितलाई मध्यनजर राखी निश्चित गरिन्छ ।[४८] बाल अधिकार समितिले धेरै अवसरहरूमा थुनामा रहेका बालबालिकाहरूलाई आफ्नो थुनाको अवस्थामा बाबु-आमासँग भेटघाट र पहुँचको अवसर प्रदान गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ ।

### ७.७ कानुनी सहायता पाउने र थुनाको वैधता परीक्षण गर्न पाउने अधिकार

बाल अधिकारसम्बन्धी महासन्धिको धारा ३७(घ) अनुसार स्वतन्त्रताबाट वञ्चित प्रत्येक बालबालिकालाई कानुनी वा अन्य उपयुक्त सहयोग पाउने अधिकारका साथै अदालत वा अन्य सक्षम, स्वतन्त्र र निष्पक्ष अधिकारीसमक्ष आफ्नो स्वतन्त्रता वञ्चित गर्ने प्रक्रियाको वैधताबारे उजुर दिने अधिकार र त्यस्तो उजुरीमा शीघ्र निर्णय पाउने अधिकार हुने व्यवस्था गरिएको छ । यो धाराको व्यवस्थाले कानुनी सहायता पाउने हकको अलावा अन्य उपयुक्त सहयोग पाउने हक, जसमा सामाजिक सहयोग पाउने कुराको पनि प्रत्याभूति गरेको छ । यो धाराअनुसार बालबालिकाहरूको हकमा स्वतन्त्रताबाट वञ्चित गर्ने निर्णय गर्दा त्यस्तो निर्णय कुनै अदालत वा अन्य स्वतन्त्र, सक्षम र निष्पक्ष अधिकारीबाट मात्र गर्न सक्ने देखिन्छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको धारा ९(४) अनुसार बालबालिकाहरूलाई स्वतन्त्रताबाट वञ्चित गर्ने निर्णय अदालतबाट मात्र गर्न सक्ने प्रावधान छ । बेइजिङ नियमको नियम १०(२) मा भने न्यायाधीश वा अन्य सक्षम अधिकारी वा निकायबाट बालबालिकाको थुनाको सम्बन्धमा शीघ्र रूपमा निर्णय लिनुपर्दछ भन्ने व्यवस्था रहेको देखिन्छ ।

प्रत्येक व्यक्तिलाई कानुनी सहायता पाउने अधिकार देशको संविधान र मानव अधिकारसम्बन्धी दस्तावेजहरूले प्रदान गरेको हुन्छ । बालबालिकाहरूको हकमा कानुनी सहायता पाउने कुराले झन ठूलो महत्व राख्दछ । त्यसैगरी अदालत वा सक्षम, स्वतन्त्र र निष्पक्ष अधिकारीबाट सुनुवाइ हुने अर्को महत्वपूर्ण अधिकार हो ।

### ७.८ तत्काल प्रचलित कानुनले निषेध नगरेको कार्यका लागि सजाय नगरिने

कुनै पनि बालबालिकालाई तत्काल प्रचलित कानुनले निषेध नगरेको कुनै कार्यका लागि तथा पहिल्यै गरिसकेको कुनै कार्यका लागि पश्चातदर्शी कानुन निर्माण गरी मुद्दा चलाउनु वा सजाय गर्नुहुँदैन । बाल अधिकारसम्बन्धी महासन्धिको धारा ४०(२) (क) ले पनि उक्त अधिकारको प्रत्याभूति गरेको छ, जसअनुरूप कुनै पनि बालबालिकालाई त्यस्ता कार्य गरेबापत वा नगरेको कारणबाट त्यस्तो कार्य हुन गएको समयमा ती कार्यलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानुनद्वारा निषेध गरिएको रहेनछ भने निजलाई त्यस्तो फौजदारी कानुन सम्बन्धमा आरोप लगाउने वा अभियुक्त बनाउने वा उल्लंघन गरेको मानिने छैन भन्ने व्यवस्था रहेको छ । बालबालिकाको हकमा यो सिद्धान्तको अति ठूलो महत्व रहेको छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्रको धारा ४(२), मानव अधिकारसम्बन्धी अमेरिकी सन्धिको धारा २७(२), मानव अधिकारसम्बन्धी युरोपियन सन्धिको

[४७] UN CRC/ C/ 15 / Add 53, Concluding Observation: Finland Paras 16 and 17.

[४८] CRC Implementation Hand Book P 502.

धारा १५ (२) अनुसार पनि तत्काल प्रचलित कानुनले अपराध नठहऱ्याएको कुनै कार्यका लागि कसैलाई पनि सजाय दिन निषेध गरेको छ ।

**७.९ निर्दोषिताको अनुमानसम्बन्धी अधिकार**

कुनै पनि अपराधको अभियोग लागेको व्यक्तिलाई निजको कसुर प्रमाणित नहुन्जेलसम्म निर्दोष मान्नुपर्ने फौजदारी न्यायसम्बन्धी सर्वस्वीकृत सिद्धान्त हो । बाल अधिकारसम्बन्धी महासन्धिको धारा ४०(२) (ख) (१) ले पनि बालबालिकाहरूका हकमा उक्त सिद्धान्तको प्रत्याभूति गरेको छ, जसअनुसार कानुनसँग द्वन्द्वमा परी कुनै अपराधको अभियोग लगाइएका बालबालिकाहरूलाई निजउपरको कसुर प्रमाणित नहुन्जेलसम्म निर्दोष मान्नुपर्दछ । यस्तै प्रकारको व्यवस्था बाल अधिकार र कल्याणसम्बन्धी अफ्रिकन चार्टरको धारा १७ (२) (ग) (१) मा पनि गरिएको पाइन्छ ।

**७.१० आफ्नोविरुद्धको अभियोगको शीघ्र सूचना पाउने र कानुनी सहायतासम्बन्धी अधिकार**

कुनै कसुरको अभियोग लगाइएको व्यक्तिलाई आफूउपर लगाइएको अभियोगको सम्बन्धमा शीघ्र जानकारी पाउने र आफ्नो प्रतिरक्षाका लागि कानुनी सहायता पाउने हक फौजदारी न्यायसम्बन्धी महत्वपूर्ण हक हो । मानव अधिकारसम्बन्धी विभिन्न दस्तावेजहरू एवं विभिन्न देशका संविधानद्वारा प्रत्याभूत यो अधिकार स्वच्छ सुनुवाइको न्यूनतम मापदण्ड पनि हो । बाल अधिकारसम्बन्धी महासन्धिको धारा ४० (२) (ख) (२) ले पनि कानुनसँगको द्वन्द्वमा परेका बालबालिकाहरूका हकमा यो हकको प्रत्याभूति गरेको पाइन्छ, जसअनुसार बालबालिकाहरूलाई लगाइएका अभियोगको सम्बन्धमा तुरुन्त र प्रत्यक्ष रूपमा निजलाई र उचित भएमा निजका बाबु-आमा वा वैधानिक अभिभावकमार्फत जानकारी गराइने र आफ्नो प्रतिरक्षाको तयारी र प्रस्तुतिमा कानुनी र उचित सहयोग पाउनेछ भन्ने व्यवस्था गरिएको छ ।

**७.११ शीघ्र सुनुवाइको अधिकार**

शीघ्र न्याय पाउनु व्यक्तिको आधारभूत मानव अधिकार हो । बालबालिकाको हकमा पनि यो लागू हुन्छ । बाल अधिकारसम्बन्धी महासन्धिको धारा ४० (२) (ख) (३) मा कानुनसँगको द्वन्द्वमा परेका बालबालिकाहरूको मुद्दाको शीघ्र सुनुवाइको अधिकारको प्रत्याभूति गरिएको छ, जसअनुसार कानुनी वा अन्य उचित सहायता दिने व्यक्तिको उपस्थितिमा सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक संस्थाहरूबाट कानुनबमोजिम यथेष्ट सुनुवाइपश्चात शीघ्र रूपमा निर्णय हुने र यस्तो सुनुवाइ बालबालिकाको उच्चत्तम हितको विपरीत नहुने भएमा निजको उमेर र अवस्थासमेत विचार गरी निजको बाबु-आमा वा वैधानिक अभिभावकको उपस्थिति हुनुपर्ने व्यवस्था देखिन्छ । बाल अधिकार र कल्याणसम्बन्धी अफ्रिकन चार्टरको धारा १७ (२) (ग) (४) मा बालबालिकालाई प्रतिवादी बनाइएको मुद्दा स्वतन्त्र र सक्षम निकायबाट यथासम्भव शीघ्र रूपमा किनारा गर्नुपर्दछ भन्ने उल्लेख भएको पाइन्छ । त्यसैगरी मानव अधिकारसम्बन्धी अन्य दस्तावेजहरूले पनि शीघ्र सुनुवाइको अधिकारको प्रत्याभूति गरेको पाइन्छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्रको धारा १४(३) (ग) अनुसार कुनै व्यक्तिउपर लगाइएको अभियोगउपरको फैसला विलम्ब नगरी गर्नुपर्छ भन्ने उल्लेख छ भने मानव अधिकारसम्बन्धी युरोपियन सन्धिको धारा १७ (२) (ग) (४) अनुसार फौजदारी मुद्दाको फैसला मनासिव समयभित्र गर्नुपर्छ भन्ने व्यवस्था रहेको देखिन्छ ।

बालबालिकाउपरको मुद्दाको सुनुवाइ सक्षम, स्वतन्त्र र निष्पक्ष निकायबाट हुनुपर्छ र साथै त्यस्तो सुनुवाइ गर्दा स्वच्छ सुनुवाइको आधारभूत मान्यता अनुकुल हुनुपर्छ । बाल अधिकारसम्बन्धी महासन्धिको उल्लेखित धारा ४० (२) (ख) (३) अनुसार बालबालिकाको सर्वोत्तम हितको प्रतिकूल नहुने भएमा निजको उमेर र अवस्थासमेत विचार गरी निजको बाबु-आमा वा वैधानिक अभिभावकको उपस्थिति हुनुपर्ने कानुनी व्यवस्था छ । कानुनसँगको द्वन्द्वमा

परेका बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी उनीहरूको मुद्दाको सुनुवाइको क्रममा बाबु-आमा र संरक्षकलाई उपस्थित गराउन सकिन्छ तर बालबालिकाको सर्वोत्तम हितलाई विचार गर्दा उनीहरूको उपस्थिति बालबालिकाको उच्चतम हितको प्रतिकूल भएमा उनीहरूको उपस्थितिलाई वञ्चित गर्न सकिन्छ भन्ने प्रावधान बेइजिङ नियमको धारा १५ (२) मा व्यवस्था गरिएको छ । कुनै फौजदारी अभियोग लगाइएका बालबालिकासँग सम्बन्धित न्यायिक प्रक्रियामा बाबु-आमा वा कानुनी संरक्षकको उपस्थितिको मुख्य उद्देश्य बालबालिकाप्रति भावनात्मक र मनोवैज्ञानिक सहयोग पुऱ्याउनु हो । यदि मुद्दाको सुनुवाइमा बाबु-आमा र संरक्षकको उपस्थितिको नकारात्मक प्रभाव पर्न सक्ने अवस्था देखियो भने उनीहरूको उपस्थिति बाहेक गर्नुपर्छ जस्तै बाबु-आमा वा संरक्षकले बालबालिकाप्रति खराब भावना वा वैरभाव आदि राखेमा ।

**७.१२ आफ्नोविरुद्ध बयान गर्न कर नलगाइने र आफ्नो प्रतिकूल साक्षीको जिरह गर्न पाउने अधिकार**

बाल अधिकारसम्बन्धी महासन्धिको धारा ४० (२) (ख) (४) मा दुई प्रकारका अधिकारहरूको व्यवस्था छ, जसमा पहिलो बालबालिकालाई आफ्नोविरुद्ध बयान दिन कर नलगाइने र दोस्रोमा आफ्नो प्रतिकूल साक्षीहरूको जिरह गर्ने वा गर्न लगाउने । मानव अधिकारसम्बन्धी अन्य दस्तावेजहरूले गैरकानुनी माध्यमको प्रयोग गरी इच्छा विपरीत सावित गराउने कार्यलाई निषेध गरेको पाइन्छ । तर अहिले पनि कतिपय देशहरूमा बलपूर्वक इच्छा विपरीतको साविती गराउने कार्य भइरहेको छ । अर्कोतर्फ आफ्नोविरुद्ध बयान दिन कर नलाग्ने व्यवस्थाको विपरीत कतिपय देशहरूमा अनुसन्धानको क्रममा प्रहरीद्वारा सोधिएका प्रश्नको जवाफ नदिई चुप रहेको कुरालाई उसका विरुद्धको प्रमाणका रूपमा लिइने गरेको छ ।

**७.१३ पुनरावेदनको अधिकार**

बालबालिकाले फौजदारी कानुन उल्लंघन गरेको अवस्थामा अदालतबाट दोषी ठहऱ्याई फैसला भएमा र त्यसको परिणामस्वरूप तोकिएको कुनै पनि कार्यको सम्बन्धमा कानुनबमोजिम उच्च, सक्षम, स्वतन्त्र र निष्पक्ष निकायसमक्ष पुनरावेदन गर्न पाउने अधिकार बाल अधिकारसम्बन्धी महासन्धिको धारा ४०(२)(ख) ५ मा गरिएको छ । बाल अधिकार र कल्याणसम्बन्धी अफ्रिकन चार्टरको धारा १७(२)(ग)(४) मा बालबालिकालाई असर पर्ने गरी फैसला भएमा पुनरावेदन गर्न पाउने अधिकार प्रदान गरिएको छ ।

**७.१४ निःशुल्क दोभासेको अधिकार**

बालबालिकाहरू आफ्नो मातृभाषाबाहेक अन्य सरकारी कामकाजको भाषा नबुझ्ने हुन सक्छन् । यस्तो अवस्थामा उनीहरूले आफूले बुझ्ने मातृभाषामा नै बोल्न पाउनुपर्ने हुन्छ । त्यसका लागि दोभासेको निःशुल्क व्यवस्था गरिनुपर्छ । बाल अधिकारसम्बन्धी महासन्धिको धारा ४०(२)(ख)(६) मा अदालतमा प्रयोग गरिएको भाषा सो बालबालिकाले बुझ्न नसक्ने वा बोल्न नसक्ने रहेछ भने दोभासेको निःशुल्क सहयोग पाउने अधिकारको व्यवस्था गरिएको छ । यस्तै किसिमको व्यवस्था बाल अधिकार र कल्याणसम्बन्धी अफ्रिकन चार्टरको धारा ७(२)(ग)(२), नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्रको धारा १४(३), मानव अधिकारसम्बन्धी अमेरिकी सन्धिको धारा ८(२)(क) र युरोपेली मानव अधिकार सन्धिको दफा ६(२)(ङ) मा समेत गरिएको छ ।

**७.१५ गोपनीयतासम्बन्धी अधिकार**

बालबालिकाहरू शारीरिक एवं मानसिक विकासको अत्यन्त संवेदनशील अवस्थामा रहने हुँदा उनीहरूलाई फौजदारी अभियोगको सिलसिलामा मुद्दाको कारबाही गर्दा त्यसको गोपनीयता कायम हुनुपर्छ । बाल न्यायको मुख्य उद्देश्य नै बालबालिकाको समाजमा पुनःस्थापना भएकाले मुद्दाको सम्पूर्ण कारबाहीमा बालबालिकाको सम्बन्धमा गोपनीयता कायम नगर्ने हो भने त्यसको दीर्घकालीन असर बालबालिकामा पर्न सक्छ । बाल अधिकारसम्बन्धी महासन्धिको धारा ४०(२)(ख)(७) मा मुद्दाको कारबाहीको सम्पूर्ण अवस्थामा बालबालिकाको

निजीपनाको पूर्ण आदर हुने व्यवस्था गरिएको छ। त्यसैगरी बेइजिङ नियमको नियम ८.१ मा बालबालिकालाई हानि हुने र अनावश्यक प्रचार र कलंक लाग्नबाट बचाउन मुद्दाको कारबाहीको हरेक चरणमा गोप्यता कायम राख्नुपर्दछ भन्ने उल्लेख छ भने सोही नियमको ८(२) मा अभियोग लगाइएका बालबालिकाहरूलाई चिनाउने कुनै पनि सूचना प्रकाशन गर्नुहुँदैन भन्ने उल्लेख छ। कानुनसँगको द्वन्द्वमा परेका बालबालिकाहरूको नाम तथा उनीहरूले गरेको कार्यको सूचना प्रवाह सञ्चार माध्यमबाट भएमा त्यो बालबालिकाहरूको सर्वोत्तम हितको प्रतिकूल हुन्छ।

युरोपियन मानव अधिकारसम्बन्धी सन्धिको धारा ६(१) अनुसार बालबालिकाहरूको मुद्दा बन्द इजलासबाट हेर्नुपर्ने गरी बाध्यात्मक व्यवस्था नगरे पनि बालबालिकाको हित, पक्षहरूको निजी जीवनको सुरक्षा तथा न्यायका लागि अदालतले उपयुक्त ठहऱ्याएमा बन्द इजलासबाट सुनुवाइ गर्न सकिने व्यवस्था छ। तर बाल अधिकार तथा कल्याणसम्बन्धी अफ्रिकन चार्टरको धारा १७(२)(घ) ले पनि बालबालिकाको मुद्दाको सुनुवाइमा सञ्चारमाध्यमको प्रवेश र खुला सुनुवाइलाई निषेध गरेको छ। कानुनसँगको द्वन्द्वमा परेका बालबालिकाहरूसँग सम्बन्धित मिसिल तथा अभिलेखहरू र अभिलेखमा पहुँच निषेध गर्नुपर्ने तथा त्यस्तो मिसिल र अभिलेख उक्त बालकपछि वयष्क भएपछि चलेको मुद्दामा पनि प्रमाणमा लिन नपाइने व्यवस्था बेइजिङ नियमको नियम २१ मा गरिएको पाइन्छ।

### ८. इच्छाधीन आलेख (Optional Protocol)

बाल अधिकार महासन्धिलगायत मानव अधिकारसम्बन्धी महासन्धिहरू तथा तिनका इच्छाधीन आलेखहरू संयुक्त राष्ट्रसंघका सदस्यहरूको सहमतिमा यसका पक्षहरूबीच बाध्यकारी हुने कानुनी हस्तावेजहरू हुन्। राज्यपक्षहरूले सन्धि तथा त्यसको इच्छाधीन आलेखहरू अनुमोदन गरेपश्चात त्यसमा उल्लेखित अधिकारहरूलाई मान्यता दिने कानुन निर्माण गर्ने, भइरहेका कानुनमा संशोधन गर्ने तथा नीति तथा कार्यक्रम निर्माण गरी सन्धि तथा इच्छाधीन आलेखबमोजिम आफ्नो अन्तरराष्ट्रिय प्रतिबद्धता जाहेर गर्दछन्।

मानव अधिकारसम्बन्धी महासन्धिहरूको इच्छाधीन आलेख पनि संयुक्त राष्ट्रसंघद्वारा पारित गरिएको हुन्छ। इच्छाधीन आलेख मूल सन्धिको पूरक वा मूल सन्धिमा थप व्यवस्था गर्न आएको हुन्छ। इन्छाधीन आलेख मूल सन्धिको कुनै विषयसँग सम्बन्धित हुन्छ। मूल सन्धिमा भएको व्यवस्थामा थप व्यवस्था गर्ने, नयाँ उत्पन्न भएको परिस्थितिलाई सम्बोधन गर्ने एवं मूल सन्धिको कार्यान्वयन गर्ने व्यवस्था गर्न इच्छाधीन आलेखको निर्माण हुन्छ। इच्छाधीन आलेखबाट सारभूत अधिकारको सिर्जना हुने नभई मूल सन्धिको व्याख्या वा त्यसमा थप व्यवस्था गर्ने काम इच्छाधीन आलेखले गर्दछ। इच्छाधीन आलेखलाई यस अर्थमा इच्छाधीन भनिन्छ कि मूल सन्धि अनुमोदन गरेको कारणले मात्रै राज्यपक्षहरू इच्छाधीन आलेखबाट बाध्याकारी हुँदैनन्। इच्छाधीन आलेख अनुमोदनको स्वतन्त्र प्रक्रिया हुन्छ। खासगरी मूल सन्धिका राज्य पक्षहरूले नै इच्छाधीन आलेख अनुमोदन गर्न सक्छन्। तर बाल अधिकारसम्बन्धी इच्छाधीन आलेख बालअधिकारसम्बन्धी महासन्धिमा पक्षधर नभएका राज्यले पनि अनुमोदन गर्न सक्ने व्यवस्था छ। जस्तै संयुक्त राज्य अमेरिकाले बालअधिकार महासन्धिलाई अनुमोदन नगरे पनि यसका दुवै इच्छाधीन आलखेलाई अनुमोदन गरेको पाइन्छ।

### ९. बाल अधिकार महासन्धिअन्तर्गतका इच्छाधीन आलेखहरू

#### ९.१ सशस्त्र द्वन्दमा बालबालिकाको प्रयोगसम्बन्धी इच्छाधीन आलेख

संयुक्त राष्ट्रसंघको महासभाद्वारा २५ मे २००० मा यो इच्छाधीन आलेख पारित भएको हो। यो इच्छाधीन आलेख महासन्धिको धारा ३८ सँग सम्बन्धित छ। जसमा सशस्त्र द्वन्दमा बालबालिकालाई लगाउन र भर्ना गर्न निषेध गरिएको छ। यो इच्छाधीन आलेखअनुसार कुनै पनि राष्ट्रको सेनामा १८ वर्षभन्दा कम उमेरका व्यक्तिलाई भर्ना गर्न र प्रत्यक्ष युद्धमा संलग्न गराउनुहुँदैन। आलेखअनुसार कुनै पनि देशको विद्रोही समूह वा

गैरसरकारी सशस्त्र समूहले युद्धको प्रयोजनका लागि १८ वर्षभन्दा कम उमेरका व्यक्तिलाई प्रयोग गर्न निषेध गरिएको छ । राज्य पक्षले १८ भन्दा कम उमेरका व्यक्तिलाई सशस्त्र समूहमा भर्ना गर्ने र प्रयोग गर्ने कार्यलाई दण्डनीय बनाइनुपर्दछ भनी इच्छाधीन आलेखले राज्यलाई दायित्व सुम्पेको पाइन्छ । साथै सशस्त्र समूहद्वारा आलेखको प्रतिकूल भर्ना गरिएका बालबालिकाहरूलाई त्यस्तो समूहबाट अलग गरी तिनीहरूको पुनःस्थापना र पुनःएकीकरण राज्यले गर्नुपर्दछ ।

### ९.२ बालबालिकाको बिक्री, वेश्यावृत्ति र अश्लीलतामा प्रतिबन्ध लागउनेसम्बन्धी इच्छाधीन आलेख

यो इच्छाधीन आलेखले बालबालिकाको बिक्री, वेश्यावृत्ति र अश्लीलतासम्बन्धी अपराधको स्पष्ट परिभाषा गरेको र उक्त कार्यलाई फौजदारी कानुनद्वारा दण्डनीय बनाएको पाइन्छ । बालबालिकाको बिक्री गर्ने, वेश्यावृत्ति र अश्लीलतामा लगाउने अपराधीहरूलाई मुद्दा चलाउने सम्बन्धमा अन्तर्राष्ट्रिय संरचनाको निर्माण गरेको छ । बालबालिकाहरूको अधिकारको संरक्षण गर्ने र अधिकारको उल्लंघन हुनबाट बचाउन अन्तरराष्ट्रिय सहयोग अभिवृद्धि गर्ने, सार्वजनिक चेतना जगाउने, सूचना र शिक्षासम्बन्धी सचेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने कुरामा यो इच्छाधीन आलेखले जोड दिएको पाइन्छ ।

## १०. बाल अधिकारसम्बन्धी समिति

बाल अधिकारसम्बन्धी महासन्धिअन्तर्गतका अधिकारहरूको उल्लंघनमा सजाय गर्ने कुनै अन्तरराष्ट्रिय अदालत छैन । तर सन् १९९१ देखि सन्धिको कार्यान्वयनको अनुगमन गर्न एउटा विशेषज्ञहरूको समिति रहेको छ । बाल अधिकारसम्बन्धी महासन्धिको कार्यान्वयन अनुगमन गर्न महासन्धिअन्तर्गत गठन भएको अन्तरराष्ट्रिय समितिलाई बाल अधिकार समिति भनिन्छ । समितिको कार्यालय न्युयोर्कमा रहेको छ । समितिमा उच्च नैतिक मर्यादा र क्षमता भएका विशेषज्ञहरूमध्येबाट समानुपातिक भौगोलिक वितरण तथा भिन्न सभ्यता र कानुन प्रणालीको प्रतिनिधित्व हुनेगरी १८ जना सदस्यहरू रहने व्यवस्था छ । सदस्यहरूको निर्वाचन पक्ष राष्ट्रहरूले आ-आफ्नो नागरिकहरू मनोनित गर्ने व्यवस्था छ । तर निर्वाचित भएपछि समितिका सदस्यहरूले आफ्नो राष्ट्रको प्रतिनिधित्व नगरी व्यक्तिगत हैसियतमा कार्य गर्दछन् । समितिले मुख्य रूपमा राज्यपक्षले पेस गर्ने प्रतिवेदनहरूको समीक्षामार्फत महासन्धिअन्तर्गतको दायित्वहरू पक्ष राष्ट्रले परिपालना गरे/नगरेको परीक्षण गर्ने कार्य गर्दछ । महासन्धिअन्तर्गतका दुईवटा इच्छाधीन आलेख पारित भएपश्चात हाल समितिले इच्छाधीन आलेखअन्तर्गत पर्न आउने व्यक्तिगत उजुरी जाँचबुझसम्बन्धी कार्य पनि गर्दछ ।

समितिले राज्य पक्षबाट महासन्धिको परिपालना र कार्यान्वयनमा भएको कमजोरीको आलोचना गर्ने नभई सम्बन्धित पक्षसँगको सहकार्यबाट महासन्धिको परिपालना र कार्यान्वयनमा सहजकर्ताको भूमिका निर्वाह गर्दछ । कार्यान्वयनमा देखिएका समस्याहरूको पहिचान र समाधान सम्बन्धित राज्य पक्षसँग मिलेर गर्नु समितिको उद्देश्य हो । महासन्धिको कार्यान्वयनमा देखिएका समस्याहरूको पहिचान र समाधानका लागि समितिले गैरसरकारी संस्था, सम्बन्धित राज्य पक्ष तथा अन्य निकायबाट सो सम्बन्धमा सूचनाहरू लिन सक्छ । समितिको अर्को महत्वपूर्ण कार्य महासन्धिको प्रभावकारी कार्यान्वयनलाई अघि बढाउनका लागि तथा महासन्धिले समेटेको क्षेत्रमा अन्तरराष्ट्रिय सहयोग अभिवृद्धि गर्नु हो ।

## ११. बालअधिकार समितिमा प्रतिवेदन प्रस्तुत गर्ने

बाल अधिकारसम्बन्धी महासन्धिका राज्यपक्षहरूले संयुक्त राष्ट्रसंघका महासचिवमार्फत महासन्धिमा व्यवस्थित अधिकार सम्बन्धमा आफूले अपनाएका उपायहरूको प्रतिवेदन बाल अधिकार समितिमा बुझाउनुपर्दछ । समितिमा प्रतिवेदन बुझाउने राज्य पक्षको दायित्वका सम्बन्धमा महासन्धिको धारा ४४ मा उल्लेख गरिएको छ, जसअनुसार राज्यपक्षले महासन्धि लागू भएको २ वर्षभित्र प्रथमपटक र त्यसपछि हरेक ५ वर्षमा प्रतिवेदन बुझाउनुपर्दछ । उक्त आवधिक प्रतिवेदन महासन्धिअन्तर्गतका दायित्वहरूको परिपूर्तिमा प्रतिकूल प्रभाव पार्ने कारक र कठिनाइहरू

साथै महासन्धिको कार्यान्वयनसम्बन्धी विस्तृत जानकारी प्रदान गर्ने खालको हुनुपर्छ । राज्यपक्षले प्रस्तुत गर्ने प्रतिवेदन निम्न महासन्धिका निम्न क्षेत्रहरूलाई समेट्ने हुनुपर्दछ–

१. सन्धि कार्यान्वयनसम्बन्धी सामान्य व्यवस्थाहरू
२. बालबालिकाहरूको परिभाषा
३. महासन्धिका सामान्य सिद्धान्त
४. बाल अधिकार र स्वतन्त्रता
५. पारिवारिक वातावरण र वैकल्पिक हेरचाह
६. आधारभूत स्वास्थ्य र कल्याण
७. शिक्षा, आराम तथा साँस्कृतिक गतिविधि
८. विशेष सुरक्षा उपायहरू

राज्य पक्षहरूबाट प्रतिवेदन पेस भइसकेपश्चात उक्त प्रतिवेदन समितिका सदस्यहरू र युनिसेफलगायत अन्य निकायहरूमा पठाइन्छ । समितिले आवश्यक प्रक्रियाहरूपश्चात अन्तमा “समापन टिप्पणी” दिन्छ, जो समितिको अन्तिम निष्कर्ष हो । उक्त समापन टिप्पणी प्रकाशन गरिन्छ । उक्त “समापन टिप्पणी” सम्बन्धित राज्यपक्षहरूसँगको छलफलपछि दिइन्छ, जसमा महासन्धिको कार्यान्वयनलाई कसरी प्रभावकारी बनाउने भन्ने उल्लेख हुन्छ ।

# ३. बाल न्यायसम्बन्धी अन्तरराष्ट्रिय मापदण्ड-१[४९]

## (क) बाल न्याय प्रशासनसम्बन्धी न्यूनतम मापदण्डका नियमहरू (बेइजिङ नियमहरू) -१९८५[५०]

### १. परिचय

बालबालिकाको हित वा कल्याण कुनै पनि राज्यको सामाजिक नीतिको उद्देश्य हो। यही उद्देश्य प्राप्तिको सन्दर्भमा कानुनसँग द्वन्द्वमा परेका वा बिजाइँमा संलग्न बालबालिकाको न्याय प्रशासन र व्यवस्थापन उचित रूपले गरिनुपर्दछ। बेइजिङ नियमले बालबालिकाहरूका लागि रचनात्मक सामाजिक नीतिले बाल अपराध र बाल बिजाइँका घटनाहरूको रोकथामका लागि प्रभावकारी भूमिका खेल्ने विश्वास लिएको पाइन्छ। बाल न्याय प्रशासनमा राज्य पक्षले बाल कसुरदारलाई गरिने व्यवहार र उनीहरूप्रति अवलम्बन गर्नुपर्ने यस नियमले समेटेको छ।

त्यसैगरी यस नियमले बालबालिकाहरूको कल्याणलाई प्रवर्द्धन गर्ने कानुनअन्तर्गत हस्तक्षेप गर्ने आवश्यकतालाई घटाउने र कानुनसँग द्वन्द्वमा रहेका बालबालिकाहरूको हकमा प्रभावकारी, स्वच्छ र मानवीय रूपले व्यवहार गर्ने कुरालाई राज्यहरूले ध्यान दिनुपर्नेछ र यसरी व्यवहार गर्दा परिवार, विद्यालयलगायत अन्य सम्भाव्य सम्पूर्ण सरकारी तथा गैरसरकारी स्रोत परिचालन गर्नुपर्ने उल्लेख छ। साथै बाल न्याय प्रणालीलाई राष्ट्रिय विकास प्रक्रियाको अभिन्न अंगका रूपमा लिनुपर्ने, बालबालिकालाई खराब आचरणबाट बचाई व्यक्तिगत विकास र शिक्षामा जोड दिई अर्थपूर्ण जीवनयापन गर्ने अवस्थामा पुऱ्याउने प्रयाससमेत गर्नुपर्दछ। बेइजिङ नियमहरूको पालना गर्दा देशको आर्थिक, सामाजिक र साँस्कृतिक अवस्थाहरूलाई समेत विचार गरिनुपर्दछ।

### २. नियमको परिभाषा र क्षेत्र निर्धारण

बेइजिङ नियमहरू पक्षपातरहित ढंगले कुनै पनि किसिमको भेदभावबिना लागू गरिनुपर्दछ। यी नियमका उद्देश्यहरूका लागि राज्यहरूले आफ्नो धारणा र कानुनी व्यवस्थासँग मेल खाने गरी निम्न राज्यहरूले आफ्नो धारणा र कानुनी व्यवस्थासँग मेल खाने गरी निम्न परिभाषालाई लागू गर्नुपर्नेछ–

(क) "बालक भन्नाले कुनै अपराधको सम्बन्धमा सम्बन्धित कानुनी प्रणालीअनुरूप भन्दा फरक ढंगले व्यवहार गरिने व्यक्ति

(ख) "कसुर" भन्नाले सम्बन्धित कानुनी प्रणालीअन्तर्गत कानुनद्वारा दण्डनीय कुनै पनि व्यवहार, कार्य वा त्रुटि

(ग) "बाल बिजाइँकर्ता" भन्नाले दोष लागेको वा कसुर ठहर भएको व्यक्ति।

बालबिजाइँकर्ताहरूका लागि लागू हुने कानुन र नियमहरूको संग्रह गर्ने, बाल न्याय प्रशासनको कार्य गर्ने जिम्मेवारी पाएका निकाय तथा संस्थाहरूले त्यस्ता कानुन तथा नियमहरूलाई राष्ट्रिय कानुनी व्यवस्थामा संस्थागत गर्ने प्रयास गर्नुपर्छ। कानुन तथा नियममा बालबिजाइँकर्ताको आधारभूत अधिकारहरूको सुरक्षा गर्दा बाल कसुरदारको विभिन्न आवश्यकता पूर्ति गर्नुपर्छ र साथै समाजको आवश्यकता पनि पूर्ति गर्नुपर्छ।

---

[४९] यसअन्तर्गत संयुक्त राष्ट्रसंघीय बाल न्याय प्रशासनसम्बन्धी न्यूनतम मापदण्डका नियमहरू १९८५ र बालबिज्याइँ रोकथामका लागि संयुक्त राष्ट्रसंघीय मार्गदर्शन १९९० को सम्बन्धमा चर्चा गरिएको छ।

[५०] २९ नोभेम्बर १९८५ को महासभाबाट संकल्पलेख ४०।३३ द्वारा जारी।

बालबालिकाको उमेर सम्बन्धमा हरेक राष्ट्रका कानुनी व्यवस्थाहरू बेग्लाबेग्लै हुन सक्तछन् । यो नियमावलीले बालबालिका भन्नाले ७-१८ वर्षसम्म वा त्यसभन्दा माथिको उमेरसम्म पनि पर्ने गरी उमेरको विस्तृत विविधताको व्यवस्था गरेको छ ।

बालबालिकाको सम्बन्धमा यो नियमले "हैसियती कसुरहरू (Status Offences)" जस्तै- जँड्याहापन, परिवार वा विद्यालयबाट भाग्ने आदि समेत ढाक्ने गरी विस्तार गर्ने प्रयास गरिएको छ । साथै यो नियम बालबालिकाको कल्याण र हेरविचार गर्ने प्रक्रिया तथा वयष्क तरुण कसुरदारका सम्बन्धमा समेत विस्तार गर्न सकिन्छ ।

### ३. आपराधिक दायित्व बहन गर्नुपर्ने उमेर

बल न्याय प्रशासनमा फौज्दारी दायित्व बहन गर्नुपर्ने उमेरको महत्वपूर्ण भूमिका रहेको हुन्छ । निश्चित उमेर पूरा नगरेका बालबालिकाले कानुनबमोजिम दण्डनीय कार्य गरे तापनि आपराधिक दायित्व बहन गर्नुपर्दैन अथवा कुनै किसिमको सजाय हुँदैन ।

आपराधिक दायित्वको उमेर निश्चित गर्ने सम्बन्धमा यस नियमले निश्चित रूपमा किटान गरेर भनेको छैन । बेइजिङ नियमको ४.१. ले बालकको उमेर निर्धारण गर्दा भावनात्मक, मानसिक र बौद्धिक परिपक्वतालाई ध्यानमा राखेर गर्नुपर्ने तर ज्यादै कम उमेर हुने गरी नतोकिने व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छ । यस दफाको व्याख्यात्मक टिप्पणीमा उल्लेख गरिएको छ कि ऐतिहासिक र साँस्कृतिक कुराले यस्तो उमेर निश्चित गर्न महत्वपूर्ण भूमिका खेल्दछ । साथै फौजदारी दायित्वको उमेर निश्चित गर्दा अन्य वयष्कता (विवाह गर्ने, करार गर्ने, निर्वाचनमा भोट हाल्ने, रोजगारी गर्ने) को उमेरलाई समेत ध्यानमा राख्नु आवश्यक पर्दछ ।

नेपालको बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ ले दस वर्षभन्दा मुनिको बालकलाई कुनै फौजदारी दायित्व बहन गर्नु नपर्ने कुरा उल्लेख छ । त्यसैगरी दस वर्षभन्दा माथि तर चौध वर्षभन्दा कम उमेर भएको बालकले जरिवाना हुने अपराध गरेकामा हप्काई, सम्झाई बुझाई गर्नुपर्ने र कैद हुने अपराध गरेको अवस्थामा कसुर हेरी छ महिनासम्म कैद हुने व्यवस्था छ । चौध वर्षभन्दा माथि र सोह्र वर्ष उमेर पूरा नगरेको बालकलाई वयष्कलाई हुने सजायको आधा सजाय हुने व्यवस्था गरेको छ ।

### ४. बाल न्यायको उद्देश्य

बेइजिङ नियमहरूको नियम ५.१ ले बाल न्यायको उद्देश्य उल्लेख गरेको छ । जसअनुसार बाल न्याय प्रणालीले बालबालिकाको हितमा जोड दिनुपर्दछ र बाल अपराधीहरूप्रतिको प्रतिक्रिया (कानुन उल्लंघन गरेबापत हुने प्रतिक्रिया) अपराध गर्ने व्यक्ति, परिस्थितिहरू र अपराधसँग समानुपातिक रहने कुरालाई सुनिश्चित गर्नुपर्दछ । यस व्यवस्थाले बाल न्याय प्रणालीका महत्वपूर्ण दुईवटा उद्देश्यमा जोड दिएको छ । पहिलो उद्देश्य बालबालिकाको हित वा कल्याण (Well being) को अभिवृद्धि गर्नु हो । यो व्यवस्थालाई कानुन उल्लंघन गरेबापत बालबालिकासँग व्यवहार गर्ने बाल अदालत, प्रशासकीय अधिकारीले मात्रै नभई फौजदारी अदालतको ढाँचा (Criminal Court Model) अपनाउने राज्यले पनि अवलम्बन गर्नुपर्दछ । अर्को शब्दमा भन्दा शुद्ध दण्डात्मक प्रवृत्तिलाई मात्र सजाय गर्ने आधार बनाउन हुँदैन । दोस्रो समानुपातिकताको सिद्धान्त हो । यसलाई दण्डात्मक व्यवस्थालाई कम गर्दै लैजाने एउटा साधनका रूपमा प्रयोग गर्नुपर्दछ । केवल अपराधको गम्भीरतालाई मात्र आधार लिइने पुरानो धारणालाई यसले अन्त्य गर्दछ । अपराध गर्ने व्यक्तिका निजी परिस्थितिहरू (जस्तै : सामाजिक हैसियत, पारिवारिक अवस्था, अपराधबाट पुग्न गएको क्षति आदि) ले कानुनी प्रतिक्रिया जनाउँदा वा दण्ड सजाय गर्दा समानुपातिकता राख्ने अवस्था हुनुपर्दछ । यस्तैगरी अपराधबाट हुन गएको क्षतिलाई पूर्ति गर्न खेलेको भूमिकाको पनि महत्वपूर्ण स्थान रहन्छ । यो समानुपातिकताको सिद्धान्तमा पनि पीडित सुरक्षित रहनुपर्ने मान्यतालाई भने जहिले पनि अग्रस्थानमै राख्नुपर्दछ ।

### ५. स्वविवेक प्रयोग गर्ने दायरा

प्रभावकारी, स्वच्छ र मानवीय बाल न्याय प्रशासनका हरेक चरणहरूमा सम्बन्धित अधिकारीले स्वविवेकको प्रयोग गर्न पाउने व्यवस्था हुनुपर्दछ (नियम ६) । हरेक बालबालिकाको विशेष आवश्यकताहरू र त्यस सम्बन्धमा चालिने विविध किसिमका उपायहरूको सन्दर्भमा स्वविवेकको अत्यधिक महत्वपूर्ण स्थान रहेको छ । स्वविवेकको प्रयोग बाल न्याय प्रशासनको अनुसन्धान, अभियोजन, सुनुवाइ र निर्णयपछि अवलम्बन गरिने प्रक्रिया (Follow up) मा समेत लागू गरिनुपर्दछ । अर्को महत्वपूर्ण कुरा के छ भने स्वविवेक प्रयोग गर्न पाउने अधिकारीहरू विशेष योग्यता प्राप्त भएका अथवा स्वविवेक प्रयोग गर्नमा तालिम प्राप्त भएको हुनुपर्दछ । यसको अलावा विवेक प्रयोग गरिने हरेक अवस्था र तहमा उनीहरूको पर्याप्त उत्तरदायित्वको समेत निश्चितता गरिनुपर्दछ । हाम्रो सन्दर्भमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(१) र ५०(२) मा पनि स्वविवेक प्रयोग गर्न सक्ने व्यवस्था छ । यही दफाअन्तर्गत रहेर प्रायः सबै तहका अदालतहरूले बालबालिकाहरूलाई बाबुआमाकै जिम्मा लगाई मुद्दाको अनुसन्धान गर्ने आदेश दिने, बालबालिकाउपरको सजाय स्थगन गर्ने आदेश दिने गरेका प्रशस्त उदाहरणहरू छन् ।

### ६. बालबालिकाका अधिकारहरू

फौजदारी न्याय प्रणालीमा अभियुक्तलाई प्राप्त सबै किसिमका अधिकारहरू बाल न्याय प्रणालीमा प्रतिवादी बनाइएका सबै बालबालिकाहरूलाई पनि प्राप्त हुन्छन् । यसको अलावा बालबालिकाका हकमा कुनै कानुन वा अन्तरराष्ट्रिय सन्धि सम्झौताद्वारा प्रत्याभूत अधिकारसमेत प्राप्त हुन्छन् । बेइजिङ नियमको नियम ७ ले बालबालिकाका अधिकारहरू र नियम ८ ले गोपनीयताको संरक्षणसम्बन्धी व्यवस्था गरेको छ ।
नियम ७ मा निम्नबमोजिमका अधिकारहरूको उल्लेख गरिएको छ–

- निर्दोषिताको अनुमानको अधिकार
- आफूमाथि लागेको दोष (अभियोग) थाहा पाउने अधिकार
- चुप रहन पाउने अधिकार
- बाबुआमाको उपस्थितिको अधिकार
- जिरह गर्न पाउने अधिकार
- पुनरावेदन गर्न पाउने अधिकार ।

उपरोक्त अधिकारहरू बेइजिङ नियमले मात्र सिर्जना गरेको होइन । यी अधिकारहरू मानव अधिकारका मुख्य अन्तरराष्ट्रिय सन्धिहरूले स्थापित गरेका छन् । यस्ता अधिकांश अधिकारहरू देशको संविधान र अन्य कानुनहरूले पनि संरक्षण गरेका छन् । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ प्रमाण ऐन, २०३१; बालबालिकासम्बन्धी ऐन, २०४८ आदिले पनि यस्ता अधिकारको प्रत्याभूति गरेका छन् । तसर्थ बाल न्याय प्रणालीका हरेक प्रक्रियाहरूमा यी अधिकारको पूर्णतः संरक्षण गरिनुपर्दछ ।

### ७. गोपनीयताको संरक्षण

बेइजिङ नियमहरू, १९८५ को नियम ८ ले बालबालिकाको गोपनीयताको संरक्षण गरिनुपर्ने कुरामा जोड दिएको छ । बालबालिकालाई हानि नोक्सानीबाट जोगाउनको निमित्त दोषी भएको वा अभियोग लागेको कुरा प्रकाशित गर्नुहुँदैन । साथै दोषी सावित भएको बालबालिकाको परिचय खुल्ने गरी कुनै अभिलेख राख्न र पछि सोही व्यक्तिले अपराध गरेमा पटके कायम गर्ने प्रयोजनका लागि समेत प्रयोग गर्न पाइँदैन । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५२ र ४९ ले यस सम्बन्धमा व्यवस्था गरेको छ ।[५१] विस्तृत जानकारीका लागि श्री सर्वोच्च

[५१] विस्तृत जानकारीका लागि श्री सर्वोच्च अदालतबाट सपना प्रधान मल्ल वि.मन्त्रिपरिषद् समेत भएको परमादेश (रिट नं. ३५६१) मुद्दामा मिति २०६४।९।१० मा भएको फैसलासमेत हेर्नुहोस् ।

अदालतबाट सपना प्रधान मल्ल वि.मन्त्रिपरिषद् समेत भएको परमादेश (रिट नं. ३५६१) मुद्दामा मिति २०६४।९।१० मा भएको फैसलासमेत हेर्नुहोस् ।

### ८. अनुसन्धान र कारबाही

बेइजिङ नियम १० देखि नियम १३ नं. सम्मका व्यवस्थाहरूले अनुसन्धान र अभियोजनसम्बन्धी व्यवस्थाबारे उल्लेख गरेका छन् । यसमा मुख्यतया बालबालिकासँग अभिभावकको सम्पर्क, बालबालिकालाई औपचारिक न्याय प्रणालीमा नलगीकन दिशान्तर गर्ने र मुद्दाको कारबाहीका क्रममा थुनामा राख्ने विषयहरूलाई समावेश गरिएको छ ।

### ९. कानुन कार्यान्वनय गर्ने निकाय र बालबालिकाबीचको सम्पर्क

बालबालिका र कानुन कार्यान्वयन गर्ने अधिकारी (विशेष गरेर प्रहरी) बीचको सम्पर्क यसरी व्यवस्थापन गरिएको हुनुपर्दछ कि जसमा बालबालिकाको कानुनी हैसियत (Status) को सम्मान होस्, बालबालिकाको हित (Well being) मा वृद्धि होस् र उनीहरूलाई हुने नोक्सानी कम होस् । यसले प्रहरी र अन्य अधिकारीको व्यवहारको पक्षमा जोड दिन्छ । कानुन कार्यान्वयन गर्ने अधिकारीसँगको पहिलो सम्पर्कबाट नै बालबालिकामा राज्य र न्याय प्रशासनबारे गहिरो प्रभाव पर्दछ । यसकारण त्यस्ता अधिकारीहरूले जहिले पनि बालबालिकाको उच्चतम हितलाई ध्यान दिनुपर्दछ ।

### १०. प्रारम्भिक सम्पर्क

बालबालिकालाई गिरफ्तार गरिएपछि तुरुन्तै सो गिरफतारीबारे निजका बाबुआमा  वा अभिावकलाई सूचना दिनुपर्दछ । तुरुन्तै सूचित गर्न नसकिएमा पनि यथाशीघ्र चाँडो सूचना दिनुपर्दछ । यसबाट बालबालिकालाई आफ्नो पारिवारिक सम्पर्कमा रहिरहन सहयोग पुग्दछ । साथै गिरफ्तारपछिको प्रक्रियामा उसको पारिवारिक संलग्नतालाई समेत सुनिश्चित गर्दछ ।

गिरफ्तारीपछि न्यायाधीश वा अन्य सम्बद्ध र सक्षम अधिकारीले निजलाई थुनाबाट छाड्ने विषयमा निर्णय गर्नुपर्दछ । यस अवस्थामा थुनालाई एकदम अन्तिम विकल्पका रूपमा मात्र प्रयोगमा ल्याउने र थुनामा राख्दा पनि सकेसम्म कम अवधिका लागि मात्रै राख्ने गर्नुपर्दछ ।[५२]

### ११. औपचारिक कारबाहीको सट्टा दिशान्तर

बालबालिकालाई औपचारिक न्याय प्रणालीको प्रक्रियागत कठिनाइ र सोबाट पर्न सक्ने नकारात्मक प्रभावबाट बचाउन दिशान्तर (Diversion) प्रक्रियाबाट कारबाहीको अन्त्य गर्नुपर्ने कुरामा बेइजिङ नियमले जोड दिएको छ । यस्तो अधिकार प्रहरी कर्मचारी र अभियोक्तासमेतलाई प्रदान गर्नुपर्ने र औपचारिक वा अनौपचारिक दुवै रूपमा प्रयोग गर्न पाउने व्यवस्थाको उल्लेख गरिएको छ । स्वविवेकको प्रयोगद्वारा टुंगो लगाउनुपर्ने दिशान्तर कार्यक्रममा सामुदायिक क्रियाकलाप, पीडितलाई पुगेको क्षतिको भर्पाई गर्ने वा अस्थायी प्रकृतिको निरीक्षण वा निर्देशनमा रहने व्यवस्थाहरू गर्न सकिनेछन् । यस्ता विकल्पको छनोट गर्दा सकेसम्म बालबालिका वा निजका अभिावकको सहमति लिनुपर्ने हुन्छ । कतिपय अवस्थामा सक्षम अधिकारीलाई उपयुक्त लागेमा बिनासहमति पनि यस्तो निर्णय लिन सकिन्छ । तर जहाँ कुनै किसिमको सामुदायिक वा अन्य सेवा प्रदान गर्ने अवस्था आउँछ, त्यस्तोमा  स्वीकृति आवश्यक पर्दछ । बिनास्वीकृति यस्तो काममा लगाउँदा जबरजस्ती काममा लगाउने कार्य रोक्ने महासन्धि विपरीत हुन जान्छ ।

---

[५२] बालबालिका सम्बन्धी ऐन २०४८ दफा ४२ तथा दफा ५०(१), ५०(२)

### १२. प्रहरीमा विशेषज्ञता

बेइजिङ नियमले प्रहरी अधिकारीहरूको विशेषज्ञतामा विशेष जोड दिएको छ । जुन अधिकारीहरू प्रायजसो वा सधैं बालबालिकासँग व्यवहार गर्दछन्, तिनीहरूलाई विशेष किसिमको तालिम दिनुपर्दछ । त्यसैगरी ठूला सहरहरूमा विशेष प्रहरी युनिट यसै प्रयोजनको निमित्त स्थापनासमेत हुनुपर्दछ । हाम्रो सन्दर्भमा बाल न्याय (कार्यविधि) नियमावली, २०६३ ले हरेक प्रहरी कार्यालयमा छुट्टै प्रहरी एकाइ वा प्रहरी कर्मचारी राख्ने व्यवस्था गरेको छ । यसै अनुरूप नमुना बाल इजलास स्थापना भएका २६ जिल्लामा बाल न्याय अधिकृतको दरबन्दीसमेत सिर्जना भई दक्ष जनशक्तिका निम्ति तालिमसमेत दिइएको छ ।

### १३. मुद्दाको कारबाहीको क्रममा थुना

मुद्दाको कारबाहीको क्रममा थुनामा राखी पुर्पक्ष गर्दा बालबालिकाको विकासमा नकारात्मक असर पर्ने कुरालाई मध्यनजर गरेर बेइजिङ नियमको नियम १३ ले थुनालाई अन्य विकल्पले काम गर्न नसक्ने अवस्थामा मात्रै प्रयोग गर्नुपर्ने र यस अवस्थामा पनि सकेसम्म छोटो अवधिका लागि मात्रै थुनामा राख्नुपर्दछ भनेको छ । थुनाको विकल्पका रूपमा परिवारको जिम्मामा दिने, नजिकबाट गरिने निगरानीमा राख्ने वा सघन हेरविचारमा राख्ने, शिक्षण संस्थाको जिम्मामा दिने जस्ता उपायको छनोट गर्न सकिन्छ । अन्य विकल्पको छनोट उपयुक्त नहुने देखिई थुनामै राख्नुपर्ने भएमा थुनामा राखिएका बालबालिकाका अन्तरराष्ट्रिय र राष्ट्रिय कानुनद्वारा सुरक्षित हकको प्रचलनको सुनश्चितता हुने व्यवस्था गरिनुपर्दछ । बेइजिङ नियमअनुसार थुनामा परेका बालबालिकाले हेरचाह पाउनुपर्दछ, व्यक्तिगत सहयोग, शिक्षा, तालिम, प्राप्त गर्ने व्यवस्था हुनुपर्दछ । साथै औषधोपचार र मनोवैज्ञानिक सेवासमेत उपलब्ध गराइनुपर्दछ ।

### १४. मुद्दाको सुनुवाइ र अन्तिम किनारा (Adjudication and Disposition)

बालबालिका प्रतिवादी भएका मुद्दाको सुनुवाइ र मुद्दाको अन्तिम किनारा गर्ने सम्बन्धमा बेइजिङ नियमले निम्नबमोजिमका व्यवस्था हुनुपर्ने कुरा उल्लेख गरेको छ–

#### (क) मुद्दा हेर्ने सक्षम अधिकारी

मुद्दालाई दिशान्तरबाट अन्त्य नगरिएको अवस्थामा सुनुवाइमा लैजानुपर्ने हुन्छ । कुन निकायले मुद्दा सुनुवाइ गर्ने भन्ने सम्बन्धमा बेइजिङ नियमले खासै विशेषता तोकेको छैन । अदालत, न्यायाधीकरण, बोर्ड वा समिति जुनसुकै नाउँमा भएको निकायले पनि मुद्दा हेर्न सक्दछ । जुनसुकै निकायले हेरे पनि स्वच्छ र न्यायपूर्ण (Just and Fair) सुनुवाइको सिद्धान्तलाई अवलम्बन गरेको हुनुपर्दछ । स्वच्छ र न्यायपूर्ण सिद्धान्त भन्नाले कुनै पनि न्यायिक निरोपण गर्ने निकायमा हुनुपर्ने गुण हो र अन्य मुद्दामा जस्तै बाल न्याय प्रणालीमा पनि यो लागू हुन्छ ।

बालबालिकाको मुद्दा हेर्ने निकायको कारबाही बालबालिकाको सर्वोत्तम हितलाई सहयोग पुऱ्याउने हुनुपर्दछ, बालबालिकाले बुझ्न सक्ने, आफ्ना कुरा व्यक्त गर्ने साथै निजहरू पनि सहभागी हुन सक्ने अवस्था हुनुपर्दछ । बालबालिकासम्बन्धी ऐन तथा बालन्याय (कार्यविधि) नियमावलीले न्यायाधीशका अतिरिक्त समाजसेवी तथा बाल मनोविज्ञ वा बालविज्ञसमेत भएको बालइजलासले बालबालिकासम्बन्धी मुद्दाको सुनुवाइको व्यवस्था गरेको छ ।

#### (ख) कानुनी सरसल्लाह र बुबाआमा वा अभिभावकको सहभागिता

बालबालिकालाई आफ्नोतर्फबाट कानुनी सल्लाहकार राख्ने र निजद्वारा आफ्नो प्रतिनिधित्व गराउन पाउने हक मुद्दाको सबै कारबाही अवधिभर हुनुपर्ने व्यवस्था गरिएको छ । यो व्यवस्था संयुक्त राष्ट्रसंघीय थुनामा परेका

व्यक्तिहरूबारे लागू हुने न्यूनतम मापदण्डको नियम ९३ मा भएकै व्यवस्थाजस्तो छ । राज्यले निःशुल्क कानुनी सहायता उपलब्ध गराउने व्यवस्था भएकामा बालबालिकालाई पनि निःशुल्क सुविधा उपलब्ध गराउनुपर्दछ ।[५३] यसैगरी कारबाहीको हरेक चरणहरूमा बाबुआमा वा संरक्षकको सहभागी हुन पाउने अधिकारको पनि व्यवस्था हुनुपर्दछ ।[५४] मुद्दा हेर्ने अधिकारीको विचारमा बालबालिकाको हितका लागि निजहरूलाई सहभागी गराउन नहुने देखिएमा त्यस्तो अधिकारबाट निजहरूलाई वञ्चित गर्न सकिनेछ ।

**(ग) सजायपूर्व सामाजिक अनुसन्धान प्रतिवेदनको आवश्यकता**

सानातिना कसुरबाहेक बालबालिका दोषी पाइएमा निजलाई सजाय तोक्नुभन्दा पूर्व निम्नबमोजिमका विषयहरूमा राम्रोसँग अध्ययन गरिएको हुनुपर्दछ–

- बालबालिका बस्ने पृष्ठभूमि र परिस्थितिहरू
- अपराध गर्दाको परिस्थिति ।

उक्त विषयहरूको प्रतिवेदनबाट सम्बन्धित मुद्दा हेर्ने अधिकारीलाई न्यायिक तरिकाबाट मुद्दाको किनारा गर्न सहयोग पुग्दछ । सामाजिक अध्ययन प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था बाल न्याय (कार्यविधि) नियमावली, २०६३ ले पनि गरेको छ ।

**१५. मुद्दाको कारबाही र किनारा गर्दाका मार्गदर्शक सिद्धान्तहरू**

बालबालिकासम्बन्धी मुद्दाको कारबाही र किनारा गर्दा निम्नबमोजिमका मार्गदर्शक सिद्धान्तहरूलाई आधार मानिनुपर्दछ–

क) प्रतिक्रियाहरू अपराध र परिस्थितिको समानुपातिक मात्र नभई समाज र बालबालिकाको आवश्यकता र परिस्थितिअनुसार पनि समानुपातिक हुने हुनुपर्दछ ।

ख) गम्भीरतापूर्वकको विचारपछि मात्र बालबालिकाको स्वतन्त्रताको अपहरण गरिनुपर्दछ र सकेसम्म कम अपहरण गरिनुपर्दछ ।

ग) स्वतन्त्रताको अपहरण गर्दा अर्को व्यक्तिविरुद्ध हिंसात्मक कार्य गरेबापत वा पटकपटक गम्भीर प्रकृतिका अपराध गरेको अवस्थामा र त्यसबापत अर्को उपयुक्त विकल्प नभएको अवस्थामा मात्र गरिनुपर्दछ ।

घ) बालबालिकाविरुद्धको मुद्दामा निजको हित (Well being) नै मार्गदर्शक सिद्धान्त हुनेछन् ।

ङ) बालबालिकाले जस्तोसुकै अपराध गरे पनि मृत्युदण्डको सजाय दिइने छैन ।

च) बालबालिकालाई शारीरिक दण्ड दिइने छैन ।

छ) सक्षम निकायलाई जहिलेसुकै पनि सो कारबाहीलाई बन्द गर्ने अधिकार (ponder) हुनेछ । वयस्कको कारबाहीमा भन्दा प्रष्ट रूपमा फरक देखिने यो एउटा विशेषता हो । कारबाहीको जुनसुकै अवस्थामा पनि मुद्दालाई बन्द गर्नु उपयुक्त हुने आधार भएमा सक्षम अधिकारीले सोलाई अन्त्य गर्न सक्दछन् ।

**१६. मुद्दाको छिटो कारबाही**

बालबालिकाको मुद्दा सुरुदेखि नै शीघ्र रूपमा अनावश्यक ढिलाई नगरीकन सञ्चालन गरिनुपर्ने कुरालाई नियम २० ले उल्लेख गरेको छ । बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १६ ले पनि मुद्दा दायर भएको १२० दिनभित्र फैसला गरिसक्नुपर्ने व्यवस्था गरेको छ ।

---

[५३] बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १९

[५४] बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४९(१)

**१७. मुद्दा हेर्ने अधिकारीको तालिम, व्यावसायिकता र समावेशीपन**

बल न्यायसम्बन्धी कारबाहीमा संलग्न हुने सबै व्यक्तिहरूको व्यावसायिक दक्षता कायम राख्नका लागि प्रशिक्षण योग्यता, सेवाकालीन तालिम र पुनर्ताजगीकरणको उचित व्यवस्था हुनुपर्नेमा बेइजिङ नियमले जोड दिएको छ । यसैगरी बाल न्यायमा संलग्न हुने पदाधिकारीहरूले उनीहरूको सम्पर्कमा आउन सक्ने बालबालिकाको विविधतालाई पनि प्रतिनिधित्व गरेको हुनुपर्दछ । अर्थात यस्ता व्यक्तिहरूबाट राजनीतिक, सामाजिक, लैंगिक, जातीय, धार्मिक वा अन्य सबै प्रकारको प्रतिनिधित्व हुनुपर्दछ ।

**१८. मुद्दाको किनारा गर्ने विभिन्न तरिकाहरू**

**क) गैरसंस्थागत व्यवहार**

बेइजिङ नियमको भाग ४ मा गैरसंस्थागत व्यवहारबारे उल्लेख गरिएको छ । गैरसंस्थागत व्यवहारको अवस्था अदालतबाट दोषी ठहर भएका तर कारागार वा अन्य संस्थामा बसेर सजाय काट्नु नपर्ने अवस्थाका बालबालिकाको हकमा मात्र लागू हुन्छन् । यस भागका मुख्य मुख्य व्यवस्थाहरू निम्नबमोजिम छन्–

**(१) सजायको प्रभावकारी कार्यान्वयनको व्यवस्था**

मुद्दा हेर्ने सक्षम निकायको आदेशको प्रभावकारी कार्यान्वयनका निमित्त उचित व्यवस्था गरिनुपर्दछ । यस्तो आदेशको कार्यान्वयन आदेश दिने निकाय वा आवश्यकताअनुसार अन्य निकायबाट समेत गर्न सकिनेछ । सजाय कार्यान्वयनको व्यवस्था गरिँदा त्यस्ता निकायलाई आवश्यकताअनुसार आदेशहरूलाई समय-समयमा परिमार्जन गर्न सक्ने अधिकारसमेत दिइनुपर्दछ । यस्तो परिमार्जन चाहिँ बेइजिङ नियमहरूको सिद्धान्तको भावना अनुकूल हुने गरी मात्र गर्न सकिने व्यवस्थासमेत सुनिश्चित गरिनुपर्दछ ।

**(२) आवश्यक सहयोगको व्यवस्था**

जुनसुकै अवस्थामा पनि बालबालिकालाई आवास, शिक्षा र व्यावसायिक तालिम, रोजगारी र अन्य उपयोगी र व्यावहारिक सहयोग उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ । यस्तो सहयोगले बालबालिकालाई पुनःस्थापना गर्ने प्रक्रियालाई सहयोग पुऱ्याउने किसिमको हुन्छ ।

**(३) स्वयंसेवकहरू र सामाजिक सेवाको परिचालन**

बालबालिकालाई समाजमा र पारिवारिक एकाइमा पुनःस्थापना गर्नु नै बाल न्यायको मुख्य लक्ष्य हो । यो लक्ष्य प्राप्त गर्नका निमित्त औपचारिक संगठनका अलावा अन्य स्वयंसेवीहरू, स्वयंसेवी संगठनहरू र स्थानीय निकायहरू र सामुदायिक स्रोतलाई समेत प्रयोग गर्न सकिन्छ । समाजमा पुनःस्थापनाका निमित्त औपचारिक र सरकारी निकायको सट्टा समुदायमा आधारित व्यक्ति वा संगठनलाई उपयोग गर्न सकिन्छ ।

**(ख) संस्थागत व्यवहार**

**(१) संस्थागत व्यवहारको उद्देश्य**

संस्थागत रूपमा राखेर दिइने तालिम र अन्य उपचार (Treatment) का रूपमा स्याहार, संरक्षण र सीप सिकाइको व्यवस्था गर्दा उनीहरूको समाजमा रचनात्मक र उत्पादक भूमिका रहनेछ भन्ने मान्यताका साथ गरिनेछ । यस व्यवस्थाले बालबालिकाले भविष्यमा समाजलाई पुऱ्याउने योगदानलाई ध्यानमा राख्नुपर्ने कुरामा जोड दिएको छ ।

**(२) संस्थागत व्यवहारका अन्य सर्तहरू**

- बालबालिकालाई वयष्कलाई थुनामा राख्ने ठाउँभन्दा अलग्गै ठाउँमा वा एउटै भवन भए पनि भिन्न स्थानमा थुनामा राखिनेछ ।

- बालिकाहरूलाई उनीहरूको अवाश्यकताअनुसार छुट्टै स्थानमा राखिनेछन् ।

तर कुनै पनि हालतमा समानस्तरका अन्य व्यक्तिहरूले पाउनेभन्दा कम सुविधा, सहुलियत वा उपचार दिनुहुँदैन ।

- बालिकाको हितका निमित्त बाबुआमा वा संरक्षकलाई बालबालिकासँग नियमित रूपमा भेटघाटको हक हुनेछ ।

**१९. थुनामा परेका व्यक्तिका हकमा लागू हुने न्यूनतम मापदण्डको व्यवस्था लागू हुने**

थुनामा रहेका बालबालिकाको हकमा पनि थुनामा रहेका व्यक्तिका हकमा लागू हुने न्यूनतम मापदण्ड लागू हुने कुरालाई नियम २७ ले उल्लेख गरेको छ । सो मापदण्डका व्यवस्थाहरू सकेसम्म बढी उदार किसिमबाट लागू गर्नुपर्ने कुरा उल्लेख भएको छ । बालबालिकाको उमेर, अवस्था, लिंग र व्यक्तित्वलाई विचार गरेर उदारताको व्याख्या गरिनु आवश्यक छ ।

**२०. समयभन्दा पहिले नै रिहाइ गरिने व्यवस्थाको प्रयोग**

थुनामा रहेका व्यक्तिलाई समयभन्दा पहिले नै सर्तमूलक रिहाइको व्यवस्था हुनुपर्दछ । यस्तो सर्तमूलक रिहाइको व्यवस्था पर्याप्त मात्रामा गरिनुपर्दछ । त्यस्ता सर्तहरू पालना गरेर रिहाइ भएपछि यसले सामाजिकीकरणको प्रक्रियालाई सहज गराउँछ । यसरी रिहाइ भएका व्यक्तिहरूको निरीक्षण र सहायताको व्यवस्था सम्बन्धित अधिकारीबाट नियमित रूपमा गराउने व्यवस्थासमेत हुनुपर्दछ ।

**२१. अर्ध संस्थागत व्यवस्था**

बालबालिकालाई सामाजिकीकरण र पारिवारिक सम्बन्ध कायम राख्न सहायता गर्नका निमित्त अर्धसंस्थागत व्यवस्थासमेत गरिनुपर्दछ । यसबाट दिउँसो घरबाट बाहिर गए पनि बिहान-बेलुका पारिवारिक सम्पर्कमा रहिरहने व्यवस्था हुन्छ ।

**२२. अनुसन्धान, योजना, नीति, निर्माण र मूल्यांकन**

- अनुसन्धानलाई योजना, नीति निर्माण र मूल्यांकनको मूल आधारका रूपमा लिनुपर्ने हुँदा प्रभावकारी अनुसन्धानको व्यवस्थापन गरिनुपर्ने
- बाल बिजाइँ र अपराधका साथै थुनामा परेका बालबालिकाको आवश्यकता सम्बन्धमा समय-समयमा पुनरावलोकन र मूल्यांकन गरिनुपर्ने
- बाल न्याय प्रणालीमा अन्तरनिहित नियमित मूल्यांकन गर्ने अनुसन्धानको व्यवस्था, साथै व्यवस्थाको यथार्थ मूल्यांकन गर्ने र भविष्यमा गरिने सुधारका लागि आवश्यक पर्ने तथ्यांक, सूचना संकलन र विश्लेषणको व्यवस्था गरिनुपर्ने
- बाल न्याय प्रशासनको सेवा प्रवाह राष्ट्रिय विकास प्रयासको एउटा अभिन्न अंगका रूपमा योजनाबद्ध तरिकाले निर्माण र कार्यान्वयन गरिनुपर्ने

**(ख) रियाद मार्गदर्शन, १९९०**

**(१) परिचय**

संयुक्त राष्ट्रसंघ महासभाको प्रस्ताव नं. ४५/११२ ले मिति १४ डिसेम्बर १९९० मा स्वीकार गरेको बाल बिजाइँको रोकथामसम्बन्धी राष्ट्रसंघीय मार्गदर्शनलाई नै छोटकरीमा रियाद मार्गदर्शन भनिन्छ । यसले बाल बिजाइँ रोकथामका लागि हुनुपर्ने व्यवस्थाबारे उल्लेख गरेको छ । बाल बिजाइँको रोकथाम समाजमा अपराध रोकथामको अत्यावश्यक पक्ष हो । कानुनसम्मत, सामाजिक रूपमा उपयोगी क्रियाकलापमा संलग्न गराएर मात्र कलिलो उमेरका बालबालिकाको गैरअपराधमूलक दृष्टिकोण विकास गर्न सकिन्छ ।

**(२) मार्गदर्शनको क्षेत्र र अन्य दस्तावेजसँगको सम्बन्ध**

रियाद मार्गदर्शनले अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी महत्वपूर्ण अभिसन्धिहरूको व्यवस्थालाई नै व्यावहारिक रूपमा कार्यान्वयन गर्ने मार्गदर्शन स्थापित गरेको छ । मार्गदर्शनहरूलाई लागू गर्न निम्न रूपबाट हेरिनुपर्ने उल्लेख छ–

**(क) मार्गदर्शनका व्यवस्थाहरूको व्याख्या र कार्यान्वयन**

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, आर्थिक तथा सामाजिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय अभिसन्धि, नागरिक राजनीतिक र राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्र, बाल अधिकारसम्बन्धी घोषणापत्र र बाल अधिकारसम्बन्धी अभिसन्धिको व्यापक रूपरेखा (Broad Framework) भित्र रही बेइजिङ नियमहरूको परिप्रेक्ष्यमा (Context) मा रियाद मार्गदर्शनको व्याख्या र कार्याव्यन गरिनुपर्दछ ।

यसैगरी बालबालिका र युवा (Young persons) को हक अधिकार र प्रगतिसम्बन्धी अन्य मान्यता र दस्तावेजलाई पनि रियाद मार्गदर्शनको कार्यान्वयनमा मध्यनजर गर्नुपर्दछ । कार्यान्वयनको क्रममा सम्बन्धित देशको आर्थिक, सामाजिक र साँस्कृतिक अवस्था समेतलाई आधार मानिनेछ । यसकारण मापदण्डलाई कार्यान्वयनमा ल्याउँदा सबै देशमा एउटै स्तरबाट हुन्छ भन्ने छैन । देशको अवस्थाअनुसार फरक पर्न सक्दछ ।

**(ख) मूलभूत सिद्धान्त**

बाल बिजाइँ रोकथाम गर्नु नै रियाद मार्गदर्शनको मुख्य लक्ष्य हो । यस लक्ष्य प्राप्त गर्न अवलम्बन गर्नुपर्ने मूलभूत सिद्धान्तहरूलाई उक्त मार्गदर्शनको धारा १ मा उल्लेख गरिएको छ । मार्गदर्शनका सिद्धान्तहरू निम्नबमोजिम रहेका छन्–

१. बाल बिजाइँको रोकथाम समाजमा अपराधको रोकथाम गर्ने एउटा महत्वपूर्ण उपाय हो । किशोरहरूलाई कानुनसम्मत, सामाजिक रूपमा उपयोगी र समाजप्रति मानवीय अभिमुखीकरणमा लगाउन सकिएमा उनीहरूमा गैरअपराधी मानोवृत्तिको विकास हुन्छ ।

२. बाल बिजाइँको सफल रोकथामको निमित्त समाजको सम्पूर्ण सदस्यहरूको योगदानको आवश्यकता पर्दछ ।

३ मार्गदर्शनको व्याख्याका लागि बालमुखी दृष्टिकोण अवलम्बन गरिनुपर्दछ । समाजमा किशोर-किशोरीको सक्रिय सहभागिता र समझदारी हुनुपर्दछ । उनीहरूलाई सामाजिकीकरण र नियन्त्रणको विषयवस्तु ( Object) मात्रै ठान्नु हुँदैन ।

४. सम्बन्धित देशको कानुन प्रणालीअनुसार यी मार्गदर्शनहरू लागू गरिँदा हरेक रोकथाममूलक कार्यक्रमको जोड (Focus) सानैदेखि बालबालिकाको सर्वत्तोमुखी उन्नति (Well being) हुनुपर्दछ ।

५. प्रगतिशील बाल बिजाइँ रोकथाम नीति र व्यवस्थित अध्ययन र विभिन्न उपायहरूको विस्तृतीकरणलाई मान्यता दिइनुपर्दछ । यी उपायहरूले बालबालिका आफैं वा अन्यलाई गम्भीर हानि नहुने क्रियाकलापलाई अपराधीकरण गर्न र सजायभागी बनाउनुहुँदैन । त्यस्ता नीति र माध्यमहरूले निम्न विषयहरूलाई समेटेको हुनुपर्दछ–

   क) किशोर-किशोरीहरूको सम्पूर्ण विकास हुने गरी अवसरहरू र खासगरी शिक्षाको अवसर उलब्ध गराइनुपर्दछ ।

   ख) कानुन उल्लंघन गर्ने उत्प्रेरण, आवश्यकता र अवसरलाई कम गर्ने कानुन, प्रक्रिया, सुविधा र सेवा प्रदान गर्ने संयन्त्रको आधारमा बाल बिजाइँ नियन्त्रण गर्ने विशेष दर्शन र पद्धति (approach) को अवलम्बन गरिनुपर्दछ ।

ग) सरकारी हस्तक्षेप मुख्यतः बालबालिकाको समग्र हितका लागि साथै समन्वय र स्वच्छताको आधारबाट निर्देशित हुनुपर्दछ ।

घ) बालजन्य सामाजिक मान्यताहरूसँग मेल नखाने व्यवहारहरू वयष्कतातर्फ जाँदै गर्दा स्वतः बन्द हुँदै जानेछन् भन्ने कुरालाई मान्यता दिनुपर्दछ ।

ङ) बालबालिकालाई कानुन उल्लंघन गरेको आधारबाट नामकरण गरिँदै जाँदा त्यस्ता व्यवहारहरू दोहोऱ्याइरहने सम्भावना हुन्छ भन्ने विज्ञहरूको भनाइलाई ध्यान दिनुपर्दछ ।

६. सामुदायमा आधारित रोकथाममूलक सेवा र कार्यक्रमको विकास गरिनुपर्दछ । सामाजिक नियन्त्रणका औपचारिक निकायलाई अन्तिम विकल्पका रूपमा मात्र प्रयोग गरिनुपर्दछ ।

**(३) रोकथामसम्बन्धी सामान्य व्यवस्थाहरू**

सरकारका सबै तहहरूमा विस्तृत रोकथामका योजनाहरू सुरु गरिनुपर्दछ । रियाद मार्गदर्शनको भाग ३ मा रोकथामसम्बन्धी व्यवस्थाहरू उल्लेख गरिएका छन् । यसले सरकारका सबैतहहरूमा रोकथामको विस्तृत योजना बनाई कार्यान्वयन गर्न जोड दिएको छ । सरकारका सबै तह भन्नाले केन्द्र तहमा र स्थानीय तहमा सञ्चालन गरिने सरकारका कार्यक्रमहरूलाई जनाउँदछ । रोकथामको योजनामा निम्न कुराहरू समावेश भएको हुनुपर्दछ–

- समस्याको गहन विश्लेषण, कार्यक्रम, सेवा र साधनको विस्तृत विवरण
- रोकथाममा संलग्न निकायहरू र पदाधिकारीको स्पष्ट रूपमा पारिभाषित उत्तरदायित्व
- रोकथाम प्रयासमा सरकारी र गैरसरकारी निकायहरूको उपयुक्त समन्वयको निमित्त संयन्त्र
- अपराध गर्ने अवसरलाई कमी गर्ने
- सबै तहमा विशेषज्ञ व्यक्तिहरूको संलग्नता
- विभिन्न प्रकारका सेवा र कार्यक्रमद्वारा समुदायको संलग्नता
- रोकथामको निमित्त तयार गरिने नीति र प्रक्रियामा किशोर-किशोरीको संलग्नता ।

**(४) सामाजिकीकरण प्रक्रिया**

उपयुक्त सामाजिकीकरण प्रक्रिया नै बाल दुराचार रोक्ने उपयुक्त माध्यम रहेको कुरा रियाद मार्गदर्शनमा उल्लेख गरिएको छ । परिवार, समुदाय, सहपाठी, समूहका साथै विद्यालय, व्यावसायिक तालिम दिने संस्था, कामको वातावरण र स्वयंसेवी संस्थाहरूले सफल सामाजिकीकरण र बालबालिकालाई समाजमा पुनःस्थापना गर्नमा सहजीकरणको भूमिका खेल्न सक्ने उल्लेख गर्दै विशेष गरी परिवार, शिक्षा र समुदायको भूमिकाबारे महत्वपूर्ण भूमिकाहरू उल्लेख गरिएका छन् । सामाजिकीकरणको प्रक्रियामा बालबालिकाको उचित विकासलाई मध्यनजर गर्दै उनीहरूलाई सामाजीकरण प्रक्रियाको पूर्ण र सक्षम साझेदारका रूपमा स्वीकार गर्नपर्ने कुरा पनि यस मार्गदर्शनमा उललेख गरिएको छ ।

**(क) परिवार**

- हरेक समाजले परिवार र यसका सबै सदस्यहरूको आवश्यकता र हितमा उच्च प्राथमिकता दिनेछ ।
- सामाजिकीकरणको केन्द्रीय एकाइ भएको हुनाले परिवार र विशेषगरी संयुक्त परिवारको अविभाज्यता/मान्यता (Integrity) संरक्षण गर्नका लागि सरकारी र सामाजिक प्रयास गरिनेछ । बालबालिकाको शारीरिक र मानसिक विकासको निमित्त बालबालिकाको हेरविचार र संरक्षणमा परिवारलाई सहयोग गर्नु समाजको उत्तरदायित्व हुनेछ ।
- सरकारले सन्तुलित र स्थापित पारिवारिक वातावरणमा बालबालिका हुर्कन सहयोग पुऱ्याउने नीति स्थापना गर्नेछ । यदि यो सम्भव नभएमा वैकल्पिक स्थानमा राख्ने व्यवस्था वा दत्तकसम्बन्धी प्रक्रियामा विचार गरिनेछ ।

- तीव्र, अनियमित एवं अस्वाभाविक आर्थिक, सामाजिक र साँस्कृतिक परिवर्तनका कारणबाट प्रभावित भएका बालकका परिवार र विशेष गरी आदिवासी बसाइँ सरेर आएका र शरणार्थी बालबालिकाको परिवारका लागि थप ध्यान दिइनेछ ।
- बाबु-आमाबाट बालबालिकालाई अलग गर्ने प्रवृत्तिलाई हतोत्साह गर्ने नीति लिइनेछ ।
- किशोर-किशोरीहरूको भविष्यमा समाजमा हुने सहभागिता, उत्तरदायित्व र सहभागितामा जोड दिइनेछ ।

**(ख) शिक्षा**

रियाद मार्गदर्शनले बालबालिकाको सामाजिकीकरण प्रक्रियामा शिक्षाको विशेष महत्वपूर्ण भूमिका हुने कुरामा जोड दिँदै भनेको छ कि सार्वजनिक शिक्षा सबै बालबालिकाको पहुँचमा पुऱ्याउनुपर्ने सरकारको दायित्व हो । यसैगरी शिक्षाले प्राज्ञिक र तालिमसम्बन्धी गतिविधिबाहेक निम्न कुरामा ध्यान दिनुपर्दछ–

- बालबालिकाको आफ्नो साँस्कृतिक पहिचान, आफ्नो राष्ट्र, अन्य सभ्यता, मानव अधिकार र आधारभूत स्वतन्त्रताप्रति सम्मानको विकास गराउने
- वास्तविकताको व्यक्तित्व , तीक्ष्ण बुद्धि, शारीरिक र मानसिक क्षमतालाई सकेसम्म विकास गराउने
- बालबालिकालाई शैक्षिक प्रक्रियामा प्रभावकारी सहभागी बनाउने
- कडा अनुशासनात्मक प्रावधान र विशेष गरी शारीरिक दण्ड नदिने
- बाबु-आमा, सामुदायिक संगठन र किशोर-किशोरीको क्रियाकलापसँग सम्बन्धित निकायहरू आपसमा मिलेर सँगसँगै काम गर्न प्रेरित गर्ने
- शैक्षिक प्रणालीले सामाजिक जोखिममा रहेका किशोर-किशोरीप्रति विशेष ध्यान दिने कार्यक्रम अघि बढाउने
- किशोर-किशोरीलाई मदिरा र लागू औषधको लतमा लाग्न नदिन विस्तृत नीति ल्याउने
- हाजिरीको नियम पालना गर्न अप्ठ्यारोमा रहेका र पढाइ छाड्ने बालबालिका र किशोर-किशोरीलाई विशेष सहयोग दिनुपर्ने
- विद्यालयको नीति निर्माणमा विद्यार्थीलाई सहभागी गराउने ।

**(ग) समुदाय**

समुदायले बालबालिकाको विकासमा महत्वपूर्ण भूमिका खेल्नुपर्ने कुरा रियाद मार्गदर्शनले किटान गरेको छ । विशेष गरेर निम्न तरीकाबाट समुदायले बालबालिकाको उचित सामाजिकीरणमा सहभागी हुनुपर्दछ–

- बालबालिकाको आवश्यकता, समस्या र चासोका विषयलाई सम्बोधन गर्ने सेवा र कार्यक्रमहरूको तर्जुमा गर्नपर्दछ । स्थापना भइसकेको भए विकास र सशक्तिकरण गरिनुपर्दछ ।
- घर नभएका वा घरमा बस्न सक्ने अवस्था नभएका बालबालिका र किशोर-किशोरीका लागि बस्नका लागि पर्याप्त व्यवस्था गरिनुपर्दछ ।
- किशोर-किशोरीलाई सेवा पुऱ्याउने स्वयंसेवी संस्थाहरूलाई सरकार वा अरू संस्थाले आर्थिक र अन्य सहयोग दिनुपर्दछ ।
- किशोर-किशोरीका चाहनाका मनोरञ्जनात्मक सुविधाको व्यवस्था गरी किशोर-किशोरीको पहुँचमा पुऱ्याउनुपर्दछ ।
- सरकारले घरबारविहीन र सडक बालबालिकाको हकमा विशेष उत्तरदायित्व लिएर विशेष सेवा र सुविधाको व्यवस्था गर्नेछन् ।
- स्थानीय तहमा युवा संस्थाहरूको स्थापना र सुदृढीकरण गरेर सामुदायिक विषयमा पूर्ण सहभागी गराउनुपर्दछ ।

**(४) आमसञ्चार**

आमसञ्चारले बालबालिकाको हक-हित र विकासमा प्रभावकारी भूमिका निभाउन सक्ने कुरालाई महत्व दिँदै यसलाई उक्त उद्देश्य प्राप्त गर्न प्रोत्साहित गर्नुपर्ने उल्लेख छ । खासगरी-

- युवाहरूले विभिन्न किसिमका सूचना र सामग्रीहरू प्राप्त गर्नेछन् भन्ने कुरा सुनिश्चित गर्न आमसञ्चारलाई प्रोत्साहित गरिनुपर्दछ ।
- युवा वर्गले समाजमा रहेका सकारात्मक योगदानलाई चित्रित गर्न आमसञ्चारलाई प्रोत्साहित गर्नुपर्दछ ।
- समाजका युवा वर्गलाई प्राप्त हुने सेवा सुविधालाई प्रवाह गर्नुपर्दछ ।
- चलचित्र र टेलिभिजनमार्फत लागु औषधको दुरुपयोग, अश्लीलता र हिंसाजन्य चित्रको प्रयोग घटाउँदै लैजानुपर्दछ ।
- बालबालिका, महिला र वैयक्तिक सम्बन्धका विषयलाई होच्याउने किसिमका प्रस्तुतीकरण घटाउनुपर्दछ ।

**(ङ) सामाजिक नीति**

- सरकारले प्राथमिकताका साथ किशोर-किशोरीसम्बन्धी नीति र कार्यक्रम बनाई पर्याप्त आर्थिक र अन्य स्रोत उपलब्ध गराएर प्रभावकारी सेवा प्रवाहको व्यवस्था गर्नुपर्दछ ।
- अन्तिम विकल्पका रूपमा र न्यूनतम अवधिका लागि बालबालिकालाई संस्थागत व्यवहारमा लगिनुपर्दछ ।
- सामान्यतया यस्ता कार्यक्रममा सहभागी हुने कुरा स्वेच्छामा रहने व्यवस्था गरिनुपर्दछ ।
- आफ्ना केटाकेटीलाई आफ्नै खर्चमा पढाउन नसक्ने आमाबाबुलाई सहयोग गरी केटाकेटीलाई पूरा समय शिक्षामा लाग्न सहयोग पुऱ्याउनुपर्दछ ।
- फौजदारी न्याय प्रणालीभित्रबाट र बाहिरबाट पनि घरेलु हिंसालाई रोक्ने व्यवस्था गरिनुपर्दछ ।

**(५) कानुनी व्यवस्था र बाल न्याय प्रशासन**

बालबालिका र किशोर-किशोरीको अधिकार र हितलाई प्रवर्द्धन गर्ने कुरा निर्माण गरी प्रभावकारी कार्यान्वयन हुनुपर्ने कुरामा विशेष जोड दिएको छ । यसका लागि निम्न विषयलाई समावेश गरिनुपर्नेहुन्छ–

- किशोरहरूको अधिकार र हितलाई प्रवर्द्धन र संरक्षण गर्न विशेष कानुन र कार्यविधिहरू बनाउने र लागू गर्ने
- बालबालिका र किशोर व्यक्तिहरूलाई फौजदारी गतिविधिमा प्रयोग, शोषण, दुरुपयोग र पीडित हुनबाट जोगाउन कानुन बनाउने र लागू गर्ने
- किशोर-किशोरीहरूका विशेष आवश्यकताहरूलाई सम्बोधन गर्न कानुन कार्यान्वयन अधिकारी र अरू सम्बन्धित कर्मचारीहरूलाई तालिम दिने र त्यसरी तालिम प्राप्त कर्मचारीहरू न्यायिक प्रणालीबाट किशोर-किशोरीहरूको दिशान्तर गर्न सम्भव भएसम्मका कार्यक्रम तथा सुधारका लागि अन्यत्र लैजान सिफारिस गर्ने सम्भावना सम्बन्धमा जानकारी भएको हुनुपर्ने
- बालबालिकालाई आपराधिक क्रियाकलापका लागि प्रयोग गर्ने र उनीहरूलाई पीडित बनाउने कार्य रोक्ने कानुन निर्माण गर्ने
- कुनै पनि बालबालिकालाई घर, विद्यालय र कुनै पनि संस्थाहरूमा कडा र अपमान हुने किसिमको सजाय नगर्ने सुनिश्चितता गर्ने
- बालबालिकाको हातहतियारसम्मको पहुँचलाई नियन्त्रण तथा रोक लगाउने
- बालबालिकाको अधिकार सुनिश्चित गर्न ओम्बुड्सम्यानको कार्यालय वा त्यस्तै स्वतन्त्र अंगको स्थापना गर्ने
- लागु औषधको दुरुपयोग गर्न र लागु औषध ओसारपसार गर्नबाट बालिबालिकालाई रोक्ने

**(६) अनुसन्धान नीति विकास र समन्वय**

- यस मार्गदर्शनले बहुविषयक (Multi disciplinary) र विषयान्तरित (Intradisciplinary) दुवै आधारमा आर्थिक, सामाजिक, शिक्षा तथा स्वास्थ्य एजेन्सी र सेवाहरू, न्याय प्रणाली, समुदाय, विकास एजेन्सी तथा अन्य सम्बद्ध संस्थाहरूबीचको अन्तरक्रिया र समन्वयलाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिएको छ ।
- युवा अपराध, बिजाइँ रोकथाम र बाल न्यायसँग सम्बन्धित परियोजना, कार्यक्रमबाट हासिल गरिएका सूचना, विज्ञता र अनुभवको आदान-प्रदान राष्ट्रिय र अन्तरराष्ट्रियस्तरमा घनीभूत बनाइनुपर्दछ ।
- युवा अपराध तथा बाल बिज्याइँको रोकथामको प्रभावकारी प्रारूपहरूका सम्बन्धमा वैज्ञानिक अनुसन्धानका सहकार्यलाई प्रोत्साहित गरिनुपर्छ र यस्ता अनुसन्धानबाट प्राप्त निष्कर्षहरूलाई व्यापक रूपले प्रचार-प्रसार र मूल्यांकन गरिनुपर्दछ ।

# ४. बाल न्यायसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड-२[५५]

## (क) स्वतन्त्रताबाट वञ्चित बालबालिकालाई संरक्षण गर्ने संयुक्त राष्ट्रसंघीय नियमहरू (United Nations Rules for the Protection of Juveniles Deprived of their liberty (JDL))

### (१) परिचय

संयुक्त राष्ट्रसंघको महासभाको (मिति १४ डिसेम्बर १९९० को) प्रस्ताव नं. ४५।११३ द्वारा यी नियमहरू पारित गरिएका हुन् । यसलाई स्वतन्त्रतबाट वञ्चित भएका बालबालिकाको संरक्षण र हित प्रवर्द्धन गर्ने प्रयोजनका लागि सबै सदस्य राष्ट्रहरूले अपनाउनुपर्नेछ ।

- यी नियमहरूको मुख्य उद्देश्य सबै प्रकारका थुनाको नकारात्मक असर कम गर्ने र समाजमा पुनःस्थापना गर्नमा सहयोग गर्ने हो । मानव अधिकार र आधारभूत स्वतन्त्रतासँग मेलखाने गरी स्वतन्त्रताबाट जुनसुकै किसिमबाट वञ्चित भएका बालबालिकाका लागि न्यूनतम संयुक्त राष्ट्रसंघीय मापदण्ड स्थापना गर्ने यसको मनसाय हो ।

### (२) मूलभूत दृष्टिकोण

- बाल न्याय प्रणालीले बालबालिकाको अधिकार र सुरक्षालाई कायम राख्ने र बालबालिकाको शारीरिक र मानसिक कल्याणको अभिवृद्धि गर्नेछ । कारावास (थुना) लाई अन्तिम उपायका रूपमा प्रयोग गरिनेछ ।
- बालबालिकाहरूलाई यस नियम र बेइजिङ नियममा उल्लेख भएका सिद्धान्तहरू र प्रक्रियाहरूका आधारमा मात्र स्वतन्त्रताबाट वञ्चित गरिनेछ । स्वतन्त्रता वञ्चित गर्दा अन्तिम उपायका रूपमा सकेसम्म कम अवधिका लागि र अपवादात्मक अवस्थामा मात्र प्रयोग गरिनेछ । यसको अवधि न्यायिक अधिकारीले निर्धारण गर्नेछन् । यो अवधि चाँडै हटाउन पाउने विकल्पलाई बाँकी नै राखिनेछ ।
- विना भेदभाव यी नियमहरू निष्पक्षरूपमा लागू गरिनुपर्दछ र बालबालिकाको धार्मिक साँस्कृतिक आस्था, व्यवहार र नैतिक धारणाको आदर गरिनुपर्दछ ।
- यी नियमहरू बाल न्याय प्रशासनमा संलग्न हुने व्यक्तिहरू (Professionals) लाई सहयोग र प्रोत्साहनका निमित्त सजिलो सन्दर्भ होस् भनेर बनाइएका हुन् । यी नियमहरू त्यस्ता व्यक्तिलाई आफ्नो राष्ट्रिय भाषामा सजिलै उपलब्ध गराइनुपर्दछ ।
- उपयुक्त अवस्थामा देशमा कानुन बनाएर वा संशोधन गरेर यी नियमहरू तिनमा समावेश गरिनेछन् । यस्ता व्यवस्थाको उल्लंघन भएको अवस्थामा मर्का पर्ने बालबालिकालाई क्षतिपूर्तिसहितको प्रभावकारी उपचारको व्यवस्था गरिनेछ ।
- सक्षम निकायहरूले थुनामा रहेका बालबालिकाको हेरचाह र तिनीहरूलाई समाजमा फर्कने कार्यमा सहयोग गर्नु साह्रै ठूलो सामाजिक सेवा हो भन्ने कुरामा विश्वास जगाउन उपयुक्त काम गर्नेछन् । यसका लागि समुदाय र थुनामा रहेका बालबालिकाको बीचमा सम्पर्कको व्यवस्था गरिनेछ ।

---

[५५] यसअन्तर्गत स्वतन्त्रताबाट वञ्चित बालबालिकाको संरक्षण गर्ने संयुक्त राष्ट्रसंघीय नियमहरू -१९९० र थुनाबाहेकका उपाय अवलम्बन गर्ने संयुक्त राष्ट्रसंघीय न्यूनतम् मापदण्डसम्बन्धी नियम -१९९० का सम्बन्धमा चर्चा गरिएको छ ।

(३) **परिभाषा र क्षेत्र**

- बालबालिका भन्नाले १८ वर्ष पूरा नगरेको व्यक्तिलाई जनाउँदछ । यसका साथै कुन उमेरभन्दा तलका बालबालिकालाई स्वतन्त्रताबाट वञ्चित गर्न नपाइने भन्ने कुरा कानुनद्वारा निर्धारण गरिनेछ ।
- स्वतन्त्रताबाट वञ्चित गर्ने भन्नाले कुनै पनि प्रकारको हिरासत वा थुनामा राख्ने कार्य हो । जहाँबाट व्यक्ति आफ्नो इच्छाअनुसार अन्यत्र जान पाउँदैन । साथै त्यस्तो कार्य न्यायिक, प्रशासनिक वा सार्वजनिक अधिकारीको आदेशबाट भएको हुनुपर्छ ।
- यी नियमका व्यवस्थाहरू स्वतन्त्रताबाट वञ्चित भएका बालबालिका लागि सबै किसिम र प्रकारका सुविधाहरूको हकमा लागू हुन्छ । भाग १, २, ४ र ५ बालबालिका राखिएका ठाउँको सुविधा र संगठनात्मक अवस्थाका हकमा लागू हुनेछ भने भाग ३ को व्यवस्था विशेष गरेर गिरफ्तार गरिएका र मुद्दाको सुनुवाइको क्रममा थुनामा रहेका बालबालिकाको हकमा लागू हुनेछन् ।

(४) **पक्राउमा परेका वा पुर्पक्षको क्रममा थुनामा रहेका बालबालिकाहरू**

- पक्राउ परेका वा थुनामा रहेका बालबालिका दोषी प्रमाणित नभएसम्म निर्दोष मानिनेछन् र सोही अनुसारको व्यवहार गरिनेछ ।
- पुर्पक्षभन्दा पहिले थुनामा राखिने व्यवस्था सकेसम्म गरिने छैन । थुनामा राख्नुपर्ने नै अवस्थामा पनि अपवादका रूपमा राखिनेछ । सकेसम्म थुनाका सबै वैकल्पिक उपायहरूको अवलम्बन गरिनेछ ।[५६]
- पुर्पक्षका लागि थुनामा राखिएको अवस्थामा पनि अनुसन्धान गर्ने निकायहरू र बाल अदालतले शीघ्रताका साथ कारबाही अघि बढाएर थुनामा राख्ने अवधि कमसेकम हुने कुरा सुनिश्चित गर्नेछन् ।
- थुनामा रहेका बालबालिकालाई कानुनी सल्लाहको अधिकार हुनेछ र निःशुल्क कानुनी सेवा उपलब्ध भएका अवस्थामा त्यसका लागि आवेदन गर्न पाउनेछन् । यसको विश्वसनीयता र गोपनीयता निश्चित गरिनेछ ।[५७]
- बालबालिकालाई थुनामा रहँदा पारिश्रमिकका लागि काम गर्न पाउने र शिक्षा आर्जन गर्न पाउने व्यवस्था सकेसम्म उपलब्ध गराइनेछ । तर काम गर्नका लागि बालबालिकालाई कर गर्न सकिने छैन ।
- बालबालिकाको इच्छा र न्याय प्रशासनको अनुकूल हुने गरी फुर्सदको समयमा उपयोग गर्ने मनोरञ्जनका साधनहरू प्राप्त गर्न र राख्न सक्नेछन् ।

(५) **बालबालिकाको सुविधा व्यवस्थापन**

यस नियमको भाग चारमा सुविधा व्यवस्थापनसम्बन्धी व्यवस्थाहरू उल्लेख गरिएका छन् । अभिलेख, प्रवेश, दर्ता गतिविधि र स्थानान्तरण, वर्गीकरण, भौतिक वातावरण आदि व्यवस्थाबारे विस्तृत रूपमा यस भागमा उल्लेख गरिएको छ ।

(क) **अभिलेख**

- थुनुवा राख्ने स्थानमा कुनै पनि बालबालिबालाई न्यायिक, प्रशासनिक वा सार्वजनिक अधिकारीको आदेशबिना लिनुहुँदैन । त्यस्तो आदेशको विस्तृत विवरण तुरुन्तै रजिस्टरमा दर्ता गरिनेछ ।
- बालबालिकाको कानुनी, स्वस्थ्य अनुशासनात्मक कारबाही अभिलेखलगायतका अन्य अभिलेखहरू छुट्टै व्यक्तिगत फाइलमा राखिनेछ । त्यसलाई समय-समयमा अद्यावधिक गरिनेछ र अधिकार प्राप्त

---

[५६] बालबालिकाका सम्बन्धी ऐन, २०४८ को दफा ४२(२)(क) र (ख) तथा दफा ५०(१) र (२)

[५७] हेर्नुहोस्-बालबालिकासम्बन्धी ऐनको दफा १९ र वैतनिक वकिलसम्बन्धी व्यवस्था ।

अधिकारीबाहेक अन्य व्यक्तिको पहुँच त्यसमा रहेन छैन । बालबालिका थुनामुक्त भए पश्चात सो फाइल बन्द गर्नुपर्दछ र उपर्युक्त समय पश्चात नष्ट गर्नुपर्दछ ।

**(ख) प्रवेश, दर्ता र स्थानान्तरण**

- बालबालिकालाई थुनामा राखिएको स्थानहरूमा पूर्ण र सुरक्षित ढंगले देहायबमोजिमका विवरणहरू समावेश भएको अभिलेख राख्नुपर्दछ–
    - परिचयसम्बन्धी जानकारी
    - थुनामा राख्ने आदेश दिने निकाय र सोको कारण प्रवेश गराइएको, स्थानान्तरण र मुक्त गरिएको स्थान र समयको जानकारी
    - जानकारी भएसम्मको मानसिक र शारीरिक स्वास्थ्य र लागु औषध प्रयोग भए नभएको सम्बन्धमा संरक्षकलाई दिइएको सूचना
- त्यहाँ प्रवेश गरेपछि लागू हुने नियमहरू जसमा बालबालिकाको अधिकार र कर्तव्यसमेत हुनेछन्, लिखित रूपमा उपलब्ध गराइनेछ र त्यस नियमलाई बुझ्न पर्याप्त सहयोग पुऱ्याइनेछ । यसका साथै निजहरूको उजुरी सुन्ने सक्षम अधिकारीको ठेगाना, कानुनी सहायतासम्बन्धी जानकारी पनि दिनुपर्दछ ।
- प्रवेश, स्थानान्तरण मुक्तिसम्बन्धी सबै सूचनाहरू बाबुआमा वा संरक्षकलाई बिनाढिलाइ उपलब्ध गराइनेछ ।

**(६) वर्गीकरण र राख्ने व्यवस्था**

- बालबालिकालाई प्रवेश गराउने बित्तिकै उसको अन्तर्वार्ता लिइनेछ । उसलाई आवश्यक पर्ने सामाजिक, मानसिक हेरचाह र औषधोपचारको समेत डाक्टरी परीक्षण पश्चात आवश्यकता पहिचान गरिनेछ र निर्देशककहाँ पठाइनेछ र त्यसपछि उसलाई कस्तो ठाउँमा राख्ने भन्ने निर्णय गरिनेछ । विशेष पुनःस्थापनाको उपचार आवश्यक पर्ने भएमा विशेष तालिम प्राप्त व्यक्तिले बालबालिकाअनुसार विशेष रिपोर्ट तयार गर्नेछन् ।
- बालबालिकाको विशेष चाहना उमेर, व्यक्तित्व, लिंग र अपराधको किसिमको पूरा ध्यान राख्न सक्ने सर्तमा मात्रै बालबालिबालाई थुनामा राखिनेछ । हानिकारक असर र जोखिमपूर्ण परिस्थितिबाट उनीहरूलाई बचाइने कुराको निश्चितता हुनुपर्नेछ । बालबालिकालाई विभिन्न समूहअनुसार छुट्याएर राख्नुपर्नाको मुख्य कारण उनीहरूका लागि आवश्यक पर्ने हेरचाह, संरक्षण, कल्याण आदिलाई मुख्य आधार मानी हुनेछ ।
- आफ्नै परिवारको सदस्य भएमा बाहेक वयष्क मानिसबाट छुट्टै रहने स्थानमा मात्रै बालबालिकालाई थुनामा राखिनेछ । उनीहरूको हित हुने अवस्थामा वा विशेष कार्यक्रमअन्तर्गत विशेष रेखदेख (Controlled Condtion) बाट राम्ररी छानिएका वयष्कसँग राख्न सकिनेछ ।
- सुरक्षा व्यवस्था नभएको वा कमसेकम सुरक्षा व्यवस्था भएको स्थान वा खुला थुनागत स्थानमा बालबालिकालाई राखिनेछ ।

**(७) भौतिक वातावरण र बसाइ**

- स्वतन्त्रताबाट वञ्चित भएका सबै बालबालिकालाई स्वास्थ्य र मानव सम्मानका लागि आवश्यक पर्ने सबै सुविधा र सेवा प्राप्त गर्ने हक हुनेछ ।
- राखिने स्थानको भौतिक वातावरण पुनःस्थापनाका लागि गरिने आवासीय उपचारका लागि हुने जस्तो हुनुपर्दछ ।

- सुत्ने स्थान सामूहिक रूपमा केही संख्यामा सुत्ने वा व्यक्तिगत कोठामा सुत्ने हुनेछ । यसमा स्थानीय स्तरमा प्राप्त सबै सुविधाहरू प्राप्त हुनुपर्नेछ । व्यक्तिगत ओछ्यानसहितका अन्य सुविधाहरू उपलब्ध गराउनुपर्नेछ ।
- स्वास्थ्य, सरसफाइसम्बन्धी सुविधाहरू गोपनीयता, सफा र शिष्ट रूपमा प्रयोग गर्न सक्ने व्यवस्था गरिनेछ ।
- आफूलाई आवश्यक पर्ने व्यक्तिगत सरसामानहरू राख्न पाउने व्यवस्था गरिनेछ ।
- सकेसम्म बालबालिकालाई आफ्नै कपडा प्रयोग गर्ने अधिकार हुनेछ । मौसम र स्वास्थ्यसमेतलाई विचार गरेर स्वास्थ्यका लागि उपयुक्त कपडाको सुविधा प्रदान गरिनेछ ।
- उपयुक्त तरिकाले बनाएको गुणस्तरयुक्त खाना, पुग्ने परिमाणमा खाना खाने, स्वाभाविक समयमा पाउने कुरा सुनिश्चित हुनेछ ।

**(८) शिक्षा, व्यावसायिक तालिम र काम**

- अनिवार्य विद्यालय जाने उमेरभित्रका बालबालिकालाई उसलाई उपयुक्त हुने र समाजमा जानका लागि आवश्यक पर्ने अवाश्यकता र क्षमता आर्जन गर्ने शिक्षाको अधिकार हुनेछ । यस्तो शिक्षा निज बसेको स्थानभन्दा बाहिर सामुदायिक विद्यालयमा उपलब्ध गराइनेछ ।
- अनिवार्य विद्यालय जानुपर्ने उमेर नाघेका बालबालिकाले आफ्नो शिक्षालाई निरन्तरता दिन चाहेमा प्रोत्साहन गर्नका साथै अनुमति दिनुपर्छ । उपयुक्त शैक्षिक संस्थामा उनीहरूको पहुँच पुग्न सक्ने प्रयास गर्नुपर्दछ ।
- बालबालिकाले प्राप्त गर्ने प्रमाणपत्रमा ऊ त्यस्तो स्थानमा बसेको कुरा उल्लेख हुनुहुँदैन ।
- बालबालिकालाई (भविष्यमा रोजगारीका निम्ति) व्यावसायिक तालिम प्राप्त गर्ने अधिकार हुनेछ ।
- आफ्नो आवश्यकतालाई ध्यान दिँदै सीपमूलक तालिमको छनोट र आफूले रोजेको काम गर्न पाउनुपर्दछ । यस्तो कामबाट पारिश्रमिक पाउने, श्रम कानुनको व्यवस्थालगायत सबै सुविधा उपलब्ध हुनेछ ।

**(९) मनोरञ्जन धर्म**

- मनोरञ्जन, शारीरिक अभ्यास गर्नका निमित्त पर्याप्त स्थान र समय उपलब्ध गराइनुपर्दछ ।
- बालबालिकालाई आफुले अभ्यास गर्न चाहेको धर्म, अभ्यास गर्ने र नचाहेमा गर्नु नपर्ने व्यवस्था हुनुपर्दछ । कुनै धर्मको अभ्यास गर्ने पर्याप्त संख्याका बालबालिका भएमा एकजना वा सो भन्दा बढी संख्यामा सो धर्मका प्रतिनिधिसँग सेवा प्राप्त गर्न पाउने व्यवस्था हुनेछ ।

**(१०) स्वास्थ्य, हेरचाह, सूचना आदि**

- सबै बालबालिकालाई उपचारात्मक र रोकथाममूलक स्वास्थ्य हेरचाहको व्यवस्था हुनेछ । सम्भव भएसम्म समाजमा रहेका सामुदायिक निकायहरूबाट यस्ता सेवा उपलब्ध गराइनेछ ।
- प्रवेश हुँदकै बखत फिजिसियनबाट जाँच हुने अधिकार हुनेछ । यसको उद्देश्य उपचारभन्दा पहिलेको स्वास्थ्य अभिलेख र ध्यान दिनुपर्ने उपचारको पहिचान गर्नु हुनेछ ।
- मानसिक रोगबाट पीडित बालबालिकालाई छुट्टै र विशिष्टीकृत निकायमा उपचार गराइनेछ ।
- स्वास्थ्य प्रयोजनका लागि मात्रै औषधीको प्रयोग गरिनेछ र सकेसम्म बालबालिकाको सहमति पनि प्राप्त गरिनेछ । निजहरूबाट कुनै प्रकारको सूचना प्राप्त गर्न, अपराध कबुल गराउन र दण्डित गराउने उद्देश्यले औषधीको प्रयोग गर्न पाइने छैन ।
- बालबालिकाका आमा-बाबुलाई छोराछोरीको स्वास्थ्यबारेको विवरण माग गरेको बखत पाउने अधिकार हुनेछ । त्यसैगरी मृत्यु, रोग आदिबारे कुनै महत्वपूर्ण घटना भएको अवस्थामा भने निजहरूलाई तुरुन्तै सूचना दिनुपर्नेछ ।

- योग्य व्यक्तिहरूको प्रवर्द्धनमा तालिम प्राप्त अधिकारीहरूबाट लागु पदार्थको प्रयोगविरुद्ध पुनः स्थापना कार्यक्रम लागू गरिनुपर्दछ ।

**(११) अनुशासनात्मक कारबाही र भौतिक शक्तिको प्रयोगमा निषेध**

- बालबालिकाविरुद्ध अनुशासनात्मक कारबाहीको उद्देश्य सुरक्षा कायम गर्ने र व्यवस्थित सामुदायिक जीवन यापन गर्न लागाउने हुनेछ ।
- अति आवश्यक अवस्थामा बाहेक बालबालिकाविरुद्ध शक्तिको प्रयोग गर्न पाइने छैन ।
- बालबालिकासँग क्रूर, अमानवीय र हीनताबोध गराउने व्यवहार गर्न पाइने छैन ।
- बालबालिकालाई राखिएको स्थानमा अधिकारीहरूले हातहतियार लिएर हिँडन पाउने छैनन् ।

**(१२) समुदायमा फिर्ता**

- सबै बालबालिकाले उनीहरूलाई समाजमा जान, पारिवारिक जीवन व्यतित गर्न, शिक्षा र रोजगार प्राप्त गर्न सघाउ पुऱ्याउन बनाइएका कार्यक्रमबाट सुविधा पाउने व्यवस्था हुनेछ ।
- सक्षम अधिकारीले बालबालिकाले समाजमा आफूलाई पुनःस्थापना गर्ने र समाज पनि उनीहरूप्रति पूर्वाग्रही नहुने कुराको निश्चितता गर्नुपर्नेछ ।
- समाजमा पुनःस्थापना गर्ने तयारीअनुरूप निष्कर्ष र माननीय व्यवहारको अधिकारअन्तर्गत बालबालिकालाई बाहिरी संसारसँग सम्पर्क गर्न सक्ने पर्याप्त सञ्चार सुविधाको सुनिश्चितता गरिनुपर्दछ ।

**(१३) निरीक्षण र उजुर**

- योग्य निरीक्षक र सो सरहका अधिकारीलाई नियमित रूपमा निरीक्षण कार्य गर्ने अख्तियार दिनुपर्दछ ।
- निरीक्षणको क्रममा निरीक्षकलाई पूर्ण स्वतन्त्रता दिनुपर्दछ ।
- निरीक्षण कार्य सम्पन्न भए पश्चात प्राप्त जानकारीको आधारमा निरीक्षकले प्रतिवेदन तयार पारी बुझाउनुपर्दछ ।
- प्रत्येक बालबालिकालाई निर्देशक वा निजको प्रतिनिधिसमक्ष अनुरोध र उजुरी गर्ने अवसर हुनुपर्दछ ।

**(१४) कर्मचारीहरू**

हरेक प्रकार र तहका कर्मचारीको छनोट र नियुक्ति गर्दा सावधानीपूर्वक गर्नुपर्दछ । थुनामा रहेका बालबालिकाको आवश्यकता पूर्ति र समस्या निराकरण गर्न, उपयुक्त र समाजमा सजिलैसँग उपलब्ध हुने उपचारात्मक, शैक्षिक, नैतिक र आध्यात्मिक र अन्य प्रकारका स्रोत, साधन र सहायताहरूको प्रयोग गर्नुपर्दछ । यसका साथै निम्नबमोजिमका कर्मचारीहरूको पर्याप्त व्यवस्था हुनुपर्दछ–

- शिक्षा दिने
- व्यावसायिक शिक्षा दिने
- सरसल्लाह दिने
- सामाजिक कार्य गर्ने
- मनोचिकित्सक
  - कर्मचारीलाई आफ्नो कार्य प्रभावकारी रूपमा सम्पादन गर्न आवश्यक पर्ने सबै प्रकारको तालिमको व्यवस्था गरिनुपर्दछ । ।
  - आफ्नो काम गर्न उत्साहित गर्न आकर्षक सेवाका सर्त र सुविधाहरूको व्यवस्था हुनुपर्दछ ।
  - आफ्नो कार्य सम्पादन गर्दा कर्मचारीहरूले मानव सम्मान र मौलिक मानव अधिकारको सम्मान र संरक्षण गर्नुपर्दछ ।

## (ख) थुनाबाहेकको उपाय अवलम्बन गर्ने संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डसम्बन्धी नियम-१९९०

### (१) परिचय

थुनाबाहेकका उपायसम्बन्धी संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डसम्बन्धी नियम महासभाको मिति १४ डिसेम्बर १९९० को प्रस्ताव नं. ४५/११० द्वारा पारित गरिएको हो । यसलाई छोटकरीमा **टोकियो नियम** (Tokyo Rules) पनि भनिन्छ । यी नियमहरूले गैरहिरासतीय उपायहरूको प्रवर्द्धन गर्नुका साथै कैद सजायको विकल्पका भागीदार व्यक्तिहरूको न्यूनतम सुरक्षाका आधारभूत सिद्धान्त (Set of Basic Principles) उपलब्ध गराएको छ । फौजदारी न्याय प्रणालीमा खासगरी कसुरदारलाई गरिने व्यवहारका साथै कसुरदारहरूमा समाजप्रतिको उत्तरदायित्वको भावना बढाउने कुराहरूमा यो नियम अभिप्रेरित भएको देखिन्छ । यसभन्दा अगाडि चर्चा गरिएका नियमहरू र मार्गदर्शन विशेषतः बालबालिबाका लागि लागू हुन्थ्यो भने यो नियम वयष्क र बालबालिका दुवैका लागि लागू हुन्छ ।

### (२) मूलभूत उद्देश्यहरू

- यस नियममा सन्तुलनको व्यवस्थालाई महत्वपूर्ण स्थान दिइएको छ । नियममा भएका व्यवस्थाहरूलाई लागू गर्दा राज्यहरूले अभियुक्तको अधिकार, पीडितको अधिकार, अपराध नियन्त्रण र सार्वजनिक सुरक्षाको व्यवस्थामा सन्तुलन कायम राख्नुपर्दछ । अर्थात यी सबैलाई ध्यानमा राखेर राज्यको फौजदारी न्याय प्रणालीको लक्ष्य र उद्देश्यअनुरूप सबैको उचित व्यवस्था गरिनुपर्दछ ।
- यस नियमहरूको मनसाय फौज्दारी न्याय व्यवस्थापनमा ठूलो सामुदायिक सहभागिता बढाउनु हो । विशेष गरी अपराधीप्रतिको व्यवहार र अपराधीहरूबीचमा समाजप्रति उत्तरदायित्वमा वृद्धि गराउन यस्तो सहभागिताको ठूलो महत्व हुनेछ ।
- अन्य विकल्पहरूका रूपमा राज्यहरूले कानुनी प्रणालीमा गैरथुनामूलक उपायको अवलम्बन गर्नेछन् । यसबाट थुना घट्नेछ, फौज्दारी न्याय नीति उपयुक्त हुनेछन् (Rationalize), मानव अधिकारको पालना भएकोमा ध्यान दिइनेछ, सामाजिक न्यायको आवश्यकता साथै अपराधीको पुनःस्थापनाको आवश्यकतामा ध्यान दिइनेछ ।

### (३) गैरथुनामूलक उपायको क्षेत्र

- यसमा अपराधी भन्ने परिभाषाले “शंकित व्यक्ति” (Suspect) “अभियोग लागेको व्यक्ति” (Accused) र दोषी” (Sentenced) सबैलाई जनाउनेछ ।
- यस नियमका सम्बन्धित व्यवस्थाहरू अनुसन्धानको क्रममा रहेका, पुर्पक्षको क्रममा रहेका र अदालतबाट सजाय सुनाइसकिएका सबै व्यक्तिहरूलाई लागू हुन्छ । यसभन्दा पहिले छलफल भएका अन्य नियमहरूका व्यवस्थाहरू बालबालिकाको हकमा लागू हुने भन्ने भए तापनि यसका व्यवस्थाहरू सबै बालक वा वयष्कलाई लागू हुन्छ ।
- यस नियमका व्यवस्थाहरू बिनाभेदभाव सबैलाई समान रूपमा लागू हुनेछन् । अर्थात जातजाति, लिंग, धर्म, राजीतिक आस्था, राष्ट्रियता, जन्म, सामाजिक उत्पत्ति आदि कुनै पनि आधारमा भेदभाव गर्न पाइँदैन ।
- गैरथुनामूलक उपयाको अवलम्बन सजाय नहुने (Depenalization) र निरपराधीकरण (Decriminalization) को आन्दोलनकै रूपमा प्रयोग गरिनुपर्दछ न कि यसमा हस्तक्षेप हुने किसिमबाट ।
- कानुनको शासन र सुरक्षाको आधारमा अपराधीहरूलाई औपचारिक कारबाही वा अदालतबाट पुर्पक्षमा सकेसम्म कम लैजाने गरी व्यवस्था गरिनेछ ।

(४) **कानुनी व्यवस्थाहरू**

- गैरथुनामूलक व्यवस्थाको सुरुवात, परिभाषा र लागू गर्ने कार्य कानुनद्वारा गरिनेछ । यस नियमले यस्ता व्यवस्थाहरू कानुनद्वारा नै गर्नुपर्ने कुरामा जोड दिएको छ ।
- कुन गैरथुनामूलक उपाय लागू हुने भन्ने सम्बन्धमा पहिले नै निश्चित आधारहरू तोकिनु आवश्यक छ । यस्ता आधारहरूले अपारधको गम्भीरता, अपराधीको व्यक्तित्व, पृष्ठभूमि, सजायको उद्देश्य र पीडितका अधिकार सबैलाई सम्मान गर्नेछ । यसैकारण व्यवहारमा विकल्पको छनोट गर्नु असाध्यै गाह्रो छ । हरेक मुद्दाका वस्तुस्थिति र अवस्थाको विवेकसम्मत मूल्यांकन गरेर यस्ता विकल्पको छनोट गर्नुपर्दछ ।
- विवेक/स्वविवेकको प्रयोगबाट नै उपयुक्त छनोट हुन सक्ने कुरालाई मध्यनजर गरेर यस नियमले न्यायिक अधिकारी वा अर्धन्यायिक निकायले जुनसुकै अवस्थामा प्रयोग गर्न पाउने व्यवस्था हुनुपर्ने औंल्याएको छ । अधिकारीहरूद्वारा स्वविवकेको प्रयोग गर्दा जहिले पनि **जवाफदेहिताको सिद्धान्त** र **कानुनको शासन**लाई पालना गरेको हुनुपर्दछ ।
- पुर्पक्ष विनाको विकल्पले अपराधीमा कुनै दायित्व (Obligation) सिर्जना गर्दछ भने उसको स्वीकृति लिनु आवश्यक हुन्छ ।
- विकल्पको छनोटमा चित्त नबुझे वा त्यसको उपयुक्त रूपमा पालना नभएको अवस्थामा उजुर गर्न पाउने उपयुक्त संयन्त्रको व्यवस्था हुनुपर्दछ । त्यसैगरी गोपनीयतालगायत अधिकारको पनि प्रत्याभूति गर्नुपर्दछ ।
- गैरथुनामूलक विकल्पको प्रयोग औषधी वा मनोवैज्ञानिक प्रयोग (Expriement) गर्नका लागि गर्न पाइँदैन । त्यसैगरी अपराधीको भौतिक वा मानसिक अवस्थामा अनावश्यक खतरा (Risk) उत्पन्न हुने कार्यसमेत गर्न पाइँदैन ।

(५) **पुर्पक्ष पहिलेको अवस्था**

- कानुनी प्रणालीले मिलेसम्म प्रहरी/अभियोक्तालाई अपराधीलाई मुक्त गर्ने अधिकार हुनेछ । तर यसरी मुक्त गर्ने अधिकारको प्रयोग गर्दा उनीहरूलाई समाजको सुरक्षा, अपराध नियन्त्रण, कानुनको शासनको सम्मान र पीडितको अधिकारका लागि सो मुद्दालाई अघि बढाउन उपयुक्त छैन भन्ने लागेको हुनुँपर्दछ । यसका निमित्त निश्चित रूपमा पहिल्यै तोकिएका कार्यविधिगत नियमहरू विकसित गरिनेछन् । सानातिना मुद्दामा भने गैरथुनामूलक उपायको अवलम्बन गर्ने अधिकार र मुक्त गर्ने अधिकार उपयुक्तताको विचार गरेर अभियोक्तामा दिइन्छ ।
- पुर्पक्षभन्दा पहिले थुनामा राखेर कारबाही गरिने व्यवस्था अन्तिम विकल्पका रूपमा मात्र प्रयोग गरिनेछ । यस अवस्थामा पनि अपराधको अनुसन्धान, समाजको संरक्षण र पीडितको अवस्थाको आधारमा थुनामा राखी अनुसन्धान गर्नुपर्ने देखिएमा मात्रै थुनामा राख्नुपर्दछ ।
- सकेसम्म सुरुदेखि नै पूर्व पुर्पक्ष थुनाको विकल्पको प्रयोग गर्नुपर्छ ।
- पुर्पक्षभन्दा पहिले थुनामा राख्ने व्यवस्था भएकामा न्यायिक निकाय वा अर्ध निकायमा पुनरावेदन गर्न पाउने व्यवस्था हुनुपर्छ ।

(६) **पुर्पक्ष र सजायको अवस्था**

- सामाजिक खोज प्रतिवेदन (Social Inquiry Report) लाई पुर्पक्ष र सजाय तोक्ने अवस्थामा महत्वपूर्ण स्थान दिइएको छ । सक्षम निकायले तयार पारेको यस्तो रिपोर्ट प्राप्त गर्न सम्भव भएसम्म न्यायिक अधिकारीहरूले प्राप्त गर्नेछन् । त्यसमा अपराधीले अपराध गर्दा गर्ने गरेको प्रवृत्ति र विचाराधीन अपराध गरेको अवस्थाका बारे सामाजिक स्थिति उल्लेख भएको हुनुपर्दछ । त्यस्तो प्रतिवेदन तथ्यमा आधारित, वस्तुगत र स्पष्ट रूपमा कुनै सुझाव भए सो समेत उल्लेख भएको हुनुपर्दछ ।

- मुद्दाको अन्तिम किनारा गर्न न्यायिक अधिकारीहरूलाई देहायबमोजिमको विकल्पहरू उपलब्ध हुनेछन् । कुनै एक विकल्पको छनोट गर्दा अपराधीको समाजमा पुनःस्थापना हुन चाहिने आवश्यकता, सामाजको सुरक्षा र पीडितको हितसमेतलाई विचार गर्नुपर्दछ । विकल्पको छनोट गर्दा सम्भव भएसम्म पीडितसँग पनि सल्लाह गरिनुपर्दछ ।
- मौखिक दण्ड जस्तै- हप्काउने, सचेत गराउने आदि
- ससर्त रिहाइ
- आर्थिक दण्ड जस्तै- जरिवाना वा दिनका हिसावको जरिवाना
- जफत गर्ने वा Expropriation Order
- पीडितको अधिकारको पुनःस्थापना वा क्षतिपूर्ति
- निलम्बित वा पछि सारिने सजाय[५८]
- प्रोवेसन वा न्यायिक सुपरिवेक्षण
- सामाजिक सेवाको आदेश
- उपस्थिति जनाउने केन्द्रमा पठाउने
- घरमा नै बस्ने आदेश
- गैरसंस्थागत अन्य कुनै पनि उपाय
- माथि उल्लेख भएका उपायहरूको मिश्रित रूप

(७) **सजाय तोएिको अवस्था**

- टोकियो नियमले कारावसको सजाय तोकिसकिएको अवस्थामा पनि थुनाको वैकल्पिक उपयालाई अवलम्बन गर्नुपर्ने कुरालाई मान्यता दिएको छ। संस्थागत हुने कुरालाई रोक्न र अपराधीलाई समाजमा छिटो पुनःस्थानपनाका निमित्त अधिकार हुनेछ । यसका निमित्त देहायबमोजिमका तरीकाहरू अपनाउन सकिने छ–
    - Furlough and half-way house
    - शिक्षा वा रोजगारी गर्ने गरी रिहाइ
    - Parole का विभिन्न उपायहरू
    - सजाय घटाउने
    - माफी दिने ।
- माफी दिनेबाहेकका अन्य सजायपछिका तरीकाहरू अपनाइएको अवस्थामा सक्षम निकायले अपराधीको अनुरोधमा त्यसलाई पुनरावलोकन गर्ने व्यवस्था गरिनेछ ।
- थुनाबाट थुना बाहिर राख्न सकिने रिहाइका हरेक विकल्पहरूको सकेसम्म चाँडो विचार गरिनेछ ।

(८) **गैरथुनमूलक उपायको कार्यान्वयन**

गैरथुनामूलक उपायको सफलताको निमित्त यसको कार्यान्वयनमा विशेष जोड दिनुपर्दछ। यसका निमित्त सुपरिवेक्षण, उपचार प्रक्रिया र अनुशासन उल्लंघनजस्ता विषयमा विशेष ख्याल राख्नुपर्ने आवश्यकता रहेको छ ।

---

[५८] बालबालिका ऐन, २०४८ को दफा ५० ।

(क) **सुपरिवेक्षण**

- सुपरिवेक्षणको उद्देश्य अपराधलाई घटाउने, अपराधीलाई समाजमा पुनःस्थापना गराउने र पुनः अपराध गर्नबाट रोक्नका निमित्त हुनुपर्दछ। सुपरिवेक्षण आवश्यक परेको अवस्थामा पनि सक्षम निकायको आदेशले कानुनमा उल्लेख भएका अवस्थानुसार गरिनेछ।
- कस्तो सुपरिवेक्षण गर्ने भन्ने कुरा हरेक व्यक्तिका लागि उसको काम र अपराधका आधारमा निर्धारण गरिनेछ। जसलाई समय-समयमा पुनरावलोकन गरिनेछ र आवश्यकताअनुसार समायोजनसमेत गरिनेछ।
- आवश्यकताअनुसार अपराधीलाई मनोवैज्ञानिक, सामाजिक, भौतिक सहायता उपलब्ध गराइनेछ। समुदायसँगको सम्बन्धलाई बलियो बनाउने र समाजमा पुनःस्थापनाका लागि सुविधा उपलब्ध गराइनेछ।

(ख) **अवधि र सर्तहरू**

- कानुनबमोजिम सक्षम निकायले तोकेको अवधिभन्दा बढी कुनै पनि उपायको अवलम्बन गरिने छैन। अपराधीको सकारात्मक व्यवहार भएको अवस्थामा त्यसभन्दा पहिले पनि मुक्त गर्न सकिने विकल्प हुनुपर्दछ।
- अपराधीले कुनै सर्तको पालना गर्नुपर्ने अवस्थामा समाज, अपराधी र पीडितको अधिकार र आवश्यकताको आधारमा त्यस्ता सर्तहरू निर्माण र निर्धारण गरिनुपर्दछ। यसरी निर्माण गरिएका सर्तहरू स्पष्ट र व्यावहारिक हुनुपर्दछ।
- सर्तहरू निर्माण भएपछि अपराधीलाई मौखिक रूपमा त्यस्ता सर्तहरूबारे जानकारी दिनुपर्दछ।
- अपराधीले गरेको प्रगतिका आधारमा सक्षम निकायले कानुनबमोजिम त्यस्ता सर्तहरूमा संशोधन गर्न सक्नेछन्।
- सर्तको उल्लंघन गरेमा उसको गैरथुनामूलक उपयाको अवलम्बन गर्ने आदेश खारेज वा संशोधन गर्न सकिनेछ। यस्तो आदेश सक्षम निकायले सुपरीवेक्षण अधिकारी र अपराधीको कुरा सुनेर तथ्यको राम्रो विश्लेषण गरेर मात्रै गर्नेछ।
- गैरथुनामूलक उपायका सर्तको उल्लंघन गरेबापत स्वतः थुनामा रहने व्यवस्था लागू हुने छैन।
- आदेश खारेज वा संशोधन गर्दा सकेसम्म गर्दै थुनामूलक नै अर्को उपयाको छनोट गरिनेछ। यस्तो विकल्पको अभावमा मात्र थुनामा राख्ने विकल्प अपनाइनेछ।
- संशोधन वा खारेजको निर्णयका विरुद्ध न्यायिक वा अन्य सक्षम निकाय समक्ष उजुर गर्न पाउने व्यवस्थाको सुनिश्चितता गरिनेछ।

(९) **कर्मचारी**

- कर्मचारी छनोटमा कुनै भेदभाव नगरिने व्यवस्था गर्नुपर्दछ। कर्मचारी भर्नासम्बन्धी नीतिमा राष्ट्रले अवलम्बन गरेको सकारात्मक विभेद र अपराधीको विविधिता झल्कने व्यवस्था समेतलाई ध्यान दिनुपर्दछ।
- कर्मचारीहरू गैरथुनामूलक उपायको निमित्त उपयुक्त हुनुपर्दछ। सम्भव भएसम्म व्यावसायिक दक्षता र अनुभव भएको पनि हुनुपर्दछ। यस्ता योग्यताहरू स्पष्ट रूपमा तोकिएको हुनुपर्दछ।
- योग्य कर्मचारी प्राप्त गर्न र कायम राख्न आकस्मिक सेवाका सर्त र वैयक्तिक विकासका अवसरहरू प्रदान गर्नुपर्दछ।
- कर्मचारीहरूलाई सेवामा प्रवेश गर्नुभन्दा पहिले गैरहिरासतीय उपायको प्रकृति, सुपरीवेक्षणको उद्देश्य हिरासतमूलक उपाय अवलम्बन गर्न सकिने विभिन्न तरिका (Modalities) र लागू गर्ने विधिबारे तालिम दिनुपर्दछ।

**(१०) स्वयंसेवक र सामुदायिक स्रोत**

अपराधीको सुधार र समाज र परिवारसँगको सम्बन्ध कायम गर्ने कार्यका लागि अवलम्बन गरिने गैरथुनामूलक उपायको निमित्त सकेसम्म सर्वसाधारणको सहभागितालाई प्रोत्साहित गरिनुपर्दछ। सरकार र निजी क्षेत्रले गैरथुनामूलक उपायको अवलम्बन गर्नको निमित्त लागेका स्वयंसेवी संस्थालाई प्रोत्साहन र सहयोग गर्नुपर्दछ। यस्ता कार्यक्रमका लागि सकारात्मक भावना विकास गर्न सबै किसिमका आम सञ्चारका माध्यमको प्रयोग गरिनुपर्दछ। लगाव र क्षमताको आधारमा छानिएका स्वयंसेवकहरूलाई आवश्यक तालिम दिएर गैरथुनामूलक उपयाको काममा लगाउनुपर्दछ।

**(११) अनुसन्धान, योजना, नीति निर्माण र मूल्यांकन**

- गैरथुनामूलक उपायको अवलम्बनसम्बन्धी अनुसन्धानमा सार्वजनिक र निजी क्षेत्र दुवैलाई संलग्न गराउनुपर्दछ।
- सेवाग्राही व्यवसायी, समुदाय र नीति निर्मातासँग सरोकार राख्ने विषयमा नियमित रूपमा अनुसन्धान हुनुपर्दछ।
- अनुसन्धान र सूचना प्रणाली फौजदारी न्याय प्रणालीमा नै समाहित भएर आउनुपर्दछ।
- यससम्बन्धी नीति र कार्यक्रमहरू राष्ट्रिय विकासको प्रक्रियाका रूपमा व्यवस्थित रूपमा बनाइनु र लागू गरिनुपर्दछ।
- यस्ता नीति र कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयनका लागि नियमित रूपमा मूल्यांकन हुनुपर्दछ।
- सरकारी तथा गैरसरकारी क्षेत्रमा आधारित फौज्दारी न्याय, सामाजिक विकास, कल्याण र गैरथुनामूलक उपायको कार्यान्वयन गर्ने निकायहरूबीच विभिन्न तहमा समन्वय र सम्बन्ध स्थापना गर्ने संयन्त्रको विकास हुनुपर्दछ।
- राष्ट्रबीच यस्ता व्यवस्थाहरूलाई लागू गर्न र कानुनी व्यवस्थामा समरूपता ल्याउनका निमित्त वैज्ञानिक रूपमा सहयोगको आदान-प्रदानको व्यवस्था गरिनुपर्दछ।

# ५. पुनःस्थापकीय न्याय - संक्षिप्त परिचय

**१. विषय प्रवेश**

अपराध गर्ने व्यक्तिलाई कानुनबमोजिम सजाय गर्ने गरिन्छ। फौजदारी न्याय प्रणालीले दण्डसजायमा विशेष जोड दिएको हुन्छ। दण्डसजायको माध्यमबाट कानुनको परायणता अपेक्षित हुन्छ। कानुन उल्लंघन गर्ने व्यक्तिलाई कानुनले नै आफ्नो नियन्त्रणमा लिन्छ र कानुनले नै सजाय दिन्छ। यसरी सजाय गरिने प्रावधानले तत्काल कसुरमा संलग्न रहेको व्यक्ति (कसुरदार) र भविष्यमा अपराध जगतमा प्रवेश गर्न खोज्ने (सम्भावित कसुरदार) लाई नियन्त्रण गर्दछ भन्ने आशा गरिएको हुन्छ। दण्ड नीतिले प्रतिरोधात्मक प्रभाव राख्दछ भन्ने अपेक्षा गरिन्छ। यही अपेक्षा र आशामा देशले फौजदारी कानुनको निर्माण र दण्ड नीति अवलम्बन गरेको हुन्छ। कसुरको प्रकृतिअनुसार सामान्यदेखि कडा सजायसम्मको व्यवस्था गरिएको हुन्छ। यो नै फौजदारी न्याय प्रणालीको परम्परागत मान्यता हो।

गहन फौजदारी मुद्दामा पीडितका तर्फबाट राज्य आफैंले मुद्दाको अनुसन्धान तहकिकात गरी अदालतसमक्ष अभियुक्तलाई सजायको माग गर्दछ। अभियुक्तउपरको अभियोग स्थापित गराउनेसम्मको साक्षी सबुद प्रमाण राज्यका तर्फबाट नै अदालतमा प्रस्तुत गरिन्छ। घटनाबाट पीडित व्यक्ति वादी पक्षको अर्थात राज्यको साक्षीका रूपमा रहेको हुन्छ। फौजदारी घटनाबाट पीडित व्यक्ति आफैं मुद्दा लिएर अदालत जान सक्दैन। अर्को शब्दमा भन्दा ठूला फौजदारी मुद्दामा अभियोग लगाउने, सबुद प्रमाण पेस गर्ने समेतको पीडितको अधिकार राज्यले खोसेर लिएको हुन्छ। पीडित पक्षभन्दा राज्य बलवान् हुन्छ, समर्थवान् हुन्छ, प्रभावशाली हुन्छ। त्यसैले पीडितका तर्फबाट राज्यले उपर्युक्त कार्यहरू गर्दा अक्षम पीडितको पक्षमा नै हुन्छ, न्यायको पक्षमा नै हुन्छ भन्ने मान्यताले गम्भीर फौजदारी मुद्दामा राज्य वादी भई चल्ने गरेको हो भन्ने तर्क गरिन्छ। तर यथार्थमा के यो प्रणाली पीडितको पक्षमा प्रभावकारी हुन सकेको छ त ? हाम्रो सन्दर्भमा हेर्ने हो भने सरकार वादी भई चलेका अधिकांश मुद्दाहरूमा वादी दाबी पुग्न नसकेको वा अभियुक्तले सजाय नपाएको वा घटनामा दोषी पत्ता लाग्न नसकेको भन्ने सरकारी मुद्दाको नतिजासम्बन्धी तथ्यांकले देखाउँछ। यसबाट अधिकांश फौजदारी घटनामा राज्यका तर्फबाट प्रभावकारी अनुसन्धान तहकिकात नै हुन नसकेको भन्ने देखिन्छ।

अर्कोतर्फ राम्रो तहकिकात भएको वा सरकार वा वादी पक्ष सफल भएको मुद्दामा पनि पीडितको पक्षमा कति न्याय हुन सकेको छ भनेर हेर्ने हो भने अवस्था निराशाजनक नै देखिन्छ। राम्रो मुद्दालाई उदाहरणका रूपमा लिएर हेरौं : **मानिस बस्ने घरमा आगो लगाएको** भन्ने मुद्दामा जाहेरी पर्‍यो, अभियुक्त पक्राउ पर्‍यो, कसुरमा सावित भयो, वस्तुस्थिति मुचुल्का बन्यो, अभियोगपत्र दायर गरियो, अभियुक्तले अदालतमा पनि रिसको झोकमा छिमेकीको घरमा आगो लगाइदिएको हो भनी सावितै बयान गर्‍यो, उसलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश भयो, पछि आगो लगाउनेको ५ नं. बमोजिम प्रतिवादीलाई चार वर्ष कैद हुने ठहर्‍यो, तदनुरूप कैदी पुर्जी जारी भयो, कारागार नियमावलीअनुसार प्रतिवादी आधा कैद मिनाहा पाएर दुई वर्षमा कैदमुक्त भयो। त्यसपछि ? त्यसपछि कथा सकियो। राम्रो अनुसन्धान तहकिकात भएको र सरकार सफल भएको मुद्दाको अवस्था हो यो। वर्तमान फौजदारी न्याय प्रणालीअन्तर्गत हुने सबैभन्दा राम्रो उपचार वा उपाख्यान यही हो। के यसबाट न्याय मिल्यो त ? मिल्यो भने कसलाई न्याय मिल्यो ? न्याय मिलेन भने किन न्याय मिलेन ? न्याय भएन भने कसको कारणले भएन ?

जाहेरी दिने, अभियुक्तलाई पक्राउ गर्ने, अनुसन्धान तहकिकात गर्ने, अभियोग लगाउने, प्रमाण पुऱ्याउने, कसुर ठहर गरी कसुरदारलाई थुनामा राख्ने समेतका यी सबै क्रियाप्रक्रिया कसलाई केन्द्रबिन्दुमा राखेर गरियो ? कसलाई अन्याय भयो भनेर गरियो ? पीडितको घरमा आगो नलगाइदिएको भए यो सबै गर्न पर्थ्यो र ? पीडितलाई न्याय दिलाउनुपर्छ नभनिएको भए यति लामो यात्रा गर्न पर्ने थियो र ? तर यो परिक्रमा मार्ग पूरा गरेर पनि पीडितको न्याय प्राप्तिको लक्ष्य हासिल भयो त ? माथि वर्णित न्याय प्राप्तिको यात्रा मार्गमा हाम्रो भेट पीडितसँग त भएन । यद्वा भेट भइहालेको भए पनि प्रक्रिया पूरा गर्ने प्रयोजनका लागि मात्र उसलाई खोजियो । पीडितको तत्कालको आवश्यकता के थियो ? राज्य, समुदाय वा कसुरदारबाट ऊ के चाहन्थ्यो ? कसुरदार कस्तो मानसिकताबाट गुज्रिरहेको थियो ? ऊ पीडितप्रति कस्तो मनोभाव वा के चाहना राख्दथ्यो ? पीडितको तत्कालीन आवश्यकता पूरा गर्न कसुरदारको कुनै योगदान हुन सक्थ्यो कि सक्दैनथ्यो ? कसुरदारलाई थुनामा पठाउँदैमा पीडितको तत्कालीन आवश्यकता वा क्षतिको पूर्ति हुन सक्यो कि सकेन ? आदि इत्यादि यथार्थपरक प्रश्नहरूको सम्बोधन वर्तमान फौजदारी न्याय प्रणालीबाट हुन सकेको पाइँदैन । न त फैसलाबमोजिमको कैद भुक्तान गरी थुनामुक्त भएको व्यक्ति मनोभावनामा सुधार, आत्मसम्मनको संरक्षण, समाजमा पुनःस्थापना जस्ता पक्षमा नै मौजुदा प्रणालीले सम्बोधन गरेको पाइन्छ ।

पहिलेदेखि चलिआएका परम्परागत मान्यता र स्थापित प्रणालीमा देखिएका कमी कमजोरी र त्रुटिहरूलाई सच्याउन नवीनतम विकल्पहरू अगाडि आउने गरेका छन् । मानव जीवनको हरेक पक्षमा यस्तो परिवर्तन नियमित र शास्वत बनेको छ । फौजदारी न्यायको क्षेत्र पनि यसबाट अलग रहन सक्दैन । फौजदारी न्याय प्रणालीको उपर्यक्त परम्परागत मान्यतामा पनि धेरै त्रुटिहरू देखिएका छन् । समय, सोच, मूल्य र मान्यताको परिवर्तनसँगै अपराधको परिभाषा तथा अपराधमा संलग्न व्यक्तिप्रति राज्यले देखाउने प्रतिक्रिया र त्यसबाट गरिने अपेक्षामा पनि परिवर्तन आउँदै गरेको छ । यसै क्रममा फौजदारी न्याय प्रणालीको सुधारको सिलसिलामा पुनःस्थापकीय न्याय (Restorative Justice) को बारेमा अध्ययन, अनुसन्धान, चर्चा एवं विचारविमर्श हुन थालेको छ ।

**२. परिचय**

कुनै पनि आपराधिक क्रियाकलाप मूलतः व्यक्तिद्वारा व्यक्तिको जीउ ज्यान वा स्वत्वको उल्लंघन हो । कसुरमा संलग्न रहने दुवै पक्ष समुदायका सदस्य हुने भएकोले त्यस्तो कसुरको असर त्रिपक्षीय हुन जान्छ । अपराधको असर पीडित व्यक्ति, पीडित समुदाय र कसुरदार गरी तीन पक्षमा विस्तारित हुन्छ । यसैले अपराध प्रथमतः व्यक्तिको शरीर र सम्बन्ध विरुद्धको कसुर हो भने मौजुदा कानुनको उल्लंघन त्यसपछिको विषय हो । परम्परागत रूपमा फौजदारी कसुरलाई राज्य विरुद्धको अपराधको रूपमा लिइँदै आएको छ । तर अपराधको प्रत्यक्ष असर पीडित व्यक्ति, समुदाय र कसुरदारलाई पर्ने भएकोले अपराधलाई प्रारम्भिक रूपमा त्यसबाट प्रत्यक्ष असर परेका व्यक्तिको सरोकारको विषय मानिनु उपयुक्त हुन्छ ।

यही मान्यतामा आधारित रहेर पुनःस्थापकीय न्यायको अवधारणागत विकास हुँदै आएको छ । पुनःस्थापकीय न्यायअन्तर्गत कुनै कसुरमा सरोकार रहेका पक्षहरू कसुरपछिको स्थिति र यसले भविष्यमा पार्ने असरलाई कसरी व्यवस्थित गर्ने भन्ने विषयलाई सामूहिक रूपमा निरुपण गर्दछन् । पुनःस्थापकीय न्याय कुनै कसुरसँग सम्बद्ध पक्षहरू र समुदायले कानुन कार्यान्वयनका अंगहरूसँगको प्रत्यक्ष सम्पर्कमा रहेर त्यस्तो कसुरसम्बन्धी समस्याको समाधान खोज्ने उपाय हो । यसलाई कानुनअन्तर्गत रहेर अपराधलाई फरक ढंगले हेर्ने तरिका हो भन्न सकिन्छ ।

अपराधको उत्पत्ति सामाजिक अवस्था र सामुदायिक सम्बन्धहरूबाट हुन्छ । अपराधको नियन्त्रण समुदायको संलग्नतामा मात्र सम्भव हुन्छ । अपराधबाट सिर्जित असरको वास्तविक उपचार सरोकारवालाहरूको प्रत्यक्ष संलग्नता बिनासम्भव हुँदैन । प्रत्येक घटना वा अपराधको विशेष परिस्थिति, सरोकारवालाहरूको आवश्यकता र

सम्भावित सुधारात्मक कार्यप्रति लचिलो दृष्टिकोण नराखेसम्म समस्याको प्रभावकारी समाधान प्राप्त हुन सक्दैन । अपराधबाट सिर्जित समस्या समाधानको लागि न्यायिक निकायहरू र सरोकारवाला समुदायका बीचको सहकार्य अपरिहार्य हुन्छ । न्यायका लागि यी सबै पक्षमा सन्तुलित दृष्टिकोण रहनु आवश्यक हुन्छ । यी मान्यताहरूलाई नै पुनःस्थापकीय न्यायले समेटेको हुन्छ ।

पुनःस्थापकीय न्यायले कसुरमा संलग्न रहेको र त्यसबाट असर परेको पक्षलाई समाधानको प्रक्रियामा समावेश गराउँछ । यसले अपराधलाई सामाजिक सन्दर्भ (Social Context) मा हेर्दछ । यसको उद्देश्य अग्रगामी र समस्या समाधानतर्फ उन्मुख हुन्छ । समाधानको प्रक्रियामा लचकता रहन्छ । अपराधबाट पीडित व्यक्ति र उसको पारिवारिक वा सामाजिक सञ्जाल, कसुरदार र उसको सामाजिक सञ्जाल तथा स्थानीय समुदाय र समाज गरी त्रिकोणात्मक स्थितिको केन्दबिन्दुमा न्याय वा न्यायिक संयन्त्र रहेको हुन्छ । कसुरदारले पीडितलाई प्रत्यक्ष हानि पुऱ्याएको हुन्छ । पीडितलाई हुन गएको हानिनोक्सानीलाई परिपूर्ति गरिएको स्थितिमा मात्र पीडितले सन्तोषको सास फेर्न सक्ने हुन्छ । पुनःस्थापकीय न्यायमा पीडितलाई परेको त्यस्तो हानिको परिपूर्ति गर्न कसुरदारलाई संलग्न गराइन्छ । पीडित न्यायशास्त्रअन्तर्गत पनि यी पक्षहरूलाई हेर्न थालिएको पाइन्छ ।

पुनःस्थापकीय न्यायले समस्या समाधानको उपाय पत्ता लगाउन पीडित, कसुरदार र समुदायको सक्रिय सहभागिता जुटाउँछ । आपराधिक कार्यबाट पीडित पक्षले बेहोर्नुपरेको हानिनोक्सानीको परिपूर्ति गराउन र विवादमा रहेका पक्षहरूका बीच शान्ति कायम गराउन सहयोग गर्दछ । पीडित पक्षलाई पुगेको क्षति परिपूर्ति गरेर पीडितलाई राहत दिलाउँछ । पक्षहरूका बीच मेलमिलाप गराएर समाजमा शान्ति स्थापना गराउँछ । पुनःस्थापकीय न्यायमा कसुरदारको आत्मसम्मानको पुनःस्थापना, पीडित र कसुरदारका बीचको सम्बन्धको पुनःस्थापना र कसुरदार र समुदायका बीचको पुनःस्थापनालाई समेटिएको हुन्छ । कसुरदारलाई समुदायमा पुनर्मिलन गराउने, सामुदायिक सौहार्द्रता कायम गर्ने उद्देश्य रहेको हुन्छ ।

पुनःस्थापकीय न्यायले कुनै पनि कसुर वा अपराधबारे बुझ्न र त्यसप्रति जनाइने प्रतिक्रियाको सम्बन्धमा परम्परागत मान्यताबाट हटेर एकदमै नयाँ दृष्टिकोण राख्दछ । यसमा आफ्नो कार्यप्रति पश्चाताप गर्ने कसुरदारले आफूले गरेको कसुरको सन्दर्भमा पीडित र समुदायप्रतिको जवाफदेही स्वीकार गर्दछ । पीडित, कसुरदार, परिवार सदस्य र आपराधिक कार्यबाट हानिनोक्सानी सहनुपरेका सामाजका अन्य सदस्यहरूको संलग्नतामा गरिएको मेलमिलाप प्रक्रियाबाट क्षतिपूर्तिको स्वरूप निर्धारण गरिने भएकाले कसुरदारलाई समाजमा पूर्ववत् स्थापित गरी सामाजिक सौहार्द्रता कायम गर्न मद्दत गर्दछ । कसुरदारलाई जवाफदेही बोध गराउने तर्फ अभिमुख हुनुका साथै बिग्रेको कुरालाई बनाउने, सुधार गर्ने कार्यमा पीडित, कसुरदार, उनीहरूका समर्थकहरू र समुदायलाई अभिप्रेरित गराउँछ । यसको स्पष्ट उद्देश्य कसुरदारलाई पीडितसँग मेलमिलाप गराउनु र बिग्रेको कुरालाई बनाउनु नै हो ।

कसुरको गहनता मापन गर्न र मेलमिलापको आधार पत्ता लगाउन सम्बद्ध सबै पक्षको सक्रिय सहभागिता रहने तथा समस्याको समाधान पत्ता लगाउन पनि कसुरबाट प्रत्यक्ष असर परेका व्यक्ति वा समुदायकै सक्रिय भूमिका रहने एवं सम्बद्ध सबैले आआफ्नो सहभागिता वा भूमिका निर्वाह गर्न पाउने कुरालाई पुनःस्थापकीय न्यायको आधारभूत तत्वको रूपमा उल्लेख गर्न सकिन्छ । यसैगरी कसुरदारले आफ्नो क्रियाकलापबाट उत्पन्न दुष्परिणामलाई राम्ररी बुझ्ने अवसर पाउने र उनीहरूमा पश्चातापको भावना विकसित हुने पक्ष पनि त्यत्तिकै महत्वपूर्ण छ । सरोकारवाला सबैमा जिम्मेवारी बोध गराउने, पीडित र कसुरदार दुवैलाई नोक्सानी कसरी परिपूर्ति गर्ने भन्ने सम्बन्धमा सक्रिय बनाउने, कसुरदारलाई आफ्नो कार्यप्रति जावफदेही बनाउने विषयहरू पनि यसका सबल पक्षहरू हुन् ।

पुनःस्थापकीय न्याय प्रणाली पीडित अभिमुख वा पीडित केन्द्रित प्रणाली हो । पीडित व्यक्ति, परिवार र समुदायको भौतिक तथा भावनात्मक क्षतिको पूर्ति गर्ने सिलसिलामा कसुरदारलाई आरुनो कार्यबाट पीडित व्यक्ति र समुदायलाई पुगेको क्षतिको परिपूर्ति गर्न उत्साहित गरिन्छ । यसका लागि पीडित व्यक्ति, असर परेको समुदाय र कसुरदारका बीच वार्ता र संवाद चलाएर कसुरदारलाई आरुनो कार्यप्रति जिम्मेवारी बोध गराई दुवै पक्षलाई समुदायमा पुनर्मिलन गराई सम्पूर्ण स्थितिलाई पूर्ववत् अवस्थामा ल्याउने प्रयास गरिन्छ ।

पुनःस्थापकीय न्यायले अपराधलाई जोखिम र अवसर दुवै दृष्टिकोणले हेर्ने गरेको पाइन्छ । अपराधबाट पुग्ने जोखिमको सन्दर्भमा हेर्दा यसले समुदाय, पीडित तथा कसुरदारलाई एकअर्काबाट अझ टाढा पुऱ्याउने, समाजलाई नै थप क्षति पुग्ने, अनादर हुने, अशक्तता बढ्ने, असुरक्षाको भावना बढ्ने र व्यक्तिलाई समाजप्रति कम सहयोगी बनाउने जोखिमहरूलाई इंगित गर्दछ । अर्कोतर्फ अपराधलाई कुनै अर्थमा अवसरको रूपमा पनि लिन सकिने देखिन्छ । समाजमा हुने आपराधिक घटनालाई राम्ररी विश्लेषण गर्न सक्ने हो भने यसले अन्यायको परिचय दिलाउँछ, समन्यायलाई पुनःस्थापित गर्दछ, भविष्यलाई स्पष्ट गर्दछ, सरोकारवालाहरू सुरक्षित अनुभव गर्दछन्, उनीहरू बढी आदरभावयुक्त, सशक्त र सहयोगी बन्दछन् ।

पुनःस्थापकीय न्यायले दण्डात्मक सोचाइबाट मेलमिलाप तथा पुनःस्थापनातर्फ लैजान्छ । अपराधलाई समाजविरुद्धको कार्य मात्र नठानेर व्यक्तिको जीउ, ज्यान र मानव सम्बन्धविरुद्धको कार्य मान्दछ । अपराधलाई सम्बद्ध व्यक्तिको मात्र सरोकारको विषय नबनाई यसलाई समुदायकै सारोकारको विषय ठानिन्छ । परम्परागत अवधारणामा सजायले कसुरदारमा त्रास उत्पन्न गर्दछ र सम्भावित कसुरदारको कसुरप्रतिको सोचाइमा परिवर्तन ल्याउँछ भन्ने मान्यता रहेको हुन्छ भने पुनःस्थापकीय न्यायले कसुरदारको व्यवहारमा नै परिवर्तन ल्याउन मद्दत गर्दछ । यसको प्रभाव बहुआयामिक हुन्छ ।

पुनःस्थापकीय न्यायले बिग्रेको कुरालाई सम्भव भएसम्म पहिलेकै अवस्थामा लैजाने प्रयास  गर्दछ । सम्बन्धमा पुगेको क्षतिको परिपूर्ति गर्ने र सुरक्षाको प्रत्याभूति दिने तथा भौतिक हानिनोक्सानी पुग्न जानुको पछाडिको कारण पत्ता लगाउने कोसिस गर्दछ । कसुरदारको खराब लत, उनीहरूमा रहेको सामाजिक तथा रोजगारीजन्य सीप र साधनको कमी, नैतिक तथा आचरणजन्य कमीकमजोरीहरूको कारण पत्ता लगाउन खोज्दछ ।

**३. बाल न्यायको सन्दर्भमा पुनःस्थापकीय न्यायको प्रश्न**

बाल न्यायको सन्दर्भमा पुनस्थापकीय न्यायको विशेष महत्व रहेको छ । कतिपय लेखकले त पुनःस्थापकीय न्यायलाई मूलतः बाल न्यायको एउटा सबल पक्षको रूपमा औंल्याउने गरेको समेत पाइन्छ । बाल न्याय प्रणालीले बाल हितलाई केन्द्रविन्दुमा राखेको हुन्छ । बालक बिजाइँकर्ता होस् वा पीडित होस् न्याय प्रणालीले बालकको हितलाई पहिलो स्थानमा राखेको हुनुपर्दछ । बालबालिकालाई समाजको महत्वपूर्ण मानव संसाधन बनाउन परिवार र समुदाय नै सबैभन्दा बढी महत्वपूर्ण पक्ष रहेका हुन्छन् ।

बाल न्याय प्रणालीले दिशान्तरलाई महत्व दिएको हुन्छ । बाल बिजाइँमा बालकलाई फौजदारी न्याय प्रणालीको मूल प्रवाहबाट हटाएर दिशान्तरित गरी उपचार खोज्ने प्रयास गरिन्छ । यसरी दिशान्तरको कार्यक्रममा लगिएको बालकले अपराधबाहेक जीवनमा अरू पनि विकल्पहरू रहेछन् भन्ने बुझ्दछ । वास्तविक दिशान्तरण बालबालिकाको मनभित्र पलाउँछ । यसको मूल उद्देश्य बालकलाई पुनः कसुर गर्नबाट रोक्नु हो । परिणामतः यसले बालबालिकालाई असल जीवन बिताउन मौका प्रदान गर्दछ । बिजाइँ गर्ने बालबालिकालाई उनीहरूको कार्यबाट पीडितलाई परेको असर देखाउनुपर्दछ । सहअनुभूतिका लागि बोलाइनुपर्दछ, सीप र दक्षता वृद्धि गरी उनीहरूमा आफू उत्पादनशील वा काम लाग्ने व्यक्तित्व हो भन्ने भावना जागृत बनाउने अवसर दिइनुपर्छ ।

**४. पुनःस्थापकीय न्यायको असल प्रयोग**

पुनःस्थापकीय न्यायलाई व्यवहारमा ल्याउन सुरु भएको तीन दशक मात्र भए पनि यसको प्रभाव विश्वव्यापी हुन पुगेको छ । विभिन्न देशले पुनःस्थापकीय न्यायलाई बाल न्याय प्रणालीअन्तर्गत समावेश गरेका छन् । परम्परागत बाल न्याय प्रणाली वा बाल अदालतको तत्कालीन कार्यशैलीमा देखिएको कमी कमजोरीहरूलाई पुनःस्थापकीय न्यायको माध्यमबाट हटाउने उद्देश्य राखिएको पाइन्छ । यसको नेतृत्व न्युजिल्यान्ड र अस्ट्रेलियाले गरेका हुन् । न्युजिल्यान्डको पारिवारिक समूह भेला (Family Group Conferencing) कार्यक्रमबाट नै बाल न्यायअन्तर्गत पुनःस्थापकीय न्यायलाई समावेश गरिएको हो । अस्ट्रेलियामा पनि यस्तो भेलाबाट बाल बिजाइँको समाधान खोज्ने गरिएको छ । प्रहरी र पीडितको सहमतिबाट वा प्रहरी, पीडित र बिजाइँकर्ताको सहमतिबाट विवाद समाधान गरिने व्यवस्था अस्ट्रेलियाका विभिन्न राज्यहरूमा प्रचलनमा छ ।

थाइल्यान्डले सन् २००३ देखि बाल बिजाइँमा न्युजिल्यान्डको जस्तै पारिवारिक समूह भेलालाई प्रचलनमा ल्याएको छ । थाइल्यान्डमा समुदायलाई विशेष महत्व दिइने भएकोले यहाँ यस्तो भेलालाई पारिवारिक तथा सामुदायिक समूह भेला (Family and Community Group Conferencing) भनिएको छ । पारिवारिक तथा सामुदायिक समूह भेलामा पीडित, बिजाइँकर्ता, अभिभावकहरू, नातेदारहरू, मनोवैज्ञानिक, सामाजिक कार्यकर्ता, प्रहरी, अभियोक्ता, समुदायका सदस्यहरू र भेला सहजकर्ता उपस्थित रहन सक्ने व्यवस्था गरिएको छ । Juvenile and Family Court and Procedure Act मा रहेको व्यवस्थालाई क्रियाशील गराएर यो प्रणालीलाई त्यहाँ चाँडै नै विस्तारित गरेको पाइन्छ ।

अमेरिकाको इन्डियाना राज्यको इन्डियानापोलिसमा १९९६ मा Hudson Institute ले प्रहरी विभाग, सेरिफको विभाग, बाल अदालत, अभियोक्ताको कार्यालय र नगरपालिका प्रमुखसँग मिलेर बाल बिजाइँ सम्बन्धमा अस्ट्रेलियायी नमुनाको पुनःस्थापकीय न्याय भेला (Restorative Justice Conference) सम्बन्धी कार्य सुरु गऱ्यो । यस्तो भेलामा विशेषतः बिजाइँकर्ता बालबालिका, पीडित व्यक्ति र दुवै पक्षका सहयोगीहरू (परिवार सदस्यहरू) लाई समावेश गराइने; तालिमप्राप्त सहजकर्ताद्वारा घटना, घटनाबाट पीडित व्यक्ति र निजका सहयोगीहरूलाई पुऱ्याएको क्षतिबारे छलफल गराइने; सहयोगीहरूले पनि घटनाबाट आफूहरूलाई परेको असरबारे बताउन पाउने; छलफलपछि बिजाइँकर्ताले पीडितलाई के सहयोग गर्ने भन्ने विषयमा सम्बद्ध सबै पक्ष सहमतिमा पुगी सम्झौतापत्रमा हस्ताक्षर गर्ने प्रक्रिया अबलम्बन गरेको पाइन्छ ।

संयुक्त अधिराज्यमा Crime and Disorder Act 1998 अन्तर्गत पीडित र बिजाइँकर्ता बीचको मेलमिलाप (Victim/Offender Mediation) कार्यक्रम सञ्चालन गरिएको छ । यस प्रक्रियामा तेस्रो निष्पक्ष व्यक्तिले पीडित र बिजाइँकर्ताका बीच संवाद गराउन मद्दत गर्दछ । अन्त्यमा दुवै पक्षमा समझदारी बढाई क्षतिपूर्ति दिलाउने कार्य हुन्छ ।

स्विडेनमा Mediation Act, 2002 अन्तर्गत सन् २००२ देखि पीडित र कसुरदारबीच मेलमिलाप (Victim-offender mediation) सञ्चालन गरिँदै आएको छ । यसले युवा कसुरदारहरूलाई ध्यान दिने गरेको छ । यस्तो मेलमिलाप राज्य स्तरबाट र स्थानीय निकायद्वारा समेत सञ्चालन हुने गरेको छ । मेलमिलाप प्रक्रिया प्रारम्भ गर्नको लागि अपराध वा घटनाबारे प्रहरीलाई सूचना दिइएको, कसुरदारले कसुर स्वीकार गरेको र पक्षहरूले मेलमिलाप प्रक्रियामा जान स्वीकार गरेको हुनुपर्दछ ।

फिलिपिन्समा Juvenile Justice and Welfare Act 2006 ले देशमा नयाँ बाल न्याय प्रणालीको प्रारम्भ गराएको छ । यसले कानुनसँगको द्वन्द्वमा रहेका बालबालिकासँग सम्बन्धित कानुन, नीति र कार्यक्रमहरूमा पुनःस्थापकीय

न्याय अनपनाउनुपर्ने व्यवस्था गरेको छ । यसअन्तर्गत कसुरदार, पीडित र समुदायलाई संलग्न गराउनुपर्ने तथा कसुरदारलाई समाजमा पुनःएकीकरण गराउने विषयलाई जोड दिइएको छ ।

**५. पुनःस्थापकीय न्यायका चुनौतीहरू**

पुनःस्थापकीय न्याय प्रणाली सामाजिक सुव्यवस्था कायम गर्ने दृष्टिले निकै आकर्षक देखिए पनि यसका केही आरुनै सीमाहरू छन् । सबै कसुर र सबै अवस्थामा यो प्रणाली अवलम्बन गर्न नसकिने हुन्छ । यो प्रक्रिया मूलतः पक्षहरूको स्वेच्छामा भर पर्दछ । विवादको कुनै पक्ष यसको लागि तयार नभएमा यो प्रक्रिया अपनाउन नसकिने हुन्छ । यसले गर्दा पुनःस्थापकीय न्याय प्रणालीले औपचारिक न्याय प्रणालीलाई पूरै विस्थापित गर्न सक्दैन ।

विवाद समाधानमा समुदायको संलग्नता यसको मुख्य आकर्षण भए पनि समुदायमा यस विषयमा राम्रो ज्ञान भएका व्यक्तिको अभाव रहने तथा समुदाय राजनीतिक, आर्थिक, जातीय र वर्गीय आधारमा विभक्त हुने कारणले पनि समुदायको भूमिका प्रभावकारी हुन नसकेको पाइन्छ । यसैले समुदायका सदस्यहरूमा यससम्बन्धी शिक्षा, प्रशिक्षण र जानकारी तथा आवश्यक स्रोत र साधान उपलब्ध गराइनुपर्ने हुन्छ ।

समुदायकै बीचममा पनि अन्याय र असमानता कायम रहनु अर्को सीमा बन्न गएको छ । समुदायभित्रै यस्ता समस्या रहँदासम्म यसले पुनःस्थापकीय न्यायको क्षेत्रमा खेल्न सक्ने भूमिका संकुचित वा सीमित बन्न जान्छ । समुदायमा विभाजन र विभिन्नता कायम रहेको स्थितिमा पुनःस्थापकीय न्यायको सन्दर्भमा समुदायको स्वैच्छिक सहभागिता कम हुन जान्छ ।

कतिपय विद्वान्हरूले पुनःस्थापकीय न्यायलाई बाल न्यायको क्षेत्रमा मात्र प्रयोग गर्न सकिने भनी मानेका छन् । यस्तो विचारलाई स्वीकार गर्ने हो भने पुनःस्थापकीय न्यायको क्षेत्र अझ संकुचित र सीमित बन्न जान्छ ।

**६. हाम्रो सन्दर्भमा पुनःस्थापकीय न्याय**

विवादका पक्षहरूका बीच मेलमिलाप गराएर समाजमा सौहार्द्रता कायम राख्ने विषय हाम्रो न्यायिक प्रणालीमा नयाँ विषय भने होइन । दुनियाँबादी भई चल्ने मुद्दामा पक्षहरू आफैंले आपसमा मिलापत्र गरी विवाद सुल्झाएर समाजमा शान्तिपूर्वक बस्न पाउने कुरालाई संहिताबद्ध कानुनको प्रारम्भ गर्ने १९१० सालको मुलुकी ऐनको प्रारम्भदेखि नै न्यायिक क्षेत्रमा स्वीकार गरिएको हो । समुदायको विवाद स्थानीय समुदायमा नै समाधान गरेर पक्षहरू समाजमा शान्तिपूर्वक बस्न पाउने कुरा मुलुकी ऐनभन्दा पहिलेदेखि नै नेपाली समाजमा प्रचलनमा रहेको तथ्य नेपालको कानुनी इतिहासका लेखकहरूले स्पष्ट पारेका छन् । हाल प्रचलनमा रहेको मुलुकी ऐनको अदालती बन्दोबस्तको महलको १८२ नम्बरमा रहेको मिलापत्रसम्बन्धी प्रावधानलाई कसरी सरल र व्यापक बनाउने भन्ने विषयमा न्यायिक क्षेत्रबाट पनि समय-समयमा प्रयासहरू हुँदै आएका छन् । अदालतसम्बन्धी नियमावलीहरूमा हुँदै आएका परिवर्तन र संशोधनले मिलापत्रको प्रक्रियालाई सरलीकृत गर्ने र यसको प्रयोगलाई व्यापक र प्रभावकारी बनाउनेतर्फ जोड दिइएको छ ।

विवाद समाधानको औपचारिक क्षेत्रको विकल्पको रूपमा विवादलाई स्थानीय व्यक्तिको सहभागितामा स्थानीय तहमा नै समाधान गर्ने उद्देश्यले गैरसरकारी क्षेत्रबाट समेत प्रयास हुँदै आएको छ । यस सन्दर्भमा विभिन्न गैरसरकारी निकायबाट विगत केही वर्ष अगाडिदेखि सञ्चालन गरिँदै आएको सामुदायिक मेलमिलाप कार्यक्रमको उपलब्धि उल्लेख्य देखिएको छ । आमनागरिकमा न्यायको पहुँच बढाउन र सामाजिक समन्वय तथा सौहार्द्रता कायम गर्न यस्ता कार्यक्रमहरूले स्थानीय तहमा सकारात्मक प्रभाव देखाएका छन् ।

यसै क्रममा केही वर्ष पहिले जिल्ला अदालत नियमावलीमा गरिएको संशोधनले अदालत सम्बद्ध मेलमिलापलाई नेपाली न्यायिक क्षेत्रमा प्रवेश गराएको छ । जिल्ला अदालतमा गरिएका पछिल्ला केही वर्षको यससम्बन्धी प्रयोगको सकारात्मक परिणामबाट उत्साहित भएर मेलमिलाप प्रक्रियालाई पुनरावेदन अदालत र सर्वोच्च अदालत तहमा समेत प्रवेश गराइएको छ ।

अदालतमा दायर भएको मुद्दामा सम्बद्ध पक्षहरूले स्वीकार गरेको सर्तबमोजिमको मिलापत्रलाई अदालतले प्रमाणित गरिदिएर जसको विवाद हो उसैलाई त्यसको समाधान खोज्न प्रोत्साहित गर्ने र दुवै पक्षलाई आपसी समझदारीमा विवाद समाधान गरी आरुनो समाज र समुदायमा शान्तिपूर्वक बस्न लगाउने हाम्रो मिलापत्रसम्बन्धी व्यवस्था निश्चय नै पुनःस्थापकीय न्यायको मान्यता अनुकूलको व्यवस्था हो । यसलाई सामुदायिक मेलमिलाप र अदालत सम्बद्ध मेलमिलाप कार्यक्रमले थप बल पुऱ्याएको छ ।

बाल न्यायको सन्दर्भमा हेर्दा बालबालिकासम्बन्धी ऐन, २०४८ ले गरेको बाल सुधार गृहको स्थापना र सञ्चालनसम्बन्धी व्यवस्था, त्यस्तो बाल सुधार गृह स्थापना नभएको अवस्थामा अन्य व्यक्ति वा निकायद्वारा सञ्चालन गरेको बाल कल्याण गृह, अनाथालय वा केन्द्रलाई अस्थायी बाल सुधार गृहका रूपमा उपयोग गर्न सकिने व्यवस्था, बालकसम्बन्धी मुद्दामा खास व्यक्ति मात्र उपस्थित हुन पाउने व्यवस्था, मुद्दाको तहकिकात तथा सजाय स्थगनसम्बन्धी व्यवस्थाले पुनःस्थापकीय न्यायलाई अँगाल्न खोजेको देखिन्छ । यसै क्रममा हालको उपर्युक्त ऐनले बाल न्यायको सम्बन्धमा समेट्न नसकेका विभिन्न पक्षलाई समावेश गराई बन्न लागेको "बालबालिकासम्बन्धी ऐन" को मस्यौदामा बालबालिकाको मुद्दा दिशान्तरण गर्ने व्यवस्था र पुनःस्थापकीय न्यायसम्बन्धी व्यवस्थालाई समावेश गराउने प्रयास गरिएको पाइन्छ ।

**७. उपसंहार**

फौजदारी न्याय प्रणाली वा दण्डात्मक न्यायले अपराधबाट मर्का पर्ने व्यक्ति वा पीडितलाई न्याय प्राप्तिको प्रक्रियाबारे सूचित नगर्ने, भइरहेको कारबाहीबारे जानकारी नदिने, पीडितको आवश्यकता पूर्तिलाई नसमेट्ने, केही सीमित अवस्थामा बाहेक पीडितको क्षतिपूर्तिको कुरा न्यायिक प्रक्रियाभित्रबाट सम्बोधन नहुने आदि कारणबाट पीडित पक्ष समष्टीमा न्याय प्रणालीबाट नै सीमान्तकृत हुन पुग्यो । पीडितलाई प्रणाली स्वयंले पाखामा राखेको अनुभूतिले गर्दा अन्तरराष्ट्रियस्तरमा नै मौजुदा न्याय प्रणालीको सुधारमा जोड दिन थालिएको छ । अदालतमा आएको मुद्दामा पनि पीडितको पुनःस्थापना, क्षतिको परिपूर्ति, पीडित सहायता सेवा, सजाय निर्धारणमा अपराधबाट पीडितलाई परेको प्रभाव मूल्यांकन प्रतिवेदनको प्रयोगजस्ता क्षेत्रमा अदालतलाई सक्रियता पूर्वक संलग्न गराउने प्रयास प्रारम्भ भएको छ । अनौपचारिक न्यायसम्बन्धी अभियानले पुनःस्थापकीय न्यायमा उल्लेख्य प्रभाव पारेको छ ।

पुनःस्थापकीय न्यायको कुनै एउटा मात्र सिद्धान्त छैन । यसको साझा र सर्वस्वीकृत परिभाषा पनि छैन । धेरैले उद्धृत गर्ने गरेको Tony Marshall ले दिएको परिभाषामा "पुनःस्थापकीय न्याय एउटा प्रक्रिया हो, जसमा कुनै कसुरका सरोकारवाला सबै पक्ष सहभागी भएर कसुर पश्चातको अवस्था र यसले भविष्यमा पार्ने असरबारे सामूहिक रूपमा निर्क्योल गर्ने गर्दछ" (A process whereby all the parties with a stake in a particular offence come together to resolve collectively how to deal with the aftermath of the offence and its implication for the future.) । एकथरी विश्लेषकहरू यो परिभाषाले न्यायिक प्रक्रियामा पीडित, कसुरदार र समुदायको सहभागितालाई विशेष जोड दिएकोले यसलाई निकै महत्वका साथ हेर्दछन् । अर्काथरी विश्लेषकहरू पुनःस्थापकीय न्यायको सन्दर्भमा कसुरदारले पुऱ्याएको क्षतिको परिपूर्ति गर्नेसम्बन्धी सामूहिक कार्य बढी महत्वपूर्ण हो भन्ने ठान्दछन् ।

पुनःस्थापकीय न्याय पीडितको न्याय प्राप्ति प्रतिको रोदन वा क्रन्दनबाट जागृत सचेतनताको उपज हो। समकालीन आवश्यकता तथा सामाजिक एवं राज्य संयन्त्रको संगठनात्मक संरचनामा आधारित यो एउटा आधुनिक अवधारणा हो। यसले न्यायिक प्रक्रियाको क्रममा कसुरदार र पीडितलाई एकै ठाउँमा भेट गराएर आपराधिक व्यवहार, कसुरको असर, पीडितसमक्ष कसुरदारको क्षमायाचना आदि पक्षमा प्रत्यक्ष छलफल गराएर उनीहरूबीच मेलमिलाप गराउने प्रयास गर्दछ।

पुनःस्थापकीय न्याय प्रणालीले पीडितलाई केन्द्रविन्दुमा राखेको हुन्छ। आक्रामक वा पेसेवर अपराधीलाई मात्र थुनामा पठाइने तर अनाक्रमक कसुरदारलाई राम्रो सुपरीवेक्षणमा रहने गरी सामुदायिक क्रियाकलापमा सरिक गराइने, यस्ता क्रियाकलापमा संलग्न रहेबापत उनीहरूले आर्जन गर्ने रकमबाट पीडितको क्षतिपूर्ति गर्ने, अदालतको शुल्क तिर्ने र आरुनै परिवारलाई सहयोग गर्ने अवसरको सिर्जना हुने भएकाले यो व्यवस्था मानवीय दृष्टिकोणले पनि महत्वपूर्ण छ।

परम्परागत फौजदारी न्याय प्रणालीमा क्षमायाचना, सकारात्मक अनुभूति, क्षमाशीलता, सहानुभूतिजस्ता कुराहरू विरलै समावेश भएका हुन्छन्। यसले गर्दा एकपटक अपराध जगतमा टेक्न पुगेको व्यक्तिलाई समाजले सदाका लागि आफूबाट निष्कासित गर्न पुग्दछ। तर पुनःस्थापकीय न्यायले समाजका सदस्यहरूलाई पूर्ववत् समाजमा पुनर्मिलन गराउँछ, पुनःएकीकृत गराउँछ।

दण्डात्मक न्यायमा पीडित र कसुरदारबीच प्रत्यक्ष सम्बन्ध नहुने भएकाले कसुरदार अनुहारविहीन जस्तो लाग्दछ। तर पुनःस्थापकीय न्यायमा कसुरदार र पीडितलाई एकै ठाउँमा राखेर समाधान खोजिने भएकाले कसुरदारमा जवाफदेहीपना र सह-अनुभूति सिर्जना गर्न खोजिएको हुन्छ। दण्डात्मक न्यायले सजाय गर्ने र बात लगाउने मान्यता राख्दछ भने पुनःस्थापकीय न्यायले पीडामा मल्हम लगाउने, क्षतिको पूर्ति गराउने र पीडित तथा कसुरदारलाई पुनर्मिलन गराउनेमा विश्वास गर्दछ।

पुनःस्थापकीय न्यायले कसुरदारलाई पीडितको आवश्यकता पहिचान गर्न, पीडितलाई क्षतिपूर्ति दिलाउन र पीडितको अधिकारको सम्मानसहित पीडितलाई सहयोग गर्न लगाउँछ। कसुरदारलाई जीवनका नयाँ अवसरहरू सिक्ने र समुदायमा भिजेर बस्ने अवस्था सिर्जना गर्दछ। यसले कसुरदारको स्वैच्छिक सहयोगको अपेक्षा गर्दछ। सहयोगात्मक भावनाले समस्यालाई हेरिने र त्यसैअनुरूप सरोकारवाला सबैको चित्त बुझ्ने गरी समाधान खोज्ने प्रयास गरिन्छ। सबै कसुरदारले यो प्रक्रियामा स्वेच्छाले सहभागिता जनाउन सक्दछन्। यस प्रक्रियामा असहयोग गर्नेहरूको लागि बाह्य अधिकारीको निर्णय आवश्यक पर्न सक्छ।

पुनःस्थापकीय न्यायको अवधारणासँग तादात्म्य राख्ने न्यायिक प्रक्रियाका लक्षणहरू सामाजिक वरव्यवहारमा पहिलेदेखि नै देखिँदै आएको भए पनि पुनःस्थापकीय न्यायको आधुनिक अवधारणाको प्रारम्भ भएको धेरै भएको छैन। R. Barnett ले १९७७ मा Restitution: a new paradigm of criminal justice मा यसबारे उल्लेख गरेपछि पुनःस्थापकीय न्यायको अवधारणाले व्यापकता पाउँदै आएको पाइन्छ। यस दृष्टिकोणबाट हेर्दा तीन दशक अगाडि सुरु भएको यससम्बन्धी अवधारणाले विश्वव्यापी मान्यता पाउँदै आएको देखिन्छ। अपेक्षाकृत नयाँ अवधारण भएकाले पुनःस्थापकीय न्यायको सकारात्मक पक्षबारे आमजनमानसमा बिस्तारै जानकारी हुँदै छ।

# ६. बालबालिकासम्बन्धी राष्ट्रिय नीति, कानुन र कार्यविधि

## १. विषय प्रवेश

अघिल्ला अध्यायहरूमा हामीले बालबालिकाको स्थिति, सो सम्बन्धमा गरिएका अध्ययनहरूले देखाएका कुराहरू, बाल न्याय सम्बन्धमा अन्तरराष्ट्रिय कानुनहरूले गरेको व्यवस्था, बाल न्यायसम्बन्धी संयुक्त राष्ट्रसंघीय मापदण्डहरूले निर्देशन गरेका कुराहरूको बारेमा चर्चा गर्‍यौं । साथै बाल न्यायकै सन्दर्भमा पुनःस्थापकीय न्याय, यसको अवधारणा, सिद्धान्त र यसको बाल न्यायमा प्रयोगको बारेमा पनि चर्चा गर्‍यौं । ती समस्त दस्तावेजहरू र बाल न्यायको अवधारणागत पक्षलाई हाम्रा राष्ट्रिय नीतिहरू, कानुनी व्यवस्थाहरूले कसरी आत्मसात गरेका छन् र यस विषयमा चुनौतीहरू के छन् र तिनको सामना गर्ने सन्दर्भमा विभिन्न सरोकारवालाहरूको के भूमिका हुन सक्छ, भन्ने बारे यो अध्यायमा विशेष चर्चा गरिनेछ । सो  गर्ने सन्दर्भमा प्रथम खण्डमा बालबालिकासम्बन्धी राष्ट्रिय नीति, कार्ययोजना, सरकारको संरचनात्मक व्यवस्था र सेवाका क्षेत्रहरूबारे चर्चा गरिनेछ । दोस्रो खण्डमा बालबालिकासम्बन्धी ऐन, २०४८, बालबालिकासम्बन्धी नियमवली, २०५१ र बाल न्याय कार्यविधि नियमावली, २०६३ को विशेषताहरू र मुख्य-मुख्य व्यवस्थाहरू, त्यस्तैगरी अन्य कानुनहरू जस्तो मुलुकी ऐन, बालश्रम निषेध गर्ने ऐन र नियमका व्यवस्थाहरू र बाल विकास र पुनःस्थापन कोषसम्बन्धी नियमका व्यवस्थाहरूबारे चर्चा गरिनेछ । प्रसंगबस प्रस्तावित बाल अधिकार (संवर्द्धन र संरक्षण) विधेयकका व्यवस्थाहरूबारे पनि संक्षेपमा चर्चा गरिनेछ । अन्त्यमा बाल न्यायको क्षेत्रमा रहेका चुनौती र सरोकारवालाहरूको सम्भावित भूमिकाबारे चर्चा गरिनेछ ।

उपर्युक्त विषयहरूमा चर्चा गर्नँअघि बालबालिकासम्बन्धी त्यति विस्तृत व्यवस्था अन्तरराष्ट्रिय कानुनले गरेपछि सोही विषयमा पुनः राष्ट्रिय नीति र कार्ययोजना वा कानुनको किन जरुरत पर्दछ भन्ने प्रारम्भिक प्रश्नको पनि जवाफ खोज्नु आवश्यक छ । यो साँचो हो कि नेपाल सन्धि ऐन, २०४७ को दफा ९ को व्यवस्थाले नेपाल पक्ष भएका अन्तरराष्ट्रिय कानुनी व्यवस्थाहरूले नेपालको राष्ट्रिय कानुनसरह मान्यता पाउँछन् । त्यति मात्र नभई अन्तरराष्ट्रिय कानुनसँग बाझ्ने व्यवस्था राष्ट्रिय कानुनमा भए त्यस्ता व्यवस्थाहरूले मान्यता पाउँदैनन् । तर यति हुँदाहुँदै पनि राष्ट्रियस्तरमा नीति, कार्ययोजना र कानुनहरू बन्नु देहायका कारणहरूले आवश्यक देखिन्छ–

- अन्तरराष्ट्रिय कानुनका सबै व्यवस्थाहरू जस्तो घोषणापत्र, संयुक्त राष्ट्रसंघका मापदण्डहरू, बाल अधिकारसम्बन्धी समितिका सुझावहरूले बन्धनकारी हैसियत राख्दैनन् ।
- बालबालिकाको विरुद्ध गरिने अपराधहरू, बाल बिज्याइँसम्बन्धी व्यवस्थाहरू र पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने विषयहरू राष्ट्रिय कानुनले नियमित गर्ने विषय हुन् । अर्को शब्दमा फौजदारी कसुर कायम गर्ने र दण्ड गर्ने विषयलाई राष्ट्रिय कानुनले स्पष्टसँग नभनेसम्म अन्तरराष्ट्रिय कानुनकै आधारमा कसैलाई कसुरदार करार गर्न र सजाय गर्न सकिँदैन । बालबालिकासम्बन्धी अन्तरराष्ट्रिय कानुनको निर्माण त्यसरी भएको पनि छैन ।
- संविधान र राष्ट्रिय कानुनमा गरिएका स्वच्छ सुनुवाइसम्बन्धी मानकहरूलाई अन्तरराष्ट्रिय कानुनका व्यवस्थाहरूले समन्वयात्मक रूपमा प्रभाव पार्न सक्छन् । तर यदि अन्तरराष्ट्रिय कानुनभन्दा उच्च स्तरको व्यवस्था गर्न चाहेमा राष्ट्रिय कानुनद्वारा नै गर्नुपर्छ ।
- अन्तरराष्ट्रिय कानुनमा लेखिएका कतिपय कुराहरू अमूर्त पनि हुन्छन् । तीनलाई कार्य रूपमा बदल्न राष्ट्रिय कानुन, नीति र कार्ययोजना आवश्यक पर्छ ।

## २. बालबालिकासम्बन्धी राष्ट्रिय नीति र व्यवहार

बालबालिकासम्बन्धी राष्ट्रिय नीतिको चर्चा गर्दा मूलतः राष्ट्रिय योजनामा समेटिएका कुराहरू र बालबालिकासम्बन्धी राष्ट्रिय कार्य योजनामा परेका विषयहरूमा चर्चा गरिनेछ ।

### २.१ राष्ट्रिय योजनामा बालबालिका

बाल अधिकारसम्बन्धी विषयको राष्ट्रिय योजनामा महत्वपूर्ण प्रवेश संयुक्त राष्ट्रसंघको महासभाबाट सन् १९८९ को नोभेम्बर २० मा पारित बाल अधिकारसम्बन्धी महासन्धिलाई नेपालले अनुमोदन गरेपछि नै भएको देखिन्छ । साथै सन् १९८६ को सार्कस्तरीय बाल अधिकार सम्मेलन, सन् १९९० को सेप्टेम्बर ३० मा गरिएको बालबालिकाको बचावट, संरक्षण र विकाससम्बन्धी विश्व शिखर सम्मेलन, सन् २००२ को मे महिनाको ७ मा संयुक्त राष्ट्रसंघको विशेष साधारणसभा र त्यसमा नेपालबाट गरिएको प्रतिनिधित्व, सो सम्मेलनको घोषणापत्रका कुराहरू, सन् १९९० को दशकका लागि जारी कार्ययोजनाका विषयहरू र नेपाल अधिराज्यको संविधान, २०४७ ले गरेको बाल अधिकारको प्रत्याभूति पृष्ठभूमिमा रहेको देखिन्छ ।[५९] बालबालिकासम्बन्धी विषयले राष्ट्रिय योजनामा सर्वप्रथम आठौं योजना (२०४९-५४) मा प्रवेश पाएको देखिन्छ ।

#### (क) आठौं योजना (२०४९-५४)

आठौं योजनामा सरकारले २०४८।४९ मा बालअधिकारका मुख्य-मुख्य विषयहरू बाल बचाउ, बाल संरक्षण र विकाससम्बन्धी विषयमा केन्द्रित भई तयार गरिएको १० वर्षे राष्ट्रिय कार्ययोजनाका विषयहरूलाई समावेश गरेको थियो । पञ्चवर्षीय योजनाले गर्भावस्थादेखि हुर्किने बेलासम्म बालबालिकाको शारीरिक एवं बौद्धिक विकासका लागि आवश्यक पोषण र स्वास्थ्य सेवा उपलब्ध गराउने, देशभक्त, अनुशासित निष्ठावान् र सक्षम नागरिक तयार गर्ने उद्देश्यले बाल्यावस्थादेखि नै असल बानीको रक्षा गर्दै बाबु-आमाको आय वृद्धि गरी बालबालिकाको पालनपोषण गर्न सक्षम बनाउने बृहत् उद्देश्य राख्दै देहायका नीतिहरूलाई समावेश गरेको थियो–[६०]

- सुरक्षित मातृत्वसम्बन्धी कार्यक्रमद्वारा गर्भावस्थादेखि नै बालकको रक्षा गर्ने,
- शिशु तथा बाल मृत्युदर घटाउने,
- पोषणसम्बन्धी कार्यक्रम समन्वयात्मक रूपमा सञ्चालन गर्ने,
- बाल उपचारसम्बन्धी व्यवस्थाको विस्तार गर्ने,
- साना परिवारसम्बन्धी कार्यक्रम गर्ने,
- निजी, गैरसरकारी र स्थानीय संस्थाको सहभागितामा बाल रक्षा केन्द्र (Child Care Center) स्थापना र सञ्चालन गर्ने,
- निःशुल्क प्राथमिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने,
- विभिन्न परिस्थितिका बालबालिकाहरू जस्तो अन्धा, अपांग, परित्यक्त, सहाराहीन, टुहुरा, मगन्ते तथा लागु औषधको लतमा परेका बालबालिकाहरूका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने,
- बालबालिकासम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनका लागि गैरसरकारी संस्थाहरू समेतको सहकार्यमा सो ऐनका प्रावधानहरूको सूचना सम्प्रेषण गर्ने र सो ऐनको उल्लघंन गर्नेउपर सजाय गर्ने कुरामा सहयोग प्राप्त गर्ने,
- एउटा उच्चस्तरीय बाल विकास परिषद्को स्थापना गरी सोमार्फत कार्यान्वयन र अनुगमन गर्ने ।

---

[५९] हेर्नुहोस् नेपाल अधिराज्यको संविधान २०४७ धारा ११(३) र धारा २६(८)

[६०] हेर्नुहोस् राष्ट्रिय योजना आयोग, आठौं पञ्चवर्षीय योजना (१९९२-१९९७) अंग्रेजी प्रति पृ.७१४-७१६

**(ख) नवौं योजना (२०५४-२०५९)**[61]
नवौं योजना लागू हुँदासम्म बालबालिका ऐन, २०४८ अनुरूप केन्द्रीयस्तरमा राष्ट्रिय केन्द्रीय बाल कल्याण समितिहरू खडा भइसकेका थिए भने अनाथ र कुलतमा लागेका बालबालिकाहरूका लागि बाल कल्याण गृह स्थापना भइसकेको अवस्था थियो । त्यस्तैगरी गैरसरकारीस्तरमा बालबालिकाको विकाससँग सम्बन्धित १८२ संस्था स्थापना भइसकेका थिए । तथापि बालबालिकाको स्थितिमा आधारभूत रूपमा सुधार भने आउन सकेको थिएन । उदाहरणका रूपमा प्रजनन दर ४.५८ रहेको थियो भने शिशु मृत्युदर ७४.७ प्रतिहजार जीवित जन्ममा र बाल मृत्युदर ११८ प्रतिहजार रहेको थियो । त्यस्तैगरी प्राथमिक शिक्षाबाट ३१ प्रतिशत बालबालिकाहरू वञ्चित थिए ।[62] उपर्युक्त परिप्रेक्ष्यमा नवौं योजनाले देहायको उद्देश्य लिएको थियो–
**बालबालिकाको शारीरिक, मानसिक तथा बौद्धिक विकास गरी देशका लागि भविष्यका भावी कर्णाधार बालबालिकाको हकहित एवं अधिकारको संरक्षण तथा संवर्द्धन गर्ने ।**

उपर्युक्त उद्देश्यहरूलाई कार्यान्वयन गर्न नवौं योजनाले देहायका नीति तथा कार्य नीति लिएको थियो–
**बाल बचावट :** प्रतिकारात्मक, प्रोत्साहनात्मक र उपचारात्मक सेवामार्फत ।

**संरक्षण :** बाल श्रमसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन, जोखिममा परेका र कठिन परिस्थितिका बालबालिकाका लागि शिक्षा, स्वास्थ्य, आवास, तालिम आदिद्वारा ।

**विकास :** अनिवार्य प्राथमिक शिक्षा र सोमा छात्राको सहभागिता वृद्धि र पढाइ नछोड्न प्रोत्साहन दिई ।
**सहभागिता :** सञ्चारका साधनमा र अन्य मानसिक एवं बौद्धिक स्तर वृद्धि कार्यक्रममा ।

सो अन्तर्गत सञ्चालित कार्यक्रमहरूमध्ये बाल न्यायको सन्दर्भमा देहायका कार्यक्रमहरू महत्वपूर्ण छन्–

- कठिन परिस्थितिमा परेका बालबालिकालाई समुदायमा आधारित पुनःस्थापना कार्यक्रमहरू सञ्चालन गर्न ५ वटै विकास क्षेत्रमा बाल सुधार गृह स्थापना गर्ने र गैरसरकारी तथा सामाजिक संस्थाहरूलाई यस्ता बाल सुधार गृह स्थापना गर्न सहयोग गर्ने ।
- बालबालिका ऐन, २०४८ तथा नियमहरूको समीक्षा गरी अन्तरराष्ट्रिय बाल अधिकारसम्बन्धी महासन्धिअनुरूप सुधार गर्ने ।
- पाँचै विकास क्षेत्रमा बाल अदालत/इजलास खडा गर्ने ।
- बाल अधिकारसम्बन्धी विविध पक्षहरूबारे जनचेतना अभिवृद्धि गर्ने ।
- बालबालिकाको यौनशोषण, बेचबिखन, चोरी आदि अमानवीय र हृदय विदारक कार्यविरुद्ध उचित कानुनी व्यवस्था गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
- बालक र बालिकाबीच विद्यमान सामाजिक विभेद कम गर्न पाठ्यपुस्तकमा सुधार गर्ने ।
- बाल अधिकार, विकास र कल्याणसम्बन्धी कार्यहरूको मूल्यांकन तथा अनुगमन गर्ने ।

**(ग) दसौं योजना (२०६०-२०६४)**[63]
दसौं योजनासम्म आइपुग्दा केन्द्र र जिल्लास्तरसम्म बाल कल्याण समितिहरू गठन भइसकेको अवस्था थियो भने बाल इजलासको स्थापना पनि भइसकेको थियो । योजनाले "बालबालिकाका लागि सुहाउँदो वातावरण" निर्माण गर्ने, बालबालिकाविरुद्ध हुने सबै किसिमका आपराधिक कार्य, शोषण र भेदभावको अन्त्य गर्दै र बाल अधिकारको

---

[61] रा.यो.आ; नवौं योजना, २०५६ पृ. ६३०-६४३
[62] ०५४।५५ मा बालबालिका (११ वर्ष मुनि) को जनसंख्या ५.२४ अर्थात १,१०,४७,००० थियो ।
[63] रा.यो.आ. दसौं योजना (अंग्रेजी प्रति) पृ. ५२९-५३९ ।

संरक्षण र प्रवर्द्धन गरी बालमैत्री वातावरणको सिर्जना गर्ने, बालबालिकाको कानुन प्रदत्त हकको रक्षा गर्ने दूरदृष्टि (Long term Vision) राखी मूल रूपमा देहायका रणनीतिहरूलाई अवलम्बन गरेको थियो–

- बाल अधिकारलाई राष्ट्रिय विकास योजनामा मूलप्रवाहीकरण गर्ने र सो अधिकारमुखी अवधारणामार्फत गर्ने ।
- बाल श्रमको अन्त्य र कठिन परिस्थिति र आपराधिक कार्यबाट प्रभावित बालबालिकाको पुनःस्थापना गर्ने ।
- बाल अधिकारबारे जनचेतना बढाउने ।

यी तीनवटा नीतिहरूको कार्यान्वयन गर्ने सन्दर्भमा दसौं योजनामा उल्लेख भएकामध्ये बाल न्यायको दृष्टिबाट देहायका कुराहरू विशेष उल्लेखनीय छन्–

- बाल अधिकारको दृष्टिबाट उपयुक्त कानुनी पद्धतिको विकास गर्ने ।
- बालबालिकाको शोषण, व्यापार र दुर्व्यवहार तथा बाल बिज्याइँलाई रोक्ने वातावरणको निर्माणका लागि कानुनी संरचनाको विकास गर्ने, द्वन्द्वको प्रभावबाट मुक्त गर्ने ।
- बाल अधिकारको रक्षा र बालबालिकाको विकाससम्बन्धी कार्यमा बाल सहभागिताको अभिवृद्धि गर्ने ।
- केन्द्रीय र जिल्ला स्तरीय बाल कल्याण समितिहरूको सुदृढीकरण गर्ने ।
- शोषण जन्य बाल श्रमको अन्त्य गर्ने ।
- राष्ट्रिय तथा अन्तरराष्ट्रिय विकास समुदाय एवं नागरिक समाज क्षेत्र बाल अधिकार तथा विकास कार्यका लागि साझेदारी पद्धति अपनाउने ।

### (घ) तीनवर्षे अन्तरिम योजनाको आधारपत्र (२०६४।६५ देखि २०६६।६७)

मुलुकमा विद्यमान संक्रमणकालीन परिस्थितिलाई समेत विचार गरी तयार पारिएको आधारपत्रमा मानव अधिकारको प्रवर्द्धनका लागि नेपालले अनुमोदन गरेका सबै महासन्धि तथा अभिसन्धिका प्रावधानहरू लागू गरी सम्पूर्ण नेपाली नागरिक र विशेष गरी सीमान्तीकृत समुदायको मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने निति लिएको छ ।[६४] सो सन्दर्भमा प्रचलित कानुनी प्रावधानहरूमा परिमार्जन र नयाँ कानुनहरूको तर्जुमा र कार्यान्वयन गर्ने, महिला, बालबालिका आदि सीमान्तीकृत समुदायको आधारभूत मानव अधिकारको प्रत्याभूति गर्ने, विभेद, छुवाछूत, शोषण, हिंसा र दुर्व्यवहारको अन्त्य गर्ने र दण्डहीनताको अन्त्य गर्न, दण्डहीनता भ्रष्ट्राचारप्रति शून्य सहिष्णुताको नीति लिने कुरा परेको छ । आधारपत्रको थप आकर्षणको कुरा के छ भने यसले "कारागारहरूलाई सुधार गृहका रूपमा विकास गर्दै लगिने छ" भन्ने नीति लिएको छ । यद्यपि बाल हकहित र न्यायबारे योजनाले स्पष्टतः धेरै कुरा राखेको छैन तथापि मानव अधिकारको संरक्षण र प्रवर्द्धनबाट बालबालिका लाभान्वित हुने स्थिति बन्न सक्छ ।

## २.२ बालबालिकाका लागि राष्ट्रिय कार्ययोजना (२०६१।६२-२०७१।७२)

यो कार्ययोजना महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले तयार गरेको हो । यसको पृष्ठभूमिमा २०४८।४९ को दसवर्षीय कार्ययोजना पनि छ । यो कार्य योजना तयार गर्दाको अवस्थासम्म शिक्षा, स्वास्थ्य, श्रम र यौनशोषण, बेचबिखन, मानव अधिकारसमेतका क्षेत्रमा विभिन्न मन्त्रालय र आयोगहरूले विभिन्न कार्ययोजना तयार गरिसकेका थिए ।[६५] बालबालिकासम्बन्धी विषय सबै क्षेत्रसँग सम्बन्धित (Cross Cutting Issue) हुँदा

---

[६४] रा.यो.आ, तीनवर्षीय अन्तरिम योजनाको आधारपत्र, आषाढ २०६४ पृ. ७५

[६५] उदाहरणको लागि, सबैका लागि शिक्षासम्बन्धी राष्ट्रिय कार्ययोजना (२००१-१५), दोस्रो दीर्घकालीन स्वास्थ्य योजना (१९९७ -२०१७), नेपालको राष्ट्रिय एच.आई.भी./एड्स रणनीतिक योजना २००२, श्रम यौन शोषणको लागि बालबालिकाको बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना २००२ र महिलाउपर हुने सबै प्रकारको भेदभाव निर्मूलसम्बन्धी राष्ट्रिय कार्ययोजना २००६, मानव अधिकार कार्ययोजना २००३, बेइजिङ +५ कार्ययोजना तथा अपांगसम्बन्धी कार्ययोजना २००३ तयार भइसकेको थियो ।

कार्ययोजनाले बालबालिकालाई केन्द्रबिन्दु मानी कार्य गर्न सबै क्षेत्रलाई आह्वान गरेको छ। कार्ययोजनाले देहायको परिदृश्य, लक्ष्य र उद्देश्य लिएको छ–

**परिदृश्य (Vision)**
बालबालिकाले सुहाउँदो समाजमा उनीहरूका अधिकारको उपयोग गर्नेछन् र तिनीहरूको पूर्ण सामर्थ्यको अनुभूति गर्ने छन् ।

**लक्ष्य**
बाल मैत्री वातावरणको प्रवर्द्धन गर्दै बालबालिकाविरुद्धका सबै प्रकारका शोषण, दुर्व्यवहार र भेदभावको अन्त्य गरी बालबालिकाहरूलाई जीवनस्तर उच्च पार्ने अधिकारको प्रत्याभूति गर्नु कार्ययोजनाको लक्ष्य हुने उल्लेख छ ।

**उद्देश्यहरू**

- प्रत्येक बालबालिकाको अधिकार प्रवर्द्धन गर्नु
- बालबालिकाको विरुद्ध हुने सबै प्रकारका शोषण, दुर्व्यवहार र भेदभावको अन्त्य गर्नु
- शिक्षा, बाल विकास, स्वास्थ्य, पोषण र अन्य सम्बन्धित क्षेत्रमा केन्द्रित भई बालमैत्री वातावरणको प्रवर्द्धन गर्नु
- गुणस्तरको प्रत्याभूति भएका सबै आधारभूत आवश्यकता, सुविधा र सेवाहरूमा बालबालिकाको पहुँच अभिवृद्धि गर्नु
- कार्ययोजनाले बाल अधिकारको संरक्षणअन्तर्गत विभिन्न ८ वटा क्षेत्रहरू जस्तो -
  (क) बालश्रम
  (ख) द्वन्द्व
  (ग) यौन दुर्व्यवहार, शोषण तथा बेचबिखन गरिएका बालबालिका
  (घ) सडक बालबालिका
  (ङ) शरणार्थी बालबालिका
  (च) लागु औषधको कुलतमा फसेका बालबालिका
  (छ) अपांग बालबालिका
  (ज) बिज्याइँ गर्ने बालबालिकालाई समेटेको छ ।

उपर्युक्त परिदृश्य र उद्देश्यहरूको अतिरिक्त कार्ययोजनाले विभिन्न नीति र रणनीतिहरू अवलम्बन गरेको छ । बाल न्यायको दृष्टिबाट उपयुक्त देखिएका केही नीति र रणनीतिहरू देहाय बमोजिम छन्–

- बाल अधिकार महासन्धिअनुरूप बालबालिकाको सर्वोत्तम हित, दुर्व्यवहार र भेदभावको अन्त्यजस्ता कुराहरूसँग तदात्म्यता मिलाउँदै बाल अधिकारको प्रत्याभूति गर्ने कानुनको पुनरावलोकन गर्ने, मिलाउने तथा सुधार गर्ने ।
- बिना कुनै भेदभाव सबै किसिमका बाल अधिकारहरू र आधारभूत स्वतन्त्रताको पूर्ण उपभोगको प्रत्याभूतिका लागि संस्थागत, प्रशासनिक र कार्यान्वयन प्रक्रियाको प्रयोग गर्ने ।
- गुणात्मक आधारभूत सेवा प्रदान नगर्न प्राथमिकता दिने र अशक्त, अनाथ, सडकका दलित, सुविधाबाट वञ्चित आन्तरिक रूपमा विस्थापित र शरणार्थी बालबालिका तथा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिका समेतलाई अधिकारको प्रत्याभूत हुने अवसरहरू प्रदान गर्नु ।
- बाल अधिकारको रक्षा र उपभोगका लागि स्रोतको सही बाँडफाँड र सदुपयोग गर्ने ।
- विद्यालय शिक्षामा लैंगिक समताको प्रत्याभूत गर्ने ।

- बालबालिकालाई घरमा, विद्यालय, काम गर्ने ठाउँ र समुदायमा सबै प्रकारका दुर्व्यवहार, वञ्चितीकरण, शोषण, हिंसा र भेदभावबाट सुरक्षित गर्न उचित कानुन र नीतिको विकास र प्रभावकारी कार्यान्वयन गर्ने
- कठिन परिस्थितिका बालबालिकालाई विशेष ध्यान दिँदै उचित अनुगमन संयन्त्रका साथ बालमैत्री न्याय प्रणालीको प्रवर्द्धन र सुदृढीकरण गर्ने ।
- शारीरिक सजाय तथा सबै प्रकारका यातनाहरूसमेत रोक्नका लागि उचित नीतिको विकास गर्ने र शिक्षकलाई विद्यार्थीमाथि भौतिक सजाय नगर्न जागरुक बनाउने ।
- जोखिम परिस्थितिमा परेका बालबालिकाहरूको निम्ति सामाजिक सुरक्षाका उपायहरूको विकास गर्ने ।
- बालबालिकाको बेचबिखन, यौन शोषण र तिनीहरुप्रति गरिने दुर्व्यवहारको अन्त्य गर्ने (महिला तथा बालबालिकाको यौन तथा श्रम शोषणका लागि हुने बेचबिखनविरुद्धको राष्ट्रिय कार्य योजनासँग सम्बन्धित गर्ने) ।
- जेलभित्र रहेका आश्रित बालबालिकाहरूको अधिकार संरक्षण गर्ने सम्बन्धमा आधारभूत शिक्षा र स्वास्थ्यसम्बन्धी अधिकार सुनिश्चित गर्दै पुनःस्थापना कार्यक्रम सञ्चालन गर्ने ।
- वैकल्पिक परिवार व्यवस्थाको विकास गर्ने ।
- मनो-सामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने ।
- मानव स्रोत र साधनको विकास गर्ने ।
- बालबालिकासम्बन्धी न्याय प्रशासनलाई बालमैत्री रूपमा सुनिश्चित गर्ने र सोअन्तर्गतका कार्ययोजनामा देहायका कुराहरू परेका छन्–

- हरेक जिल्लामा बाल अदालत गठन गर्ने ।
- न्याय प्रशासनमा सुधार गर्ने ।
- द्वन्द्वमा रहेका बालबालिकासँग सम्बन्धित संस्थाहरूलाई कानुनद्वारा नै सुदृढ बनाउने ।
- बाल अपराधीहरूलाई परामर्श सेवा प्रदान गर्ने ।
- साथी शिक्षा (peer education) कार्यक्रम लागू गर्ने ।
- थुनामा रहेका बालबालिकाका लागि सीप विकास र अनौपचारिक शिक्षा कार्यक्रम संचालन गर्न आवश्यक रकमको व्यवस्था गर्ने ।
- आवश्यक समूहका लागि पुनःस्थापना केन्द्र/सुधार गृह/सामाजिकीकरण केन्द्र र सामुदायिक तथा पारिवारिक पुनर्मिलन कार्यक्रम सञ्चालन गर्ने ।
- थुना वा हिरासतबाट सामाजिकीकरण प्रक्रिया सुरु गर्ने ।
- सेवा प्रदायक तथा बालबालिकाका लागि अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- १६ वर्ष मुनिका बालबालिकाहरूलाई कानुनी अनुसन्धान तथा सजाय गर्दा अनिवार्य रूपमा सुधार गृहमा राख्नुपर्ने ।

### २.३ बालबालिकासम्बन्धी सरकारी संरचना

हाल बालबालिकासँग सम्बन्धित केन्द्रदेखि जिल्ला र ग्रामीण तहसम्म विभिन्न निकायहरू संलग्न देखिन्छन् । नीति निर्माण तहमा, राष्ट्रिय योजना आयोग, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र विषयगत क्षेत्रमा विभिन्न मन्त्रालयहरू जस्तो शिक्षा, स्वास्थ्य, कानुन, श्रम मन्त्रालय आदि सम्बन्धित छन् भने राष्ट्रिय मानव अधिकार आयोग पनि बाल अधिकारसँग सम्बन्धित देखिन्छ । नीति निर्माणकै तहमा केन्द्रीय बाल कल्याण समितिले सक्रिय र समन्वयात्मक भूमिका निर्वाह गरेको देखिन्छ भने जिल्ला तहमा जिल्ला बाल कल्याण समिति त्यस्तैगरी जिल्ला स्वास्थ्य तथा शिक्षा कार्यालयहरू सम्बन्धित देखिन्छन् । स्थानीय तहमै नगरपालिका र गाउँ विकास समितिहरू कार्यरत छन् । बाल न्यायसँग सम्बन्धित निकायमा केन्द्रीय तहमा बाल न्याय समन्वय

समिति रहेको छ भने जिल्ला तहमा पुनरावेदन र जिल्ला अदालत, बाल सुधार गृह, सरकारी वकिल र प्रहरी पनि सम्बन्धित छन् । गैरसरकारी संस्थाहरूको बढ्दो सक्रियताले पनि नीति निर्माण र कार्यान्वयनको तहमा प्रभाव पारेको छ ।

### २.४ कार्ययोजनाबाट भएका उपलब्धि

बालबालिकासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनाअन्तर्गत विभिन्न सरोकारवालाहरूको सहभागिताबाट देहायका कुराहरू हासिल भएका छन्–

- बाल अधिकारबारे चेतनाको अभिवृद्धि
- बाल अधिकारसम्बन्धी विषय सार्वजनिक सरोकारको विषय बनेको
- बालबालिकासम्बन्धी ऐनअन्तर्गतका संरचनाहरूको स्थापना
- बाल अधिकारका सम्बन्धमा सशक्त नागरिक समाजको विकास
- बाल न्यायबारे अवधारणात्मक स्पष्टता र संस्थागत विकास
- बालबालिकाका आफ्नै संगठन र सोमार्फत नीति निर्माणमा उनीहरूको सहभागिता अभिवृद्धि ।

## ३. बालबालिकासम्बन्धी कानुन

यसअन्तर्गत नेपालको अन्तरिम संविधान, २०६३ का व्यवस्थाहरू, बालबालिकासम्बन्धी ऐन, २०४८, बालबालिकासम्बन्धी नियमावली, २०५१, बाल न्याय (कार्यविधि) नियमावली, २०६३ का विशेषता तथा मुख्य-मुख्य व्यवस्थाहरू र अन्य सामान्य व्यवस्थाअन्तर्गत मुलुकी ऐन, बाल श्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६ र नियमावली २०६१ तथा बालबालिका (विकास तथा पुनर्स्थापना) कोष नियमावली, २०५३ का व्यवस्थाहरूबारे चर्चा गरिनेछ ।

### ३.१ नेपालको अन्तरिम संविधान, २०६३

नेपालको इतिहासमा पहिलोपटक नेपालको अन्तरिम संविधान, २०६३ मा विस्तृत रूपमा बालबालिकाको हकको बारेमा व्यवस्था गरिएको छ । संविधानको धारा २२ मा बालबालिकालाई पहिचान र नामको हक, पालन-पोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षाको हक, शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरुद्धको हक र असहाय, अनाथ, सुस्त मनिस्थिति, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यका लागि राज्यबाट सुविधा पाउने हक प्रत्याभूत गरिएको छ भने शोषणजन्य कार्यलाई दण्डनीय बनाइनुको साथै पीडितलाई क्षतिपूर्ति दिनुपर्ने व्यवस्था गरेको छ । साथै संविधानले कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा त्यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न निषेध गरेको छ ।[६६] मुलुकमा बाल श्रमको स्थिति भयावह रहेको र द्वन्द्वमा समेत बालबालिकाहरूको प्रयोग भएको समेत सन्दर्भमा संविधानका यी व्यवस्थाहरू निश्चय पनि महत्वपूर्ण छन् । बालबालिकासँग सोझै सम्बन्धित यी व्यवस्थाहरूको अतिरिक्त केही अन्य व्यवस्थाहरू जस्तो शिक्षासम्बन्धी हक, महिलाको हक, यातनाविरुद्धको हक, न्यायसम्बन्धी हक, शोषणविरुद्धको हक, जसअन्तर्गत प्रथा, परम्परा वा प्रचलनको नाममा गरिने शोषण तथा बेचबिखन, दासत्व वा इच्छाविरुद्ध काम लगाउन निषेध गरिएको छ । यी प्रावधानहरू बालबालिकाको हकमा पनि आकर्षित हुने देखिन्छन् ।[६७]

[६६] नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२

[६७] ऐ ऐ धारा १७, २०, २४, २६, २९

### ३.२ बालबालिकासम्बन्धी ऐन, २०४८
नेपाल बाल अधिकारसम्बन्धी महासन्धिको पक्ष बनेपछि तत्कालै यो ऐन जारी भएको हो। ऐनले सर्वप्रथम बालबालिकालाई केन्द्रबिन्दु मानि उनीहरूको हक, हितको संरक्षण गरी शारीरिक, मानसिक र बौद्धिक विकास गर्ने कानुनी प्रयास गरेको देखिन्छ। संक्षेपमा यो ऐनका देहायका विशेषताहरू देखिन्छन्–

- बालकको संरक्षण सम्बन्धमा संरक्षकको नियुक्ति गर्दै त्यस्ता संरक्षकको जिम्मेवारीबारे विशेष व्यवस्था
- बाल न्यायबारे बाल अदालत र इजलासको गठनका साथै अन्य महत्वपूर्ण व्यवस्था
- बाल कल्याणबारे महत्वपूर्ण संगठनात्मक व्यवस्था र जिम्मेवारीको चयन

### ३.२.१ बाल अधिकार
ऐनको परिच्छेद २ मा बालकहरूको हक अधिकार सम्बन्धमा व्यवस्था गरिएको छ। यी हक अधिकारहरूलाई यो यस्तो हक हुनेछ मात्र नभनी यी हकहरूको सम्मान गर्नुपर्ने कर्तव्यवालाको पहिचान गरी कर्तव्य समेत तोकिएको छ। बालकका हकहरूमा देहायका हकहरूलाई ऐनले प्रत्याभूत गरेको छ–

- **नाम, जन्म, मितिसम्बन्धी हक** : अवस्थाअनुसार बाबु, आमा, पाल्ने व्यक्ति वा संस्थाउपर कर्तव्य तोकिएको। [६८]
- **पालन-पोषण, शिक्षा, स्वास्थोपचारको हक** : अवस्थाअनुसार बाबु, आमा, संरक्षक, स्थानीय निकाय र सरकारउपर कर्तव्य तोकिएको।[६९]
- **पालन-पोषण, शिक्षा तथा स्वास्थोपचारमा छोरा-छोरीबीच हुने भेदभावविरुद्धको हक** : सो सम्मान गर्ने सबैको कर्तव्य हुने।[७०]
- **क्रूर वा यातनापूर्ण व्यवहार विरुद्धको हक** : सामान्यतः कसैले पनि गर्न नहुने तर बाबु-आमा, परिवारका सदस्य, संरक्षक वा शिक्षकले भने सामान्य पिटेको वा हप्काएको कुरा क्षम्य हुने।[७१]
- **बाबुआमासँग भेटघाट वा साथै बस्ने हक** : बाबु आमा र धर्मपुत्रको हकमा धर्मपुत्र राख्ने र अदालतलाई कर्तव्य तोकिएको।[७२]
- **बाबु र बाजेको नाम पत्ता नलागेकोमा आमा र आमाको बाबुको नाम राख्ने** : बाबु, आमा र पाल्ने संस्थालाई कर्तव्य तोकिएको।[७३]
- **भिक्षा माग्न लगाउन, सन्यासी, भिक्षु वा फकिर बनाउन निषेध** :सबैउपर कर्तव्य तोकिएको।[७४]
- **देवीदेवताको नाउँमा चढाउन निषेध** : बाबु-आमा, देवस्थलका पुजारी, पाण्डा, धामी, मुखियाउपर कर्तव्य तोकिएको।[७५]
- **अनैतिक पेसामा लगाउन निषेध :** सबैउपर कर्तव्य तोकिएको।[७६]

### ३.२.२ बालक र आपराधिक दायित्व[७७]
कानुनबमोजिम अपराध ठहरिने कार्य बालकले गरेकोमा देहायबमोजिम हुने व्यवस्था ऐनले गरेको छ–

- दस वर्ष मुनिको भए कुनै प्रकारको सजाय नहुने

---
[६८] बालबालिकासम्बन्धी ऐन, २०४८ दफा ३
[६९] ऐ ऐ दफा ४
[७०] ऐ ऐ दफा ५
[७१] ऐ ऐ दफा ७
[७२] ऐ ऐ दफा ८ र ९
[७३] ऐ ऐ दफा १०
[७४] ऐ ऐ दफा १३
[७५] ऐ ऐ दफा १४
[७६] ऐ ऐ दफा ११
[७७] ऐ ऐ दफा १६

- दस वर्ष माथि १४ वर्षभन्दा कम उमेरका बालबालिकाका हकमा भए जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाई, बुझाई छाड्ने र कैद हुने अपराधमा कसुर हेरी ६ महिनासम्म कैद हुने ।
- चौध वर्षभन्दा माथि सोह्र वर्षभन्दा मुनिको भए उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुने ।
- साथै ऐनले बालकलाई सिकाई अपराध गर्न लगाएकोमा सिकाउनेलाई सजाय हुने, बाल्यअवस्थामा गरेको अपराधको पटक कायम नहुने, सोको कारण कुनै आयोग्यता सिर्जना नहुने र एकपटकभन्दा बढी अपराध गरेकोमा अपराधको पटकको आधारमा थप सजाय नहुने व्यवस्था पनि गरेको छ ।[७८] साथै बालकलाई नेल, हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरेबापत कैदको सजाय भएकोमा उमेर पुगेका कैदीको साथमा राख्न पनि ऐनले निषेध गरेको छ ।[७९]

### ३.२.३ बालककाविरुद्ध गरिने कसुर र सजाय

यहाँ कसुर भन्नाले बालकको हक अधिकारको बर्खिलापको कार्यलाई संकेत गर्दै ऐनले त्यस्तो कार्य गर्ने वा त्यस्तो कार्य गर्न दुरुत्साहन गर्ने वा उद्योग गर्ने वा मतियार हुनेलाई विभिन्न सजायको व्यवस्था गरेको छ ।[८०]जस्तो–

- बालकलाई भिक्षा माग्न लगाएमा, सन्यासी, भिक्षु वा फकिर बनाउने उद्देश्यले मुडेमा तीन हजार रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै ।
- बालकलाई प्रलोभन दिई वा करकाप वा अनुचित प्रभावमा पारी आफ्नो कुनै भाकल वा कुनै धार्मिक अभिप्राय पूरा गर्ने उद्देश्यबाट देवी-देउताको नाउँमा चढाउने वा समर्पण गर्नेलाई दस हजार रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै ।
- बालकप्रति क्रूर वा यातनापूर्ण व्यवहार गरेमा, नेल, हतकडी लगाएमा, एकान्त कारावासमा राखेमा वा उमेर पुगेका कैदीसँग राखेमा पाँच हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै; क्रूर र यातनापूर्ण व्यवहारमा क्षतिपूर्तिसमेत भराई दिन सक्ने,
- बालकलाई अनैतिक पेसामा लगाउने उद्देश्यले फोटो खिच्न वा खिच्ने अनुमति दिन वा त्यस्तो फोटो वितरण प्रकाशन गर्ने वा बालकको चरित्रमा आघात पर्ने किसिमको निजको व्यक्तिगत घटना विवरण वा फोटोको प्रकाशन, मुद्रण, प्रदर्शन वा वितरण गर्ने वा बालकलाई मादक पदार्थ, लागु औषध वा त्यस्तै अन्य नशालु पदार्थको बिक्री-वितरण, ओसार-पसार गर्ने काममा लगाउनेलाई दस हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै ।[८१]
- बालकको पालन-पोषण र शिक्षा वा स्वास्थोपचार र सम्पत्तिको रक्षा गर्नुपर्ने कर्तव्य तोकिएका व्यक्तिले सो कार्य राम्रोसँग नगरेमा वा बालकको हकहित विपरीत कार्य गर्ने वा बालकलाई निजको क्षमताले भ्याउनेभन्दा बढी परिश्रम पर्ने काममा लगाउने वा बालकको सम्पति अरू कसैलाई बिक्री गर्नेलाई तीन हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय ।
- बालकको पालन-पोषण शिक्षामा संलग्नले गरेको खर्च र बालकको सम्पत्तिको आय विवरण पेस नगर्नेलाई ६ हजार रुपैयाँसम्म कैद वा ६ महिनासम्म कैद वा दुवै सजाय ।[८२]

---

[७८] ऐ ऐ दफा ११ र १२

[७९] ऐ ऐ दफा १५

[८०] ऐ ऐ दफा ५३

[८१] साथै फोटो प्रकाशनहरू पनि जफत हुन्छ । यसको अतिरिक्त मादक पदार्थ लागु औषध वा नशालु पदार्थको बिक्री वितरणमा बालकलाई प्रयोग गर्नेलाई थप पाँच वर्ष सम्म कैदको सजाय हुन सक्ने र क्षतिपूर्ति पनि भराउन सकिने व्यवस्था छ ।

[८२] मासेको सम्पत्ति असुल उपर गर्ने

- बाल कल्याण गृहमा राखिएको बालकको व्यक्तिगत विवरण अनधिकृत मानिसलाई देखाएमा, मुद्दाको विवरण प्रकाशित गरेमा वा बालकसम्बन्धी तथ्यांकको गोप्यता भंग गरेमा तीन हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय[८३] ।

३.२.४ **हकदैया, क्षेत्राधिकार, कार्यविधि र संस्थागत व्यवस्था**
बालकको हक प्रचलनका लागि बालक आफैं अदालतमा आउन नसक्ने परिस्थितिलाई मध्यनजर गर्दै ऐनले "बालकको तर्फबाट जोसुकैले पनि बालक रहे बसेको इलाकाको जिल्ला अदालतमा निवेदन दिन सक्ने" व्यवस्था गरेको छ । यस्तोमा अदालतले आवश्यक जाँचबुझ गरी क्षतिपूर्ति गराउने लगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गर्न सक्छ ।[८४]

त्यस्तै गरी बालकको हक पुग्ने जुनसुकै कुरामा नालिस उजुर वा प्रतिरक्षा गर्नुपर्दा निजको आमा, बाबु वा संरक्षकले र निजहरू नभएकोमा हकवालाले मुद्दा गर्न सक्छन् । बालबालिकासम्बन्धी ऐनबमोजिम सजाय हुने कसुरसम्बन्धी मुद्दा जुनसुकै व्यक्ति वा सरकारको उजुरीबाट चल्न सक्ने व्यवस्था ऐनले गरेको छ ।[८५]

ऐनको दफा २० को अवस्थामा बाहेक बालक वादी वा प्रतिवादी भएको मुद्दाको सुरु कारबाही र किनारा गर्न नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी गठन गरेको बाल अदालत वा सो नभएसम्म सम्बन्धित जिल्ला अदालतको बाल इजलासद्वारा गरिन्छ । बाल इजलासमा न्यायाधीशको अतिरिक्त समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिक पनि रहन सक्ने व्यवस्था कानुनले गरेको छ ।[८६]

बालकविरुद्ध लगाइएको मुद्दामा कानुन व्यवसायीद्वारा प्रतिनिधित्व हुनुपर्ने कुरालाई ऐनले अनिवार्य सर्तका रूपमा राखेको छ । सो नभईकन मुद्दाको कारबाही किनारा गर्न नमिल्ने हुँदा अक्षम पक्षका लागि अदालतले वैतनिक कानुन व्यवसायीको सुविधा उपलब्ध गराउनुपर्छ ।[८७]

बालकविरुद्धको मुद्दा दर्ता भएपछि अदालतले त्यस्तो मुद्दालाई प्राथमिकता दिई कारबाही र किनारा गर्नुपर्ने कुरा एकातर्फ उल्लेख गरिएको छ भने निश्चित कार्यविधि तोकिएकोमा बाल अदालत वा जिल्ला अदालतले सोहीबमोजिम र सो नभएसम्म संक्षिप्त कार्यविधि, २०२८ अन्तर्गतको कार्यविधि अनुसरण गर्नुपर्ने कुरालाई निर्देशित गरिएको छ ।[८८]

मुद्दा दर्ता भएपछि थुनछेकको सन्दर्भमा कानुनबमोजिम थुनामा राखी कारबाही नै गर्नुपर्ने कसुर लागेको बालकलाई निजको शारीरिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थिति र थुनामा बस्नुपर्ने ठाउँलाई ध्यानमा राख्दा थुनामा राख्न उपयुक्त हुँदैन भन्ने लागेमा न्यायाधीशले बालकको बाबु-आमा, नातेदार वा संरक्षक वा बाल सुधार गृहको जिम्मा लगाउन सक्छ । यसरी न्यायाधीशलाई थुनामा नराखी पुर्पक्ष गर्न सक्ने व्यापक अधिकार कानुनले दिएको छ । तर त्यसरी आदेश दिँदा अदालतले खोजेको बखत उपस्थित गराउने सर्तमा मात्र त्यस्तो आदेश दिन सक्छ ।[८९] ऐन प्रारम्भ भएपछि अदालतहरूले त्यस्तो आदेश दिन थालिसकेका पनि छन् ।

---

[८३] कसुरसँग सम्बन्धित पत्रपत्रिका तथा पुस्तक समेत सबै जफत हुने व्यवस्था छ ।
[८४] ऐ ऐ दफा २०, तर बालबालिकाको बसाइ वा भेटघाटमा रोक लगाउने कुरामा भने सम्बन्धित बाबु-आमाको निवेदन चाहिन्छ, ऐ ऐ दफा८
[८५] ऐ ऐ दफा ५१
[८६] सो अनुरूप हाल १२ वटा जिल्ला अदालतमा समाजसेवी मनोवैज्ञानिक पनि तोकिएको पाइन्छ ।
[८७] ऐ ऐ दफा १९
[८८] ऐ ऐ दफा ५५ र ५७
[८९] ऐ ऐ दफा ५० (१)

मुद्दाको सुनुवाइ गर्दा विषयवस्तुको संवेदनशीलतालाई मध्यनजर गर्दै अदालतले बालबालिकासम्बन्धी मुद्दामा बालकको कानुन व्यवसायी, आमा-बाबु, नातेदार वा संरक्षकबाहेकका व्यक्तिहरूलाई उपस्थित हुनबाट रोक्न सक्छ । त्यस्तैगरी मुद्दासँग सम्बन्धित घटनाको विवरण प्रकाशन गर्न पनि रोक लगाउन सक्छ ।[९०] यस्तो बन्देज पत्रकार तथा फोटो प्रतिनिधिको हकमा पनि लागू हुन्छ । स्वच्छ सुनुवाइको सन्दर्भमा खुला इजलासलाई एउटा मूल मान्यताको रूपमा लिइए पनि न्यायका लागि अवस्थाअनुसार इजलासमा व्यक्तिहरूको प्रवेश नियमित गर्न सकिन्छ । यो कुरालाई ऐनले ध्यान दिएको छ ।

मुद्दाको निर्णय हुँदा कसुरदार ठहरी बालकले सजाय पाउने अवस्था भए पनि बालकको शारीरिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थिति, कसुर गरेकोपटक आदिको विचार गर्दा कारागारमा राख्न उपयुक्त नहुने अदालत वा इजलासलाई लागेमा त्यसरी तोकिएको सजाय तत्काल भोग्नु नपर्ने गरी स्थगित राख्न वा त्यसरी तोकिएको सजायको अवधि कुनै बाल सुधार गृहमा बसी वा कुनै व्यक्ति वा संरक्षकको संरक्षणमा रही व्यतित गर्नुपर्ने गरी तोक्न सक्छ । यसरी ऐनले जेलमा बालबालिकाउपर पर्न सक्ने प्रतिकूल असरलाई समेत विचार गरी कारागारको विकल्पको रूपमा सुधार गृह, व्यक्ति वा संस्थालाई तोकेको पाइन्छ । तर सो बमोजिम सजाय स्थगित गरेकोमा सोही बालकले एक वर्षभित्र पुनः कसुर गरेमा दुवै सजाय थपिन सक्छ ।

कारागारको विकल्पको रूपमा सुधार गृहमा बालकलाई राख्ने परिपाटी सुरु भइसकेको छ तर "व्यक्ति वा संरक्षकको संरक्षण" मा राख्ने कुरालाई विकल्पको रूपमा प्रयोग गर्न सकिएको छैन ।

जहाँसम्म संस्थागत संरचनाको प्रश्न छ यसअघि नै हामीले बाल इजलास र बाल अदालत आदिबारे उल्लेख गरिसकेका छौं । यसको अलावा ऐन र नियमले केन्द्रीय तथा जिल्ला तहमा बाल कल्याण समिति तथा बाल कल्याण अधिकारीको व्यवस्था गरेको छ भने बेवारिसे बालक राख्नका लागि तथा थुनामा बस्नुपर्ने र कैदको सजाय पाएका, लागु औषधको कुलतमा परेका, घरबाट भागी हिँडेका बालकहरूलाई राख्नका लागि बाल सुधार गृहको व्यवस्था गरेको छ ।[९१] साथै अनाथ र सुस्त मनस्थितिका बालकहरूलाई राख्नका लागि अनाथालयको पनि व्यवस्था गरेको छ ।[९२]

### ३.३ बाल न्याय (कार्य विधि) नियमावली, २०६३[९३]

बाल न्यायलाई अरू व्यवस्थित  बनाउने उद्देश्यबाट तुरुन्तै लागू हुने गरी जारी गरिएको यो नियमावलीले बाल न्यायको क्षेत्रमा अनुसन्धान तहकिकातदेखि मुद्दाको पुर्पक्ष र सुनुवाइ एवं फैसलाको चरणसम्म कयौं नयाँ र महत्वपूर्ण व्यवस्थाहरू गरेको छ । यहाँ छोटकरीमा ती व्यवस्थाहरूबारे चर्चा गरिन्छ ।

#### ३.३.१ अनुसन्धान र तहकिकात

नियमावलीले बालकले गरेको कसुरको अनुसन्धान र तहकिकात गर्न प्रत्येक प्रहरी कार्यालयमा प्रचलित कानुनबमोजिम योग्यता  पुगेका प्रहरी कर्मचारी रहेको छुट्टै इकाई रहने र त्यस्तो इकाई नभएसम्म प्रहरी प्रधान कार्यालयले अनुसन्धान तहकिकातका लागि कुनै प्रहरी कर्मचारीलाई तोक्न सक्ने व्यवस्था गरेको छ । "योग्यता

---

९० ऐ.ऐ.दफा ४९

[९१] ऐ ऐ दफा ५० (२) ऐ ऐ दफा ३२, ३३, ३४, ४२ तथा बालबालिका सम्बन्धी नियमावली, २०५१ को नियम ३ देखि २६ सम्मको व्यवस्थाहरू

[९२] ऐ ऐ दफा ४३, ४४ र ४५

[९३] नेपाल राजपत्र भाद्र २०, २०६३

पुगेको" भन्नाले सरकारी मुद्दासम्बन्धी ऐनबमोजिम अनुसन्धान र तहकिकात गर्न योग्यता पुगेको (कम्तीमा प्रहरी सहायक निरीक्षक तहको) कर्मचारी भन्ने बुझ्नुपर्छ । यसरी इकाई खोल्ने वा प्रहरी कर्मचारी तोक्ने नियमावलीको व्यवस्थाले बाल बिजाइँको अनुसन्धान र तहकिकात एउटा विशिष्टीकृत सीप हो भन्ने कुरालाई विधि निर्माताले महसुस गरेको छ भन्नुपर्छ ।[९४] यसरी अनुसन्धान तहकिकात गर्दा प्रहरी कर्मचारीलाई देहायबमोजिम गर्न निर्देशित गरिएको छ–[९५]

- अनुसन्धान तहकिकात गर्दा प्रहरीको पोसाक नलगाई सादा पोसाक लगाउनुपर्ने ।
- बालकलाई प्रक्राउ गर्नुपर्दा आफनो परिचय दिई परिचय खुल्ने कागजात देखाउनुपर्ने, बालकलाई पक्राउ गर्नु परेको कारण खुलाउनुपर्ने ।
- पक्रिएको बालकलाई निजको संवैधानिक तथा कानुनी हकका बारेमा निजले बुझ्ने भाषामा जानकारी गराउने ।
- सम्भव भएसम्म बालकको बाबु-आमा भए दुवैलाई वा कम्तीमा एकजनालाई र बाबु-आमा नभए निजको संरक्षकलाई बालकले गरेको कसुर सम्बन्धमा सूचना दिनुपर्ने ।
- नजिकैको सरकारी अस्पताल वा चिकित्सकबाट तुरुन्तै बालकको शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गर्न लगाउने ।
- सर्जमिन गर्दा बालकको बाबु-आमा भएसम्म दुवैजना वा कम्तीमा एकजना र बाबु-आमा नभए निजको संरक्षकलाई रोहवरमा राख्नुपर्ने ।
- सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सम्बन्धित बालकका सम्बन्धमा अनुसूचीबमोजिमको ढाँचामा "सामाजिक अध्ययन प्रतिवेदन" तयार गरिदिन अनुरोध गर्ने ।
- बालकसँग सोधपुछ गर्दा बालकले निजलाई सोधिएको कुराको उत्तर व्यक्त गर्न सक्ने बालमैत्री वातावरण बनाई सहज ढंगमा सोध्नुपर्ने ।
- सोधपुछ गर्दा बालकको बाबु, आमा, संरक्षक, कानुन व्यवसायी वा त्यस्तो बालक बाल कल्याण गृह वा अनाथालयमा बसेको भए सोको प्रतिनिधिको उपस्थितिमा गर्न सकिने ।
- बालकलाई एकपटकमा एक घन्टाभन्दा लामो समयसम्म र रातको समयमा सोधपुछ गर्न नहुने ।

बालकविरुद्धको मुद्दामा अनुसन्धान अधिकारीले त्यस्तो बालकको पारिवारिक विवरण, परिवारका कुनै सदस्यको आपराधिक कार्यमा संलग्न रहे/नरहेको, आमा-बाबु र परिवारका सदस्यहरूसँगको सम्बन्ध, बालकको शारीरिक र मानसिक अवस्था, रुचि, चासो स्वभाव, साथीहरूको सम्बन्धसमेत खुलाई सामाजिक अध्ययन प्रतिवेदन पेस गर्नुपर्ने कुरालाई पनि नियमावलीले अनिवार्य गरेको छ ।[९६]

### ३.३.२ बाल इजलासको गठन र अधिकार क्षेत्रको प्रयोग

नियमावलीले जिल्ला अदालतमा जिल्ला न्यायाधीशको अतिरिक्त समाज सेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिक समेत समावेश गरी तीन सदस्यीय इजलास गठन गर्ने व्यवस्था गरेको छ । त्यस्ता समाज सेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिक छनोट गर्ने, सूची प्रकाशित गरी तोक्ने कार्य सम्बन्धित जिल्ला अदालत, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र सर्वोच्च अदालतसमेतको सहभागितामा तयार गरिन्छ ।[९७]

---

[९४] बाल न्याय (कार्यविधि) नियमावली, २०६३ नियम ३
[९५] ऐ ऐ नियम ४ र ५
[९६] ऐ ऐ नियम ६, ८, ९, १०
[९७] ऐ ऐ नियम ४

बाल अदालत वा बाल इजलासमा मुद्दाको सुनुवाइ गर्दा न्यायाधीश, समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकले अधिकार क्षेत्रको प्रयोग सामूहिक रूपमा गर्छन् । सो गर्दा न्यायाधीशबाहेकका अन्य दुई सदस्यले मुद्दाको सुनुवाइपछि आफ्नो लिखित राय न्यायाधीशसमक्ष पेस गर्ने र न्यायाधीशले फैसला गर्ने व्यवस्था गरिएको छ । यसरी तीन सदस्यीय इजलासमा अरू दुई सदस्यले राय पेस गर्ने र न्यायाधीशले फैसला गर्ने व्यवस्था भए पनि फैसलामा सहभागी समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकको रायको बेहोरा उल्लेख गर्नुपर्ने हुँदा न्यायको पक्षमा व्यक्त गरिएका रायहरूलाई उचित आधार र कारण बेगर तिरस्कार गर्न सक्ने अवस्था रहँदैन ।[९८]

बाल अदालत वा इजलासले मुद्दाको सुनुवाइ गर्दा बालमैत्री वातावरणमा गर्नुपर्ने, बालकले बुझ्ने भाषा प्रयोग गर्नुपर्ने, कसुरको प्रकृति र प्राप्त साक्षी प्रमाणबारे जानकारी दिनुपर्ने, सोधपुछ गर्दा “छुट्टै कोठामा क्यामरा जडान गरी बालकलाई सोही कोठामा सोधपुछ गरी र यसरी सोधिएको कुरा इजलासको पर्दामा देखिने गर्न सकिने”, सोधपुछ आमा, बुबा, संरक्षक वा कानुन व्यवसायीको उपस्थितिमा गर्न सकिने र सोधपुछ गर्न बालकसँग सहज रूपमा सञ्चार वा संवाद गर्न सक्ने व्यक्ति तोक्न सकिने व्यवस्था पनि नियमावलीले गरेको छ ।[९९] प्रमाण बुझ्ने सन्दर्भमा “बालकविरुद्ध लगाइएको अभियोग खण्डन गर्ने प्रमाण आफूसँग भएमा त्यस्तो प्रमाण बुझिपाउनका लागि बाल अदालत वा इजलाससमक्ष जोसुकैले पनि अनुरोध गर्न सक्ने र अदालतले अनुमति दिन सक्ने व्यवस्था गरेर अनाहकमा बालकहरू सजायभागी नबनून् भन्ने कुरामा नियमले विशेष ध्यान पुऱ्याएको छ ।[१००]

बालकको आपराधिक दायित्व निर्धारणको क्रममा सधैं खड्किने कुरा उसको उमेरको विषय हो । विशेषतः यो १४ वर्षदेखि १६ वर्षभित्र कुनै बालक पर्छ वा पर्दैन भन्ने सन्दर्भमा उठ्छ । नियमावलीले उमेर निर्धारणबारे देहायको कागजातको आधारमा उमेरको निर्धारण गर्न निर्देश गरेको छ–[१०१]

- अस्पतालबाट जारी गरिएको बालकको जन्म प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति
- सो नभएमा स्थानीय पदधिकारीको कार्यालयबाट जारी भएको जन्म दर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति
- सो नभएमा विद्यालय चारित्रिक प्रमाणपत्रमा उल्लेखित जन्म मिति वा विद्यालय भर्ना हुँदाको बखत उल्लेख गरेको जन्म मिति
- सो नभएमा सरकारी अस्पतालबाट प्रमाणित उमेर

### ३.३.३ फैसला र फैसला कार्यान्वयन

नियमले मुद्दा दायर भएको १२० दिनभित्र फैसला गरिसक्नुपर्ने कुरा उल्लेख गरेको छ । साथै विषयवस्तुको संवेदनशीलता, बालकको सुधारात्मक एवं पुनःस्थापकीय आवश्यकता समेतलाई दृष्टिगत गरी बाल अदालत वा इजलासबाट दिइने फैसलामा देहायका कुराहरू स्पष्टसँग देखिने गरी लेख्न नियमावलीले निर्देश गरेको छ–[१०२]

- अभियोगपत्रको संक्षिप्त बेहोरा
- पेस भएको र बुझेको प्रमाण
- बाल अदालत वा बाल इजलासमा सहभागी समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकको रायको संक्षिप्त बेहोरा

[९८] ऐ ऐ नियम ११ र १७ (ग)
[९९] ऐ ऐ नियम १२
[१००] ऐ ऐ दफा १३
[१०१] ऐ ऐ नियम १५
[१०२] ऐ ऐ नियम १६, १७

- कानुन व्यवसायीको जिकिर
- सान्दर्भिक जिकिर
- कसुर प्रमाणित भए वा नभएकोमा सोको आधार
- निर्णय गर्दा लिइएको आधार र कारणहरू
- बालकलाई सुधार गर्ने सम्बन्धमा अवलम्बन गर्नुपर्ने उपाय
- क्षतिपूर्ति वा जरिवाना तिर्नु बुझाउनुपर्ने भए सोसम्बन्धी बेहोरा

फैसला भइसकेपछि सोको प्रतिलिपि सम्बन्धित बालकलाई निःशुल्क उपलब्ध गराइदिनुपर्छ र फैसलाको कार्यान्वयन प्रचलित कानुनबमोजिम गरिनुपर्ने कुरालाई पनि नियमावलीले स्पष्ट गरेको छ ।[१०३]

### ३.३.४ बाल न्याय र नागरिक समाज

नियमावलीले नागरिक समाजलाई बाल न्यायको सक्रिय सहभागीको रूपमा स्थापित गर्न खोजेको छ । सामाजिक तथा गैर सरकारी संस्थाले मुद्दाको अनुसन्धान र तहकिकातमा सहयोग प्रदान गर्ने, सामाजिक अध्ययन गर्ने, मनोविमर्श सेवा, कानुनी सहायता तथा बाल सुधारसम्बन्धी सेवाहरू प्रदान गर्न सक्छन् ।[१०४]

### ३.३.५ बाल न्याय समन्वय समिति

बाल न्यायको कार्य केवल प्रहरी, सरकारी वकिल र अदालतबाट मात्र सञ्चालन र सम्पन्न गरिने कार्य नभई विभिन्न निकायका बीच समन्वय गरी सञ्चालन गरिने कुरालाई महसुस गरी नियमावलीले एउटा उच्चस्तरीय "बाल न्याय समन्वय समिति" को गठन गरेको छ, जसमा देहायबमोजिम अध्यक्ष र सदस्यहरू रहन्छन्–[१०५]

- प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश ....................................अध्यक्ष
- नायब महान्यायाधिवक्ता ......................................................................... सदस्य
- सचिव, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय वा निजले तोकेको रा.प. प्रथम श्रेणीको प्रतिनिधि ......................................................................... सदस्य
- सचिव, गृह मन्त्रालय वा निजले तोकेको रा.प.प्रथम श्रेणीको प्रतिनिधि .................... सदस्य
- सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय वा निजले तोकेको रा.प. प्रथम श्रेणीको प्रतिनिधि ......................................................................... सदस्य
- प्रहरी अतिरिक्त, महानिरीक्षक ......................................................................... सदस्य
- कार्यकारी निर्देशक, केन्द्रीय बाल कल्याण समिति............................................... सदस्य
- बालबालिकाको क्षेत्रमा कार्यरत संस्थामध्येबाट केन्द्रीय बाल कल्याण समितिले मनोनयन गरेको संस्थाको प्रतिनिधि एकजना .....................................................................सदस्य
- रजिस्ट्रार, सर्वोच्च अदालत ..................................................................... सदस्य सचिव

समन्वय समितिले बाल न्याय प्रणाली सुदृढीकरण र विकासका लागि आवश्यक पर्ने कानुनी तथा नीतिगत व्यवस्थाका लागि सुझाव परामर्श दिने, बाल अधिकार र बाल न्याय प्रणालीका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघसंस्थाबाट भइरहेका कार्यक्रमबीच समन्वय गर्ने गराउने, बाल न्याय सम्पादनमा संलग्न हुने

[१०३] ऐ ऐ नियम १८, १९
[१०४] ऐ ऐ नियम २०, २१
[१०५] ऐ ऐ नियम २२

निकाय सञ्चालन गर्ने, बाल अधिकार र बाल न्यायको विषय नेपालका विद्यालय, विश्वविद्यालयसमेतको पाठ्यक्रममा सञ्चालन गर्ने आदि कार्यमा उपयुक्त नीति निर्माण गरी सम्बन्धित संस्थाको सहयोगमा नीतिहरूको कार्यन्वयन गर्ने गराउने आदि कार्य गर्दछ ।

### ४. अन्य कानुनी व्यवस्थाहरू

यसअर्न्तगत मुलुकी ऐन, बाल श्रम (निषेध र नियमित) गर्ने ऐन २०५६ र नियमावली २०६१ का व्यवस्थाहरू र बालबालिका (विकास तथा पुनःस्थापना) कोष नियमहरू २०५३ का व्यवस्थाहरूको बारेमा संक्षेपमा चर्चा गरिनेछ ।

### ४.१ मुलुकी ऐन

बालबालिकासम्बन्धी विशेष कानुनको निर्माणपूर्व मुलुकी ऐनका व्यवस्थाहरू नै बालकको सम्बन्धमा पनि मुख्य-मुख्य व्यवस्थाहरू थिए । यी व्यवस्थाहरूको सरसर्ती अध्ययन गर्दा बालबालिकाको हित संरक्षणलाई ऐनमा विशेष स्थान दिएको पाइन्छ । उदाहरणका लागि १६ वर्ष नपुगेका नाबालकको कागज गराउनुपर्दा सामान्यतः संरक्षक वा हकवाला नराखी कागज गराउनुहुँदैन ।[१०६] यसरी संरक्षकको रोहवरमा कागज गराएकोमा त्यस्ता संरक्षकको पनि कागजमा सहीछाप गराउनुपर्छ भन्ने व्यवस्था ऐनले गरेको छ ।

त्यस्तैगरी कुनै कानुनले हदम्याद तोकेकोमा हदम्यादभित्र नाबालकले फिराद नगर्दैमा हदम्याद जाँदैन । सोह्र वर्ष नाघेका दिनदेखि मात्र त्यस्ता व्यक्तिको हकमा हदम्याद सुरु हुन्छ भन्ने उल्लेख छ ।[१०७] त्यस्तैगरी मुलुकी ऐन गरिब कंगालको महलमा अझै पनि नाबालकको संरक्षणसम्बन्धी केही व्यवस्थाहरू कायम छन् । जस्तो बाबु मरेको वा बेपत्ता भएको वा विदेश गएको अवस्थामा आमा पोइल जाने नाबालकलाई जायजेथा वा उमेर पुगेको हकवाला नभएको नाबालक भए आमाले पाल्नुपर्ने व्यवस्था छ ।[१०८] सो महलमा बेवारिस नाबालकको संरक्षणको दायित्व अवस्थाअनुसार गाउँ विकास समिति, नगरपालिका वा प्रमुख जिल्ला अधिकारीलाई पनि सुम्पिएको छ ।[१०९] त्यस्तैगरी लोग्ने स्वास्नीको महलले लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद भएका मितिले २७२ दिनभित्र जन्मेको सन्तान "अन्यथा प्रमाणित भएमा बाहेक" सम्बन्ध विच्छेद हुनुपूर्वको लोग्नेकै कायम गरेको छ भने सम्बन्ध विच्छेद भएको अवस्थामा नाबालकको पालन-पोषणको हकमा देहायको व्यक्तिउपर नाबालकलाई पाल्नुपर्ने कर्तव्य तोकेको छ ।[११०]

- पाँच वर्ष मुनिका नाबालकलाई पाँच वर्षको उमेर नपुगेसम्म आमा आफैंले पाल्न चाहेमा निजैले र नचाहेमा बाबुले
- पाँच वर्ष माथिका नाबालकलाई आमाले अर्को विवाह नगरेको अवस्थामा आमा आफैंले र निजले पाल्न नचाहेमा वा अर्को विवाह गरेको अवस्थामा बाबुले
- दुवैको मन्जुरी भएमा त्यस्तो नाबालकलाई आमा-बाबुमध्ये कुनैले वा आलोपालो गरी
- आमा-बाबुमध्ये जोसुकैले पाले पनि अर्को पक्षलाई नाबालकसँग भेटघाट गर्ने मौका दिनुपर्ने[१११]
- आमाले पाल्दा बाबुले नाबालकलाई खान लाउन, शिक्षा र स्वास्थ्योचारको खर्च बेर्होनुपर्ने[११२]

---

[१०६] अ.व.२४ नं. तर ज्यानमारा, चोरी, वा करणी गर्ने गर्न लगाउने मानिसको कागज गराउँदा भने संरक्षक नभए पनि गराउनुहुन्छ ।
[१०७] ऐ ऐ अ.व. ४० नं.
[१०८] ऐ ऐ गरिब कंगालको ३ नं.
[१०९] ऐ ऐ ४ नं.
[११०] ऐ लोग्ने स्वास्नीको ३ नं.
[१११] तर बालकको अहित हुने आशंका भएमा अदालतको आदेशले भेटघाट गर्नबाट रोक्न सकिन्छ ।
[११२] बाबुभन्दा आमाको आयस्ता बढी भएमा आमाले पनि खर्च बेहोर्न अदालतले आदेश दिन सक्छ ।

मुलुकी ऐनको फौजदारी खण्डमा नाबालकको संरक्षणको दृष्टिबाट केही व्यवस्थाहरू गरिएका छन् । जस्तो नाबालकको मन्जुरी लिएकोमा मन्जुरी लिएको नमानिने,[११३] नाबालकले चोरीको माल खाएकोमा बात नलाग्ने[११४] आदि व्यवस्थाहरू छन् ।

नाबालकको रक्षा गर्ने दृष्टिबाट २०६३ सालमा मुलुकी ऐनमा भएको संशोधन साह्रै नै महत्वपूर्ण छ । बालक र बालिकाबीच भएको लैंगिक विभेदलाई दृष्टिगत गर्दै यसले गर्भवती महिलालाई करकाप, धम्की, ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउने कार्यलाई निरुत्साहित गर्न खोजेको छ ।[११५]साथै गर्भ पतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिंग पहिचान हुने काम गराउने र सो गरी गर्भ पतन गराउने कार्यलाई निषेधित गर्दै सजायको व्यवस्था गरेको छ ।[११६] बालबालिकाको यौनशोषणको कार्यलाई निरुत्साहित गर्दै सजाय थप गरेको छ, जुन देहायबमोजिम छ–

- दस वर्षभन्दा मुनिकी बालिकालाई जबरजस्ती करणी गर्नेलाई दस देखि पन्ध्र वर्षसम्म कैद
- दस वर्ष वा सोभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए आठ देखि बाह्र वर्षसम्म कैद
- चौध वर्ष वा सोभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए छ वर्षदेखि दस वर्षसम्म कैद

मुलुकी ऐनले बाल विवाहलाई निषेधित गरी दण्डनीयसमेत बनाएको छ ।[११७] तापनि विवाह भइसकेको अवस्थामा भने त्यस्ता बालबालिकाको सुरक्षा कसरी गर्ने भन्ने बारेमा ऐनमा स्पष्ट योजना भेटिँदैन ।

### ४.२ बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

यो ऐनको उद्देश्य चौध वर्षभन्दा कम उमेरका बालकलाई "श्रमिकको रूपमा" काममा लगाउन निषेध गर्ने र सोह्र वर्ष ननाघेका बालक अर्थात कुनै पनि उमेर समूहका बालकहरूलाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन निषेध गर्ने देखिन्छ । त्यस्तैगरी बालकलाई इच्छाविरुद्ध काममा लगाउन पनि निषेध गरिएको छ ।[११८] जोखिमपूर्ण व्यवसायभित्र पर्यटन व्यवसाय, सेवामूलक व्यवसाय, परिवहन र निर्माण व्यवसाय, चुरोट-बिडी आदि उद्योगहरू, खनिजपदार्थ र खानीसँग सम्बन्धित, रिक्सा, ठेलगाडा, रासायनिक पदार्थहरूसँग सम्पर्क हुने कार्यहरू, कटिङ मेसिनजस्ता कार्यहरू, जमिन मुनि, पानीमुनि र धेरै उचाइमा चढेर गर्नुपर्ने कार्यहरू पर्दछन् । यी निषेधित क्षेत्रहरूको सूची यति लामो छ कि त्यसको कार्यान्वयन गर्न धेरै गाह्रो छ ।

बालकलाई काममा लगाउनुपरेमा सम्बन्धित श्रम कार्यालयको र बालकको बाबु आमाको स्वीकृति लिनुपर्छ । काममा लगाउँदा देहायबमोजिम गर्नुपर्छ–[११९]

- बेलुका ६ बजेपछि बिहान ६ बजेसम्मको अवधिभर काममा लगाउनुहुँदैन ।
- काममा लगाउँदा दिनमा ६ घन्टा र एक सातामा ३६ घन्टाभन्दा बढी अतिरिक्त पारिश्रामिक दिई वा नदिई काममा लगाउनुहुँदैन ।
- प्रत्येक दिन लगातार तीन घन्टा काम गरेपछि आधा घन्टा आराम गर्ने समय र प्रत्येक सातामा एक दिनको बिदा दिनुपर्छ ।

---

[११३] ऐ चोरीको २ नं. ।
[११४] ऐ ऐ १९ नं.
[११५] मुलुकी ऐन (एघारौ संशोधन २०६३) बाट संशोधित ज्यानसम्बन्धीको २८(क) नं. जसले गर्भपतनमा सजाय बढाई पाँच वर्षसम्म कैदको व्यवस्था गरेको छ ।
[११६] ऐ ऐ २८ (ग) (घ) मा यस्तो गराउनेलाई २ वर्षसम्म कैद हुन्छ
[११७] ऐ विवाह पतिको १ र २
[११८] बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ दफा ३, ४
[११९] ऐ ऐ दफा ६, ९

ऐनको व्यवस्थाको विपरीत कार्य गर्नेलाई ऐनमा दण्डको व्यवस्थासमेत गरिएको छ उदाहरणका लागि– [१२०]

- १४ वर्षभन्दा कम उमेरका बालकलाई काममा लगाएमा तीन महिनासम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै
- १६ वर्ष ननाघेका बालकलाई जोखिमपूर्ण काममा लगाएमा वा मन्जुरीबेगर काममा लगाएमा एक वर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय

यो ऐनबमोजिम सजाय हुने कसुरको सम्बन्धमा सम्बन्धित श्रम कार्यालयमा उजुरी लाग्छ। श्रम कार्यालयले कैदको सजाय गर्नुपर्दा श्रम अदालतमा जाहेर गरी निकासा भएबमोजिम गर्नुपर्छ।[१२१] श्रम कार्यालयको निर्णयउपर श्रम अदालतमा पुनरावेदन लाग्छ। तर श्रम कार्यालयले कैदको सजाय गरेकोमा भने पुनरावेदन अदालतमा पुनरावेदन लाग्छ।[१२२]

### ४.३ बालबालिका (विकास तथा पुन:स्थापना) कोष नियमावली २०५३

बाल श्रम निषेधित भएका उमेर वर्गभित्र परेका तर विभिन्न उद्योगमा संलग्न बालबालिकाको विकास तथा पुन:स्थापना गर्न तथा मजदुरका बालबालिकासमेतका लागि एउटा अक्षय कोष खडा गर्ने प्रयोजनका लागि प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ अर्न्तगत यो नियमावली जारी भएको देखिन्छ।[१२३]

नियमबमोजिम स्थापित कोषमा सरकारबाट प्राप्त रकम, विदेशी सरकार, राष्ट्रिय, अन्तरराष्ट्रिय संघसंस्थाबाट प्राप्त रकम, स्वदेशी वा विदेशी संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम र अन्य रकम रहने व्यवस्था छ। स्वदेशी संघसंस्थाअन्तर्गत नियमले बाल श्रमिक प्रयोग हुने क्षेत्रका संघसंस्थाहरू जस्तो केन्द्रीय गलैंचा उद्योग संघ, गलैंचा विकास समिति एवं उद्योग वाणिज्य महासंघ, गार्मेन्ट एसोसिएसन, चेम्बर अफ कमर्स आदिलाई लक्षित गरी सरकार र ती संस्थाहरूबीचको आपसी सहमतिबाट कोषलाई प्रदान गर्न निर्धारण गरिएको रकम प्रत्येक वर्ष कोषमा जम्मा हुने र अन्ततः एउटा अक्षय कोष खडा गरी सो कोषको ब्याजबाट प्राप्त रकमबाट बाल विकास तथा पुन:स्थापना कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिएको छ।[१२४] कोषको सञ्चालनका लागि श्रम सचिवको अध्यक्षतामा एउटा कोष सञ्चालन समिति खडा गर्ने व्यवस्था गरिएको छ, जसमा माथि उल्लेखित गैरसरकारी क्षेत्रलगायत स्वदेशी तथा विदेशी विशेषज्ञ, उद्योगपति, व्यापारी र अन्य लब्ध प्रतिष्ठित व्यक्ति रहने व्यवस्था छ।[१२५]

## ५. चुनौती र सरोकारवालाहरूको भूमिका

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, कानुन र कार्यविधिबारे चर्चा गर्दा माथिल्ला विभिन्न अध्यायमा केवल बाल न्यायसम्बन्धी नीति मात्र नभई बालबालिकाको सर्वांगीण विकासबारे देशको विकास योजना, बालबालिकाका लागि राष्ट्रिय कार्ययोजना र बालबालिकासँग सम्बन्धित अन्य कानुनहरूबारे चर्चा गरियो। बालबालिकासम्बन्धी राष्ट्रिय कार्ययोजनाका विषयहरूलाई राष्ट्रिय विकास योजना र बालबालिकासम्बन्धी ऐन र नियममार्फत कार्यान्वयन गर्नु जरुरी हुन्छ, जुन राम्रोसँग हुन सकेको देखिँदैन। वस्तुतः बाल न्याय बालबालिकाको सर्वांगीण

---

[१२०] ऐ ऐ दफा १९
[१२१] ऐ दफा २० र २१
[१२२] ऐ दफा २२
[१२३] बालबालिका (विकास र पुन:स्थापना) नियमावली, २०६३ प्रस्तावना र नियम २
[१२४] ऐ ऐ नियम ३, ४, ५
[१२५] ऐ नियम ७

विकासको परिवेशलाई छाडेर अलग्गै रूपमा हेर्न मिल्ने विषय होइन । न्यायकर्मी र कानुनी क्षेत्रमा संलग्न व्यक्तिहरूबीच बाल न्यायलाई एउटा एकल विषय (Isolated Issue) का रूपमा हेर्ने गलत दृष्टिकोण पनि यदाकदा भेटिन्छ, जो हट्नु नितान्त आवश्यक छ । बाल न्यायलाई एकल विषय मानेको खण्डमा बालबालिकालाई उसको परिवेशमा बुझ्न सकिँदैन न त बाल न्यायलाई "बालकको सर्वोत्तम हित" भन्ने बृहत् लक्ष्यअनुरूप सञ्चालन गर्न सकिन्छ । बाल न्याय कार्यविधि नियमले "सामाजिक अध्ययन प्रतिवेदन" लाई बाल न्यायको अभिन्न अंग बनाउन खोजेको छ, जसको उद्देश्य पनि बालकलाई उसको परिवेशको समग्र परिप्रेक्षमा हेर्नुपर्छ भन्ने नै हो ।

बाल न्याय कार्यविधि नियमले उच्चस्तरीय "बाल न्याय समन्वय समिति" को स्थापना गरेर बाल न्यायको विषयमा सरकारका विभिन्न अवयवहरू र अन्य सरोकारवालाहरूलाई यस विषयमा एउटै सोच विकास गर्न र सहकार्यका लागि प्रेरित गरेको छ । साथै नागरिक समाजलाई पनि यसले न्यायको एउटा सक्रिय सहभागी बनाएको छ तर बाल न्याय समन्वय समितिले अझै स्थायी र घनीभूत रूपमा कार्य गर्न बाँकी नै छ ।

वस्तुतः बाल न्यायको विषयले अदालतबाट गरिने न्यायभन्दा व्यापक परिधिलाई समेट्छ तर हाम्रो देशमा यो विषयलाई फौजदारी न्यायको परम्परागत सोचबाट अलग्गै राखी हेर्नुपर्छ भन्ने कुराले अदालती संरचनाभित्र भर्खर मात्र प्रवेश पाएको छ । तर न्याय प्रशासनमा यसलाई संस्थापीकरण गर्न अझै धेरै छलफल, अन्तरक्रिया र व्यावहारिक रूपान्तरणको खाँचो छ । बाल न्यायको हाल प्रयुक्त धारणाले अझै पनि सामाजिक पुनःस्थापनको पक्षलाई महत्व साथ नहेरिएको कारण पुनःस्थापन पक्ष अधुरै रहेको देखिन्छ ।

बाल न्यायसँग जोडिएको अर्को विषय स्रोत हो । बाल न्यायको विषय अन्य विषयभन्दा केही बढी खर्चिलो छ । यससँग सम्बन्धित जनशक्तिको क्षमता विकासदेखि बाल कल्याण र बाल सुधार गृहको स्थापना र सञ्चालन, समुदायको तहसम्ममा कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने अवस्था छ । हाल बाल सुधार गृह काठमाडौंमा मात्र रहेका कारण उपत्यका बाहिरका अदालत र अन्य न्यायिक निकायहरूले समस्या भोग्नुपरिरहेको छ । यो यथार्थलाई पनि चुनौतीसँगै जोडेर हेर्नुपर्ने हुन्छ । कम्तीमा पनि क्षेत्रगत रूपमा बाल सुधार गृहको तुरुन्त स्थापना गर्ने नीतिलाई तदारुकता साथ कार्यान्वयन गरिनु आवश्यक देखिन्छ ।

बालबालिकासम्बन्धी मुद्दा सबै अदालतमा उत्तिकै संख्यामा पर्दैनन् । साथै बालबालिका संलग्न भएका कतिपय मुद्दा अन्य वयष्क व्यक्ति संलग्न रहेको कारणले सामान्य अदालतबाट हेरिन्छ । त्यस्तैगरी कतिपय अन्य निकायहरू जस्तो प्रमुख जिल्ला अधिकारी, वन कार्यालय र वार्डेनहरूले पनि बालबालिका संलग्न रहेको मुद्दाहरू हेर्ने अवस्था परेको छ । अदालतबाहेकका यी निकायमा बाल न्यायको अवधारणाले प्रवेश पाउन सकेको छैन । तसर्थ क्षेत्राधिकारसम्बन्धी अन्योललाई हटाई बाल न्यायको विषयलाई सकेसम्म बाल इजलासबाट नै हेर्ने गरिएमा स्रोत र साधनको व्यवस्थित प्रयोग हुन सक्छ ।

बाल न्यायको विषयमा चर्चा गर्दा माथिल्ला खण्डहरूमा हामीले तीन प्रमुख आयामहरू, जस्तो बाल अधिकारको प्रचलन, बालकविरुद्ध गरिने कसुरहरू र बाल बिज्याइँलाई अलग-अलग चर्चा गऱ्यौं । यी तीनवटै विषयलाई उत्तिकै महत्वका साथ अघि बढाइनु जरुरी छ, जुन हालसम्म हुन सकेको छैन । साथै बालकको सामाजिक पुनःस्थापनका लागि सामाजिक सहयोग सेवालाई पनि उत्तिकै सबल बनाइनु जरुरी छ ।

सोह्र वर्ष ननाघेका व्यक्ति मात्र बालक मानिने वर्तमान कानुनको व्यवस्था बालबालिकासम्बन्धी महासन्धिको १८ वर्षको उमेरको हदभन्दा कम भएको कारणले कयौं बालबालिकाहरूलाई वयष्कसरह व्यवहार गरिन्छ । तसर्थ बालकको उमेरलाई अन्तरराष्ट्रिय मापदण्डअनुरूप बनाइनु एकातर्फ जरुरी छ भने १८ वर्षदेखि २१ वर्षसम्मको

उमेर समूहका कलिला तातो रगत भएका तर अपरिपक्क युवाहरूका लागि पनि अलग्गै कानुन बन्नु जरुरी छ, जसले गर्दा उनीहरूलाई पनि उनीहरूको उमेर सुहाउँदो व्यवहार र न्याय प्रदान गर्न सकियोस् ।

संक्षेपमा बाल न्यायको विषय बालकको सर्वांगीण विकास र सोमा आइपरेका बाधासँग जोडिएको विषय हुँदा बाल न्यायसँग सम्बद्ध सरोकारवालाहरूले आ-आफ्नो भूमिकाको सही ढंगले निर्वाह गर्नु त आवश्यक छँदै छ, उनीहरूबीच नीति निर्माण र कार्यान्वयन तहमा सहकार्य पनि उतिकै जरुरी छ । त्यस्तो भएमा मात्र बाल न्यायलाई सही ढंगले अघि बढाउन सकिन्छ ।

# ७. किशोरावस्था तथा बाल बिजाइँ

**बाल विकास**

विकास जीवनभर चलिरहने प्रक्रिया हो । हामीलाई थाहा छ; हरेक अवस्था वा उमेरको विकासले अर्को अवस्था वा उमेरलाई प्रभाव पार्छ । हरेक उमेर र अवस्थाको उत्तिकै महत्व र विशेषता हुन्छ । हरेक उमेरमा व्यक्तिले केही न केही सिकिरहेको हुन्छ। विकास प्रक्रियामा जैविक, सामाजिक र मनोवैज्ञानिक सबै पक्ष समावेश हुन्छ तथा एउटा पक्षको विकास हुँदा अर्को पक्षको विकास केही मन्द हुन पनि सक्छ । त्यसैगरी हरेक उमेर र अवस्थाअनुसार मानिसले सिक्नुपर्ने नियमबद्ध विशिष्ट पद्धतिहरू हुन्छन् । त्यो खास उमेरमा पुगेपछि मात्रै उसले ती सम्बन्धित सीपहरू सिक्न सक्छ । उदाहरणका लागि, हिँड्नुअघि बालबालिका उभिन सक्नुपर्छ । उभिनको निम्ति उनीहरूको मांशपेशीमा परिपक्वता आउनुपर्छ, जुन उमेरले ल्याउँछ । अर्को शब्दमा भन्नुपर्दा हरेक विकासका अवस्थाहरू हुन्छन् र हरेक अवस्थाका फरकफरक विशेषताहरू पाइन्छन् । जस्तै- बाल्यावस्थाको विशेषता भनेको उत्सुकता देखाउनु, एकोहोरो हुनु, जे पनि आफैं गर्न खोज्नु र नयाँ वस्तुप्रति चाँडो आकर्षित हुनु हो ।

विकासको महत्वपूर्ण पक्ष के हो भने कुनै एक व्यक्ति अकोसँग ठ्याक्कै मिल्दैन, हरेक व्यक्तिमा वैयक्तिक भिन्नता पाइन्छ । विकासका हरेक अवस्थामा केही सम्बन्धित खतराहरू छन्, जस्तै कुनै अवस्थामा शारीरिक खतरा बढी छ भने कुनैमा मनोवैज्ञानिक खतरा बढी पाइन्छ ।

**किशोरावस्थाको विकास**

बाल्यावस्थाको अन्त्यदेखि वयष्क अवस्थाको सुरुवात नहुन्जेलसम्मको समयअवधिलाई किशोरावस्थाको रूपमा लिइन्छ । उमेरको दृष्टिकोणबाट आधुनिक विकासात्मक मनोविज्ञानले १२ देखि १८ सम्मको अवधिलाई किशोरावस्था भन्छ । बाल्यावस्थाको अलैंगिक अवस्थालाई लैंगिक अवस्थामा प्रवेश गर्ने मात्र नभएर शारीरिक, मानसिक, संवेगात्मक तथा सामाजिक आदि हरेक पक्षमा परिपक्वतासमेत प्राप्त गर्ने कार्यलाई किशोरावस्थाको प्रमुख विकासात्मक कार्यको रूपमा लिइन्छ ।

**किशोरावस्थाका विशेषताहरू**

- किशोरावस्था एक महत्वपूर्ण समयावधि हो ।
- किशोरावस्था संक्रमणको समयावधि हो ।
- किशोरावस्था परिवर्तनको अवस्था हो ।
- किशोरावस्था समस्यामूलक समयावधि हो ।
- किशोरावस्था आफ्नो परिचय खोज्ने समयावधि हो ।
- किशोरावस्था अवास्तविकताको समयावधि हो ।
- किशोरावस्था वयष्कतातिर जाने समयावधि हो ।

### किशोरावस्थाका विकासात्मक कार्य

किशोरावस्थामा पुगेका बालबालिकाहरूले बिस्तारै आफ्नो बाल्यकालका क्रियाकलाप, मनोवृत्ति र व्यवहारलाई अन्त्य गरेर वयष्कको लागि आवश्यक पर्ने व्यवहारको पालना गर्नुपर्छ । एकातिर आफूमा भइरहेको शारीरिक र अर्कोतिर वैचारिक परिवतर्नलाई स्वीकार्न यस उमेरमा ज्यादै कठिन पर्छ । यस उमेरमा संवेगात्मक स्वतन्त्रता प्राप्त गर्न जति सजिलो हुन्छ, व्यावहारिक आत्मनिर्भरता प्राप्त गर्न त्यति सजिलो हुँदैन । आत्मनिर्भरता खोजिरहेका किशोर-किशोरीलाई बाबुआमा वा अन्य अभिभावकको सुरक्षाको खासगरी संवेगात्मक सुरक्षाको आवश्यकता पर्दछ । आर्थिक मामिलाको लागि यस अवस्थाका बालबालिका अरूसँग निर्भर रहनुपर्ने स्थिति हुन्छ । यी बालबालिकाहरू आमा-बाबु, शिक्षक तथा समाजको सल्लाहलाई भन्दा साथीभाइको समूहलाई बढी महत्व दिन्छन् । अन्य व्यावहारिक पक्ष जस्तै (विवाहको तयारी) लाई पनि किशोर-किशोरीहरूले महत्वपूर्ण विकासात्मक कार्यको रूपमा लिनुपर्छ । विकासात्मक मनोवैज्ञानिकका अनुसार एउटा बालकले किशोरावस्थाको समयावधि सफलतापूर्वक पूरा गरी परिपक्व वयष्कका लागि तयार हुन तलका कार्यहरू पूरा गर्नुपर्ने हुन्छ–

- शारीरिक परिवर्तनलाई स्वीकार गरी प्रभावकारी ढंगबाट आफ्नो शारीरिक क्षमताको प्रयोग
- परिपक्व सामाजिक लैंगिक भूमिकाको प्राप्ति
- आफ्नो उमेरका दुवै लिंगका बालबालिकाहरूसँग परिपक्व (साथी) सम्बन्धको विकास
- सामाजिक उत्तरदायित्वलाई स्वीकार गर्नु, चाहना गर्नु एवं प्राप्ति गर्नु
- बाबुआमा तथा अन्य वयष्कहरूबाट संवेगात्मक स्वतन्त्रता प्राप्त गर्नु
- नागरिक प्रतिस्पर्धाका लागि बौद्धिक सीप विकासमा विद्यालय जीवनलाई महत्व दिनु
- सामाजिक तथा नैतिक मूल्य-मान्यताका बारेमा सिक्नु एवं त्यस्ता विचारधाराको विकास गर्नु

### किशोरावस्थामा सामाजिक विकास

सफल सामाजिक समायोजनका लागि सन्तुलित सामाजिक विकासको आवश्यकता पर्छ । घर-परिवार, विद्यालय, सामाजिक वातावरण, साथीभाइ सामाजिक समायोजनका आधार हुन्, त्यसैले किशोर-किशोरीको भावी सामाजिक समायोजन परिवारका सदस्यहरूको र अभिभावकको सामाजिक प्रक्रियामा निर्भर गर्छ ।

किशोरावस्थामा बालबालिकाको सामाजिक विकास निम्न प्रकारले हुन्छ–

- दुवै लिंगका साथीसँग नयाँ र परिपक्व सम्बन्ध कायम गर्नु
- सामाजिक उत्तरदायित्व स्विकार्ने तथा सामाजिक क्रियाकलापमा भाग लिने चाहना विकास गर्नु
- सामाजिक मूल्य-मान्यता एवं साँस्कृतिक-धार्मिक संस्कारअनुसार स्वतन्त्र सामाजिक जीवन बिताउन आवश्यक पर्ने आत्मधारणाको विकास

### किशोरावस्थाको विकासको केही सिद्धान्त

कोलबर्ग (Kholberg) का अनुसार १० देखि १२ वर्षका बालबालिकाको उत्प्रेरणा अरू व्यक्तिबाट स्वीकृति प्राप्त गर्नु र अरूलाई खुसी पार्नुका कारणबाट आउँछ । यहाँ उत्प्रेरणा आन्तरिक हुन्छ । बालबालिका १२ देखि १३ वर्षको उमेरमा बाहय नियमहरूलाई जस्ताको तस्तै स्वीकार गर्ने उत्प्रेरणा सामाजिक व्यवस्था कायम राख्नुमा आधारित हुन्छ । **कोलवर्गको नैतिक विकासको सिद्धान्त**अनुसार पूर्वकिशोरावस्थादेखि नैतिकताको वास्तविक अर्थ थाहा हुन्छ; यस अवस्थाभन्दा अघि बालक/बालिकाले सजाय (दण्ड) नपाइयोस् भन्ने हेतुले नियमहरू स्विकारेका हुन्छन् । तर किशोरावस्थामा सामाजिक व्यवस्था कायम राख्नका लागि नियम मान्नुपर्छ भन्ने सोचको विकास हुन्छ । त्यसपछि बिस्तारै पछिल्लो किशोरावस्थामा पुग्दासम्म नैतिकताप्रतिको बालकको विश्वास विश्वव्यापी नैतिक सिद्धान्तको मान्यताअनुरूप हुन्छ ।

**पाइजेको बुद्धि विकासको सिद्धान्त**अनुसार ९-१० वर्षभित्रमा बालबालिकाले स्वयंलाई नियमप्रति बद्ध रूपमा हेर्न थाल्दछन् अर्थात नियम बनाउने र त्यसको अनुसरण गर्ने व्यक्तिका रूपमा हेर्न थाल्दछन् । अर्को चरण ११–१२ वर्ष र त्योभन्दा माथिको उमेरमा आएर वस्तुहरू नभई विचारहरू खेलाउन सक्षम हुन्छन् । उमेरको यो अवस्थामा अमूर्त सिद्धान्तको अवधारणा बुझ्न र तिनको प्रयोग गर्न थाल्दछन् । त्यसैगरी आदर्श स्व (ideal self) तथा वास्तविक स्व (real self) मा भिन्नता गर्न सक्दछन् । यो चरणलाई पाइजेले औपचारिक क्रियात्मक अवस्था/चरण (formal operational stage) भनेका छन् ।

**सामाजिक तथा नैतिक विकासको सिद्धान्तले** ७ देखि १२ वर्षको उमेरमा बालबालिकाले निष्पक्षतालाई बढी जोड दिन्छन् भनेर भन्दछ । यिनीहरूको लागि ठीक के हो त भन्दा “पहिले आफूलाई आफैंले हेर्नुपर्दछ तर जो मप्रति निष्पक्ष छन् तिनीहरूप्रति म निष्पक्ष हुनुपर्दछ” भन्ने विचारबाट प्रभावित हुन्छन् । त्यसैले यो उमेरमा बालबालिकाहरू कुनै पनि कुरा निष्पक्ष भएन वा उनीहरूलाई लागेन भने यिनीहरू निकै व्याकुल हुन्छन् । यिनीहरूको भावना तथा चिन्ताहरूलाई बुझ्न सकिएन भने तथा उनीहरूका नकारात्मक भावना/व्यवहार अभिव्यक्ति गर्ने मौका पाएनन् भने यिनीहरू गलत बाटोमा लाग्ने सम्भावना निकै रहन्छ ।

यस सिद्धान्तअनुसार १३ देखि १६ वर्षसम्मको चरणलाई interpersonal conformity भनिन्छ । यस उमेरमा ‘म असल व्यक्ति हुनुपर्छ’ भन्ने विचार धेरै प्रबल हुन्छ । आफू असल हुँदा “अरू व्यक्तिले मेरो बारेमा राम्रो सोच्नेछन् (सामाजिक स्वीकृति) ” तथा “अनि म आफ्नो बारेमा राम्रो सोच्न सक्छु” (आत्मसम्मानमा वृद्धि) भन्ने भावना रहन्छ । त्यसैले परिवार तथा समाजमा आफ्नो असल छवि कायम राख्न भरमग्दुर प्रयास गर्दछन् अनि आफूप्रति अरूको नकारात्मक सोचले यिनीहरूमा अत्यधिक नराम्रो, हीनताबोधको जन्म दिन पुग्छ । यदि वयष्क/अभिभावकले उनीहरूको भावनाप्रति उचित तथा सार्न्दभिक प्रतिक्रिया देखाएनन् भने विद्रोहको पनि विकास हुन सक्छ । बालबालिकालाई आफ्नो सीमा निर्धारण गर्न सिकाउने र दृढताको विकास गराउने उमेर पनि यही नै हुन जान्छ । कुनै विषयमा विभिन्न दृष्टिकोणबाट सोच्न सकिने कुरालाई बढावा दिइनुपर्दछ ।

**यौन तथा सामाजिक विकास**

यौन प्रतिक्रिया चक्रको सुरुवात सामान्यतया जन्मभन्दा अगाडि नै सुरु हुन्छ । गर्भे केटा-शिशुको पाठेघरमा हुँदा नै लिंग उत्तेजित हुन्छ भने केही शिशुहरूको जन्मदा लिंग उत्तेजित हुन्छ । त्यसैगरी यो यौनसम्बन्धी कुरा केटीहरूमा पनि जन्मभन्दा पहिलेदेखि नै हुन्छ । छ महिनादेखि १ वर्षको उमेरमा आफ्ना यौन अंगबारे खोजिनिती सुरु हुन्छ । नवजात शिशुहरूले आफ्नो शरीरको तथा यौन अंग हातले छुन सक्ने भएपछि खोजिनिती सुरु गर्दछन् । बच्चाले २ वर्षको उमेरमा जैविक लिंग पहिचान बुझेको देखाउँछ । बालबालिकाहरू आफ्नो जैविक यौनबारे थाहा पाउँछन् । ३ देखि ५ वर्षको बीचमा लैंगिक भूमिकाको बारेमा बुझेको देखिन्छ । समाजिक सन्देशअनुसार बालक तथा बालिकाहरूले केटा तथा केटीले कसरी व्यवहार गर्नुपर्छ भन्ने देखाउन सुरु गर्छन् । बच्चा कसरी जन्मन्छ भन्ने प्रश्न सामान्यतया ३ देखि ५ वर्षमा गर्न सुरु हुन्छ । सामान्यतया ५ देखि १२ वर्षमा रोमान्टिक कुरामा रुचि देखाउन थाल्छ । तर यो कुरा समाज तथा संस्कृतिमा भर पर्दछ । यही उमेरमा नै उनीहरूले यौन परिचय (केटा वा केटीप्रतिको रुचि) का लक्षणहरू देखाउन थाल्छन् । सामान्तया ८ देखि १२ वर्षको उमेरमा किशोरावस्थाका लक्षणहरू देखिन थाल्छन् । केटाहरूको तुलनामा केटीहरूमा यी लक्षण केही चाँडो देखिन्छ । सामान्यतया ११ देखि १८ वर्षमा केटाहरूमा शुक्रकीटको उत्पादन सुरु हुन्छ । सामान्यतया ९ देखि १६ वर्षको उमेरमा (केटीहरूमा) महिनावारीको सुरुवात हुन्छ । यो उनीहरूको पोषणमा भर पर्ने भएको हुनाले कडा किसिमको कुपोषण भएमा ढिलो हुन सक्छ । त्यसैगरी सामान्यतया १० देखि १५ वर्षको उमेरमा रोमान्टिक क्रियाकलापमा संलग्न हुन थाल्छ । यो क्रियाकलाप पनि संस्कृतिमा निकै भर पर्दछ । संस्कृतिअनुसार धेरै नै फरक परे पनि धेरैजसो समाजमा मध्यकिशोरावस्थादेखि पछिल्लो किशोरावस्थामा यौनसम्पर्क पहिलोपल्ट

राखेको पाइएको छ । नेपालमा गरिएको एक अध्ययनमा १५.५ वर्षमा केटाकेटीहरू पहिलोपल्ट यौनसम्पर्क राखेको देखिएको छ । हाम्रो समाजमा यस्तै १७ देखि २० वर्षमा विवाह हुने गरेको छ ।

**सानै उमेरमा किशोरकिशोरीहरू किन लैंगिक क्रियाकलापमा संलग्न हुन्छन् ?**

- यौवनावस्था (puberty) मा छिट्टै पुग्नु
- यौन दुर्व्यवहार वा अभिभावक/वयष्कबाट अपहेलित, विगतमा बेवास्ता गरिएको अनुभव हुनु
- गरिबीका कारण
- विद्यालयमा कार्यक्षमता (performance) राम्रो नहुनु
- शैक्षिक तथा भविष्यको उद्देश्य स्पष्ट नहुनु
- परिवारको सदस्यहरूको पूर्व (छिट्टै) यौनिक अनुभव हुनु
- दौतरी-समूह मान्यताको दृष्टिकोण ।

**यौन दुरुपयोग गर्ने तन्नेरी अपराधीउपरको अध्ययन**

अर्को शब्दमा पुरुषहरू आफ्नो पीडालाई रिसमा बदल्न सक्दछन् र बाहिर अरूलाई देखाउँदछन् जब कि महिलाहरू आफ्ना पीडा चिन्तामा व्यक्त गर्दछन् र आफैंभित्र राख्दछन् । (Cunningham and Macfarlane 1996)

तन्नेरी यौन दुरुपयोग गर्ने अपराधीउपरको अनुसन्धानअनुसार विशेष गरी ७ वर्ष मुनिका बालबालिकाहरू प्रायः सधैं यौन दुरुपयोगबाट पीडित हुन्छन् (Garland and Daughter 1990, Johnson 1988, 1989) । हिंसाग्रस्त, दुर्व्यवहार गर्ने वा हेलाको अनुभूतिमा बिताएको बाल्यावस्थाले बालक बाल-कसुरदारका रूपमा पक्राउ पर्ने, वयष्कका रूपमा हिंस्रक अपराधमा पक्राउ पर्ने सम्भावनालाई नाटकीय रूपमा बढाएको पाइन्छ । (Widon, 1992) किशोर यौन दुरुपयोग गर्नेहरू समस्या र पीडित दुवै हुन् ।

सन् २००२ मा फिलिपिन्स युनिभर्सिटीका बालसंरक्षण इकाईका Ms Dolores, B. Rubia ले फिलिपिन्स जेनरेल हस्पिटलमा गरेको अध्ययनले के पत्ता लगायो भने सामान्यतः नाबालक दुरुपयोगकर्ताहरू विकृत परिवारबाट आएका हुन्छन् । उनीहरूकै हेरविचार वा संरक्षण गर्नेहरूबाट कुनै प्रकारले पीडित भएका हुन सक्दछन् ।

**सामान्यता र असामान्यताको मनोविज्ञान**

व्यक्तिको सम्पूर्ण तस्बिरको अध्ययन तब मात्र सम्भव हुन्छ जब उसलाई सम्पूर्ण सम्भावित दृष्टिकोणबाट हेरिन्छ वा अध्ययन गरिन्छ, जसका लागि मनोविज्ञानका धेरै उपशाखाहरू छन् । मनोविज्ञानले सामान्य व्यक्तिको सामाजिक व्यवहारदेखि लिएर असामान्य व्यवहारको अध्ययन गर्दछ । मनोवैज्ञानिक ज्ञानले गर्दा सामान्य र असामान्य व्यक्तिको अध्ययन गर्न मद्दत मिल्दछ ।

सन् १९६६ मा अफर र स्याबसिन (Offer /Sabshin) ले एक सर्वेक्षण गरेर सामान्यताको परिभाषा मनोविज्ञान, मनोचिकित्सा, समाजशास्त्र र मानवशास्त्रमा दिएको हामी पाउँछौं ।

**सामान्यता स्वास्थ्यका रूपमा (Normality as Health)**

सामान्यताको साधारण अर्थ 'बिरामी नहुनु भन्ने बुझिन्छ' यदि व्यक्तिमा कुनै कडा बिरामीको लक्षण छैन भने उसको व्यवहारलाई सामान्यता भनिन्छ । तसर्थ सामान्यता भनेको विस्तृत क्षेत्रमा समान रूपले बिरामीमुक्त अवस्था बुझिन्छ ।

**सामान्यता आदर्श रूपमा**

सामान्यताको दोस्रो दृष्टिकोण व्यक्तिको इच्छाएको वा आदर्श अवस्था, जसले ठीक वा औसतजन्य अवस्थाभन्दा आशावादी अवस्थाको वर्णन गर्दछ । सकारात्मक (पोजेटिभ) मानसिक स्वास्थ्यको दृष्टिकोण वा आत्म-अनुभुतिको सिद्धान्तलाई व्यक्तिको मनोवैज्ञानिक विकास भनी व्याख्या गर्दै परिपक्व व्यक्तित्व मान्न व्यक्तिको पूर्ण रूपले कार्य गर्नुपर्दछ भनी भनेका छन् ।

**सामान्यता औसत रूपमा (Normality as average)**

सामान्यताको तेस्रो दृष्टिकोण तथ्यांकको मापनबाट लिइएको छ । यदि कुनै मानवीय गुण मापन गरिन्छ भने त्यसको मान सामान्यतातिर आउँछ वा घण्टाकारको बक्रभित्र आउँछ । प्रायजसो मान केन्द्रतिर आउँछन् र केही बक्रको टाढा एकातिर पर्दछ । तथ्यांकशास्त्रको अवधारणाअनुसार बक्रको दुवैतिरका असामान्य र केन्द्रतिरको सामान्य हुन्छ । हामी केन्द्रको टाढातिरका मानलाई असामान्य भन्दछौं तर कुनै बेला हामी त्यसो भन्दैनौं जस्तै बुद्धि स्तरमापन परीक्षा (IQ test) मा कसैले १५० अंक ल्यायो भने असामान्य भन्दैनौं । तथ्यांकशास्त्रको प्रयोग मानवीय विशेषताहरू वर्णन गर्न अनुसन्धान र निदानात्मक क्षेत्रमा व्यापक रूपमा प्रयोग हुँदै आएको छ ।

**सामान्यता सामाजिक स्वीकृतिका रूपमा (Normality as Socially Acceptable)**

कसैको पनि व्यवहारलाई सामाजिक परिप्रेक्ष्यमा सापेक्षित रूपमा हेरिनुपर्छ । यदि कुनै पनि व्यवहारलाई समाजले स्वीकृत गर्छ, सही ठान्छ भने त्यो सामान्य हो, यदि त्यसलाई स्वीकार गर्दैन भने वा सामान्यताबाट फरक भएको वा टाढिएको हुन्छ भने त्यो असामान्य हो । सन् १९९० तिर मानवशास्त्रीहरूबाट सुरु गरिएको "साँस्कृतिक सापेक्षता" मा यसलाई उजागर गरिएको छ ।

यसका तीन महत्वपूर्ण निष्कर्षहरू–

१. एउटा समाजले सामान्य मानेका केही व्यवहारहरू अर्को समाजका लागि असामान्य हुन सक्दछ ।
२. एउटा समाजले असामान्य मानेका केही व्यवहारहरू अर्को समाजका लागि सामान्य हुन सक्दछ ।
२. कुनै एक साँस्कृतिक परिवेशमा देखिएका मनोवैज्ञानिक बिचलनहरू अर्को साँस्कृतिक परिवेशमा नदेखिन सक्छन् । त्यस्तै सामाजिक मूल्य-मान्यता एकै साँस्कृतिक परिवेशभित्र पनि विभिन्न तह र तप्कामा फरक-फरक हुन सक्छन् ।

**सामान्यता एउटा प्रक्रियाका रूपमा (Normality as Process)**

केही सिद्धान्तहरूले सामान्यतालाई समय परिधिभित्रको प्रक्रियाका रूपमा लिने गरेका छन् । यी सिद्धान्तहरूले जीव विज्ञान तथा मनोविज्ञानलाई विकासशील प्रकृतिका रूपमा लिने हुनाले कुनै पनि व्यवहार जीवनको निरन्तर प्रक्रियामा फरक हुँदै जान सक्छ भन्छन् । सामान्यता एक निश्चित बिन्दुमा स्थायित्व कायम गर्न नभई अस्थायी प्रक्रिया हो । सैद्धान्तिक विश्लेषणका लागि यो दृष्टिकोण महत्वपूर्ण देखिन्छ ।

छोटकरीमा भन्नुपर्दा,

**एउटा व्यक्तिलाई सामान्य भन्न सकिन्छ यदि ऊ औसत छ, उसको व्यवहार स्वीकार्य छ वा ऊ आदर्श परिपक्वताको नजिक छ र स्वस्थ छ वा पूर्ण रूपमा कार्यात्मक छ ।**

(A person can be called normal if he/she is average if he conforms to social norms or if he approximates an ideally mature, healthy, or fully functioning personality.)

असामान्य व्यवहारको अध्ययन विशेष गरेर अस्पताल, क्लिनिकल, प्राकृतिक तथा साँस्कृतिक क्षेत्रमा गरिन्छ ।

**सामान्यताका सीमाहरू (Criteria for Normality)**

सामान्यता र असामान्यता छुट्टाउने अवधारणाका सीमाहरू निम्न प्रकार रहेका छन्–

- आधारभूत समायोजन क्षमता (General Adaptive Capacity) को आधारमा
- आत्म सन्तुष्टि हुने क्षमता (Capacity of Self-gratification) को आधारमा
- अन्तरवैयक्तिक भूमिकामा सन्तुलन (Competence in interpersonal Roles) को आधारमा
- बौद्धिक क्षमता (Intellectual capacity) को आधारमा
- मानिसप्रतिको मनोवृत्ति (Wholsome attitudes towards people) को आधारमा
- उद्यमशीलता (Productivity) को आधारमा
- परिपक्व एकीकरण क्षमता (Mature integration) को आधारमा
- आफूप्रति सकारात्मक धारणाको आधारमा
- भावनात्मक तथा प्रेरणात्मक नियन्त्रण (Emotional and Motivational Control) को आधारमा

**असामान्यता सामाजिक विचलनका रूपमा**

- सामान्यता भनेको धेरै मानिसहरूले स्वीकृत गरेको स्तरीयता हो ।
- असामान्यता भनेको सामाजिक विचलन हो र साँस्कृतिक परिवेशअनुसार फरक पर्न सक्छ ।
- समलिंगी कुनै समाजमा सामान्य मानिन्छ भने अन्यमा असामान्य मानिन्छ ।

**असामान्यता एउटा जैविक समस्याका रूपमा**

- आनुवंशिकताबाट आएको बिरामी अवस्था
- शारीरिक कमी कमजोरीले असामान्य व्यवहार उत्पन्न गराउँछ
- जैविक–रासायानिक असन्तुलनले गर्दा असामान्य व्यवहार हुन जान्छ

**असामान्यता एउटा मनोवैज्ञानिक समस्याका रूपमा**

- असामान्यता एउटा सिकिएको व्यवहार हो ।
- असामान्यता आन्तरिक द्वन्द्वको उपज हो ।

**असामानता सामाजिक–साँस्कृतिक समस्याका रूपमा**

- बाल्यकालमा भएको त्रुटिपूर्ण सामाजिकीकरण : आमाबाबुले अस्वीकार गर्नु, बढी लाडप्यार, अत्यधिक अस्वस्थ प्रतिस्पर्धा, इर्स्या आदिले असामान्यता ल्याउँछ ।
- त्रुटिपूर्ण सामाजिक बनावट : पारिवारिक विग्रह, वा विघटित परिवार, दरिद्रता, बसाइँसराइँ, समूह तनाव वा क्षोभ, पृथकतावाद, वर्णभेद, धार्मिक वा जातीय विभेद आदि ।

**बाल बिजाइँ**

डेलिन्क्वेन्सी (Delinquency) कानुनी शब्द हो; मनोवैज्ञानिक होइन । १८ वर्ष मुनिका मानिसले कानुन विपरीत कार्यहरू गर्दछ भने त्यसलाई डेलिन्क्वेन्सी (बिजाइँ) भनेर भनिन्छ । इसम्यान (Esman) १९७५) का अनुसार बिजाइँ (delinquency) मनोवैज्ञानिक वा चिकित्सकीय शब्द होइन, यो कानुनी शब्द हो, जसले व्यवहारलाई जनाउँछ; व्यवहार देखाउने मानिसलाई होइन । जब ८ देखि १८ वर्षका केटाकेटीले कानुन तोड्दछन्, कानुनी प्रणालीले त्यसलाई 'बाल बिजाइँ गर्नेहरू' (Juvenile delinquency) भनेर ठप्पा लगाउँछ (बुर्क, २०००) । आधाभन्दा बढी यस्ता बालबालिका, जो प्रत्येक वर्ष समातिन्छन्, तिनीहरू पटके (recidivists) हुन्छन् अर्थात् तिनीहरूका पहिले समातिएका अभिलेख हुन्छन् । यो विकृत व्यवहार (disruptive behaviour) भन्दा फरक हो ।

सामाजिक दृष्टिकोणबाट परिभाषित गर्नुपर्दा समाज विपरीत व्यवहार (असामाजिक (anti-social behaviour) सम्बन्धित वा उस्तै लाग्ने समस्याहरू जस्तो कि बिजाइँ (delinquency) कानुन विपरीत क्रियाकलाप गर्ने बालबालिका भन्ने बुझाउने कानुनी शब्द, तथा कन्डक्ट डिस्अर्डर (conduct disorder), मानसिक विकार, जसले मानसिक स्वास्थ्य दृष्टिकोणबाट हुने व्यवहारका रूपमा हेर्दछ। सबै डेलिन्क्वेन्टहरू वा कानुनको सम्पर्कमा आएका बालबालिका मनोविकृत (psychopath) होइनन् ।

आचरणगत विकार (conduct disorder) लाई निरन्तर तथा पटक-पटक देखिने, गम्भीर नियम उल्लंघन गर्ने व्यवहार, जुन धेरैजसो गैरकानुनी हुनुका साथै असामाजिक क्रियाकलाप जस्तै– दुर्व्यवहार वा डकैती आदिका रूपमा परिभाषित गरिएको छ। डी.एस.एम.-४ (अमेरिकी मनोवैज्ञानिक संघद्वारा मनोवैज्ञानिक विकारहरूको वर्गीकरण प्रणाली) ले कन्डक्ट विकारको दुई समस्या (विकार) लाई विकासात्मक रूपले सम्बन्धित भनेर देखाउँछ। ओ.डी.डी. (Oppositional Defiant Disorder) भन्नाले छ महिनासम्म निरन्तर देखिएको नकारात्मक-आक्रामक व्यवहार र भनेको नमान्ने व्यवहारको ढाँचा हो, जसले व्यक्ति (बालबालिका) को जीवन-क्रियात्मकतामा गम्भीर हानि पुऱ्याएको हुन्छ। ओ.डी.डी. खासगरी विद्यालय उमेरका केटाकेटीबीच देखिन्छ र पूर्वकिशोरावस्थामा तथा किशोरावस्थामा आउँदासम्म ओ.डी.डी. अझ गम्भीर खालको डिस्अर्डर (विकार) ए.डी.एच.डी. (Attention Deficient Hyperactive Disorder) का रूपमा देखिन सक्छ। यी दुई विकार छुट्टै भए पनि धेरै कुरा मिल्न जान्छ। एउटा विकार भएको बालबालिकामा (करिब आधाजसोमा) अर्को विकार पनि देखा पर्न सक्छ। यी विकार भएका बालबालिकामा फेरि तेस्रो समस्या सिकाइ विकार (learning disorder) पनि देखिन सक्ने सम्भावना रहन्छ।

कन्डक्ट विकार प्रायजसो ७ देखि १५ वर्षको उमेरमा देखिन्छ (अमेरिकी मनोवैज्ञानिक संघ, २०००)। लगभग १-१०% बालबालिकाहरूले यस्ता ढाँचा देखाउँछन्। सामान्य खालको कन्डक्ट विकार समयसँगसँगै सुध्रिँदै जान्छ। तर गम्भीर मामिलामा वयष्क अवस्थासम्म कहिलेकाहीँ निरन्तर देखिन सक्छ र यो असामाजिक व्यक्तित्व विकार (Anti social Personality Disorder) या अरू मनोवैज्ञानिक समस्याहरू (psychological problems) का रूपमा विकसित हुन सक्दछ (फेमर्स, २००३)।

डी.एस.एम.-४ तेस्रो संस्करणले परिभाषित गरेअनुसार सरसर्ती हेर्दा कन्डकट डिस्अर्डर डेलिक्वेन्सीसँग मिल्दोजुल्दो देखिन्छ। कन्डक्ट डिस्अर्डरको धेरैजसो लक्षणहरू index offenses (जायजेथा वा व्यक्तिविरुद्धका अपराधहरू, जुन जुनसुकै उमेरमा पनि गैरकानुनी हुन्छन्) सँग अवश्य पनि मिल्दछन्। केही नैदानिक पहिचानहरू statues offenses (त्यस्ता क्रियाकलापहरू जो नाबालक भएको हुनाले मात्र गैरकानुनी हुन्छ, उदाहरणका रूपमा घरबाट भाग्नु, विद्यालयमा गयल हुनु आदि) सँग तुलना गर्न सकिन्छ, यद्यपि जुभेनायल डेलिन्क्वेन्सी (बाल बिजाइँ) शब्द कानुनी हो, मानसिक स्वास्थ्य शब्द होइन।

**बालबिजाइँ (डेलिन्क्वेन्ट व्यवहार) लाई व्याख्या गर्ने केही सिद्धान्तहरू**

कुनै पनि व्यक्ति वा बालक किन आपराधिक वा गैरकानुनी क्रियाकलापमा संलग्न हुन्छ भन्ने कुराको जवाफमा विभिन्न जानकारहरूले विभिन्न कुराहरू भनेका छन्, जसमध्ये केहीको चर्चा यहाँ गरिएको छ।

इटालियन मनोचिकित्सक ससरे लोम्ब्रोसोले आफ्नो किताब "द डेलिन्क्वेट म्यान" (१८७६) तथा "द फिमेल अफेन्डर" (१८९३) मा अपराधीहरूमा बिग्रेको जैविक क्रिया (Degenerate biological phenomenon) हुन्छ, जुन शारीरिक लक्षण निरुपणको (Physiognomy) अनुसार पहिचान गर्न सकिन्छ भनेर भनेका छन्। यसअनुसार अपराधीहरूको विभिन्न शारीरिक गुणहरू हुन्छन्, जस्तो नाक तल घुमेको, गालाको हाड उठेको हुनु, कानको लोती नहुनु, मोटो ओठ हुनु, हात लामो हुनु, बाहिर उठेको बंगारा हुनु, आँखीभौं फैलिएको हुनु आदि। जन्मदेखि

नै शिशुहरू यस्ता गुणहरू लिएर आउँछन् भन्ने कुरालाई अहिलेसम्म मान्ने एकदमै थोरै मात्र अध्ययनहरू भएका छन् । वंशाणु-जैविक तथा जैविक-रासायनिक कुराहरूले सैद्धान्तिक रूपमा कुनै व्यक्तिमा विचलित (deviant) व्यवहार देखाउने सम्भावना रहन्छ भनी जैविक सिद्धान्तले भन्दछ ।

**जैविक सिद्धान्त**

जैविक सिद्धान्तले अपराधीहरू तथा डेलिन्क्वेटहरू 'जन्मदेखि नै अपराधी' भन्ने कुरालाई मान्दछ । यस सिद्धान्तअनुसार वंशाणुको कारणले कुनै पनि व्यक्ति अपराधी बन्दैन । तथापि कुनै-कुनै मामिलामा बालबालिका यदि आपराधिकतालाई बढावा दिने जीवन परिवेशमा पर्न गएको खण्डमा, अनैच्छिक शारीरिक (physiological) तथा मानसिक गुणहरूको वंशाणुगत कुराले गैरकानुनी गतिविधिमा संलग्न हुने सम्भावना बढाउन सक्छ । वंशाणुगत व्याख्याले केही परिवारमा अपराध वंशाणुगत हो भन्छ । 'नराम्रो बीउ' सैद्धान्तिक रूपमा एउटा पुस्ताबाट अर्को पुस्तामा सर्छ भन्ने कुरा भन्छ । अपराधतिर ढल्केका जैविक आमा-बाबुका छोराछोरी जुम्ल्याहा तथा बालबालिकाको व्यवहार विश्लेषण गरिएको छ । आपराधिक क्रियाकलापमा संलग्न धर्मपिता वा आमाको तुलनामा जैविक आमा-बाबु, जो अपराधमा संलग्न थिए, तिनका छोरा-छोरी पनि बढी आपराधिक क्रियाकलापतिर ढल्केका पाइयो । एउटा अध्ययनमा २३% डेलिन्क्वेन्टहरू आपराधिक परिवारमा वा अपराध पृष्ठभूमि भएका, समातिएका वा जेल गएका आमा-बाबु भएका परिवारबाट आएका थिए । (रन्जितकार, १९९९)

क्रोमोजोमको जोडी अस्वाभाविक (जस्तो XXY syndrome) भएका व्यक्तिहरू पनि गैरकानुनी क्रियाकलापमा संलग्न हुन्छन् भनी मानिन्थ्यो । अहिले यसले साधारण खालको सामाजिक रूपमा व्यवहार विचलन मात्र देखाउन सक्छ, आपराधिक (गैरकानुनी) क्रियाकलाप होइन भन्ने अनुसन्धानले पुष्टि गरेको छ ।

जिन (gene) वयष्क असामाजिक व्यवहारको विकासमा धेरै महत्वपूर्ण छ; ए.डी.एच.डी. भन्दा ओ.डी.डी. र कन्डक्ट विकारमा भने जिनको प्रभाव कम देखिएको छ । उच्च सक्रियता (hyperactive) तथा ध्यान नदिनु (inattention) प्रत्यक्ष रूपमा वंशाणुगत हुन सक्दछ तर नियम नमान्ने वा मिच्ने अवश्य पनि वंशाणु होइन; कसैले पनि अहिलेसम्म 'अपराध जिन' (crime gene) भन्ने पता लगाएको छैन ।

मस्तिष्क (brain) को खति (damage) ले अति सक्रियता वा ध्यान दिन नसक्ने गराउन सक्दछ तर मस्तिष्कमा अति खति भन्ने चिह्न (hard sign) ए.डी.एच.डी. मामिलामा ५% भन्दा पनि कम पाइएको छ । सुस्त मनस्थिति र बाल–विचलित व्यवहार न्यून बुद्धि स्तर र विचलित (deviant) व्यवहारबीच नजिकको सम्बन्ध छ । साधारण जनसंख्याको भन्दा समातिएका अपराधी तथा बिज्याहाको बुद्धि स्तर १० अंक कम पाइएको छ । बढी बुद्धिमान् मनोविकृतहरूले (psychopaths) यिनीहरूलाई आफ्नो समूहमा सामेल गराउँछन् ।

रिसाहा व्यवहार तथा आत्म चोट सुस्त मनस्थितिमा सामान्य हुन्छ । काठमाडौं उपत्यकामा डेलिन्क्वेन्टहरूको अध्ययनअनुसार १९% बालबालिकाका मानसिक स्वास्थ्य ठीक नभएका अभिभावक थिए । (रन्जितकार १९९९) सुस्त मनस्थितिका बालबालिकालाई अपराधी प्रवृत्तिका व्यक्ति वा समूहले आफ्नो स्वार्थको निम्ति प्रयोग गरिएको देखिएको छ । तिनीहरूमा ठीक र गलत के हो भन्ने नैतिक अवधारणाको ज्ञानमा कमी हुन्छ वा राम्ररी विकसित हुँदैन । धेरैजसो यिनीहरूको सामाजिक पृष्ठभूमि त्यत्ति राम्रो पाइँदैन तथा यिनीहरू कम शिक्षा पाएका हुन्छन् तथा धेरैजसो न्यून साँस्कृतिक क्षेत्रबाट आएका हुन्छन् । समातिने क्रममा पनि त्यत्ति बाठा हुँदैनन् र सजिलै प्रहरीको कब्जामा पर्दछन् ।

### मनोविश्लेषणात्मक सिद्धान्त

मनोविश्लेषणत्मक सिद्धान्तले डेलिन्क्वेन्ट व्यवहारमा बाल्यावस्थाको अनुभवको भूमिकालाई महत्व दिएको छ । मानव जन्मजातै असामाजिक प्राणी हो, जसमा अपरिपक्व अन्तरइच्छा (Id) हुन्छ भन्ने कुरालाई फ्रायडले भनेका छन् । बाल्यावस्थाका नराम्रो, दुखद, आघातजन्य घटनाहरू बालबिजाइँका माध्यम हुन सक्दछन् भनी भन्दछन् ।

### व्यवहारवादी सिद्धान्त

व्यवहारवादी सिद्धान्तले आपराधिक वा बिजाइँ व्यवहार गलत सिकाइ वा अपर्याप्त सही सिकाइको परिणामस्वरूप हुन्छ भनेर मान्दछ । यस सिद्धान्तले बिजाइँ व्यवहार व्याख्या गर्न पुरस्कार तथा सजायलाई विशेष महत्व दिन्छ । नकारात्मक वा गलत (विचलित व्यवहार) लाई पुरस्कारले अझ सुदृढ बनाउँछ किनभने यस सिद्धान्तअनुसार सबै व्यवहार सिकाइको परिणामस्वरूप हुन्छ तथा सिकाइलाई पुरस्कार र दण्ड (सजाय) ले आकृतिकरण गर्दछ । त्यसैगरी उचित (ठीक) व्यवहारले पुरस्कार नपाउँदा वा सजाय दिँदा पनि डेलिन्क्वेन्ट व्यवहार देखा पर्न सक्छ । त्यसैले यसमा अभिभावकको महत्वपूर्ण भूमिका हुन्छ भनी यस सिद्धान्तले भन्दछ ।

### मनोसामाजिक सिद्धान्त

मनोसामाजिक सिद्धान्तहरूले सामाजिक कारकहरूलाई बढी महत्व दिएको पाइन्छ । थुप्रै मनोसामाजिक सिद्धान्तहरूमध्ये केहीबारे चर्चा गरिएको छ ।

### सामाजिक सिकाइ सिद्धान्त

यो सिद्धान्तले व्यवहारमा सामाजिक सिकाइको महत्वलाई जोड दिएको छ । व्यक्तिमा वातावरण तथा सामाजिक अवस्थाको प्रभाव रहेको हुन्छ भन्ने कुरालाई यसले मान्दछ । बालबालिकाहरू अरूलाई प्रत्यक्ष वा वातावरणमा वा सञ्चार माध्यमद्वारा देखेर रिसाहा व्यवहारको सिको गर्दछन् भनी यो सिद्धान्तले व्याख्या गर्दछ । प्रायजसो हिंसात्मक वा गलत व्यवहार अभिभावकबाट सिकिएको हुन्छ भनी विभिन्न अनुसन्धानहरूले भन्दछन् । यो सिद्धान्तले डेलिन्क्वेन्ट व्यवहारलाई कायम राख्न बाह्य पुनर्बल (Reinforcement) तथा आत्म-पुनर्बल (Self reinforcement) (जस्तो व्यक्तिगत प्राप्ति) को ठूलो भूमिका रहन्छ भनी मान्दछ ।

### लेबलिङ सिद्धान्त (Labeling theory)

समाजले आफूप्रतिको नकारात्मक धारणामा (Negative Self Concepts) जति बढावा दिन्छ, त्यत्ति बिजाइँ कार्य/व्यवहार बढ्न जान्छ भन्ने यो सिद्धान्तको आधारभूत मान्यता हो । भन्नुको अर्थ बालक संलग्न रहेको सामाजिक समूहले केही नीति-नियम बनाएको हुन्छ र जो व्यक्ति सो नीति-नियमको उल्लघंन गर्दछ, उसले विचलित व्यवहार गरेको ठहरिन्छ अनि उसलाई त्यस समाजबाट बाहिरी व्यक्ति भनी अलग्याइन्छ । अर्को शब्दमा भन्नुपर्दा यस सिद्धान्तअनुसार एकपटक बालक बिज्याहा भनेर ठहर गरिएपछि सो बालक झन् अझ असामाजिक गतिविधिमा संलग्न हुन सक्ने सम्भावना बढ्छ (Edie र Morley, २००३) । यो सिद्धान्तको व्याख्याअनुसार बिजाइँ गर्ने बालकले एकपटक "बिज्याहा" को भूमिका स्वीकार गरेपछि ऊ त्यस्तै गतिविधिमा लाग्ने व्यक्तिहरूसँग आफूलाई आबद्ध गराउन सक्ने सम्भावना रहन्छ । यो बालकलाई अब उसको आफ्नो घरपरिवार र समाजले नकारात्मक रूपमा हेर्न थाल्दछ र उसले पनि आफूलाई सोही सन्दर्भमा पाउँदछ । सारांशमा बिजाइँलाई दुई पक्षबाट व्याख्या गर्न सकिन्छ, पहिलो- किशोरावस्था आत्मपरिचयको समय हो र यस्तो बालबालिका, जो अपराधीका रूपमा ठहर गराइन्छन्, उनीहरूले सोही कुरालाई आफ्नो परिचय (आत्म-छवि) बनाउन पुग्दछन् । दोस्रो- निरन्तरको बिज्याहाको लेबलिङ (छाप) ले यी बालबालिकालाई झन् बढी गम्भीर गैरकानुनी र गैरसामाजिक गतिविधितर्फ अग्रसर गर्न उत्साहित बनाउँछ । न्यून आर्थिक स्तर बिजाइँको एक कारकको रूपमा हामी पाउँछौ । यो सिद्धान्तअनुसार न्यून आर्थिक अवस्थाका परिवारका बालबालिकाहरू

“बिज्याहा” (deviant) भनी छाप लगाइन्छन् । यसले न्यून आर्थिक अवस्थाका बालबालिका बिजाइँमा किन पर्दछन् भन्ने कुरालाई आंशिक रूपमा यो सिद्धान्तले व्याख्या गर्दछ भनी विज्ञहरू भन्दछन् ।

**स्ट्रेन सिद्धान्त (Strain Theory)**

समाजमा सफल हुनका लागि संस्थागत बाटाहरू (institutionalized path) हुन्छन् । कानुनको घेराभित्र रही सामाजिक मूल्य-मान्यताको आधारमा बनाइएको आफ्नो लक्ष्य प्राप्त गर्न गरिबीमा रहेका व्यक्तिलाई कठिनाइ हुन्छ । यही कठिनाइले गर्दा अपराध हुने गर्दछ भन्ने यो सिद्धान्तको मान्यता रहेको छ । उदाहरणका लागि यिनीहरूलाई शिक्षाको अभावले गर्दा एउटा राम्रो जागिरले दिने सामाजिक स्तर र सम्पत्ति प्राप्त गर्न गाह्रो हुन्छ । अनि यिनीहरूले आफ्नो लक्ष्यको प्राप्तिका लागि आपराधिक माध्यमहरूको प्रयोग गर्ने सम्भावना बढाउँछ । यो सिद्धान्तले न्यून-आर्थिक स्तरका बालबालिकाले न्यून शिक्षा पाउँछन् भन्ने कुरा व्याख्या गर्न सकेको छैन । र अर्को महत्वपूर्ण कुरा धेरै बिजाइँ आर्थिक कारणले उत्प्रेरित हुँदैन भन्ने तथ्यको कुरा यहाँ बेवास्ता गरिएको छ । सर्वसाधारण मानिसलाई व्याकुल पार्ने किसिमका हिंसात्मक अपराधहरू किन बालबालिकाले गर्दछन् भन्ने प्रश्नको जवाफ यस सिद्धान्तसँग छैन ।

**सामाजिक नियन्त्रण सिद्धान्त**

यो सिद्धान्तले मानव व्यवहार प्राकृतिक रूपमा असामाजिक र बिज्याहा हुन्छ भनेर भन्दछ । यसअनुसार ‘हामी सबै जनावर हौं र त्यसैले प्राकृतिक रूपमा आपराधिक क्रियाकलाप गर्न सक्षम छौं तथा मानिसहरूले ‘अपराध’ गर्दछन् किनभने यो उनीहरूको प्रकृति हो । वास्तवमा किन प्रायजसो मानिसहरू अपराध गर्दैनन् भन्ने प्रश्न हुनुपर्दछ । यसले अगाडि भन्छ– यस्ता असामाजिक वा डेलिन्क्वेन्ट व्यवहार सामाजिक नियन्त्रणले नियम बनाएर घटाउन सक्दछ । यस सिद्धान्तअनुसार यदि व्यक्तिका आवश्यकताहरू पूरा भएमा आपराधिक क्रियाकलाप गर्नुको कुनै अर्थ रहँदैन । समाजका सदस्यहरूको एक अर्कासँग सम्बन्ध हुन्छ । व्यक्ति जसै धेरै क्रियाकलापमा संलग्न हुन्छ र सफल हुन्छ अनि व्यक्तिको समस्यामा पर्ने समय कम हुन्छ र नियम/कानुनमा विश्वास गर्दछ । यस दृष्टिकोणले बालबिजाइँमा संलग्न हुनेहरू यो भावनात्मक सम्बन्ध बनाउनबाट चुक्दछन् भन्ने कुरालाई मान्दछ । उनीहरूको सामाजिकीकरणमा यसको कमीले गर्दा पछि गएर आपराधिक क्रियाकलापमा संलग्न हुने सम्भावना बढ्दछ ।

**साँस्कृतिक विचलन सिद्धान्त**

साँस्कृतिक विचलन सिद्धान्तले वातावरणको कारणले बिजाइँ हुन्छ भनी भन्दछ । भौतिक अवस्थाले गर्दा डेलिन्क्वेन्टहरूलाई शारीरिक अस्तव्यस्तता, आर्थिक अस्थिरता, सामाजिक बिरामी (जस्तै शिशु मृत्युदर, मानसिक रोग, जातीय एक्लोपन, बेरोजगारी, विद्यालय छोड्ने) को उच्च सम्भाव्यता बनाउँछ । साँस्कृतिक विचलन क्षेत्रमा हुर्किएका बालबालिकामा आपराधिक जीवन शैली आउन सक्छ र विचलित आनीबानीको सिको गर्न सक्छन् ।

**विभिन्नतापूर्ण सहसम्बन्ध (Differential Association)**

यो सिद्धान्तले समूहको सन्दर्भमा बालबालिकालाई हेर्दछ । अर्थात् दौंतरी दबाब (Peer Pressure) र समूह (Gang) को अस्तित्वले बिजाइँतिर उन्मुख गराउँदछ भनी भन्दछ । आफ्ना बिज्याहा दौंतरीको कारणले बिजाइँतिर अग्रसर गराउँदछ अनि यस्ता साथीहरूबाट बिजाइँका सीपहरू सिक्दछ । यद्यपि कसैलाई बिजाइँ गर्न दबाब दिने नभई बिज्याहाहरू एक अर्काप्रति आबद्ध हुने हुन्छन् । यस सिद्धान्तमा विचलित दौंतरी समूह प्रारम्भमा कसरी बिजाइँ गर्न पुग्दछन् भन्ने कुरा अनुत्तरित नै छ ।

**तार्किक छनाट (Rational Choice)**
पुरातन अपराधशास्त्रले अपराधको कारक व्यक्तिमै हुन्छ, उसको वातारणमा होइन भनी भन्छ । तर्कपूर्ण आत्मरुचिद्वारा बिजाइँहरू अभिप्रेरित हुन्छन् । यो सिद्धान्तले स्वतन्त्र इच्छा शक्तिको महत्व तथा व्यक्तिगत जिम्मेवारीमा जोड दिइएको छ ।

**सामाजिक असंगठन (Social Disorganization)**
यसले संस्कृतिमा जोड दिएको छ । सामुदायिक संस्थाहरू (परिवार, विद्यालय, मठ-मन्दिर वा स्थानीय सरकार, आदि) जब टुक्रिन्छ वा यसको अस्तित्व रहँदैन, त्यतिखेर हिंसात्मक गतिविधि र विचलित व्यवहारहरू देखा पर्दछन् । सामुदायिक सम्बन्ध र पारस्परिक चालचलनले मानिसहरूमा सम्बन्ध सहयोग बढाउँछ ।

**जोखिम तत्वहरू**
किशोरावस्थामा भन्दा १३ वर्ष मुनिका बालबालिकामा गम्भीर आक्रमण बिजाइँ गर्ने जोखिम बढी रहेको पाइएको छ । (Wasseman et al, 2003) । थुप्रै विज्ञहरूको भनाइ छ - बालबालिकालाई जोखिममा पार्न सक्ने कुनै एउटा मात्र नभई थुप्रै तत्वहरू छन् । धेरै बाल बिज्याहाहरूमा जोखिमका साझा तत्वहरू छन् तथापि यी कुराहरू बालकपिच्छे फरक-फरक हुन्छन् । यस्ता जोखिम तत्वहरूमा ध्यान दिनु अति नै आवश्यक हुन्छ तर पनि बिजाइँको जोखिमलाई घटाउने संरक्षक तत्वहरू (Protective Factor) को खोजिनिती गर्नु पनि उत्तिकै आवश्यक छ । यस्तो कार्यले यस्ता बालबालिकाको पुनःस्थापनाका कार्यमा महत्वपूर्ण योगदान दिन्छ ।
जोखिम तत्वहरूलाई सरसर्ती चार भागमा विभाजित गर्न सक्छौं– व्यक्ति, परिवार, दौंतरी र विद्यालय (Child Delinquency, Bulletin Series, May 2003, US Department of Justice)।

**व्यक्तिगत जोखिम तत्वहरू**
माथि उल्लेख गरे झैं बालबालिकाको व्यवहार वंशाणुगत, सामाजिक र वातावरणीय तत्वहरूको परिणामस्वरूप हुन्छ । व्यक्तिगत मनोवैज्ञानिक/व्यावहारिक जोखिम तत्वहरूमा बौद्धिकता आवेग (Impulsiveness) वा सन्तुष्टि प्राप्त गर्न सक्ने चीज वा कार्यमा ढिलाइ/धैर्य गर्न नसक्नु, रिसाहा प्रवृत्ति र छटपटी आदि पर्दछन् (फरिङटन, २००२) । बुद्धिलब्धि (intelligent) कम हुने बालबालिकाले पढाइमा राम्रो गर्न सक्दैनन् । यस्ता बालबालिकामा कम शैक्षिक प्राप्ति, विद्यायलप्रतिको न्यून लगाव र न्यून शैक्षिक उत्साह आदि विचलित व्यववहारका कारक बन्न पुग्ने खतरा रहन्छ । आवेगमा छिट्टै आउने बालबालिका (impulsive) ले आफ्नो व्यवहारको लामो समयसम्म पर्ने प्रभावलाई नियाल्न सक्दैनन्, उनीहरूको आत्म-नियन्त्रणको क्षमतामा कमी हुन्छ अनि आफूलाई सन्तुष्टि प्रदान गर्ने चीज/कार्यहरूको प्राप्तिप्रतिको ढिलाइलाई कुर्न सक्दैनन् । यस्तो कुराले बिजाइँलाई सजिलै निम्त्याउन सक्छ । यद्यपि व्यक्तित्वका यी विभिन्न पक्षहरू दिमागमा भएको कुनै असामान्य कुरा वा कुनै अंशको अक्रियात्मकताले भएको हो भन्ने कुरामा अझै निर्क्योल छैन (फरिङटन, २००२) । अझ अभिभावकको प्रभावले या सामाजिक तत्वहरूको परिणामस्वरूप भएको हो भन्ने कुरा पनि यकिन गरेर भन्न सकिँदैन (ग्राहम र बाउलिङ १९९५) ।

**मानसिक तत्वहरू**
माथि भनिए झै बिजाइँलाई कुनै-कुनै बेलामा कन्डक्ट विकार भनेर लिइन्छ । खासगरी जसमा अनुभूति हुँदैन, जसले आफ्नो वा अरूको सुरक्षा र सम्पत्तिप्रति निरन्तर असम्मान देखाउँछ भने सम्भवतः ऊ कन्डक्ट विकारबाट ग्रस्त भनेर चिनिन सक्छ । यसका लागि मनोचिकित्सा र मनोविद्हरूकहाँ सिफारिस गर्नुपर्ने हुन सक्छ ।

**सामान्य खालको मानसिक रोग/मनस्ताप (Neurosis) तथा बाल विचलन**
डी.एस.एम.-४ ले अन्यत्र वर्गीकरण नगरिएको आवेग-नियन्त्रण विकार (Impulse –Control Disorder Not Else Where Classified) भनी जुवाको लत (आवेगलाई रोक्न नसक्नु), चाहिएर नभईकन चीजबिज चोर्नैपर्ने गरी भित्रैबाट दबाब आउने र चोर्नु (keep to mania), जानेर आगो लगाउनु (pyromania), रिसाहा प्रवृत्तिको आवेग आउनु, आएको आवेगलाई नियन्त्रण गर्न नसक्नु आदि समस्या/विकारहरूलाई समावेश गरेको छ ।

**मनोविक्षिप्त (Psychosis)**
कुनै व्यक्तिलाई समय, मानिस वा स्थानप्रति सही ज्ञान रहँदैन, उसमा सुर हराएको हुन्छ भने उसलाई मनोविक्षिप्त भएको भनेर चिनिन्छ । केही मामिलाहरूमा जस्तै लगभग ३-५% मामिलामा डेलिन्क्वेन्ट व्यवहार मनोविक्षिप्तसँग सम्बन्धित हुन्छ । बान्दुराको अनुसार लामो समयसम्म रहेको नैराश्यले भावनात्मक र सामाजिक पलायनता ल्याउन सक्छ ।

लागु पदार्थ तथा कन्डक्ट विकारका बीच पनि सम्बन्ध छ । धेरै अध्ययनहरूले चिन्ता विकार (anxiety disorder) र कन्डक्ट विकारबीचको सम्बन्ध पनि देखाएका छन् । कन्डक्ट विकार भएका बालबालिकाहरूमा चिन्ता विकार बढ्ने जोखिम रहन्छ । संवेग विकार (mood disorder) तथा असामाजिक व्यवहार किशोरावस्थामा सँगै देखिएर आउन सक्दछ ।
कन्डक्ट विकार भएका बालबालिकाहरूमा विषाद, आत्महत्या वा असामाजिक व्यक्तित्व विकार (Antisocial personality disorder) हुन सक्ने सम्भावना देखिएको छ ।

छारे रोग (Epilepsy) मा पनि रिसाहा व्यवहार देखिन सक्छ, जसले हिंसात्मक क्रियाकलापको जन्म दिन सक्छ ।

**पारिवारिक वातावरण**
अभिभावकको सुपरिवेक्षण, बालक/बालिकालाई अनुशासित बनाउन अपनाइएको तरिकाहरू, परिवारमा द्वन्द्व, परिवारमा बालबालिकाको हेरचाह, दुर्व्यवहार वा बेवास्ता, आमाबाबु-बालबालिकाको सम्बन्ध आदिले बिजाइँ व्यवहारमा प्रभाव पार्दछ (ग्राहम र बाग्लिङ १९९५) । प्राय एकल अभिभावक भएका बालबालिकामा बिजाइँ गर्ने (Attachment), प्रकृतिका बढी देखा पर्दछ । अभिभावकको सुपरिवेक्षण उत्तम किसिमको भएमा केवल एकल अभिभावक भए पनि बिजाइँ व्यवहार देखिँदैन । फरिङटनले भनेका छन्- सुपरिवेक्षणको कमी र बिजाइँबीच एकदम घनिष्ट सम्बन्ध छ ।

बालबिजाइँलाई कुनै एउटा सिद्धान्त वा दृष्टिकोणले मात्र व्याख्या गर्‍यौ भने त्यो अधुरो तथा गलत हुन जान्छ । सो बालक वा बालिकालाई उसैको सन्दर्भमा सबैतिरबाट विश्लेषण गरिनु आवश्यक हुन्छ अनि सही अर्थमा सो व्यवहार गर्नबाट जोगाउन तथा गरिसकेको खण्डमा उसका व्यवहार परिमार्जन गर्न सकिन्छ ।

**न्यायिक प्रणाली : बालबालिकाका लागि तनाव (मानसिक दबाब)**
न्यायिक प्रणाली सामान्यतया वयष्कहरूकै लागि तनावजन्य हुन्छ, बालबालिकाको लागि त झनै अनौठो, नौलो र अपरिचित हुन्छ । कानुनका सामान्य नीतिनियमप्रति नै अनभिज्ञ रहेको हाम्रो जस्तो समाजमा बालबालिकाको न्यायिक प्रणाली र यसका प्रक्रियाबारे ज्ञान हुनु भनेको आजको मितिमा सोच्नै नसकिने विषय हो । त्यसमाथि यो प्रणालीमा छिर्नु बाध्यात्मक स्थिति हो, यसको बेवास्ता गर्न सकिने कुरै भएन । यस प्रणालीभित्र आउनु विरलै हितकारी हुन्छ । हितकारी नहुने एउटा अर्को कारण हो- यो प्रणाली वयष्कहरूका लागि तयार पारिएको र

तिनीहरूबाट चलाइएको हुन्छ; बालमुखी वा बालमैत्री प्रायजसो हुँदैन । छोटकरीमा भन्नुपर्दा मानसिक दबावका सम्भावित स्रोतहरू बालबालिकाले अनुभव गर्न सक्दछ ।

**न्यायिक प्रणालीमा बालबालिकाका लागि दबाव तत्वहरूको नमुना**

स्पेन्सर र फन (Spencer / Fun, 1993) ले न्यायिक प्रणालीमा बालबालिकामाथि दबाव पर्ने तत्वहरू न्यायिक प्रणालीको विभिन्न चरणमा देखा पर्न सक्छ भनी भनेका छन्–

- अपराध
- सुनुवाइपूर्व
- सुनुवाइका बखत
- सुनुवाइपछि

**अपराध आफैंमा**

बालबालिका आफैं पीडित वा साक्षी भएको अवस्थामा ऊ सो घटनाबाट बाहिर निस्किन सकिरहेको हुँदैन । घटनाप्रति डर, रिस, ग्लानि, दुःख र पीडा उसलाई झेल्न गाह्रो भइरहेको हुन सक्छ । यस्तो किसिमको समस्या गम्भीर रूपमा देखियो भने मनोवैज्ञानिक भाषामा यसलाई आघातजन्य घटनापछिको क्षोभ (तनाव) विकार (Post traumatic Stress disorder) भनिन्छ । यस अवस्थामा यस्ता बालबालिकालाई गहन मनोपचार पद्धति चाहिन्छ । सो घटनाको असर बिज्याहा बालकको सहयोग सञ्जाल कस्तो छ भन्ने कुरामा पनि भर पर्दछ । तर पनि निःसन्देह सो बालक/बालिकाको भौतिक र भावनात्मक क्षति अपुरणीय हुन जान्छ ।

**सुनुवाइपूर्व**

सुनुवाइपूर्व बालक/बालिकामा पर्ने मानसिक तथा कानुनी स्रोतहरू उत्तिकै हुन्छन् । यही बेलामा चिकित्सकीय तथा कानुनी जाँच हुने गर्दछ । आफूलाई के भएको भन्ने कुराको केही हेक्का रहने अवस्था हुँदैन । मनमा विभिन्न खाले शंका उपशंका उठ्नु स्वाभाविक नै हुन्छ । अझ घाउमा नुन छर्किएको जस्तो त्यत्ति बेला हुन्छ जब अनुसन्धानकर्ता असंवेदनशील भइदिन्छ र बारम्बार उही वा उस्तै प्रश्नहरू असहानुभूतिपूर्वक गर्न पुग्दछ । यसले गर्दा सो बालक बारम्बार सोही घटना सम्झिन बाध्य हुन्छ, जुन उसका लागि अत्यन्त पीडादायक हुन्छ । ऊ पुनः पीडित (retraumatization) हुन पुग्छ । सञ्चार माध्यममा उसको कथाको प्रसारणले उसको आघातलाई झन् भयानक बनाउने काम गर्दछ ।

सुनवाइपूर्वको समय यस्तो समय हो, जहाँ बिज्याहा बालक सुनवाइको प्रतीक्षामा हुन्छ । यसबीचमा उसलाई सामान्यतया कुनै संरक्षण गृहमा राखिन्छ । आफ्नो परिवार तथा आधारभूत सुरक्षा प्रणालीबाट अलग्याइन्छ, जुन बालकमा डर उत्पन्न गर्ने एउटा प्रमुख अवस्था बन्न जान्छ । जहाँ उसलाई राखिन्छ, त्यो उसको लागि नितान्त नौलो पारिवेश हुन्छ, जहाँ उसका निम्ति थुप्रै प्रतिबन्धित नियमहरू हुन्छन् । सुनवाइको समय कुर्नु अनि त्यसमाथि मुद्दाको कार्यक्रम बदलिरहनु निश्चित रूपमा बालकका लागि दबावपूर्ण परिस्थिति हो । यसबीच पीडक वा पीडितबाट आउने वा आउन सक्ने वास्तविक वा अवास्तविक डर, धम्की बालकका लागि सम्हाल्न ज्यादै कठिन हुन्छ । समग्रमा भन्नुपर्दा यस चरणमा घर आफन्तबाट अलग्ग रहनुपर्दा र नयाँ परिवेशमा आउनुले आधारभूत सुरक्षाको प्रत्याभूतिमा खलल पर्ने, निरन्तर डर, त्रास, भय हुने, छटपटी, निद्रा र रुचिमा गडबढी हुने दिमाग नै खल्बलिएको आदि बालबालिकाले उल्लेख गर्दछन् ।

**सुनुवाइका बखत**

सुनवाइको क्रममा लगिने अदालतको परिवेश बालबालिकालाई नौलो र डर उत्पन्न गर्ने किसिमको हुन्छ । यस चरणमा आवश्यक कागजात तथा प्रमाण जुटाउनुपर्ने कामले व्यक्तिलाई थकाउँछ । सुनुवाइका क्रममा उसले

गर्नुपर्ने प्रतीक्षाले छुट्टै किसिमको तनाव सिर्जना गर्दछ । अदालती प्रक्रिया र यहाँ प्रयोग गरिने भाषासँग पनि बालबालिका अनभिज्ञ हुन्छन् । के हुँदै छ र अब के हुन्छ भन्ने कुराको पनि केही जानकारी हुँदैन । चारैतिर नौला र अपरिपचत मानिसहरूको घुँइचो तथा वयष्क अपराधीहरू र पुलिसहरूको उपस्थितिले उनीहरूका लागि झन् त्रासदीपूर्ण हुन्छ । अझ प्रतिवादीसँगको मुठभेडले बालक /बालिकामा डरको तीव्रता बढाउन सक्छ । यस चरणमै जिरह र बहस पनि हुने हुनाले तनाव बढ्न जान्छ । उसलाई र प्रतिवादीलाई सोधिने प्रश्नहरू त्था आरोप प्रत्यारोपले भयावह स्थितिको सिर्जना गराउँदछ । यस्तो परिस्थितिले बालबालिकामा छटपटी, उत्तेजना, तनाव, अत्यधिक डर, अन्योल र स्तब्धताको अनुभूति गराउन सक्छ । उनीहरू आफ्नो भावनालाई नियन्त्रण गर्न नसक्ने हुन सक्दछन् । थरथर काप्ने, बोल्न नसक्ने, रुने जस्ता प्रतिक्रिया पनि देखाउन सक्दछन् । यस्तो स्थितिमा स्मरण शक्तिमा ह्रास आउनु कुनै अनौठो कुरा होइन । कसैकसैले घटनाको कुनै क्षण वा आफ्नो कुनै व्यक्तिगत कुराहरूसमेत भुल्न सक्छ । अदालती प्रक्रियामा संलग्न हुने पेसागत व्यक्तिहरू सबैले यो कुरा बुझ्नु अत्यावश्यक छ । अर्को कुरा सार्वजनिक स्थानमा बोल्नु पनि तनाव जन्माउने तत्व हुन्छ ।

**सुनुवाइपछि**

सुनुवाइ असफल भयो भने बालक र बालकका आफन्तहरूलाई अदालती प्रक्रिया र न्याय प्रणालीप्रति नै अनास्था हुन जान्छ । व्यर्थमा समय र खर्चको नोक्सान भएको महसुस हुन्छ । आफ्नो पीडा झन् बल्झेको अनुभूति हुन्छ, जीवनभर पीडामा बस्नुपर्ने र कलंकको निरन्तरता भएको महसुस हुन्छ । बालक/बालिकालाई परिवारले आफूलाई सुरक्षा दिन नसकेको महसुस हुन्छ र परिवारका सदस्यहरूप्रति रिस उठ्छ । उसको आत्मविश्वास खस्किन्छ, आफू काम नलाग्ने लाग्छ, आफू र अरूप्रति विश्वास गुमाउँछ, ग्लानिको अनुभूति हुन्छ । व्यावहारिक पक्षबाट हेर्दा अनुगमनको अभाव हुन सक्छ । यदि सुनुवाइ सफल देखिन आयो भने एउटा ठूलो खड्को पार गरेको अनुभूति हुन्छ, सम्पूर्ण अदालती प्रक्रियाबाट आफू निवृत्त भएको महसुस हुन्छ, बालक र उसको परिवारले राहतको अनुभव गर्दछन् । बालकले केही चीज प्राप्त गरेको अनुभव गर्दछ । न्याय प्रणालीमा उसको विश्वास दृढ बन्छ । विगतका कुराहरूबाट अलिकति भए पनि मुक्तिको अनुभव हुन्छ र ऊ भविष्यका लागि आफूलाई मानसिक रूपमा उन्मुख बनाउन सक्छ । तर स्मरणयोग्य कुरा के हो भने यी सबै चरणहरूमा मनोसामाजिक स्वास्थ्य पेसाकर्मीको सहयोग विशेष महत्वपूर्ण हुन्छ ।

# ८. बालबालिकासँग सञ्चार-संवाद : केही सन्दर्भ र सिकाइहरू

**१.विषयको उठान**

सञ्चार-संवाद एकआपसमा सूचना र जानकारी लेनदेन गर्ने माध्यम हो । सञ्चार-संवादले नै मानिसहरूका बीचमा अन्तरवैयक्तिक तथा सामाजिक सम्बन्धको विकास गराउन र यसलाई नियमितता दिन योगदान दिन्छ । एकजना मानिसको दैनिकीको अधिकांश समय अरूहरूसँग आमने-सामने भएर कुराकानी गर्न, टेलिफोनबाट कुराकानी गर्न, चिठीपत्र वा इमेल लेख्न वा पढ्नमा बितिरहेको हुन्छ । त्यसैगरी मानिसहरू अरूका कुराकानी सुन्न, प्रश्न गर्न, पढ्न र लेख्न, अरूलाई हेर्न, बुझ्न अनि अनुभवहरू तथा अनुभूतिहरू आदान-प्रदान गर्न प्रशस्त समय बिताइरहेका हुन्छन् । यसर्थ सञ्चार-संवाद मानिसको व्यक्तिगत, सामाजिक, बौद्धिक र व्यावसायिक जीवनको एक महत्वपूर्ण अंग हो ।

सञ्चार मानिसहरूलाई एकापसमा सम्बन्धित बनाउने कडी हो । सञ्चारले मानिसहरूको बीचमा घनिष्टता, आत्मीयता अनि विश्वास बढाउँछ । सञ्चार-संवादले मानिसको आत्मविश्वास समेत बढाउँछ । सञ्चार-संवादको अहम् सूत्र भनेको यसका पक्षहरूले एक अर्कालाई सहज रूपमा बुझ्नु र त्यसमा स्वाभाविक रूपमा सहभागी हुनु हो । कतिपय सञ्चार-संवादमा यसका पक्षहरूलाई त्यो सञ्चार-संवाद बुझ्न असजिलो हुन्छ र अस्वाभाविक हुन सक्दछ । विषेशतः सञ्चार-संवादका पक्षहरूको उमेर, परिपक्वता, शारीरिक वा मानसिक अवस्था, बुझाइको स्तर तथा उनीहरूको सामाजिकीकरण आदि कुराहरूमा फरक भएमा सञ्चार-संवाद सहज नहुन सक्दछ । त्यसैगरी सञ्चार-संवादको विषय, सन्दर्भ वा परिवेश, सञ्चारको तरिका वा सीप आदिजस्ता कुराहरूले पनि सञ्चार-संवादमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ ।

विभिन्न उमेरका बालबालिकासँग उपयुक्त हुने किसिमबाट गरिने सञ्चार-संवादलाई बालबालिका-संवेदी (Children Sensitive) सञ्चार-संवादका रूपमा बुझ्न सकिन्छ । बालबालिका-संवेदी सञ्चार-संवादमा एक पक्षका रूपमा रहेका बालबालिकाले सञ्चारलाई सहजै बुझ्न सकून् त्यसमा सहभागी हुन सकून् भनेर विशेष हेक्का राखिन्छ । बालबालिकाको उमेर, बढ्दो शारीरिक वा मानसिक परिपक्वता, लिंग, शब्द भण्डार, उनीहरूको परिवेश वा सामाजिकीकरण, शैक्षिकस्तर, अनुभवहरू वा भोगाइहरूले उनीहरूसँगको सञ्चार-संवादलाई प्रभावित गर्दछ । त्यसैगरी बालबालिकासँग गरिने सञ्चारका विधि वा तरिकाहरू पनि महत्वपूर्ण हुन्छन् ।

प्रस्तुत लेखमा बालबालिकासँगका सञ्चारका बारेमा केही सैद्धान्तिक पक्षहरूको चर्चा गरिनुको साथसाथै व्यावहारिक सन्दर्भ तथा सिकाइहरूलाई केलाउने प्रयास गरिएको छ । साथै लेखमा कानुनी विवादमा परेका वा पीडित बनाइएका बालबालिकासँग न्याय निरुपणको प्रक्रियाका विभिन्न चरणहरूमा गरिने सञ्चार-संवादलाई आधार मानेर बालबालिका-संवेदी सञ्चारबारे छलफल गरिएको छ ।

**२. बालबालिका र बाल्यकाल : विविधतायुक्त अवस्था**

नेपालका कानुनहरूले सामान्यतया १६ वर्ष उमेर नपुगेका व्यक्तिहरूलाई 'बालबालिका' भनेर परिभाषित गरेको पाइन्छ[१२७]। यद्यपि नेपालले अनुमोदन गरेको संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धि १९८९ लगायत बालबालिकाको मानव अधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय महासन्धिहरूले १८ वर्ष मुनिका व्यक्तिलाई बालबालिका भनेर परिभाषित गरेका छन्। 'उमेर' बालबालिकालाई परिभाषित गर्ने एक महत्वपूर्ण आधार हो। अर्थात् एक निश्चित उमेर नपुगेसम्म व्यक्तिमा शारीरिक र मानसिक परिपक्वता आइसकेको हुँदैन र उनीहरू स्वतन्त्रपूर्वक निर्णय लिन सक्षम भइसकेका हुँदैनन्। त्यसैले उनीहरू वयष्कहरूको तुलनामा केही विशेष अधिकारका हकदार हुन्छन् र केही कानुनी दायित्वबाट उन्मुक्ति पउन सक्दछन् भन्ने मान्यता छ।

१६ वर्ष वा १८ वर्ष मुनिका बालबालिकामा पनि ज्यादै ठूलो विविधता हुन्छ। नवजात शिशु, दुई वर्ष मुनिका, पाँच वर्ष मुनिका, १२ वर्ष मुनिका र माथिका उमेरका बालबालिकामा विकासको स्तर, परिपक्वता तथा स्वाभावजन्य विविधताहरू पाइन्छन्। त्यसैले बालबालिका सबै एकै हुन् भन्न मिल्दैन। उनीहरूमा हुने थुप्रै विविधताहरूलाई बालबालिकासँगको सञ्चार-संवादमा विशेष ध्यान दिइनुपर्दछ।

बालबालिकामा रहने भिन्नतालाई बालक वा बालिकाको (क) व्यक्तिगत भिन्नता, (ख) बाबुआमा वा परिवारको आधारमा हुने फरक र (ग) उसको परिवेशको आधारमा हुने भिन्नताको आधारमा विश्लेषण गर्न सकिन्छ। बालक वा बालिकाको व्यक्तिगत भिन्नतालाई उसको उमेर, लिंग, विकासको स्तर, सक्षमता (अपांगता भएको वा नभएको), विद्यालय शिक्षा पाएको वा नपाएको, परिवारमा बसेको वा आफैं स्वतन्त्र रूपमा बसेको (जस्तो सडकमा आश्रित बालबालिका), श्रममा संलग्न भएको वा नभएको आदिजस्ता कुराहरूले निर्धारण गर्दछ। त्यस्तै बालक वा बालिकाको जन्मको क्रम (जेठो वा कान्छो छोरो वा छोरी), बहन गर्नुपर्ने जिम्मेवारी, उसले पाएका अवसरहरूले उसमा भिन्न खालका गुण तथा स्वभाव विकसित भएका हुन्छन् र विविधता देखिन्छ।

परिवारको आधारमा हेर्दा खासगरी धनी वा गरिब परिवारमा जन्मेको, सहर वा ग्रामीण क्षेत्रमा बसोबास गर्ने, शिक्षित वा अशिक्षित आमाबाबुबाट वा परिवारमा जन्मेको, समाजमा उच्च वा निम्न जात ठानिने परिवारमा जन्मेको, खास धर्म वा सम्प्रदाय मान्ने परिवारमा जन्मेको, कुनै खास पेसा वा व्यवसाय गर्ने परिवारमा जन्मेको आदिका आधारमा विविधता देखिन्छ। त्यस्तै समाजमा परिवारको खास हैसियत (जस्तै कि अल्पसंख्यक, सीमान्तकृत, आदिवासी तथा दलित परिवार, आन्तरिक रूपमा विस्थापित परिवार, शरणार्थी परिवार आदि) ले पनि बालबालिकामा भिन्नता हुन्छ। त्यसैगरी, बाबु वा आमा वा परिवारको कुनै सदस्य एच.आई.भी./एड्स संक्रमित भएको हुनुले पनि बालबालिकामा विविधता जन्माउँछ।

बालक वा बालिकाले बाल्यकालमा पाएको अवसर र अनुभवहरूको आधारमा पनि उनीहरू फरक हुन्छन्। परिवार तथा समाजमा भएको बालबालिकाको सामाजिकीकरण, उसमा विकास गराइएको गुण वा स्वाभाव पनि महत्वपूर्ण हुन्छ। सानै उमेरदेखि श्रममा संलग्न हुनुपरेका बालबालिका, कुनै किसिमको शोषण वा दुर्व्यवहारमा परेको बालबालिका, बाबु-आमा वा अभिभावक नभएका बालबालिकामा अलग्गै खालका विविधता देखिन्छ।

यसरी बालक वा बालिकाले विविध रूपमा आफ्नो बाल्यकाल भोगेका हुन्छन् र उनीहरूको बाल्यकाल पनि फरकफरक हुन्छन्। बालक वा बालिकाले भोगेको 'स्वाभाविक बाल्यकाल' र 'खोसिएको बाल्यकाल' ले उनीहरूको बाल्यावस्था र भावी वयष्क जीवनको खाका कोरिएको हुन्छ। यसर्थ बालबालिकासँग वा उनीहरूका

---

[१२७] उदाहरणको लागि बालबालिकासम्बन्धी ऐन २०४८ को दफा २ (क) हेर्नुहोस्।

लागि काम गर्दा एउटै मात्र बाल्यकाल नभएर विविध खालका बाल्यकालहरू हुन्छन् भन्ने कुरा राम्ररी बुझ्नुपर्दछ । कुनै बालक वा बालिकाको जीवनको खास ढाँचा बनाउनमा उसले आफूलाई, अरुहरूलाई वा समाजलाई हेर्ने आफ्नो दृष्टिकोण बनाउनमा उसले बाल्यकालमा पाएको सहयोग वा उसमा आएको विचलन (Deviation) ले महत्व राख्दछ । यसर्थ बालबालिकासँग सञ्चार-संवाद गर्दा उसको व्यक्तिगत, पारिवारिक र परिवेशजन्य पृष्ठभूमिलाई केलाउनुपर्दछ ।

**३. बालबालिकाको विकासको आधार र अधिकारका रूपमा सञ्चार**

**क) बाल विकासको आधारका रूपमा सञ्चार**

हामी सबैलाई थाहा भएकै कुरा हो कि सञ्चारमा दुई वा बढी पक्षहरू हुन्छन्, विषय हुन्छ र माध्यम हुन्छ । सञ्चार-संवादमा अभिव्यक्ति हुन्छ, त्यसलाई सुनिन्छ, बुझिन्छ, प्रश्न गरिन्छ, सुनिएको वा बुझिएको छ भनेर प्रतिक्रिया (वा रेस्पोन्स) गरिन्छ र सोको पुनर्पुष्टी गरिन्छ । साथै सञ्चारमा एक पक्षले अर्को पक्षलाई कुराकानी गर्न अभिप्रेरित गरिन्छ । यो सबै भएपछि सञ्चारको एक चक्र पूरा हुन्छ । यसैले सञ्चार-संवादले सोच, विचार वा भावनाहरूका साथ मनिसहरूलाई एकअर्कामा सम्बन्धित बनाउँछ । यसले मानिसहरूलाई आपसमा घनिष्ट बनाउन, उनीहरूलाई एक अर्काका बारेमा सरोकार राख्ने बनाउन र आपसी सहयोगका लागि काम गर्ने वातावरण तयार गर्न सहयोग गर्दछ ।

मानव समुदाय एक्लै बाँच्न सक्दैन र प्राकृतिक रूपमा नै एक अर्कामा निर्भर हुन्छन् । सामाजिक रूपमा हेर्ने हो भने मानिसहरूलाई जीवन बाँच्नका लागि सामाजिक सहयोग आवश्यक हुन्छ, उनीहरू एकअर्कामा अन्तरनिहित हुन्छन् । यसैगरी मानिसहरूका आफ्ना ज्ञान, सीपहरू र बुझाइ अनि सिकाइहरूलाई आदान-प्रदान गर्न सञ्चार आवश्यक हुन्छ । अझै संवेगात्मक रूपमा मानिसहरूले एकअर्कालाई राम्रोसँग बुझ्न, एकअर्कालाई सहयोग गर्न र सहयोग लिन सञ्चार आवश्यक हुन्छ । यसरी हेर्दा व्यक्तिको व्यक्तिगत, सामाजिक, बौद्धिक तथा संवेगात्मक विकासको महत्वपूर्ण आधार भनेको नै सञ्चार-संवाद हो । सञ्चारले नै ज्ञान, सीप र सुझबुझको आदान-प्रदान गर्दछ अनि व्यवहार परिवर्तन गर्न सघाउँछ । त्यसैले सञ्चार-संवाद नभएमा मानव विकास सम्भव छैन ।

बाल्यकाल मानवजीवनको जग हो अनि वृद्धि र विकासको तीव्रतम अवस्था हो । बालबालिकाले सकारात्मक सञ्चार-संवादका लागि जति बढी अवसर पाउँदछन् सोही अनुपातमा उनीहरूको विकासमा योगदान पुग्दछ । बालबालिकाले सञ्चार-संवादको माध्यमबाट नै भाषा, बोली, व्यवहार, मूल्य तथा मान्यता सिकिरहेका हुन्छन् । स्वाभाविक रूपमा बालबालिका वयष्कको तुलनामा बढी कुराकानी गर्न तम्सन्छन् किनभने सञ्चार-संवाद नै उनीहरूको सिकाइको प्रमुख स्रोत हो । सञ्चार-संवाद उनीहरूको सामाजिकीकरणको विधि पनि हो । अनि यसले उनीहरूको समग्र विकास प्रक्रियालाई सहयोग पुऱ्याइरहेको हुन्छ । सञ्चारले बालबालिकालाई भावनात्मक रूपमा सुरक्षाको अनुभूति दिन्छ । यसले उनीहरूलाई आफू परिवार तथा समाजमा महत्वपूर्ण व्यक्ति हुँ भन्ने कुराको अनुभूतिसमेत गराउँदछ । वयष्कहरूका धारणा तथा व्यवहार (जुन सामान्यतया सञ्चारका माधयमबाट प्रतिविम्बित भएको हुन्छ) ले वर्तमानमा बाबालिकाको सामाजिकीकरणलाई खास आकार दिइरहेको हुन्छ र भविष्यमा वयष्कका रूपमा उनीहरू आफूले निर्वाह गर्नुपर्ने भूमिकाबारे निश्चित बुझाइ बनाउन योगदान दिइरहेको हुन्छ ।

वयष्कहरूमा जसरी नै बालबालिकाका आफ्ना भावनाहरू, संवेग तथा अनुभवहरू हुन्छन् । 'तपाई आफ्नो जीवन र आफ्नोबारेमा आफैं प्रोफेसर हुनुहुन्छ' भन्ने मान्यतालाई आत्मसात गर्ने हो भने आफ्ना भावनाहरू, संवेग तथा अनुभवहरूबारे सबैभन्दा बढी स्वयं बालबालिका नै जान्दछन् । यसलाई उचित किसिमबाट अभिव्यक्त गर्न सञ्चार-संवाद गर्नुपर्छ । त्यसैगरी बालबालिकाले वयष्कलाई र समाजमा आफ्ना सोच वा विचारहरू दिएर

र आफ्ना समस्याहरूको समाधान खोज्नमा मद्दत गर्न सक्दछन् । त्यसका लागि बालबालिकालाई सक्षम बनाउने खालको वातावरण हुनु आवश्यक हुन्छ ।

**ख) बालबालिकाको अधिकारका रूपमा सञ्चार**

संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धि १९८९ ले बालबालिकाको सूचना जानकारी पाउने अधिकार र विचार अभिव्यक्तिको अधिकारको व्यवस्था गरेको छ । यस महासन्धिमा व्यवस्था भएका सञ्चारसम्बन्धी अधिकारहरूलाई देहायअनुसार चर्चा गरिएको छ–

***ख.१ उचित जानकारीको प्राप्तिको अधिकार***

महासन्धिको धारा १७ मा राज्यपक्षहरूले 'बालबालिकाको सामाजिक, आध्यात्मिक र नैतिक हितमा शारीरिक एवं मानसिक स्वास्थ्य संवर्द्धनको उद्देश्य राखी राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्रोतको विविधताबाट बालबालिकाले जानकारी र सामग्री प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनेछन्' भन्ने व्यवस्था छ । यसका लागि राज्यपक्षहरूले '(क) सार्वजनिक प्रचार माध्यमलाई ... बालबालिकाको सामाजिक र साँस्कृतिक हित हुने खालको सूचना र सामग्री प्रचार-प्रसार गर्न, (ख) साँस्कृतिक, राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्रोतको विविधताबाट प्राप्त हुने जानकारी र सामग्रीको उत्पादन, आदान-प्रदान र वितरणमा अन्तरराष्ट्रिय सहयोगलाई बढाउन, (ग) बाल पुस्तकहरूको उत्पादन र वितरण गर्न र (घ) सार्वजनिक प्रचार-प्रसार संस्थाहरूलाई अल्पसंख्यक समुदाय वा आदिवासी बालबालिकाको भाषिक आवश्यकतालाई विशेष ध्यान दिन' प्रोत्साहन दिनुपर्दछ । त्यस्तै राज्यपक्षहरूले 'बालबालिकाको हितलाई आघात पुऱ्याउने खालका जानकारी तथा सामग्रीबाट तिनको संरक्षण गर्नका लागि सही मार्गदर्शनको विकास' गर्नुपर्दछ ।

***ख.२ बालबालिकासँग कुराकानी वा सञ्चार गरिनुपर्ने***

महासन्धिले अन्य कुराहरूको अतिरिक्त देहायका प्रावधानको कार्यान्वयनका सन्दर्भमा बालबालिकासँग अनिवार्य रूपमा सञ्चार गरिनुपर्दछ भनी किटान गरेको छ–

- बाबु-आमा वा परिवारबाट अलग भएका वा पारिएका बालबालिकाका अधिकार तथा आवश्यकताहरूको परिपूर्ति गर्दा उनीहरूलाई 'आफ्नो कुरा भन्ने अवसर प्रदान गरिनेछ' (धारा ९ र १०) ।
- 'आफ्ना धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूसँग सम्बद्ध विषयमा स्वतन्त्र रूपले आफ्ना विचार व्यक्त गर्न पाउने' अधिकार छ । बालबालिकाको 'त्यस्तो विचारलाई उसको उमेर र परिपक्वताअनुसार उचित मान्यता दिइनेछ' (धारा १२) ।
- 'बालबालिकालाई अभिव्यक्तिको स्वतन्त्रता हुनेछ । यस अधिकारभित्र 'सबै प्रकारका जानकारीहरू र विचारहरू खोज्न, प्राप्त गर्न, प्रदान गर्न र यसलाई मौखिक, लिखित, मुद्रित रूपमा, कलाका रूपमा वा बालबालिकाको रुचिअनुसार कुनै पनि प्रचार माध्यमद्वारा अभिव्यक्त गर्ने स्वतन्त्रता समावेश हुनेछ' (धारा १३) ।

***ख.३ गोपनीयताको अधिकार***

महासन्धिमा 'बालबालिकाको निजीपना, परिवार, घर वा पत्राचारमाथि बलजफ्ती वा गैरकानुनी हस्तक्षेप गरिने छैन न त उनीहरूका मर्यादा-इज्जतमाथि नै गैरकानुनी आक्रमण गरिनेछ' भन्ने व्यवस्था गरिएको छ । 'यस्तो हस्तक्षेप र आक्रमणको विरुद्ध कानुनी संरक्षण पाउने बालबालिकाको अधिकार हुनेछ' (धारा-१६) ।

**४. बालबालिका र वयष्ककाबीचको सञ्चारमा भिन्नता**

बालबालिका र वयष्कको बीचमा उमेर र शारीरिक वा मानसिक परिपक्वताको भिन्नता भएका कारण उनीहरूसँगको सञ्चार पनि भिन्न हुन्छ । यसको साथै बालबालिका र वयष्कमा शब्द भण्डार, उनीहरूको परिवेश

वा सामाजिकीकरण, शैक्षिकस्तर, अनुभवहरू वा भोगाइहरूको आधारमा विविधता हुन्छ । त्यसैगरी बालबालिका र वयष्कको बीचमा हुने शक्ति सम्बन्ध (Power Relations) ले पनि उनीहरूसँगको सञ्चार-संवादमा प्रभाव पार्दछ । कतिपय अवस्थामा वयष्क र बालबालिकाका स्वभावजन्य विशेषताहरूले समेत भिन्नतालाई आधार दिइरहेको हुन्छ ।

स्वभावजन्य विशेषताहरू केलाउँदा के पाइन्छ भने सामान्यतया सानो उमेरका बालबालिका सत्य बोल्दछन् । बालबालिका विवरणात्मक रूपमा सरल कुराहरू गर्न रुचाउने स्वभावका हुन्छन् । बालबालिका सामान्य वा दैनिक बोलीचालीका शब्द चयन गर्न मन पराउँछन् र सानासाना कुराहरूमा रमाउँछन् । यसको ठीक विपरीत वयष्कहरू विश्लेषणात्मक एवं जटिल कुराहरूमा बढी विश्वास गर्दछन् । त्यस्तै उनीहरू विशिष्ठ शब्द, पदावली वा वाक्यगठन गरी ठूला र गम्भीर विषयहरूमा कुराकानी गर्न बढी रुचाउँछन् ।

बालबालिका र वयष्कका बीच सञ्चारसम्बन्धी व्यवहारमा पाइने केही खास फरकहरूलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ (तथापि व्यक्तिव्यक्तिका बीचमा हुने विशिष्ट प्रकृतिका फरकपनलाई समान्यीकरण गर्न सकिँदैन भन्ने कुरामा सदैव हेक्का राखिनुपर्दछ) :

**बालबालिका (Children)**

१. बालबालिकालाई विषयवस्तु वा कुराकानीमा छिट्टै सम्बन्ध बनाउन कठिनाइ पर्दछ ।

२. बालबालिकाले सधैं सबै कुराहरू बुझिरहेका हुन्छन् भन्ने जरुरी छैन ।

३. बालबालिकाले पनि कहिलेकहीँ वयष्कका भाषा वा वयष्कले सुन्न चाहेको कुराहरू बोल्दछन् ।

४. बालबालिकाले अमिल्दा किसिमका सूचना वा जानकारी दिन सक्दछन् । उनीहरू आफ्ना कुराहरूलाई सिलसिलेवर रूपमा प्रस्तुत गर्न नसक्ने हुन्छन् ।

५.बालबालिकाले अन्तर्वार्ताकारको क्षमता तथा अख्तियारीलाई जाँच वा परीक्षण गर्दछन् ।

६. बालबालिकाले सामान्यतया परिवार वा समुदायको समग्र हितलाई कुराकानीको केन्द्रबिन्दुमा राख्दछन् ।

७. बालबालिका कुराकानी वा अन्तर्वार्ताका लागि अनौपचारिक परिवेश मन पराउँछन् (जस्तै खेल खेल्दाको समय वा अन्य यस्तै क्षणहरू आदि) ।

**वयष्क (Adults)**

१. तुलनात्मक रूपमा वयष्कहरूले सञ्चारको सन्दर्भ वा परिवेशलाई उचित किसिमबाट बुझ्दछन् ।

२. वयष्कहरूले के बोल्दा उपयुक्त वा उचित हुन्छ भन्ने कुरा विचार गरेर सोही अनुसारको बोली बोल्दछन् ।

३. सामान्यतया वयष्कहरू वास्तविकतासँग सम्बन्धित भएर बोल्दछन् । तर ऊ आफैं गलत काममा संलग्न भएको अवस्थामा परिस्थितिलाई आफ्नो पक्षमा पार्ने खालका बोली बोल्दछ ।

४. सामान्यतया वयष्कले व्यवस्थित रूपमा सूचना प्रदान गर्दछन् तर त्यस्तो सूचना कुनै एक पक्षमा मात्र केन्द्रित भएको हुन सक्दछ ।

५. वयष्कहरूले सामान्यतया अन्तर्वार्ताकारको क्षमता तथा अख्तियारीलाई जाँच वा परीक्षण गर्दैनन् ।

६. वयष्कहरूले अधिकांस अवस्थामा आफ्नो हित वा फइदालाई केन्द्रबिन्दुमा राख्दछन् ।

७. वयष्कहरू सामान्यतया औपचारिक परिवेश मन पराउँछन् । कतिपय कठिन अवस्थामा त्रास वा डरको

८. बालबालिकासँगको सम्बन्ध विस्तार (Rapport or trust building) गर्न र त्यसलाई कायम राख्न नियमित भेटघाट गर्नुपर्दछ । यसो भएमा बालबालिकाबाट थप सूचना जानकारी पाउन वा प्राप्त सूचनाहरूमा थप विवरण पाउन सकिन्छ ।

९. बालबालिकाले कतिपय अवस्थामा अन्तर्वार्ताकारले के कुरा सुन्न चाहेको हो ठ्याक्कै त्यही कुरा बोलिदिन्छन् ।

स्थिति बनेमा वा बनाइएमा मात्र वयष्कले सूचना वा जानकारी दिन्छन् ।

८. वयष्कहरूलाई बालबालिकाका सम्बन्धमा जस्तो नियमित अनुगमन वा फलोअप आवश्यक नहुन सक्दछ ।

९. खतराको अवस्था आइपरेमा वयष्कहरू अन्तर्वार्ताकारका प्रश्नहरूबाट टढिन वा भाग्न सक्दछन् वा प्रश्नहरूलाई अन्यत्रै मोडिदिने प्रयत्न गर्दछन् ।

## ५.बालबालिकासँग गरिने प्रभावकारी सञ्चारका आधारभूत पक्षहरू

### क) बालबालिकासँग प्रभावकारी सञ्चार

बालबालिकाको बढ्दो उमेर, शारीरिक वा मानसिक परिपक्वता, शब्द भण्डार, उनीहरूको सामाजिकीकरण, शैक्षिकस्तर, अनुभवहरू वा भोगाइहरूलाई हेक्का राख्दै सञ्चारका विधि वा तरिकाहरूको उपयुक्त किसिमबाट उपयोग गरी उनीहरूसँगको सञ्चारलाई प्रभावकारी बनाउन सकिन्छ ।

**प्रभावकारी सञ्चार**

कुनै व्यक्तिले बोलेको अर्थात व्यक्त गरेको कुरालाई सोही अर्थमा सुन्ने वा प्राप्त गर्ने व्यक्तिसम्म पुऱ्याउने, उसले सोही अर्थमा बुझ्यो वा बुझेन भन्ने सुनिश्चित गर्ने र उसको प्रतिक्रिया समेत लिने कार्यलाई प्रभावकारी सञ्चार भनिन्छ । प्रभावकारी सञ्चारमा प्रयोग गरिने भाषा, हाउभाउ आदि सुन्ने व्यक्तिको आवश्यकताअनुसारको बनाइएको हुन्छ । प्रभावकारी सञ्चारमा दोहोरो कुराकानी हुने भएकाले कुराकानी गर्नेहरूका बीचमा सम्बन्ध विस्तार हुन्छ । त्यसो भएकाले प्रभावकारी सञ्चारमा जति नै जटिल विषयमा कुराकानी गर्दा पनि सहज हुन्छ र सञ्चारका पक्षहरूलाई एकअर्काका समस्या, भावना तथा संवेगप्रति संवेदनशील बनाउँदछ । यस्तो सञ्चारमा आफूलाई आवश्यक सूचना, जानकारी, सल्लाह वा सुझाव कसरी खोज्ने र अरूलाई अप्ठ्यारो परेको बेलामा कसरी सूचना जानकारी दिने भन्ने ज्ञान र सीप हुन्छ । यसको कारण सञ्चारका पक्षहरूले उचित निर्णय लिन समेत सक्दछन् ।

बालबालिकासँग प्रभावकारी सञ्चार गर्दा ध्यान पुऱ्याइनुपर्ने महत्वपूर्ण पक्षहरू देहायअनुसार छलफल गरिएको छ–

### *क. १ बालबालिकाबारे बुझाइ*

कतिपय अवस्थामा बालबालिकाप्रति वयष्कको बुझाइ पूर्ण भएको हुँदैन र उनीहरूलाई वयष्कहरूजस्तै पूर्ण मानवका रूपमा व्यवहार गरिँदैन । वास्तवमा बालबालिकामा पनि वयष्कहरूमा जस्तै आफ्ना सोच, विचार, भावना वा संवेगहरू हुन्छन् तर त्यसलाई उनीहरूले आफ्नो उमेर तथा बढ्दो परिपक्वताअनुसार फरक किसिमबाट अभिव्यक्त गरिरहेका हुन सक्दछन् । सामान्यतया बालबालिका कुनै पनि समाजमा वयष्कहरूसँगको शक्ति सम्बन्धमा पुछारमा रहेका हुन्छन् । शक्तिसम्बन्धको यस्तो स्वरूपले अधिकांस अवस्थामा बालबालिकालाई वयष्कसँग कुराकानी गर्नमा बाधा सिर्जना गर्दछ । यसले बालबालिकाका सिकाइका अवसरहरूमा बाधा-अवरोध सिर्जना हुनुको साथै उनीहरूको समग्र विकास प्रक्रियालाई नै नकारात्मक रूपमा प्रभावित गरिरहेको हुन्छ ।

### *क.२ बालबालिकासँगको सञ्चारको सुरुवात*

बालबालिकासँग कुराकानी सुरु गर्नुअघि उनीहरूप्रतिको बुझाइ स्पष्ट हुनु जरुरी छ। यसका लागि सञ्चारका पक्ष बालक वा बालिकाबारे पृष्ठभूमिका तथ्यहरूबारे जान्नु जरुरी हुन्छ। कुराकानी गर्ने वयष्कले कुराकानी गर्ने सो बालक वा बालिकाले- तपाईलाई किन विश्वास गर्नुपर्दछ त, तपाईप्रतिको उसको दृष्टिकोण वा धारणा के छ ? आदिजस्ता पक्षहरूमा स्व-विश्लेषण हुनु जरुरी हुन्छ। यसका साथसाथै बालबालिकासँग कुराकानी गर्दा (हामी वयष्कले) देहायका पक्षहरूमा उचित ध्यान पुऱ्याउनुपर्दछ–

- के आफ्नो भाषा वा अभिव्यक्तिको शैली मैले कुरा गरिरहेको बालक वा बालिका अनुरूप हुनेगरी प्रयोग गरेको छु ?
- के म कुराकानीमा आफ्ना दृष्टिकोणसहितका विचार (Judgmental view) नदिने कुरामा सजग/सतर्क छु ?
- आफूले ठीकसँग बुझेको छु वा छैन भन्ने कुरालाई मैले समय-समयमा परीक्षण गरिरहेको छु ?
- आफूले ध्यानपूर्वक सुनिरहेको छु भन्ने कुराको महसुस मैले कुराकानी गरिरहेको बालक वा बालिकालाई दिइरहेको छु ?
- बालबालिकासँगका सञ्चारमा के मेरो अनुभवहरू तथा एक्स्पोजर पर्याप्त छन् ? के मैले विगतका सिकाइहरूलाई उचित रूपमा उपयोग गरिरहेको छु ?
- के मैले गरेको सञ्चारको सन्दर्भ सो बालक वा बालिकाको उमेर, परिपक्वता वा विकासको स्तर अनुरूप भएको छ ?

यसका साथै बालबालिकासँग सञ्चार सुरु गर्नुपूर्व बालक वा बालिकामा भएका भय, डर वा त्रासलाई हटाउने प्रयत्न गर्नुपर्छ। बालक वा बालिका हुर्के बढेको परिवेशको विविधतालाई सकेसम्म बुझ्ने र बालबालिकालाई एक साँस्कृतिक व्यक्तिका रूपमा बुझ्ने अर्थात उसँगको कुराकानी वा अन्तर्वार्तामा उसको साँस्कृतिक परिवेशलाई ख्याल गर्नु उत्तम हुन्छ। यसको साथै बालक वा बालिकाले अरूहरूलाई बुझ्न वा घुलमिल हुन पाएको अवसर (Exposure), शिक्षाको स्तर तथा उसको लैंगिक भिन्नतालाई बुझ्ने प्रयास हुनुपर्छ। कुराकानी गर्ने वयष्कले बालबालिका र वयष्ककाबीचको शक्ति-सन्तुलनलाई बुझी त्यसलाई व्यवस्थित गर्नुपर्छ। यस्तै बालक वा बालिकाले सञ्चार वा कुराकानीमा कस्तो भाषाको प्रयोग गर्दछ सोको ध्यान राखेर सञ्चार गर्दा वातावरण बालक वा बालिकाका लागि सहज बनी उनीहरू खुलेर कुराकानी गर्ने अवस्था बन्दछ।

### *क.३ बालबालिकासँग सञ्चार गर्ने सीप वा विधिहरूबारे परिचित हुनु*

बालबालिकासँग कुराकानी वा सञ्चार गर्न खास सीप वा विधिहरू आवश्यक हुन्छन्, जसले फरक-फरक उमेर र पृष्ठभूमिका बालक वा बालिकालाई आफ्ना विचार वा धारणा अभिव्यक्त गर्न सक्षम बनाउँदछ। बलबालिकासँगका सञ्चारका लागि आवश्यक सीप वा तरिकाहरू वयष्कसँगका भन्दा फरक हुन्छन्। बालबालिकासँग सञ्चार गर्दा उपयोगी हुने विधिहरूले खासगरी बालबालिकाका देहायका अवस्थाहरूलाई उचित रूपमा संवोधन गर्नुपर्दछ–

- बालबालिकाका उमेर, लिंग, लैंगिक भूमिका
- बालबालिकाको विकासको चरण वा अवस्था
- बालबालिकाका अनुभवहरू तथा उसले पाएको एक्सपोजर
- बालबालिकाको पारिवारिक, सामाजिक-साँस्कृतिक तथा आर्थिक पृष्ठभूमि
- बालबालिकाको खास अवस्था (जस्तै कि आफैं वा एक्लै बसिरहेको बालक वा बालिका, परित्यक्त बालक, सडकमा रहेको वा कामदार बालक आदि)
- बालबालिकाको उसको परिवार र समुदायसँगको सम्बन्ध तथा त्यहाँबाट उसले पाएको व्यवहार
- बालबालिकाको शैक्षिकस्तर

- बालबालिकाको सक्षमता (अपांगतामा भएको बालक वा बालिका),
- स्वाभाविक बाल्यकाल बिताएको वा शोषण तथा दुर्व्यवहारमा परेको बालक वा बालिका आदि ।

***क.४ बालक वा बालिकालाई स्व-अभिव्यक्तिका लागि सहजीकरण***

बालक वा बालिकासँग सञ्चार-संवाद गर्दा उसलाई उपयुक्त वा मैत्री हुने खालको आवाजको गति, शरीरको हाउभाउ वा प्रस्तुति तथा उपयुक्त मात्रामा आँखाको सम्पर्क गरिएको हुनुपर्छ । के विश्वास गरिन्छ भने सञ्चारको ५८ प्रतिशत सफलता उपयुक्त खालको आवाज (Tone of Voice) मा निर्भर रहन्छ । बालबालिकासँग कुराकानी गर्ने वयष्कले सञ्चारका लागि उपयुक्त वातावरण बनाउन सहजीकरण गर्ने जिम्मेवारी बहन गर्नुपर्दछ । राम्रोसँग सहजीकरण गर्न  नसकिएमा बालबालिकासँग स्वाभाविक वा प्राकृतिक (Natural) रूपमा कुराकानी गर्न सकिँदैन ।

यसैगरी कुराकानीको क्रममा ध्यानपूर्वक सुन्नु र बालबालिकालाई राम्रोसँग सुनिरहेको छ भन्ने कुरा देखाउनु वा महसुस गराउनु जरुरी हुन्छ । यसका लागि बालक वा बालिकाका भावनाहरूको सम्मान गर्ने र बालक वा बालिका बोलिरहेको बेलामा रोकावट नगर्ने वा त्यसमा बिघ्नबाधा खडा नगर्ने सुनिश्चितता हुनुपर्छ ।

**ख) प्रभावकारी सञ्चार-संवादका बाधाहरू**

सञ्चारका पक्षहरूबीचका आ-आफ्ना नीति अवस्था, व्यवहार, आग्रह वा पूर्वाग्रह तथा उचित ज्ञान, सीप र अभ्यासका कमीमा कारण सञ्चार-संवादमा व्यवधान खडा हुन्छन् । बालबालिकासँगको सञ्चारमा भाषा वा शब्दको स्तर, भेदभावजन्य कारणबाट उत्पन्न बाधा, असान्दर्भिक विषय वा सन्देशको अस्पष्टता, शैक्षिकस्तरमा भिन्नता, पूर्वाग्रही व्यवहार, संवादका पक्षहरूका बीच आत्मिक सम्बन्ध (र्‍यापोर्ट) नहुनु, सञ्चारका लागि उपयुक्त वातावरण नहुनु आदिजस्ता कुराले बाधा अवरोध सिर्जना गर्दछ । प्रभावकारी सञ्चारमा बाधा ल्याउने कारकहरूमध्ये केहीलाई यहाँ छलफल गरिएको छ–

**ख.१ तहगत वा पदगत बाधाहरू** (Hierarchical Barriers)

यसमा वयष्क र बालबालिका, हाकिम वा कारिन्दा, ठूलो पदको वा सानो पदको, धेरै पढेको वा नपढेको वा कम पढेको लागायतका कारणहरू अर्थात् तह वा पद वा कुनै खास हैसियत वा अवस्थाका कारण उत्पन्न हुने बाधा-व्यवधानहरू पर्दछन् ।

- ***होच्याउने बानी :*** सञ्चारका पक्षहरू वक्ता वा श्रोताले आफू अर्कोभन्दा उक्त विषयमा विज्ञ छु भन्ने ठानेमा सञ्चार प्रभावकारी हुँदैन । त्यस्तै एकले अर्कोलाई होच्याउने वा तल पारेर कुराकानी गरेमा पनि सञ्चारमा बाधा आउँदछ । सञ्चारका पक्षहरू बालबालिका र वयष्क भएको अवस्थामा वयष्कले बालबालिकालाई हेप्ने वा होच्याउने गर्दा कुराकानीमा बालबालिकाको रुचि मर्दछ । वयष्कहरूले आफूलाई बालबालिकाभन्दा बुज्रुक देखाउन थाले भने बालबालिका कुराकानीबाट पन्छन सक्दछन् ।

**ख.२ सञ्चारका साधन वा माध्यमका बाधाहरू** (Channel Barriers)

यसमा भाषा, सञ्चारका लागि आवश्यक उचित किसिमको वातावरणलगायत कुराहरू समेतलाई समेट्न सकिन्छ :

- ***भाषा तथा बोलीको आवाज :*** सञ्चार-संवाद गर्ने भाषा (शब्द, वाक्य, र भाव वा अर्थ) बुझ्न सकिने खालको छैन भने पनि राम्रोसँग संवाद गर्न सकिँदैन । यदि संवाद गर्ने व्यक्तिको बोलीको टोन वा गति

श्रोतामैत्री (Audience Friendly) छैन भने त्यसले प्रभावकारी सञ्चारमा व्यवधान खडा गर्दछ । त्यस्तै कुनै व्यक्तिले आफूलाई राम्रोसँग नआउने भाषामा बोल्न परेमा पनि कुराकानी प्रभावकारी हुँदैन (खासगरी आफ्नो मातृभाषाको मात्र ज्ञान भएका वयष्क तथा बालबालिकासँग कुराकानी गर्दा यसमा खास हेक्का राखिनुपर्दछ) । यस्तो अवस्थामा दोभासे राखेर कुराकानी गर्नपर्ने अवस्था पनि आउन सक्छ ।

- ***उपयुक्त वातावरणको अभाव :*** सञ्चार गरिने स्थानमा हल्लाखल्ला छ वा बोलिएको कुरा सुन्न र बुझ्न सकिने किसिमको वातावरण छैन भने पनि सञ्चार प्रभावकारी हुँदैन ।

**ख.३ क्षमता (ज्ञान, सीप र धारणा) सम्बन्धी बाधाहरू** (Competence—knowledge and skills— Barriers) यसमा सञ्चार वा संवादकर्ताका ज्ञान, सीप र धारणासम्बन्धी सबै पक्षहरू समावेश गर्न सकिन्छ :

- ***बोल्न र सुन्नमा उचित सन्तुलन कायम गर्न नसक्नु :*** सामान्यतया वयष्कहरूमा बालबालिकाका कुरा सुन्ने धैर्यता कम हुन्छ । उनीहरू बालबालिकाले भन्न खोजेको कुरा 'आँ गर्दा अलंकार बुझें' भन्ने शैलीमा बालबालिकासँग प्रस्तुत भएमा त्यसले प्रभावकारी सञ्चारमा बाधा पुग्दछ । त्यसैगरी बालबालिकाले केस्रा-केस्रा गरेर बोलिरहेको बेलामा 'ए, तिमीले यसो भन्न खोजेका हौ' भनेर मुठ्ठा पारिदिने गर्नाले बालबालिकासँगको सञ्चारमा व्यवधान खडा गर्दछ ।

- ***बालबालिकासँग सञ्चार गर्ने सीपको अभाव :*** कतिपय अवस्थामा वयष्कहरूसँग बालबालिकासँग कुराकानी गर्ने, अन्तर्वार्ता लिने वा छलफल चलाउने खास सीपको अभाव भएमा सञ्चारमा बाधा आउँछ । त्यस्तै बालबालिकालाई अनुरूप हुने खालका विधि वा तौरतरिकामा दक्षता नहुँदा पनि उनीहरूसँगको कुराकानी प्रभावकारी नहुन सक्छ ।

- ***सबै कुरा नै नसुनी निष्कर्षमा पुग्ने वा आफ्नो धारणा दिइहाल्ने :*** कुनै विषयमा कसैले केही भन्न लागेको छ भने उसको सबै कुरा नै नसुनी निष्कर्षमा पुग्ने वा त्यसमा आफ्नो धारणा व्यक्त गरिहाल्ने बानीले पनि प्रभावकारी सञ्चारमा बाधा आउँछ । यसो गर्दा न त एक अर्काका कुरा राम्ररी सुनिन्छ न त उनीहरूको बीचमा सम्बन्ध नै राम्रो हुन्छ ।

**ख.४ आचरण वा व्यवहारगत बाधाहरू** (Behavior —and/or attitude—Barriers)
कुनै व्यक्तिका बारेमा आग्रह वा पूर्वाग्रह भएको अवस्था, आफ्नैबारेमा अति मूल्यांकन गरेको अवस्था आदिलाई यसअन्तर्गत लिन सकिन्छ :

- ***पूर्वाग्रह :*** सबै मानिसले आफूले पाएको सूचना वा जानकारी वा भोगेका अनुभवका आधारमा अरू व्यक्ति वा विषयबारे आफ्ना धारणा बनाएका हुन्छन् । वक्ताले भन्न खोजेका कुरामा पूर्वअनुमान गर्दा वा वक्ताबारे पूर्वाग्रह (जस्तै कि उसको उमेर, सामाजिकस्तर, जातजाति, शैक्षिकस्तर, अवस्था आदिका आधारमा त्यो वक्ता यस्तो वा उस्तो भन्ने) बनाइएमा त्यसले सञ्चारमा बाधा ल्याउँछ । त्यसैगरी सञ्चारका पक्ष(हरू) अरूका कुराहरू सुन्नुपर्दछ भन्ने मान्यता नै राख्दैनन् भने उनीहरूसँग सञ्चार-संवाद गर्न सफल हुन सकिँदैन ।

- ***आपसी प्रतिस्पर्धा :*** सञ्चार-संवादका पक्षहरू सो विषयमा एक अर्कामा प्रतिस्पर्धी हुन् वा उनीहरू आत्म-केन्द्रित (Self Centered) भएर मात्र कुराकानी गर्दछन् भने यसले स्वाभाविक सञ्चारमा बाधा आउँछ ।

यसको अलावा अन्तर्वार्ताका पक्षहरू अन्तर्वार्ताका लागि पूर्ण रूपमा तयार नभएको वा उनीहरू अन्य कुराहरूमा चिन्तित भएको कारण पनि प्रभावकारी सञ्चार नहुन सक्छ । जस्तै–

- ***रिस उठेको बेला वा अरू काममा व्यस्त भएको बेला गरिएको सञ्चार :*** सामान्यतया कुनै पनि व्यक्ति रिसाएको समयमा र अरू नै काममा व्यस्त भएको बेलामा प्रभावकारी सञ्चार हुन सक्दैन । त्यस्तै कुराकानीको बेलामा आफ्ना समस्याहरूलाई मनमा खेलाइरहने तर त्यसलाई व्यक्त नगर्ने प्रवृत्तिले पनि सञ्चारमा बाधा आउँछ ।

- ***डर र लाज वा चिन्ताको अवस्था :*** व्यक्तिगत तथा मनोसामाजिक समस्याका कारण चिन्तामा रहेका अवस्थामा कुनै पनि वयष्क वा बालबालिकासँगको सञ्चार-संवाद प्रभावकारी नहुन सक्छ । त्यस्तै मानिसहरू आधारभूत आवश्यकतामा पिल्सिरहेका वा दबावमा (समय, वा अन्य कुनै बाध्यताको कारण) रहेका अवस्थामा पनि प्रभावकारी सञ्चारमा बाधा पुग्दछ ।

बालबालिकासँगका सञ्चार संवादमा वयष्कहरूमा खासगरी तहगत वा पदगत बाधाहरू र आचरण वा व्यवहारगत बाधाहरू प्रमुख रूपमा देखिने गर्दछन् । त्यसैगरी धेरैजसो अवस्थामा वयष्कमा खास क्षमता अर्थात ज्ञान, सीप र धारणाको कमी पाइन्छ । प्रभावकारी सञ्चारका लागि यी अवस्थाहरूलाई सकेसम्म कम गर्न वा निमिट्यान्न पार्न कोसिस गर्नुपर्दछ । बालबालिकासँगका सञ्चार-संवादका सन्दर्भमा यी र आउन सक्ने अन्य खालका बाधा व्यवधानहरूको समाधानमा खासगरी वयष्कहरूले उचित ध्यान पुऱ्याउनुपर्दछ ।

**६.कानुनी विवादमा परेका बालबालिकासँग न्यायप्रशासनका सन्दर्भमा गरिने सञ्चार**

**क) कानुनी विवादमा परेका बालबालिकाको अधिकार**

संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धि १९८९ को धारा ४० को प्रावधानअनुसार 'आरोपित अभियुक्त वा फौजदारी कानुनको उल्लंघन गरेको भनी मानिएका बालबालिकालाई निजको मर्यादा र महत्वको भावनालाई संवर्द्धन गर्ने किसिमबाट, तिनीहरूको मनमा अरूहरूको मानव अधिकार र मौलिक स्वतन्त्रताप्रतिको आदर जागृत हुने एवं पुनःस्थापना तथा समाजमा तिनको सिर्जनात्मक भूमिकाको संवर्द्धन हुने वाञ्छनीयतालाई ध्यानमा राखी व्यवहार गर्नुपर्नेछ' । यसो गर्दा बालबालिकाको देहायका अधिकारको सम्मान गरिनुपर्दछ–

- निजका विरुद्ध लगाइएका अभियोगको सम्बन्धमा तुरुन्त र प्रत्यक्ष रूपमा निजलाई र उचित भएमा निजका बाबु-आमा वा वैधानिक अभिभावकमार्फत जानकारी गराइने र आफ्नो प्रतिरक्षाको तयारी र प्रस्तुतिमा कानुनी र अन्य उचित सहयोग पाउने (४०.२),
- कानुनी वा अन्य उचित सहायता लिने व्यक्तिको उपस्थितिमा सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक संस्थाबाट कानुनबमोजिम यथेष्ठ सुनुवाइ पश्चात सो कुराको निष्कर्ष हुने तथा यस्तो सुनुवाइ बालबालिकाको उच्चतम हितको विपरीत नहुने भएमा तिनको उमेर र अवस्थाको समेत विचार गरी निजको बाबु-आमा वा वैधानिक अभिभावकको उपस्थितिमा हुनुपर्ने (४०.३),
- बयान गर्न कर नलगाइने, सावित हुन कर नलगाइने, विपरीतमा बक्ने साक्षीहरूको जिरह गर्ने वा गर्न लगाउन र आफ्नो पक्षका साक्षीहरूलाई विपक्षीसरहको समान स्थितिमा सम्मिलित गराउने र बयान गराउने अवसर दिने (४०.४)।
- प्रयोग गरिएको भाषा निज बालबालिकाले बुझ्न नसक्ने वा बोल्न नसक्ने रहेछ भने भाषा रूपान्तर गर्ने निजको निःशुल्क सहयोग पाउने (४०.६) ।

यसैगरी बालन्याय (कार्यविधि) नियमावली २०६३ ले तहकिकातसम्बन्धी व्यवस्था (नियम ४), सोधपुछ (नियम ५), जानकारी दिनुपर्ने (नियम ७), मुद्दाको सुनुवाइ (नियम १२), प्रमाण बुझ्ने (नियम १३), तथा साक्षी बुझ्ने (

नियम १४), अन्तर्गत कार्य गर्दा बालक वा बालिकामैत्री हुने किसिमबाट गर्नका लागि आवश्यक व्यवस्था गरेको छ । यसको मतलव यसबाट बालबालिकालाई कमसे कम मात्र हानि पुगोस् भन्ने मनसाय राखिएको पाइन्छ ।

**ख) जोखिम अवस्थामा रहेका वा तनावको स्थितिमा रहेका बालबालिका र उनीहरूसँगको सञ्चार**

जोखिम वा कठिन अवस्थामा रहेका बालबालिका विद्यमान सामाजिक समस्याका कारणबाट पीडित बनाइएका बालबालिका हुन् । त्यसकारण जोखिम अवस्थामा रहेका बालबालिकालाई समस्याका रूपमा हेरिनुहुँदैन । बरु उनीहरूलाई त्यस अवस्थामा पुऱ्याउन बाध्य पार्ने सामाजिक समस्याका कारकहरूलाई सम्बोधन गरिनुपर्दछ । यो तथ्य हो कि कोही पनि मानिसहरू वा बालबालिका आफू कठिन वा जोखिम अवस्थामा रहूँ भन्ने चाहन्नन् तथापि केही बालबालिका कुनै खास परिस्थितिमा बाँच्न बाध्य भएका छन् । त्यसकारण कठिन वा जोखिम अवस्थामा हुनु कुनै पनि बालक वा बालिकाको गल्ती होइन । स्वाभाविक रूपमा यो कुनै पनि बालक वा बालिकाको छनोट पनि होइन । कठिन वा जोखिम अवस्थामा रहेका बालबालिका पनि सामान्य अवस्थामा हाम्रो घर परिवारमा रहेका बालबालिकासरह नै आफ्ना आवश्यकताहरू, भावनाहरू र भविष्यका आशाहरू रहेका हुन्छन् । सबै बालबालिकालाई आफ्नो बाल्यकालको सुखद अनुभूति पाउने अधिकार हुन्छ । त्यस्ता अधिकार पूरा गर्नका लागि बालबालिकालाई सहयोग गर्ने उनीहरूलाई दुर्व्यवहार वा शोषणबाट मुक्त भएर जीवनको राम्रो सुरुवात गर्ने अवसर दिने कर्तव्य हामी वयष्कहरूको हुन्छ ।

**जोखिम अवस्थामा रहेका वा तनावको स्थितिमा रहेका बालबालिकासँग व्यवहार गर्दा तथा सञ्चार गर्दा** देहायका कुराहरूमा ध्यान पुऱ्याउनु उपयोगी हुन्छ–

***ख.१ बालबालिकाका तनावपूर्ण व्यवहारबारे अध्ययन***

बालबालिकाले देखाएको व्यवहार, उनीहरूले भोगेका वा अनुभव गरेका तनावपूर्ण घटनाबारे महत्वपूर्ण सूचक हुन् । तनावमा रहेका बालबालिकासँग सञ्चार गर्न खास सीप आवश्यक पर्दछ र कतिपय अवस्थामा विशिष्टीकृत तालिम प्राप्त विशेषज्ञहरूको सेवा आवश्यक हुन्छ । किनभने बालबालिकाका अनुभवहरू तथा भोगाइहरूले उनीहरूसँगको सञ्चारमा कठिनाइ ल्याउन सक्दछ । त्यसैगरी अन्तर्वार्ताकारका सीपको अभावका कारण पनि सञ्चारमा कठिनाइ आउन सक्दछ । तनावमा रहेका बालबालिकालाई कुनै पनि किसिमका मनोसामाजिक थेरापी वा मनोविमर्श सेवा उपलब्ध गराउँदा अति नै संवेदनशील हुनुपर्छ । त्यसका लागि बालबालिकाको साँस्कृतिक पक्षहरूको गहिराइसम्म पुग्नुपर्दछ र त्यस्तो सेवा बालबालिकासँग सुहाउँदो खालको हुनुपर्दछ ।

***ख.२ बालबालिकामा भएका तनावका लक्षणहरूबारे जानकार हुनु***

बालबालिका तनाव भएका बेला कुनै पनि कुराहरूमा रुचि नहुनु र त्यसमा शक्ति नहुने, वयष्क वा अरू बालबालिकासँग समेत सम्बन्ध नराखी एक्लै बस्ने र परिचित व्यक्तिहरूसँग अत्यधिक रूपमा झुम्मिने हुन्छन् । यसैगरी लामो समयसम्म रहेको दिक्दारीपन वा सामान्यीकरण गरिएको चिट्चिटाहट, खानेकुरामा अरुचि वा अमन हुनु, अनिन्द्रा वा निन्द्रामा गडबडीले पनि बालबालिका तनावमा रहेको जनाउँछ । अझ निरन्तर टाउको दुख्ने वा मनोगत समस्या वा जटिलताहरू, कुनै पनि कुरामा केन्द्रित हुन नसक्नु, बेचैनी, एक्कासि मुड परिवर्तन हुनु, अनुपयुक्त खालको यौनव्यवहार, रिसाहपन वा विध्वंसात्मकपन, हिंसासहितका पूर्वमान्यतामा अडिग, दुःख मानिरहनु वा खेलमा सामेल नहुनु पनि तनावमा रहेको लक्षण हो ।

तनावमा रहेका बालबालिकासँग सञ्चार-संवाद गर्दा सो बालक वा बालिकालाई आफ्नो गतिमा कुराकानी गर्न दिने र यसका लागि बालक वा बालिकालाई पर्याप्त समय दिने गर्नुपर्छ । सो बालक वा बालिकालाई भावनात्मक सहयोग र उत्साह प्रदान गर्ने र बालक वा बालिकाको रिस वा दोषी ठान्ने जस्ता संवेगहरूलाई व्यक्त गर्न दिई स्वाभाविक रूपमा स्वीकार गर्नु आवश्यक हुन्छ । बालबालिकालाई कहिल्यै पनि झुठा आश्वासन दिनुहुँदैन ।

कठिन अवस्थाका बारेमा कुराकानी गर्नाले सो बालक वा बालिकालाई तिनको समाधान खोज्नमा सक्षम बनाउन सक्दछ । कहिलेकहीँ उनीहरूलाई पछुतो व्यक्त गर्न अवसर दिनु पनि आवश्यक हुन सक्दछ ।

***ख.३ कठिन अवस्थामा रहेका बालबालिकालाई कमसेकम हानि पुगोस् भन्ने कुरामा सजग हुने***

पहिले नै जोखिममा रहेका बालबालिकालाई थप जोखिममा पार्नुहुँदैन । संवेदनशील विषयमा अन्तर्वार्ता लिँदा सकेसम्म बालबालिकालाई कम हानि पुग्ने गरी सञ्चालन गरिनुपर्दछ । वयष्क र बालबालिकाबीचको शक्ति-सम्बन्धलाई व्यवस्थित गर्नु नितान्त आवश्यक हुन्छ । वयष्कका प्रश्नहरूले पहिले ख्याल नगरिएका पक्षहरूमा समेत बालबालिकालाई संवेदनशील बनाउन सक्दछ । बालबालिकालाई उनीहरूका भावना तथा संवेगलाई अभिव्यक्त गर्न अवसर दिनुपर्छ । बालबालिकाका सूचना वा जानकारीलाई गोप्य राख्ने कुरामा विश्वास दिलाउनुपर्छ र त्यसलाई पालना गर्नुपर्छ । सञ्चार-संवादका लागि बालबालिकासँग कुनै वयष्कको उपस्थितिमा अन्तर्वार्ता लिने हो वा एक्लै भन्ने कुराको निर्क्योल गर्नु जरुरी छ ।

बालबालिकाका कुनै जोखिमी अवस्था वा तनावको स्थिति जटिल खालका हुन सक्दछन् । त्यस्तो अवस्थामा बालबालिकासँग कुराकानी गर्न विशेष ज्ञान, सीप र दक्षता भएका विशेषज्ञहरू जस्तै सामाजिक कार्यकर्ता, मनोविमर्शकर्ता वा मनोसामाजिक कार्यकर्ता, मनोवैज्ञानिकको सेवा लिनु आवश्यक पर्दछ । यस्तो परिस्थितिमा विशिष्टीकृत सेवा प्रदायकको सेवा लिन हिच्किचाउनुहुन्न । र म यो वा त्यो हुँ मैले सबै कुरा गर्न सक्छु भन्ने धारणा राख्नुहुन्न । विशेषज्ञ सेवाले सो बालक वा बालिका र बालन्याय प्रक्रिया दुवैलाई फाइदा पुऱ्याउँछ । सकेसम्म बाल न्याय प्रक्रियाका अधिकारीहरूले आफ्नो कार्य क्षेत्रमा उपलब्ध हुन सक्ने विशेषज्ञको सूची तथा सम्पर्क ठेगाना अग्रिम रूपमा तयार गरिराख्नुपर्दछ ।

ग) **बालबालिकासँग न्याय निरुपणका सन्दर्भमा सञ्चार गरिनुपर्ने अवस्थाहरू**

बालक वा बालिका सम्बन्धित भएको मुद्दाको तहकिकातको सम्बन्धमा, सोधपुछका क्रममा, प्रमाण वा साक्षी बुझ्ने वा मुद्दाको सुनुवाइका अवस्थाहरूमा बालबालिकासँग सञ्चार-संवाद गरिनुपर्दछ । यी प्रत्येक चरणहरूमा भिन्नभिन्न व्यावसायिक व्यक्तिहरू जस्तै कि प्रहरी अधिकृत, अनुसन्धान वा तहकिकात गर्ने अधिकारी, अदालतका कर्मचारीहरू, पक्ष वा विपक्षको वकिल, न्यायाधीशले बालबालिकासँग सञ्चार गर्नुपर्दछ ।

बालक वा बालिकासँग गरिनुपर्ने सञ्चार-संवादका सम्बन्धमा कानुनमा विभिन्न व्यवस्था भएको पाइन्छ र बाल न्याय निरुपणमा प्रत्यक्ष रूपमा सम्बन्धित हुने अधिकारीहरू बालबालिकासँग के कसरी व्यवहार गर्ने तथा सञ्चार-संवाद गर्ने भन्ने बारेमा जानकार हुनु वाञ्छनीय देखिन्छ । देहायका उप-दफाहरूमा कानुनी विवादमा परेका बालबालिकासँग न्याय निरुपणका सन्दर्भमा व्यवस्था भएका राष्ट्रिय कानुन तथा नियमावलीका व्यवस्थाहरूलाई उल्लेख गरिएको छ–

***ग.१ बालबालिकासम्बन्धी ऐन, २०४८ मा भएका व्यवस्थाहरू***

- कुनै बालकको चरित्रमा आघात पर्ने किसिमको निजको व्यक्तिगत घटना, विवरण वा फोटोको प्रकाशन, मुद्रण, प्रदर्शन वा वितरण गर्न हुँदैन । (दफा १६.३)
- बालकसम्बन्धी कुनै मुद्दाको कारबाही चल्दा कानुन व्यवसायी, बालकको बाबु, आमा, नातेदार वा संरक्षक र मुद्दा हेर्ने अधिकारीले उपयुक्त देखी अनुमति दिएमा बालकको हकहित संरक्षण गर्ने कार्यमा संलग्न कुनै व्यक्ति वा सामाजिक संस्थाको प्रतिनिधि इजलासमा उपस्थित हुन सक्नेछ ।
- बालकसम्बन्धी मुद्दा तथा सोसँग सम्बन्धित घटनाको विवरण मुद्दाको तहकिकात गर्ने वा मुद्दा हेर्ने अधिकारीको अनुमति बेगर कुनै पत्रपत्रिकामा प्रकाशन गर्न पाइने छैन । यस्तो प्रतिबन्ध संवाददाता तथा संवाद प्रतिनिधिको हकमा समेत लागू हुन्छ । (दफा ४९.१ र २)

- प्रहरी कार्यालयले कुनै कसुरको अभियोगमा पक्राउ परेको बालकको नाम, ठेगाना, उमेर, लिंग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, निजले गरेको कसुर तथा त्यस सम्बन्धमा कुनै कारबाही चलाइएको भए सोसम्बन्धी विवरण खुलाई गोप्य रूपमा तथ्यांक राख्नुपर्छ र त्यस्तो तथ्यांकको उतार ६।६ महिनामा प्रहरी प्रधान कार्यालयमा पठाउनुपर्दछ ।
- माथि उल्लेख भएबमोजिम राखिएको तथ्यांक कुनै अध्ययन वा शोधकार्यको निमित्त प्रकाशित गर्नुपरेमा बालकको नाम, थर वा ठेगाना उल्लेख नगरी उमेर वा लिंगको आधारमा सम्म प्रकाशित गर्न सकिनेछ । (दफा ५२.१ र २)

## ग.२ बाल न्याय (कार्यविधि) नियमावली, २०६३ का व्यवस्थाहरू

- ***तहकिकातको सम्बन्धमा*** देहायका व्यवस्थाहरू रहेका पाइन्छ–
  १. प्रहरी कर्मचारीले प्रहरीको पोसाक नलगाई सादा पोसाक लगाउनुपर्ने,
  २. बालकलाई पक्राउ गर्नुपर्दा आफ्नो परिचय दिई परिचय खुल्ने कागजात देखाउनुपर्ने,
  ३. बालकलाई पक्राउ गर्नुपर्नाको कारण खुलाउनुपर्ने,
  ४. पक्रिएको बालकलाई निजको संवैधानिक तथा कानुनी हककाबारे निजले बुझ्ने भाषामा जानकारी गराउने,
  ५. सर्जमिन गर्दा बालकबो बाबु-आमा भएसम्म दुवैजना वा कम्तीमा एकजना र बाबु आमा नभए निजको संरक्षकलाई रोहवरमा राख्नुपर्ने,
  ६. सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सम्बन्धित बालकका सम्बन्धमा सामाजिक अध्ययन प्रतिवेदन तयार गरिदिन अनुरोध गर्ने आदिजस्ता व्यवस्था भएको पाइन्छ ।

- ***सोधपुछ :*** अनुसन्धान वा तहकिकात गर्ने अधिकारीले बालकसँग सोधपुछ गर्दा बालकले निजलाई सोधिएको कुराको उत्तर व्यक्त गर्न सक्ने बालमैत्री वातावरण बनाई सहज ढंगमा सोध्नुपर्नेछ । यसरी सोधपुछ गर्दा बालकको बाबु, आमा, संरक्षक, कानुन व्यवसायी वा त्यस्तो बालक बाल कल्याण गृह वा अनाथालयमा बसेको भए सोको प्रतिनिधिको उपस्थितिमा गर्न सकिनेछ । अनुसन्धान वा तहकिकातका सन्दर्भमा सोधपुछ गर्दा सम्बन्धित कसुर, बालकको पारिवारिक तथा सामाजिक पृष्ठभूमि र अन्य आवश्यक कुराका सम्बन्धमा सोधपुछ गर्न सकिनेछ । बालकलाई एकपटकमा एक घन्टाभन्दा लामो समयसम्म र रातको समयमा सोधपुछ गर्नुहुँदैन ।

- ***प्रमाण वा साक्षी बुझ्ने :*** बालकले आफ्नो तर्फबाट आफैं साक्षी उपस्थित गराउन चाहेमा बाल अदालत वा बाल इजलासले त्यस्तो साक्षी झिकाउन अनुमति दिन सक्नेछ । यस्तो अवस्थामा बालकसँग व्यवहार वा सञ्चार गरिनु आवश्यक हुन्छ । त्यसैगरी **नियमावली**मा स्पष्ट रूपमा नखुलेको तर हुन सक्ने अर्को अवस्था भनेको सो कसुरमा अर्को बालकसमेत (सम्बन्धित कसुरबारे जानकारका रूपमा वा तेस्रो पक्ष भएर) साक्षीका रूपमा उपस्थित हुनु आवश्यक पर्न सक्दछ र न्याय निरुपणको प्रक्रियामा बालकसँग व्यवहार वा सञ्चार आवश्यक हुन्छ ।

- ***मुद्दाको सुनुवाइ :*** बाल अदालत वा बाल इजलासमा बालमैत्री वातावरणमा सुनुवाइ गर्नुपर्नेछ । बाल अदालत वा बाल इजलासले बालकले बुझ्ने एवं बालकको उमेर र निजको शारीरिक तथा मानसिक विकास सुहाउँदो भाषा प्रयोग गर्नुपर्नेछ, बालकलाई सोधपुछ गर्दा बाल अदालत वा बाल इजलासले छुट्टै कोठामा क्यामेरा जडान गरी बालकलाई सोही कोठामा सोधपुछ गरी त्यसरी सोधिएको कुरा इजलासको पर्दा (स्क्रिन) मा देखिने व्यवस्था गर्न सकिनेछ । सोधपुछ गर्न बाल मनोविज्ञानवेत्ता वा बालकसँग सहज रूपमा सञ्चार

वा संवाद गर्न सक्ने व्यक्ति बाल अदालत वा बाल इजलासले तोक्न सक्नेछ । बुँदा नं ३ बमोजिम सोधपुछ गर्दा बालकसँगै निजको बाबु, आमा, संरक्षक वा कानुन व्यवसायी बस्न सक्नेछन् भन्ने लगायत व्यवस्था भएका छन् ।

माथि उल्लेखित कानुनी व्यवस्थाहरूले न्याय निरुपणको विभिन्न चरण वा अवस्थामा बालकसँग सहज रूपमा सञ्चार वा संवाद गर्न र सोका लागि उपयुक्त वातावरण तयार गर्ने एक सोच हो । यस्तै सँगसँगैको अर्को सोच भनेको न्याय निरुपणको विभिन्न चरण वा अवस्थालाई बालकले स्वाभाविक वा सहज रूपमा स्वीकार गर्न र न्याय निरुपणको क्रममा बालकलाई पुनः प्रताडित (Re-victimization) हुन नदिने मूल मर्मलाई आत्सात गर्नु रहेको छ ।

### ७. बालबालिकासँग अन्तर्वार्ता गर्दा ध्यान पुऱ्याइनुपर्ने पक्षहरू

बालबालिकासँगको अन्तरर्वार्ता वा छलफल गर्दा बालबालिकाको उमेर, लिंग, सक्षमता र सहजताको स्तर र परिवार एवं समुदायभित्रै खास रूपमा गरिने व्यवहारलाई महत्वपूर्ण आधार बनाउनुपर्दछ । बालबालिका विशेषगरी बालिकाहरूलाई वयष्कसँग परिवार र समुदायभन्दा बाहिर आएर छलफलमा सहभागी हुन अप्ठ्यारो पर्न सक्दछ । कुनै समुदाय संस्कृतिमा वयष्कसँग बालबालिकाले छलफल गर्ने चलन नभएको हुन सक्छ । त्यसैले साँस्कृतिक फरकपनबारे अन्तर्वार्ता लिने व्यक्ति सचेत हनुपर्छ । अन्तर्वार्ताकारले वयष्कको प्रत्यक्ष हस्तक्षेपबिना बालबालिका आफैं बोल्न अनुकूल हुने वातावरण बनाउन र सबैलाई समान व्यवहार गर्नुपर्दछ । अन्तरर्वार्ता सुरु गर्नु अगावै अन्तरर्वार्ताको क्रममा छलफल गरिने विषयबारे बालबालिकालाई बताइदिनुपर्दछ । कुराकानीका क्रममा बालबालिकालाई स्वतन्त्र रूपमा बोल्ने अवसर दिनुपर्छ ।

बालबालिकासँग अन्तर्वार्ता लिँदा वा छलफल गर्दा देहायका तरिकाहरू उपयोगी हुन सक्छन्–

- ***बालबालिकालाई ध्यान दिने :*** बालबालिकासँगको कुरालाई ध्यान दिएर सुन्ने । उनीहरूको विचार र भावनालाई गम्भीरताका साथ लिने गर्नुपर्छ । बालबालिकाका कुराहरू सुन्न वयष्कहरू बढी नै संवेदनशील हुनुपर्दछ र उनीहरूसँगको कुराकानीलाई अगाडि बढाउनुपर्दछ ।

- ***बालबालिकासँग प्रश्न गर्ने :*** सम्भव भएसम्म बालबालिकासँग खुलाखालका प्रश्नहरू सोध्नुपर्दछ । साथै बालबालिकाले व्यक्त गरेको कुराको स्पष्टताका लागि पूरक प्रश्नहरू गर्नुपर्दछ । यसो गर्दा उनीहरूलाई इच्छामुताबिक स्वतन्त्र भई आफ्ना कुरा गर्न दिनुपर्छ नत्र बालबालिकाले उनीहरू आफ्ना भावनाभन्दा पनि वयष्कको विचार परावर्तन गर्न सक्दछन् । कुराकानीको सुरुमा बालबालिकाले केही अप्ठ्यारो मानिरहेका छन् भने केही बन्द प्रश्न सोधी सम्बन्ध विस्तार गरेपछि खुला प्रश्न सोध्नुपर्छ ।

- ***बालबालिकाका प्रश्न सुन्ने र छलफल गर्ने :*** बालबालिकाको मनमा लागेका कुरा सोध्न र समय-समयमा आवश्यक परे सुझाव दिन बालबालिकालाई प्रोत्साहन गर्नु महत्वपूर्ण हुन्छ ।

- ***बालबालिकालाई समयसमयमा प्रोत्साहन गर्ने :*** बालबालिका बोल्न सुरु गर्न र त्यसलाई निरन्तरता दिन बेलाबेलामा प्रोत्साहन आवश्यक पर्दछ । आफ्नोबारेमा बालबालिका नै बढी जानेका हुन्छन् भन्ने मन्यतालाई आत्मसात गर्दै उनीहरूका अनुभव व्यक्त गर्न वयष्कले सहयोग गर्नु आवश्यक हुन्छ । हामीले सोधेका सबै कुराहरूको जवाफ बालबालिकाले दिनैपर्दछ भन्ने केही छैन । हामीले उनीहरूको 'नाइँ' भन्ने अधिकारको पनि सम्मान गर्नुपर्दछ ।

- **संवेदनशील हुने :** एकदमै व्यक्तिगत विषय जस्तै हिंसा, यौनशोषण, पारिवारिक समस्या र सडकमा रहेका अवस्था आदिजस्ता विषय खोतल्दा अन्तर्वार्ताकार बढी संवेदनशील हुनुपर्छ । उसले बालबालिकाको बोलीको गति, संवेगलाई यथावत दिने र होसियारीपूर्ण सुन्ने, संवेदनशील हुने र प्रशंसा गर्ने गुर्नपर्छ ।

- ***छलफलको अन्त्य :*** बालबालिकासँगको छलफल वा अन्तर्वार्तालाई सुचारु रूपमा र सुनियोजित तरिकाले अन्त्य गर्नुपर्छ । यसो गर्दा बालबालिकाले सोचेका र भन्न चाहेका बाँकी कुराहरू केही भए त्यो भन्न दिनुपर्छ । यसो गर्नाले बालबालिकालाई राम्रो अनुभव दिन्छ र पछि गरिने भेटघाटलाई सकारात्मक बनाउन मद्दत गर्दछ । त्यस्तै यदि बालक वा बालिकाले कुनै कुरा अभिलेख नगर्न खोजेका छन् कि भनेर सोध्नुपर्दछ र त्यसको सम्मान गर्नुपर्दछ । बालबालिकाले अन्तर्वार्ताबारे के कस्तो महसुस गरे र उनीहरूलाई सहयोग गर्न के गर्न सकिन्छ भनेर सोध्नु ज्यादै उपयोगी हुन्छ ।

बालबालिकासँग अन्तर्वार्ता लिँदा वा छलफल गर्दा देहायका गर्न हुने र नहुने कुरामा ध्यान दिनु अत्यन्त आवाश्यक हुन्छ–

<u>के नगर्ने</u>

- बालबालिकालाई होच्याउने
- बालबालिका बसेकोभन्दा माथिल्लो ठाउँमा बस्ने
- उनीहरूलाई आफ्ना कुरा भन्न कर लगाउने
- वयष्कले गरेका कुरालाई भन्न दिने
- प्रत्यक्ष प्रभाव पार्ने वा हस्तक्षेप गर्ने काम नगर्ने
- उसले नसोधीकनै आफ्नो बारेमा बढाइचढाइ जानकारी दिने वा भन्ने
- बालबालिकाले दिक्क मान्दा पनि अन्तरर्वार्तालाई निरन्तरता दिइरहने ।

<u>के गर्ने</u>

- बालबालिकालाई ध्यान दिएर सुन्ने
- उनीहरूलाई समान र सम्मानपूर्ण व्यवहार गर्ने
- बालबालिकाको कुरालाई मान्यता दिने
- खुला प्रश्न सोध्ने
- यदि सहज हुन्छ भने मात्र उनीहरूको वास्तविक नाम प्रयोग गर्ने (त्यो सोध्ने)
- अन्तरर्वार्तापूर्व नै अन्दाजी लाग्ने समयबारे उसको सहमति लिने
- सूचनाको प्रयोग के कसरी गरिन्छ भन्ने बारेमा उसलाई स्पष्ट बुझाउने
- बालबालिकाको इच्छाअनुसार केही समय रोक्ने, छलफल अघि बढाउनका लागि विचार लिने ।

त्यसैगरी बालबालिकासँग अन्तरर्वार्ता लिँदा वा छलफल गर्दा देहायका नैतिक एवं प्रक्रियागत पक्षहरूमा उचित रूपमा ध्यान पु¥याउनुपर्दछ–

- ***अभिभावकको अनुमति :*** बालबालिकासँग कुराकानी गर्नु अगावै उनीहरूका अभिभावकको अनुमति लिनु आवश्यक हुन्छ। यसो गर्दा अभिभावकसँग बालबालिकाले व्यक्त गरेको विचारको महत्वका बारेमा भनिदिनुपर्दछ। बालबालिकासँगको कुराकानीमा लाग्ने समय, प्रक्रियालगायत सम्भाव्य योगदान र बालबालिका तथा अभिभावकसमेतका लागि हुने फाइदा (यदि छ भने) को बारेमा जानकारी दिएर अभिभावकको सहमति लिनु आवश्यक हुन्छ।

- ***सम्बन्ध निर्माण :*** बालबालिकासँग अन्तरर्वार्ता गरिनु अगावै सम्बन्ध स्थापित गरिनु जरुरी हुन्छ। यसो गर्दा वयष्कहरू कुनै पनि व्यक्तिगत स्वार्थबाट टढा रहनुपर्दछ। अन्तर्वार्ताकारले बालबालिकाको दैनिक क्रियाकलापमा सहभागी भएर वा उनीहरूलाई समूह-कार्यमा सहभागी गराएर सम्बन्ध विस्तार गर्नुपर्दछ। यसपछि व्यक्तिगत अन्तरर्वार्ता गर्दा बढी सजिलो हुन सक्छ। बालक वा बालिकालाई यो अन्तरर्वार्तामा उनीहरू सामेल हुनु किन आवश्यक र महत्वपूर्ण छ भनेर बताइदिनुपर्दछ।

- ***सहमति प्राप्त गर्नु :*** वयष्कसँग अन्तरर्वार्ता दिन बालक वा बालिका तयार छ भन्ने कुरा सुनिश्चित गर्नुहोस् र त्यसका लागि उसको अनुमति लिनुहोस् (यद्यपि बालबालिकाले सञ्चार गर्नका लागि पूर्ण रूपमा नकार्न नसक्ने अवस्थामा जस्तै अदालती कारबाही प्रक्रियाहरूमा उनीहरूको सहमति नभए पनि कुराकानी गर्नुपर्ने अवस्था विद्यमान रहन्छ)। बालबालिकासँगको अन्तर्वार्ताबाट के कुरा जान्न खोजिएको हो भन्ने बारेमा उनीहरूलाई स्पष्ट पारिदिनुहोस्। बालबालिकासँग अन्तरर्वार्ता लिइरहेको बेला उनीहरू केही बेर त्यसलाई  रोक्न इच्छा गर्दछन् भने त्यसो गर्न दिनुहोस्।

- ***सहज हुने खालको उपयुक्त ठाउँको खोजी :*** बालबालिकासँग अन्तरर्वार्ताका लागि उनीहरूले सहज मान्ने र उनीहरूलाई आफ्ना विचार अभिव्यक्त गर्न सजिलो लाग्ने वातावरण भएको ठाउँ खोज्नुपर्छ। आफ्ना साथीहरूसँग प्रायजसो खेल्ने ठाउँमा गएर कुराकानी गर्न बालबालिकालाई सहज लाग्न सक्दछ। त्यस्तै विद्यालयको समयपछि विद्यालय परिसर वा कक्षाकोठामा बालबालिकासँग अन्तर्वार्ता गर्न सकिन्छ।

- ***बालबालिकाको मनोवैज्ञानिक सहजताको तह अवलोकन :*** यदि बालबालिका कुराकानीका लागि अनुइच्छुक छन् भने उनीहरूले तनाव देखाउन सक्छन्। कतिपय अवस्थामा कुराकानीको विषय र त्यससम्बन्धी ज्ञानको अभावका कारण पनि त्यसो भएको हुन सक्दछ। अन्तर्वार्ताकारले त्यस्तो अवस्थाको अवलोकन गर्नुपर्दछ र बालबालिकालाई सहज हुने खालको वातावरण बनाउन कोसिस गर्नुपर्दछ।

- ***ध्यान दिने र समयमा सचेत हुने :*** बालबालिका अन्तर्वार्ताको मूल विषयबाट नबहकिउन् भनेर हेक्का राख्नुपर्दछ। तर कहिलेकहीँ विषयान्तर गरेर बाँकी समयमा उनीहरूको ध्यान खिच्न सकिन्छ। उनीहरूले स्पष्ट रूपमा कुराकानीमा रुचि नदेखाएमा अन्तर्वार्ता वा छलफलको अन्त्य गर्नुपर्छ।

- ***घरायसी यथार्थबाट सचेत हुने :*** बालबालिका आफ्नो महत्वपूर्ण काम छोडेर तपाई हामीसँग कुराकानी गर्न बढी इच्छुक भएका हुन सक्दछन्। परिवारमा वा उनीहरूको अन्य महत्वपूर्ण काममा बाधा पर्ने गरी बालबालिकाले हामीसँग समय बिताइरहेका छन् कि भनेर सजग हुनुपर्दछ।

- ***बालबालिकाले असहज लाग्ने प्रश्नहरू सोध्नुहुँदैन :*** यदि बालबीलका प्रश्नको उत्तर दिन आनाकानी गर्छन् भने उनीहरूले त्यसो किन गरेका हुन् भनी अन्तर्वार्ताकारले मनन् गर्नुपर्दछ । उनीहरू अन्तर्वार्ता लिने वयष्कको बारेमा आलोचनात्मक भएर त्यसो भएको पनि हुन सक्छ वा उनीहरूलाई कुराकानीको विषय असहज लागेको पनि हुन सक्दछ । यसलाई बुझेर सच्याउनुपर्दछ ।

- ***प्रत्येक कुरालाई अनुभवमा केन्द्रित गर्ने :*** बालबालिकासँग अमूर्त प्रश्न गर्ने तथा सार-संक्षेपीकरणका लागि चाहिने खालका प्रश्नहरू सोध्नुहुँदैन । बालबालिकालाई उनीहरूका अनुभवमा आधारित उत्तर आउने खालका प्रश्नहरू सोध्नुपर्दछ न कि विश्लेषणात्मक खालका उत्तर आउने प्रश्नहरू ।

- ***बालबालिकालाई प्रत्येक दिन उनीहरूले गरेको कामको विवरण सोध्ने :*** बालबालिकाको परिचित ठाउँको वरिपरि कुराकानी गर्दै हुनुहुन्छ भने उनीहरूका गतिविधिहरूबारे छलफल गर्न सजिलो हुन्छ । बालबालिकासँग औपचारिक अन्तर्वार्ताभन्दा पनि अनौपचारिक रूपमा गरिने स्वतन्त्र कुराकानी बढी सजिलो र प्रोत्साहित गर्ने खालको हुन्छ ।

- ***दृश्य सञ्चार विधिको प्रयोग :*** यदि बालबालिका शाब्दिक उत्तर दिन सक्षम छैनन् भने चित्र कल्पना गर्ने वा खेलौना (डल) र नमुनाहरूको सहायताले उनीहरूसँग कुराकानी गर्न सहज हुन सक्दछ । त्यस्तै उनीहरूले जानेको तरिकाबाट आफ्नै तरिकाले भूमिका निर्वाह गर्न दिनु पनि उपयोगी हुन सक्दछ । सूचना र अनुभूति बताउने अवसरलाई कुराकानी गर्ने विधिले बढोत्तरी गरेको छ भन्ने सुनिश्चित गरेको हुनुपर्छ ।

- ***सामूहिक छलफलको प्रयोग :*** वयष्कसँग कुराकानी गर्ने बानी नपरेका बालबालिकाका लागि सामूहिक छलफल विधि उपयोगी हुन्छ । बालबालिकाका डर र चिन्ता हटाउन उनीहरूका साथीहरूको उपस्थितिले मद्दत गर्दछ । समूह निर्माणको क्रममा एकआपसमा होच्याउने खालका साथीहरू राख्नुहुँदैन, जसका कारण धेरै बालबालिका मौन बस्न सक्छन् । बालिकाहरू बालकहरूसँगको समूहमा नबोल्न सक्छन् । यदि यस्तो मिश्रित समूहमै छलफल गर्नुपर्छ भने पहिले समान लैंगिक समूहमा ज्ञान आदान-प्रदान गर्न दिएर पछि मिश्रित समूहमा छलफल गर्दा बालबालिका बढी उत्साहित हुन सक्छन् ।

- ***भाषिक क्षमताबारे सचेत :*** बालबालिका वयष्कले जत्तिकै सम्झन सक्छन् भन्ने मान्यता भए पनि उनीहरूले विषयका बारेमा नजानेका हुन सक्छन् । यसकारण विकासको क्रममा रहेका बालबालिकालाई उनीहरूका दैनिक अनुभवसँग सम्बन्धित क्रियाकलापहरूमा आधारित भएर छलफल केन्द्रित गर्नु महत्वपूर्ण हुन्छ ।

- ***सञ्चार-संवादका वैकल्पिक रणनीतिको प्रयोग :*** बालबालिकासँग प्रत्यक्ष कुराकानी गर्न नसकिए उनीहरूले बढी विश्वास गर्ने व्यक्ति जस्तै विद्यालय शिक्षक वा अभिभावक वा स्याहारकर्तामार्फत प्रश्न राख्न सकिन्छ । यसमा ख्याल गनुपर्ने कुरा भनेको कुराकानीको सन्दर्भ तथा कुरा गर्ने स्थानको छनोट आदिसमेत पर्दछन् । यसका लागि बालबालिकाले रुचाएको वातावरणमा राख्नुपर्दछ (जस्तै विद्यालय, साथीहरूसँग, खेल्दै वा चित्र कोर्दै रंग लगाउने आदि, खेल खेल्दै, लेखन आदि) । यो विधि खासगरी आघातपूर्ण अवस्थाका र मौखिक सञ्चार गर्न असमर्थ बालबालिकासँग कुराकानी गर्न प्रभावकारी हुन्छ ।

- त्यसरी नै बालबालिकासँग गरिने सञ्चार-संवादले -
- ***बालअधिकारको सम्मान गर्नुपर्छ :*** सञ्चार प्रक्रियाले बालअधिकारलाई सम्बोधन गर्नुपर्छ । यसअन्तर्गत सञ्चार-संवादको उद्देश्य, यसका लागि प्रयोग गरिने प्रक्रिया र यसको सम्भाव्य परिस्थितिबारे ऊ सूसुचित हुनुपर्दछ । बालबालिकासँगको खास किसिमका सञ्चार-संवाद उद्देश्य बताउनुपर्छ, यो सम्बन्धित बालकको अभिभावक, स्याहारकर्ता, प्रतिवादी वकिललाई पनि बताउनु आवश्यक हुन्छ ।

- ***कुराकानीको समय :*** रातको समयमा बालबालिकासँगको कुराकानी गर्न हुँदैन ।

- ***बालबालिकाको हितको संरक्षण :*** बालबालिकासँग कुराकानी गर्दा वयष्कको जिम्मेवारी बढी नै हुन्छ । सञ्चार-संवादको कारणले बालबालिका जोखिममा पर्ने वा पुनःपीडित हुन नदिने र यस्ता जोखिमको पहिचान गरी संरक्षणका उपायहरू अपनाउनुपर्दछ । उनीहरूसँगको कुराकानीको सन्दर्भमा यद्यपि उनीहरू पीडित वा अभियोग लगाइएका भए पनि बालबालिकाको सर्वोत्तम हितलाई संरक्षण गर्ने नैतिक उत्तरदायित्वलाई सम्बोधन गर्नुपर्छ । यस्तै बालबालिकाको उमेर र परिपक्वताको स्तरअनुसार ज्ञान, अनुभव र बुझाइको स्तर हुने भएकाले सोही अनुरूप व्यवहार गरिनुपर्छ, न कि वयष्क भएकाले प्रभाव पार्ने वा होच्याउने गर्नुहुँदैन (Facilitating VS dominating communication) ।

- ***वयष्कको उत्तरदायित्व :*** सबै वयष्क संवादकर्ताले बालबालिकाप्रतिको आफ्ना उत्तरदायित्वलाई विश्वसनीयताका साथ निर्वाह गर्नुपर्दछ । अन्तर्वार्ताका सन्दर्भमा उनीहरूले पालना गर्नुपर्ने उत्तरदायित्वमा बालबालिकालाई नहोच्याउने, कुनै सूचनाको दुरुपयोग वा प्रयोग गरेर उकास्ने वा जोखिम परिस्थिति नल्याउने कुरामा उनीहरूको नैतिक दायित्व हुन्छ । बालबालिकासँग कुराकानी गर्ने वयष्क स्वयं सकारात्मक हुने र बालबालिकालाई सकारात्मक ढंगले कुराकानी सहज बनाउन नमुना व्यक्तित्व (रोल मोडल) बन्नुपर्दछ ।

- ***गोपनीयताको सम्मान :*** अन्तर्वार्ताकारले बालबालिकाको गोपनीयताको सम्मान गर्नुपर्दछ । बालबालिकालाई तत्काल वा दीर्घकालीन रूपमा असर गर्ने अवस्था सिर्जना गर्ने खालका व्यक्तिगत विवरण, जानकारी तथा तथ्यहरूको गोपनीयता कायम गर्नुपर्दछ ।

सञ्चार-संवादसँग सम्बन्धित कतिपय सीपहरू सिक्न सकिन्छ र अभ्यास गरेर त्यसमा निखार ल्याउन सकिन्छ भन्ने कुरामा हामीले हेक्का राख्नुपर्दछ ।

**उपसंहार**

बालबालिकासँगको व्यवहार र सञ्चार-संवाद गर्दा वयष्कहरूमा बालबालिकाको स्तरअनुरूप हुने गरी आफूलाई ढाल्ने तथा उनीहरूलाई कुराकानी गर्नका लागि उपयुक्त वातावरण निर्माण गर्ने सीप हुनु अपरिहार्य हुन्छ । अनि वयष्कहरूले बालबालिकालाई सञ्चार-संवाद गर्न सहजीकरण गर्ने भूमिका पनि निर्वाह गर्नुपर्दछ । जुनसुकै उद्देश्य वा प्रयोजनले बालबालिकासँग गरिने सञ्चार-संवादमा यी कुराहरूलाई विषेश रूपमा ध्यान पुऱ्याइनुपर्दछ । त्यसो भएकाले बालबालिकासँगका व्यवहार र सञ्चार-संवाद केही हदमा प्राविधिक विषय पनि हो । यसका लागि खास किसिमको ज्ञान, सीप, विधि चाहिन्छ र वयष्कहरूमा उचित किसिमको व्यवहार वा धारणा आवश्यक पर्दछ ।

**उपयोगी हुने पाठ्य-सामग्रीहरू**

१. A Guide to Interviewing Children: Essential Skills for Counsellors, Police, Lawyers and Social Workers by Clare Wilson and Martine Powell, Routledge (Publication), London, UK, 2001
२. Interviewing Children: A guide for journalists and others by Sarah McCrum and Lotte Hughes, Save the Children UK, 1998
३. Top Tips for Listening to children, ISCAN
४. Top Tips for Responding to Children, ISCAN
५. Relevant Chapter of Psychosocial Counselling for Children at Risk, published by UNICEF-Nepal, Kathmandu, 2002? (Available in Nepali and English)

**सन्दर्भ-सामग्रीको सूची**

१. Children in focus-a manual for participatory research with children Jo Boyden and Judith Ennew, Radda Barnen, 1997
२. So You Want to Involve Children in Research? A toolkit supporting Children's Meaningful and ethical Participation in research relating to violence against children, Save the Children, 2004
३. Conversations with Families: Participatory Research Handbook, Save the Children (Norway, UK and US) and UNICEF, Nepal, 2001 (Available in English and Nepali)
४. Interviewing Children: A guide for journalists and others by Sarah McCrum and Lotte Hughes, Save the Children UK, 1998
५. A Guide to Interviewing Children: Essential Skills for Counsellors, Police, Lawyers and Social Workers by Clare Wilson and Martine Powell, Routledge (Publication), London, UK, 2001
६. बालबालिकसम्बन्धी राष्ट्रिय, क्षेत्रीय तथा अन्तरराष्ट्रिय कानुनी प्रावधानहरू, केन्द्रीय बाल कल्याण समिति, ललितपुर, २०६३ ।

# ९. बालबालिकासँग गरिने व्यवहार र सञ्चार (लैंगिक संवेदनशीलता)

## १. विषय प्रवेश

माथिल्ला विभिन्न परिच्छेदहरूमा बाल न्याय प्रशासन बालबालिकाको सर्वोत्तम हित गर्ने बृहत् उद्देश्यबाट निर्देशित र अनुप्राणित हुनुपर्छ भन्ने कुरालाई स्पष्टसँग राखिसकिएको छ । बाल न्यायसँग सम्बद्ध सबै अधिकारीहरूले बाल न्यायका दुई पाटाहरू : हेरचाह (Care) र संरक्षण (Protection) लाई विशेष ध्यान दिई कार्य गर्नुपर्ने सन्दर्भमा बालबालिकासँग गर्ने व्यवहार र सञ्चारले विशेष महत्व राख्छ । सामान्यतः बाल बिजाइँमा तुलनात्मक रूपमा बालिकाभन्दा बालकहरू बढी संलग्न रहेको तथ्यांकहरूले देखाए पनि बढ्दो सहरीकरण, सामाजिक बन्धनको कारणले बिस्तारै-बिस्तारै बालिकाहरू पनि बाल बिजाइँतर्फ तानिँदै गएको अध्ययनबाट देखिन्छ । समाजमा विद्यमान लैंगिक विषमता, बसाइँसराइँ, गरिबी, द्वन्द्व र खस्केको पारिवारिक बन्धनले त झन् यसमा अरू जटिलता थपेको छ । नेपाली समाजमा रहेको लैंगिक विषमता र त्यसले बालिकाहरूमा पनि प्रभाव एउटा अलग्गै अध्ययनको विषय हुन सक्छ । तर यहाँ लैंगिक संवेदनशीलतालाई न्यायसँग सम्बद्ध अधिकारीहरूले नबुझ्दा सिर्जना हुने जटिलतातर्फ विशेष चासो रहेको छ । संक्षेपमा भन्दा बाल न्यायसँग सम्बद्ध अधिकारीहरू बालकको हेरचाहसँग वा संरक्षणसँग आबद्ध भए पनि उनीहरूले बालबालिकासँग व्यवहार गर्दा लैंगिक संवेदनशीलतालाई गम्भीरताका साथ लिनुपर्छ । यही सन्दर्भमा प्रस्तुत अध्यायमा लैंगिक अवधारणा र सवालहरू, लैंगिक संवेदनशीलता, फौजदारीकरण र लिंग, वर्तमान परिस्थिति, बालिकाहरूले बिजाइँ गर्नुका कारणहरू र उनीहरूप्रति गरिने व्यवहार, अन्तर्राष्ट्रिय कानुनअन्तर्गत बालबालिका र महिलासम्बन्धी महासन्धिहरूका सान्दर्भिक व्यवस्थाहरू,[१२८] नेपाली कानुनका व्यवस्थाहरू र भविष्यमा अपनाउनुपर्ने कदमहरूबारे चर्चा गरिनेछ ।

## २. लैंगिक अवधारणा र सवालहरू

लैंगिक संवेदनशीलताबारे चर्चा गर्दा सर्वप्रथम लिंगको भौतिक पक्ष र समाजिक पक्षबारे स्पष्ट हुनु जरुरी हुन्छ । "लिंग" शब्दले सामान्यतः अंग्रेजीको Sex र Gender दुवैलाई जनाउने भए पनि यी दुई शब्दहरूमध्ये पहिलोले भौतिक पक्ष र दोस्रोले सामाजिक पक्षलाई इंगित गर्छ । सामान्यतः Sex शब्दले देहायका कुराहरू जनाउँछ–

- क्रियापदको रूपमा दुवै प्राणीहरू बीचको सम्भोग कार्य
- भाले वा पोथी छुट्ट्याउन प्रयोग गरिने शब्द
- प्रजनन् कार्यबमोजिम प्राणीहरूलाई छुट्याउने कार्य, जस्तो भालेले शुक्रकीट उत्पादन गर्छ भने पोथीले अण्ड (Ovum) उत्पादन गर्छ ।
- वंशानुगत र शारीरिक विभेदलाई छुट्याउन ।

लैंगिक संवेदनशीलताको केही सम्बन्ध यी विभेदहरूसँग पनि छ किनभने लिंगको आधारमा गरिने कयौं सामाजिक विभेदहरूले लिंगको कारणले हुने शारीरिक भिन्नता र सो भिन्नतासँग स्वाभाविक रूपमा जोडिएका सामाजिक कार्यहरू (Social Function) कै कारणले निरन्तरता पाएका छन् । तथापि लैंगिक संवेदनशीलताको

[१२८] यहाँ मुख्यतः दुई महासन्धिहरु : Convention on the Right of the Child र Convention on Elimination of All Forms of Discriminations Against Women बारेमा चर्चा गरिनेछ ।

बढी सम्बन्ध भने सामाजिक पक्षसँग छ । किनभने पुरुष र महिलाबीच हुने शारीरिक भिन्नतालाई हामी बदल्न वा प्रभाव पार्न सक्दैनौं तर शारीरिक भिन्नताका कारण सामाजिक रूपमा हुने शोषण, अपमानजनक व्यवहार र अन्यायलाई भने हटाउन सक्छौं । सामाजिक रूपमा लिंग (Gender) लाई बुझ्दा देहायका कुराहरूतर्फ हाम्रो विशेष ध्यान जान्छ–

- सामाजिक वा साँस्कृतिक रूपमा महिला वा पुरुषले लैंगिक विभेदको कारण निर्वाह गर्ने भूमिका र सो भूमिकाको कारण गरिने अपेक्षा
- लिंगको कारण सामाजिक र साँस्कृतिक रूपमा पुरुष र महिलालाई दिने उपाधि, विशेषण वा यस्तै सूचक सम्बोधनहरू र तिनले पार्ने आर्थिक, सामाजिक र राजनीतिक प्रभाव ।

लैंगिक संवेदनशीलताको सरोकार पुरुष र महिला वीच हुने शारीरिक, मनोवैज्ञानिक र सामाजिक विभेदको कारणले हुने असमान प्रभाव (Disparate impact) लाई महसूस गर्दै लैंगिक विभेदको कारण अधिकारको प्रयोगमा हुने विभेद, न्यायसम्मको पहुँच, प्राप्ति र उपभोगमा रहने अन्तरलाई हटाउनु वा न्यूनीकरण गर्नुसँग छ । पुरुष र महिलाले जस्तै गरी बालक र बालिकाले लैंगिक विभेद र सोसँग आबद्ध गलत सोचका कारणले अलग-अलग अनुभूतिहरू सँगालेका हुन्छन् । जस्तो पुरुषलाई बहादुर, बलियो, आक्रमण, स्वतन्त्र र आवेगलाई नियन्त्रणमा राख्न सक्ने, घर बाहिरको काममा उपयुक्त भन्ने आदि विशेषणहरू लगाइएका हुन्छन् भन्ने महिलाहरूलाई डरपोक, निष्क्रिय, संवेगात्मक (emotionally dependent), परिनिर्भर, स्नेही, धैर्यवान् र आत्मोत्सर्ग गर्ने भन्ने आदि विशेषणहरू जोडिन्छन् । यी विशेषणहरू परम्परागत रूपमा प्रयोग हुँदै आए पनि यिनको कुनै वैज्ञानिक आधार छैन । यहाँ दिइएका उदाहरणहरूमा नै लैंगिक विभेद झल्कन्छ । किनकि पुरुषलाई दिइने उपमा मुख्यतः सकारात्मक र महिलाहरूलाई दिइने उपमा धेरैजसो नकारात्मक छन् । अर्को कुरा महिलाहरूलाई प्रदान गरिएका विशेषणहरूले महिलाको सामाजिक भूमिकातर्फ इंगित गर्छन्, जसले सदीयौंदेखि कायम रहेको लैंगिक विभेद र सोबाट कायम रहने अधीनस्तता (Subjugation) लाई निरन्तरता प्रदान गर्छन् । बुझ्नुपर्ने के छ भने महिलाहरूले कैयौं बोझहरू उठाउँछन्, जसलाई संक्षेपमा यसरी राख्न सकिन्छ–

- भौतिक : परिवारको गाँस, बास र स्वास्थ्योपचारको आवश्यकताको पूर्ति
- संवेगात्मक : परिवारलाई मिलाइराख्ने
- मनोवैज्ञानिक : शिक्षा प्रदान गर्ने र पुरुषको अनुपस्थितिमा परिवारको तर्फबाट निर्णय गर्ने
- सामाजिक : परिवारका सदस्यहरू र परिवार बाहिरका व्यक्तिहरूलाई आडभरोसा र सरसल्लाह प्रदान गर्ने
- आध्यात्मिक : असल सन्तति बनाउने, भगवान्का बारेमा शिक्षा प्रदान गर्ने, पथ प्रदर्शन गर्ने, सरसल्लाह दिने

यति हुँदाहुँदै पनि महिलाहरू उपेक्षित छन् । जस्तो सन् १९८० को दशकमै संयुक्त राष्ट्रसंघको एउटा प्रतिवेदनमा आधा आकाश ओगटेका महिलाहरूले संसारमा ६७ प्रतिशत काम गर्छन् तर १० प्रतिशत मात्र आय प्राप्त गर्छन् र एक प्रतिशत मात्र सम्पत्तिमा स्वामित्व हक राख्छन् र संसारका निरक्षरहरूमध्ये दुई तिहाइ महिला छन् भनिएको थियो ।[१२९] सम्भवतः यो आँकडामा हालसम्म पनि तात्विक अन्तर आएको छैन होला । महिलाको आर्थिक र सामाजिक अवस्थाको सोझो सम्बन्ध बालिकाहरूको अवस्थासँग हुँदा न्यायकर्मीहरूले यस्तो विभेदपूर्ण स्थितिको राम्रो जानकारी राख्नुपर्छ ।

[१२९] Quoted from A.S. Ananda, Justice for Women, (Universal 2002) P. 5

**३. लैंगिक संवेदनशीलताअन्तर्गत सामान्यतः देहायका कुराहरू पर्दछन्–**

- लैंगिक भेदभाव, शोषण, दुरुपयोग र महिला तथा बालिकाहरूउपर गरिने हिंसासँग सम्बन्धित सवालहरू पहिचान गर्ने
- महिलाहरूको भूमिका तथा क्षमताको पहिचान गर्ने र उनीहरूको स्तर उकास्न गरिएका प्रयासहरूको समर्थन गर्दै सुदृढ गर्न मद्दत गर्ने
- लैंगिक रूपले सूचित र सजग परिवार, समाज र न्याय प्रणालीको आधारस्तम्भहरूको सिर्जना गर्ने
- अदालतभित्र विशेषत न्यायाधीश, अधिकृतहरू, वकिलहरूबीच बालक र बालिकाहरूका बारेमा रहेका पूर्वाग्रहहरूको पहिचान गर्ने र त्यस्ता पूर्वाग्रहहरू हटाउन सक्ने क्षमता विकास गर्ने

बाल न्यायको सन्दर्भमा लैंगिक संवेदनशीलताको कुरा गर्दा एकातर्फ बालिकाहरूको शारीरिक तथा मानसिक विकासको अवस्थातर्फ ध्यान दिनु आवश्यक हुन्छ भने उनीहरूले बिजाइँ गर्नुपर्ने कारण के पऱ्यो, कसरी उनीहरू अपराधको दुनियाँमा प्रवेश गरे ? त्यो पत्ता लगाई उनीहरूलाई आफनो जिन्दगीउपर नियन्त्रण गर्न सक्ने, आफूप्रति सम्मान र माया गर्ने, सहयोगलाई अस्वीकार नगर्ने र बिजाइँ गर्नुपूर्व त्यसको परिणामबारे सोच्न सक्ने र अन्ततः समाजको उपयोगी सदस्यका रूपमा योगदान दिन सक्ने बनाउनु हुन्छ ।

**४. आपराधिकरण र लिंग (Criminalization & Gender)**

अपराधलाई लैंगिक आधारमा विश्लेषण गर्दा विश्वभरि नै महिलाको तुलनामा पुरुषहरू नै अत्यधिक संख्यामा अपराधमा संलग्न देखिन्छन् । संसारभरि ८० देखि ९५ प्रतिशतसम्म मुद्दाहरूमा पुरुषहरू (बालकहरूसहित) अपराधमा संलग्न रहेको पाइन्छ । महिलाहरू (बालिकाहरूसहित) को संलग्नता कसुरदारका रूपमा नभई पीडितका रूपमा बढी रहेको पाइन्छ । यसको अतिरिक्त केही अपराधहरू जस्तो जबरजस्ती करणी, अपहरण, दाइजोसँग सम्बन्धित हत्या, शारीरिक तथा मानसिक यातना, बेचबिखन, लैंगिक यातना एवं शोषण (Sexual torture and Exploitation) आदि, विज्ञापनहरूमा अशिष्ट प्रदर्शन, वा भ्रूण हत्या आदि कार्यहरू महिलाहरूउपर नै बढी हुन्छ । महिलाहरूउपर गरिने हिंसालाई देहायबमोजिम राख्न सकिन्छ–

**शारीरिक** : घरेलु र नजिकको सम्बन्धमा हुने अपहेलना वा हिंसा, दहेजसम्बन्धी हत्या, श्रीमतीलाई मार्ने कार्य

**यौनजन्य** : जबरजस्ती करणी, हाडनाता करणी, वेश्यावृत्ति, जीउ मास्ने बेच्ने कार्य, यौनांग सिउनु (Genital Mutilation)

**संवेगात्मक** : यौनजन्य सास्ती (Sexual Harassment) विज्ञापनमा अशिष्ट प्रदर्शन

**मौखिक** : होच्याउने, सराप्ने र गाली गर्ने कार्यहरू ।

माथि उल्लेखित अपराधजन्य कार्यहरूलाई सुरुमा फौजदारी कानुनअन्तर्गतको विषय मानी सोहीअनुरूप निरोधात्मक र उपचारात्मक कार्यमार्फत संबोधन गरिँदै आएकामा हाल मानव अधिकार कानुनको चस्माबाट पनि हेर्न थालिएको कुरा मननयोग्य छ । यो भनिन्छ कि जबरजस्ती करणीको ओरोपीले महिलाउपर शारीरिक आक्रमण मात्र गर्दैन, उनको सम्मानपूर्वक बाँच्न पाउने हकउपर पनि आक्रमण गर्छ । तसर्थ माथि उल्लेखित कसुरहरूमा कारबाही गर्दा पीडितको आधारभूत मानव अधिकार, जस्तो- न्याय पाउने हक, मुद्दाको कारबाहीमा संलग्न हुने र हुन गएको क्षतिपूर्तिको हकतर्फ पनि विशेष ध्यान दिनु जरुरी हुन्छ ।

**५. वर्तमान स्थिति**

नेपालमा अहिलेसम्मको स्थिति हेर्दा बालिकाहरू फौजदारी कसुरमा अभियुक्तका रूपमा विरलै प्रस्तुत हुने गरेको पाइन्छ ।[१३०] करिब-करिब यस्तै स्थिति अन्य मुलुकहरूमा पनि पाइन्छ । बिजाइँ मूलतः केटाहरूले गर्ने कार्य हो ।

[१३०] ललितपुर जिल्ला अदालतले हालै एक वालिकालाई पुर्पक्षको लागि सुनुवाई गरेको वाहेक अन्य केश छैनन् ।

तर हालैका वर्षहरूमा पश्चिमी मुलुकहरूमा यो प्रवृत्तिमा परिवर्तन आएको छ । सन् १९९९ मा अमेरिकामा गरिएको सर्वेक्षणअनुसार १८ वर्षभन्दा कम उमेरका बिजाइँ गर्ने बालकहरूको संख्या २५ लाख रहेकामा त्यसमा २७ प्रतिशत केटीहरू रहेको पाइयो । अमेरिकामा अपराधको संख्यामा कमी आइरहेको तथ्यांकहरूले देखाए पनि महिला र बालिकासमेतको कसुरमा संलग्नता भने बढेको पाइएको छ । साथै सामान्य सोचको विपरीत केटीहरू हिंसाजन्य कसुरहरू जस्तो- हत्या, आक्रमण आदिमा पनि संलग्न रहेको पाइयो ।[१३१] यस दृष्टिबाट हेर्दा हाम्रो मुलुकमा पनि जुन स्तरमा सहरीकरण बढ्दो छ र जुन हिसावबाट हाम्रा सोच विचार, लवाइ खवाइमा भू-मण्डलीकरणको प्रभाव पर्दै छ, बिजाइँ केवल केटाहरूले गर्ने कुरा नरहन सक्छ भन्ने कुरातर्फ पनि हाम्रो ध्यान जानु जरुरी देखिन्छ ।

### ६. बालिकाहरूले बिजाइँ गर्ने कारण र उनीहरूप्रति गरिने व्यवहार

माथि विभिन्न खण्डमा बालक र बालिकाहरूको शारीरिक र मानसिक भिन्नताबारे केही उल्लेख गरियो । यौवनावस्थामा बालिकाहरूमा शारीरिक, मानसिक र संवेगात्मक परिवर्तनहरू आउँछन् । यो अवस्थामा बालिकाहरूले आमा, बाबु र संसारसँगको सम्बन्ध पुनः परिभाषित गर्न थाल्छन् र आफ्नो अस्तित्व पुनःस्थापित गर्न थाल्छन् । यो चरणमा उनीहरूको विकास बालकहरूको भन्दा भिन्न किसिमले हुन्छ । उनीहरू बिजाइँको दुनियाँमा प्रवेश गर्नुको पृष्ठभूमि र कारणहरू पनि फरक रहने कुरा अनुसन्धानहरूले देखाएका छन् । उदाहरणका लागि बालिका ( महिलासमेत) हरूसँग लैंगिक दुरुपयोग, डिप्रेसन र त्यस्तै मानसिक असन्तुलन, परिवारको खण्डीकरण र परिवारजन्य हिंसा, पढाइमा मिलेको असफलता आदिको इतिहास हुन्छ । संक्षेपमा बिजाइँसँग देहायका कुराहरूको कुनै न कुनै सम्बन्ध रहन्छ–[१३२]

- १४ देखि १६ वर्षको उमेर
- निम्न आर्थिक-सामाजिक स्थिति
- परिवारको खण्डीकरण
- जातीय रूपमा अल्प संख्यक समुदायको हुनु
- शारीरिक, यौनजन्य दुरुपयोग वा शोषण
- लागु पदार्थ वा रक्सी सेवन
- कलिलै उमेरमा गर्भ रहनु वा बच्चा जन्माउनु
- शारीरिक वा मानसिक स्वास्थ्यमा देखिएका समस्याहरूको समयमै उपचार नहुनु
- जीवनमा थिचोमिचो वा अत्याचार मात्रै हुन्छ भन्ने मान्नु र भविष्यबारे चरम निराशा बढ्नु

**उपर्युक्तमध्ये चारवटा कुराहरू जस्तो :** शारीरिक र मानसिक स्वास्थ्य, बाल्यकालमा बेहोर्नँपरेको गम्भीर पीडा (Trauma), परिवारिक बिछोड र तनाव, पढाइमा असफलताको बालिकाहरू बिजाइँको दुनियाँ प्रवेश गर्नुमा सोझो सम्बन्ध रहेको मानिन्छ ।

### ६.१ शारीरिक र मानसिक स्वास्थ्य

अध्ययनहरूबाट लगातार रूपमा के देखिएको छ भने बिजाइँ र कसुर गर्ने बालकहरूको तुलनामा बालिका र जवान केटीहरूमा मनोरोग (Depression), गम्भीर घटना पछि हुने मानसिक असन्तुलन (Post-Traumatic Stress Disorder- PSTD) र अन्य मानसिक असन्तुलनहरू बढी पाइन्छन् ।[१३३] यसको साथै प्रतिकूल परिस्थितिसँग

---

[१३१] Laurel A. Hoehn, The Inquality of Treatment For Female Juvenile Offenders (Comment) 24 J. Juv. 140, 143, 144, 153 (2003/2004) लेखिका भन्छिन सन् १९८९ - १९९३ को अवधि भित्र वालिकाहरुले गर्ने अपराध दोव्वर भयो ।

[१३२] Melissa M. Back et al, “Because Everybody thought I wouldn't be Able to Do it: Gender Responsive Services for Court Involved Girls and the First Year of the Girl rising Program 18 Women ‘s L.J. 117, 118 (Spring 2003)

[१३३] ऐ ऐ सन् फ्रान्सिसको, एटलान्टामा गरिएका अध्ययनहरु उदघृत गर्दै,

जुभ्नका लागि केटीहरू यौनजन्य जोखिमपूर्ण कार्यहरू तथा देह-व्यापारमा समेत संलग्न हुने भएकाले यौनजन्य रोगले ग्रस्त पाइन्छन् । लागु औषधको सेवन र व्यापारमा पनि केटाको तुलनामा केटी नै बढी संलग्न रहेको अमेरिकामा भएका अध्ययनहरूले देखाएका छन् ।[१३४]

### ६.२ बाल्यकालमा बेहोर्नुपरेको गम्भीर पीडा (Trauma)

बिजाइँमा संलग्न कयौं बालिकाहरूलाई बाल्यकालमा शारीरिक तथा मानसिक गम्भीर पीडा भोग्नुपरेको कुरा अध्ययनहरूले देखाएका छन् । उनीहरूले शारीरिक वा यौनजन्य दुर्व्यवहार र शोषण, यातना, अपमानजनक व्यवहार, उपेक्षा भोगेको पाइएको छ ।[१३५]यस्तो पीडा थुनामा रहँदा थुनामा राख्ने निकायका पुरुष कर्मचारीहरूबाट पनि उनीहरूले पाएका छन् ।

यस्तो शारीरिक र मानसिक पीडा भोगेका बालिकाहरूमा एकान्त मन पराउने र आत्महत्या गर्न चाहने प्रवृत्ति पनि फेला पर्छ । उनीहरूमध्ये कति पीडा बिर्सन नशाको लतमा पर्छन् ।

### ६.३ पारिवारिक विछोड र तनाव

गरिबीका कारण कहाँ बस्ने कहाँ खाने भन्ने कुराको ठेगान नहुनु वा बसाइँ सर्नु, डेरा सर्नु, परिवारका सदस्यहरूबीच सम्बन्ध विच्छेद रहनु वा बाबु-आमा अलग रहनु, वा मर्नु, बाबु-आमा र विशेषतः आमा जेल पर्नुले छोरीलाई विशेष प्रभाव पार्छ । कहीँकहीँ आमा-छोरीबीचको वैमनस्यले पनि छोरीलाई बिजाइँतर्फ धकेल्छ । विछोडको यही सिलसिला महिलाहरू (केटीहरूसमेत) जेल पर्दासमेत हुन्छ, जतिखेर उनीहरू आफ्ना नवजातबाट अलग बनाइन्छन् । कतिपय अवस्थामा यौवन अवस्थामा प्रवेश गरेका केटीहरू गर्भिणी पनि हुन सक्छन् । यस्तो अवस्थामा थुनामा बस्नुपर्दा उनीहरू अरू तनावग्रस्त रहन्छन् ।[१३६]

### ६.४ पढाइमा असफलता

आम रूपमै साक्षरता कम रहेको, आर्थिक विपन्नता र चेतनाको कमीको कारणले गर्दा कयौं बालकहरूले स्कुल छाड्ने प्रचलन रहेको हाम्रो मुलुकमा पढाइमा मिलेको असफलतालाई सोभै बिजाइँसँग जोड्न मिल्दैन । तर पश्चिमी मुलुकहरूमा भएका अध्ययनहरूले पढाइमा मिलेको असफलता र बिजाइँको बीचमा सम्बन्ध देखाएका छन् । सामान्यतः पढाइमा असफलताले बालकहरूलाई पनि बिजाइँतर्फ धकेल्न सक्छ तर यसको प्रभाव बालिकाहरूमा बढी पर्छ । स्कुल जान छाड्नु, परीक्षामा थोरै अंक ल्याउनु, स्कुलबाट निलम्बित हुनु वा निकालिनुले बच्चीहरू बिजाइँको दुनियाँमा प्रवेश गर्ने खतरा अरू बढी हुन जान्छ । १२ वर्षदेखि १६ वर्षसम्मको अवधि (Pre-early adolescence) मा यदि पढाइमा असफलता मिल्न थाल्यो भने उनीहरू अस्थिर र असन्तुलित रहने अरू खतरा बढ्छ ।[१३७] यस्ता बालिकाहरूमा आफू अन्य साथीहरूभन्दा कमजोर छु भन्ने भाव पलाउँछ, जसले उनीहरूलाई बढी अन्तरमुखी बनाउँछ र अन्ततः बिजाइँको दुनियाँतर्फ धकेल्छ ।

### ६.५ बालिकाहरूप्रति गरिने व्यवहार

कानुनको नजरमा बालक र बालिका समान मानिए पनि सामाजिक रूपमा बालिकाउपर परिवार र समाजको बढी नियन्त्रण रहने यथार्थलाई हामीले नकार्न मिल्दैन । सम्भवतः यही कारणले गर्दा कुनै कुरा छोराले गऱ्यो भने

---

[१३४] ऐ ऐ पृष्ठ १४ Oregon राज्यमा गरिएको अध्ययन उदघृत गर्दै,

[१३५] Marsha L. Levicka Francine T. Sheman, 'When Individual Differences Demand Equal Treatment: An Equal Rights Approach to the Special Needs of Girls in the Juvenile Justice System, 18 Women's L.J. 9, 12-13 (Spring 2003) California, Georgia, Oregon आदि राज्यमा भएका अध्ययनहरु उदघृत गर्दै ।

[१३६] ऐ ऐ पृष्ठ १५ Oregon, Florida, California, Illonis मा गरिएको अध्ययन उदघृत गर्दै,

[१३७] ऐ ऐ पृष्ठ १५-१६ Florida मा गरिएको अध्ययन उदघृत गर्दै,

स्वीकार्य हुने तर त्यही कार्य छोरीले गरेमा सो कार्य अस्वीकार्य हुने मनोविज्ञानबाट हाम्रो समाज ग्रसित छ। समाज विकासको विभिन्न चरणबाट गुज्रिएका सबै समाजमा यो मनोविज्ञान हाबी रहेको पाइन्छ। समाजले परम्परागत रूपमा तोकिदिएको भूमिकाबाट फरक कुनै कार्य गरेमा महिलाहरू सजायका भागी भएका छन्। इतिहास हेर्दा सबैभन्दा बढी महिलाको यौजजन्य व्यवहार (Sexual activity) को नियन्त्रणमा समाजले आफ्नो ऊर्जा खर्च गरेको पाइन्छ। यो कुराको झलक हाम्रो मुलुकी ऐनको विवाहवारी, लोग्ने स्वास्नी, हाडनाता करणी आदि महलहरूमा भएका व्यवस्थाहरूमा भेटिन्छ। हामीकहाँ अझै पनि जबरजस्ती करणी वा आसय करणीको महलले नाबालिकाको मन्जुरी लिई वा नलिई करणी गरेमा सजाय हुन्छ तर उमेर पुगेका महिलाले नाबालकको करणी गरेमा के हुन्छ सो बारेमा भने ऐन मौन छ। सामान्यतः ऐनको यो व्यवस्थाले बालिकाहरूको संरक्षणको उद्देश्य राखेको भन्न सकिन्छ तर यसलाई १६ वर्ष नपुगेका बालिकाहरूले यौनजन्य कार्यमा संलग्न हुन हुँदैन तर बालकहरूले संलग्न भएमा केही आपत्ति छैन भन्ने सामाजिक धारणा रहेको भनी विश्लेषण पनि गर्न सकिन्छ।[१३८] हामीकहाँ उमेर नपुगेकाले गर्न नहुने कसुर (Status offence) लाई कडाइ साथ हेरिँदैन तर जुन मुलुकमा हेरिन्छ त्यहाँ त्यस्तो कानुनको फन्दामा बालिकाहरू नै बढी पर्छन्।[१३९]

हामीकहाँ बिजाइँमा बालिकाहरूको संलग्नता छँदै छैन भने पनि हुन्छ तर जहाँ बिजाइँ गर्ने बालिकाहरूको संख्या छ, त्यहाँ पनि उनीहरूको विषयमा अत्यन्त न्यून अनुसन्धान हुने गरेको पाइन्छ। यसले गर्दा बालकहरूको सर्वोत्तम हितको संरक्षण गर्ने उद्देश्य राखेको बाल न्याय प्रणालीको क्षेत्रमा गरिएका अनुसन्धानहरू पनि बालिकाहरूको सामाजिक, मानसिक र व्यक्तिगत पृष्ठभूमि, उनीहरूका आवश्यकताहरूप्रति केन्द्रित नरहेको भेटिन्छ। परिणामतः राज्यद्वारा बालकहरूका लागि सिर्जित व्यवस्थाहरूमा बालिकाहरूलाई फिट गर्ने गरिन्छ। पछिल्लो समयमा आएर मात्र बालिकाहरूका बारेमा अलग्गै अध्ययन र अनुसन्धान हुन थालेको छ। यस्तै एउटा गहकिलो अनुसन्धान अमेरिकन बार एसोसिएसन र नेसनल बार एसोसिएसनले सम्पन्न गरेको छ। आफूहरूले गरेको अनुसन्धानपश्चात यी दुई संस्थाले सन् २००१ मा प्रकाशित गरेको प्रतिवेदनले देहायको कुराहरू देखायो–[१४०]

- बाल बिजाइँको संख्या अमेरिकामा घट्दै गए पनि बालिकाहरूको संख्या भने बढ्दो छ। सबै खाले अपराधमा पक्राउ हुने केटीहरूको संख्या बढेको छ।
- कानुन कार्यान्वयन गर्ने निकायबाट सन् १९९९ मा मात्र १८ वर्षभन्दा कम उमेरका ६,७०,००० केटीहरू पक्राउ परे, जुन कुल बाल पक्राउ (Juvenile arrest) को २७ प्रतिशत हुन आउँछ।[१४१]
- बालिकाहरूले गर्ने बिजाइँको प्रकृति र कारणहरू बालकको भन्दा पृथक् छन्। अनुसन्धानअनुसार बिजाइँ गर्ने बालिकाहरू, शारीरिक, संवेगात्मक, यौनजन्य दुर्व्यवहार र अन्य पारिवारिक समस्याबाट पीडित हुन्छन्।
- बाल न्याय प्रणालीमा विकासको हिसावले स्वस्थ, साँस्कृतिक रूपले सक्षम र लैंगिक हिसावले बालिकाहरूको लागि उपयुक्त रोकथाम, दिशान्तर (Diversion) र उपचारात्मक कार्यक्रमहरूको स्पष्टतः अभाव छ।[१४२]
- लेस्ली एकोवा र एसोसिएट्सले १९९८ मा गरेको अध्ययनलाई उद्धृत गर्दै प्रतिवेदनमा बाल न्याय प्रणालीको सरोकारभित्रका बालिकाहरूको देहायको स्थिति देखाइएको छ–[१४३]

---

[१३८] Laurel AHoehn, Supra note 4 at P. 144

[१३९] Status Offence भित्र १६ वर्ष नपुगेकाले गाडी हाक्ने, रक्सी खाने आदि कुराहरु पर्न सक्छन्। कतिपय मुलुकमा घरवाट भाग्ने, सार्वजनिक स्थानमा निश्चित समय पछि भेटिने आदि कार्यहरुलाई वालकको हकमा निषेध गरिएको छ।

[१४०] ABA/NBA, JUSTICE BY GENDER : The Lack of Prevention, Diversion and Treatment Alternatives for Girls in the Justice System, 2001.

[१४१] सन् १९८८ देखि १९९७ को अवधिलाई हेर्ने हो भने बालिकाहरुले गरेको कसूरमा ८६% ले वृद्धि भएको छ। जसमा स्वेत बालिकाहरु ७४% काला १०६ % र अरु वर्गमा १०२% वृद्धि छ। हेर्नुहोस ऐ पृ. २-३

[१४२] ऐ ऐ पृ.४

[१४३] ऐ ऐ पृ.६-७

- परिवारको खण्डीकरण : गरिबी, मृत्यु, हिंसा, बाबुआमा, बाजे-बज्यै कैद परेर
- बाल न्याय प्रणाली बाहिर पीडित बनाइनु,[१४४] हिंसाको सिकार हुनु
- बाल न्याय प्रणालीभित्र पीडित बनाइनु :[१४५] पक्राउ परेपछि पनि शारीरिक र यौनजन्य दुर्व्यवहारको सिकार बनाइनु ।
- गम्भीर शारीरिक तथा मानसिक स्वास्थ्यसम्बन्धी समस्या
- जेल परेका आमाहरूलाई सन्तानबाट छुट्याइनु
- पढाइमा असफल हुनु : निलम्बन, निष्कासन, एउटै कक्षामा एक वर्षभन्दा बढी लगाउनु
- बिजाइँमा बस्ने उमेर : १२ देखि १५ वर्ष
- अहिंसक कसुरदार : बहुसंख्यक बालिकाहरू अहिंसक गतिविधिहरू जस्तो सामान्य सम्पत्ति सम्बन्धी, लागु औषध र उमेरको आधारमा निषेधित कसुर (Status offence) मा संलग्न हुन्छन्
- चुनौती सामना गर्ने शक्ति (Resilience) : बाल न्याय प्रणालीअन्तर्गत परेका कयौं बालिकाहरूमा चुनौतीहरू सामना गर्ने उल्लेखनीय शक्ति हुन्छ

बालिकाहरूको मुद्दा हेर्दा देखाइने पूर्वाग्रह बाल न्याय प्रणालीको अर्को कमजोर पक्ष हो । यसै पनि बालकहरूको तुलनामा बालिकाहरूलाई कम गम्भीर कसुरमा बढी पक्राउ गर्ने र थुनामा राख्ने गरिन्छ, अल्पसंख्यक समुदायका बालिकाहरू न्याय प्रणालीमा देखिने पूर्वाग्रहबाट पीडित छन् । प्रोवेसनको उल्लंघन, ट्राफिकसम्बन्धी कसुर, सार्वजनिक उपद्रवमा बालिकाहरू बढी पक्राउ पर्छन् । यद्यपि बालकहरूको तुलनामा कम बालिकाहरूले पुनः अपराध गर्छन्, अदालतको अपहेलना र प्रोवेसन वा पेरोलको उल्लंघनमा उनीहरू नै बढी समातिन्छन् ।[१४६]

अनुसन्धानबाट के पनि देखिएको छ भने कारागारमा केही बालिकाहरूको शाखा खचाखच भरिएको (Over Crowded) हुन्छ । प्रायः सबै कार्यक्रमहरू केटा केन्द्रित हुन्छन् र त्यसमा केटीहरूलाई फिट गरिन्छ ।[१४७]

अनुसन्धानमा भनिएको छ, बालिकाहरूको ठूलो संख्या बिजाइँमा संलग्न हुँदाहुँदै पनि बाल न्यायसम्बन्धी कार्यक्रमहरू उनीहरूलाई प्रभावकारी सहयोग प्रदान गर्ने भन्दा पनि उनीहरूलाई कसरी नियन्त्रण गर्ने भन्नेमा केन्द्रित छन् । तसर्थ डाइभर्सन, प्रोवेसन र समुदाय केन्द्रित आवासीय कार्यक्रमहरू बालिकाहरूको सक्षमतासँग फिट हुने र उनीहरूका विशेष आवश्यकताहरू मूलतः शिक्षा, गम्भीर पीडाबाट मुक्ति (Trauma recovery), पारिवारिक सम्बन्ध, आत्महत्या गर्ने सोच, लागु पदार्थको सेवन (Substance abuse), मेडिकल आवश्यकता र उनीहरू अभिभावक बनेको कारणबाट देखिएका आवश्यकताहरूलाई सम्बोधन गर्ने हुनुपर्छ । यस्ता सेवाहरू प्रत्येक बालिका केन्द्रित हुनुपर्छ, अर्थात प्रत्येक व्यक्तिको सक्षमता, शक्ति र आवश्यकताको आधारमा नै कार्यक्रमहरूको तर्जुमा गरिनुपर्छ ।[१४८] समुदाय र अदालतले लैंगिक रूपले संवेदनशील, समुदाय केन्द्रित र वैकल्पिक व्यवस्थाहरूमार्फत बालिकाहरूलाई सहयोग गर्नुपर्छ ।

नेपालको सन्दर्भमा बाल न्याय प्रणाली लैंगिक रूपले संवेदनशील हुन बाँकी नै छ । थुनापूर्व, थुनामा रहँदा र पुर्पक्षमा संलग्न रहँदा बिजाइँ गर्ने बालिकाहरूको पृष्ठभूमि, आवश्यकता र चासोलाई सम्बोधन गर्ने विशेष व्यवस्था सुरु हुन बाँकी नै छ । तर अन्तरिम संविधानका व्यवस्था र विशेषगरी बालबालिका र महिलाहरूसम्बन्धी

---

[१४४] Victimization outside Juvenile Justice System

[१४५] Victimization Inside Juvenile Justice System

[१४६] उदाहरणको लागि अफ्रिकन अमेरिकनहरु जेलको जनसंख्याको आधा छन् भने लेटिनोहरु १३ % यद्दपि खतरामा रहेका केटीहरु at risk girl मा गोराहरुको संख्या ६५% छ केवल ३४ % मात्र जेलमा परेका छन् पृ.४३,

[१४७] ऐ.ऐ.पृ. १५-१९

[१४८] ऐ.ऐ.पृ. २२-२३

अन्तरराष्ट्रिय महासन्धि (Convention) र अभिसन्धि (Protocol) का व्यवस्थाहरूले सरोकारवालाहरूलाई लैंगिक सवालहरूमा संवेदनशील बन्न कुनै न कुनै रूपमा निर्देषित गर्दछन् । सोतर्फ पनि हाम्रो ध्यान जानु जरुरी छ ।

### ७. बाल अधिकारसम्बन्धी महासन्धि (CRC) तथा महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (CEDAW)

यी दुई महासन्धिहरूका कयौं व्यवस्थाहरूले बाल न्याय प्रशासनसँग सम्बद्ध निकायहरूलाई लैंगिक रूपले संवेदनशील हुन प्रेरित गर्छन् । दुवै महासन्धिले लिंगको आधारमा कुनै भेदभाव गर्न नहुने कुरालाई स्वीकार गरेका छन् ।[१४९] महिलासम्बन्धी महासन्धिले भेदभावको परिभाषालाई व्यापक बनाउँदै पुरुष बराबरको हैसियतमा मानव अधिकारको उपभोग गर्नबाट लिंगको आधारमा वञ्चित गर्ने, बाहेक गर्ने वा रोकावट गर्ने सबै विभेदहरूलाई अस्वीकार गरेको छ । अर्को अर्थमा CEDAW ले सार्वजानिक र निजी क्षेत्रमा हुने सबै खाले भेदभावहरूलाई अस्वीकार गरेको छ ।

CEDAW मा "महिला" को परिभाषा नगरिए पनि यो महासन्धि लैंगिक भेदभावको विरुद्धमा जारी गरिएको हुँदा सबै उमेर समूहका महिलाहरू यो महासन्धिको प्रभाव क्षेत्रभित्र पर्छन् । तसर्थ यो बालिकाको हकमा पनि प्रयोग हुन सक्छ ।

दुवै महासन्धिहरूले साझा रूपमा स्वीकार गरेको अर्को सिद्धान्त "बालकको सर्वोच्च हितको सिद्धान्त" हो ।[१५०] साथै बालबालिकाको हेरचाह, शिक्षादीक्षा आदिमा बाबुआमा दुवैको समान जिम्मेवारी तोकेर महासन्धिहरूले बालबालिकाको पालनपोषणको जिम्मेवारी आमाको मात्र हो भन्ने परम्परागत सोचलाई अस्वीकार गरेका छन् ।[१५१]

दुवै महासन्धिहरूले बालबालिका र महिलाउपर हुने हिंसा र शोषण, यातना, वेश्यावृत्ति, जीउ बेचबिखन आदिलाई अस्वीकार गर्दै त्यस्तो हिंसा र शोषणविरुद्ध न्यायको हकलाई प्रत्याभूत गरेका छन् ।[१५२] साथै दुवै महासन्धिहरूले सामाजिक सुरक्षाको हकको प्रत्याभूत गरेका छन् ।[१५३]

दुवै महासन्धिले बालबालिकाको शिक्षाको अधिकारलाई प्रत्याभूत गरेका छन् भने CEDAW ले बालिकाहरूले समयअघि नै स्कुल छाड्ने दरलाई कम गर्न राज्यलाई विशेष जिम्मेदारी तोकेको छ ।[१५४]

यी दुवै महासन्धिले प्रत्याभूत गरेका अधिकारहरू र राज्यको जिम्मेवारीलाई पूर्ण रूपमा कार्यान्वयन गर्न विशेष कानुनको जरुरत पर्ने कुरा निर्विवाद छ । तर महासन्धिका व्यवस्थाहरूलाई न्यायको निम्ति प्रयोग गर्न भने कुनै बाधा छैन । दुवै महासन्धिका सन्देशलाई न्यायाधीशहरूले कम्तीमा पनि देहायको सन्दर्भमा प्रयोग गर्न सक्छन्–

- न्यायाधीशहरूले महिला र बालिकाको विरुद्ध हुने सबै खाले हिंसा शोषण, दुर्व्यवहार आदि विरुद्ध दृढ रूपमा प्रस्तुत भई आफू वा आफूअन्तर्गतका अधिकारीको असंवेदनशील व्यवहारलाई निरुत्साहित गर्ने र त्यस्तो व्यवहारका कारण अदालतमा पुनः पीडित हुने अवस्था आई पर्दैन भन्ने कुरा सुनिश्चित गर्ने

[१४९] CRC ART 2 CEDAW Art 1
[१५०] CRC Art 3, CEDAW Art 16(1)(d)
[१५१] CRC Art 18; CEDAW Art 5(b)
[१५२] CRC Art 19, 34, 35; CEDAW Art 6
[१५३] CRC Art 26; CEDAW Art 14 (c)
[१५४] CRC Art 29; CEDAW Art 10(7)

- महिलाको विरुद्ध हुने सबै खाले हिंसालाई अपराध मानी देशको कानुनी व्यवस्थाअनुसार उपयुक्त कारबाही गर्ने
- सम्भव भए महिला र बालिकाको हकलाई एक अर्काको पूरकका रूपमा लिने
- पक्राउ परेका वा थुनामा रहेका महिला र बालिकाहरूलाई थुनामा रहेको अवस्थामा कुनै भेदभाव पूर्ण अपमानजनक व्यवहार गरिँदैन र सबै खाले शोषण र हिंसाबाट रक्षा गर्दै सम्मानजनक व्यवहार गरिनेछ भन्ने कुरा सुनिश्चय गर्ने
- पक्राउ परेका महिला र बालिकाहरूको खानतलासी महिला प्रहरीद्वारा गरिने कुरा सुनिश्चित गर्ने
- महिलाहरूलाई पुरुषभन्दा अलगै राखिने कुरा सुनिश्चित गर्ने
- बिजाइँ गर्ने बालिकाहरूलाई सकेसम्म नथुन्ने र थुनामा राख्नु नै परे सकेसम्म छोटो अवधिको लागि थुनामा राख्ने ।

**८. नेपाली कानुनका व्यवस्थाहरू**

नेपाली कानुनका व्यवस्थाहरूबारे माथि परिच्छेद ६ मा यथेष्ठ प्रकाश पारिसकिएको छ। तथापि लैंगिक संवेदनशीलताको दृष्टिबाट बालबालिकासम्बन्धी ऐन र अन्य ऐनको देहायका व्यवस्थाहरू पुनः स्मरणयोग्य छन्–

- छोरा र छोरीबीच भेदभाव गर्न नहुने[१५५]
- विवाहपूर्व र विवाहपश्चात जन्मिएको सन्तानबीच भेदभाव गर्न नहुने[१५६]
- सम्पत्तिको प्राप्ति र उपभोगमा, अंश अपुतालीको हकमा छोरा र छोरीबीच भेदभाव गर्न नहुने[१५७]
- धर्मपुत्र/धर्मपुत्री र आफूले जन्माएका सन्तानबीच भेदभाव गर्न नहुने[१५८]

माथि उल्लेखित विभिन्न व्यवस्थाको अलावा महिलाहरूको विशेष संरक्षणका लागि मुलुकी ऐन तथा अन्य कानुनहरूमा हिंसा तथा अपराधहरूविरुद्ध विशेष संरक्षणात्मक व्यवस्थाहरू गरिएका छन् । जस्तै–

- महिलाको मन्जुरीबेगर निजको संवेदनशील अंग छोएमा वा यौनका आसयले कुनै कार्य गरेमा सजाय हुने
- भ्रुणको लिंग पहिचान हुने कुनै कार्य गरेमा र गर्भपतन गरे गराएमा सजाय[१५९]
- बालिकाको जबरजस्ती करणी गरेमा सजाय थप; जबरजस्ती करणीमा पीडित र आश्रित नाबालक छोराछोरी समेतको भरणपोषणको लागि क्षतिपूर्ति भराउने व्यवस्था[१६०]
- कैद वा थुनामा रहेकी महिलाको सरकारी कर्मचारीले करणी गर्ने कार्यलाई अपराध घोषित गरी सजाय[१६१]

यी व्यवस्थाहरूबाट महिलाहरूको विशेष पृष्ठभूमि, उनीहरूका चाख, आवश्यकता र विशेष परिस्थितिबारे बुझ्न र लैंगिक संवेदनशीलताप्रति चनाखो भई कार्य गर्न केही हदसम्म भए पनि नेपाल कानुनले न्यायसँग सम्बद्ध सबैलाई निर्देशित गरेको छ भनी मान्न सकिन्छ ।

---

[१५५] बालबालिका सम्बन्धी ऐन, २०४८ दफा ५

[१५६] ऐ.ऐ.दफा ७

[१५७] मुलुकी ऐनका अंशवण्डा, अपुतालीको महल

[१५८] ऐ. धर्मपुत्रको महल

[१५९] ऐ.ऐ.ज्यान सम्बन्धीको २८ (क).(ख)(ग)(घ) नं.

[१६०] ऐ.ऐ.जबरजस्ती करणीको महलको ३, १० १० (क) नं.

[१६१] ऐ.ऐ.अदलको ५ नं.

### ९. लैंगिक संवेदनशीलतालाई सुदृढ गर्न चालिनुपर्ने कदम

माथि खण्ड ३ मा लैंगिक संवेदनशीलताको सन्दर्भमा हामीले मुख्य तीन कुराहरू उठाएका थियौं । संक्षेपमा ती देहायबमोजिम छन्–

- लैंगिक भेदभाव, शोषण, दुरुपयोग र हिंसासँग सम्बन्धित सवालहरूको पहिचान गर्ने
- लैंगिक रूपले सचेत र सजग परिवार, समाज र न्याय प्रणालीको स्थापना गर्ने
- अदालतभित्र र विशेषतः न्यायाधीश, अधिकृत, कर्मचारी र वकिलहरूबीच रहेको लैंगिक पूर्वाग्रह हटाउने
- न्याय प्रशासनमा महिलाहरूको पहुँच बढाउने

सूत्रबद्ध रूपमा लेखिएको भए पनि यी कुराहरूले व्यापक दायरालाई समेटछन् । यसभित्र गर्नुपर्ने कुराहरूमा लैंगिक रूपले संवेदनशील कानुनको निर्माण र कार्यान्वयन, लैंगिक शिक्षा, लैंगिक रूपले संवेदनशील परिवार, समाज र न्याय प्रशासन स्थापना, सरकारी र गैरसरकारी क्षेत्रबीचमा सहकार्य आदि कुराहरू पर्दछन् । यो सहकार्यले बालिकाहरूको हेरचाह (Care) र संरक्षण (Protection) दुवै पक्षलाई समेट्छ । त्यसो भएमा मात्र बालकहरू बिजाइँको दुनियाँमा पर्दै नपर्ने, परिहाले पनि त्यसबाट परिवार, समाज र राज्यका संयन्त्रहरूको सहयोगमा मुक्त भई शारीरिक र मानसिक रूपमा स्वस्थ जीवन बिताउन र समाजको उपयोगी सदस्य बन्न सक्ने हुन्छन् ।

माथि उठाइएकामध्ये सबैभन्दा जटिल कुरा लैंगिक पूर्वाग्रह हो । यो अदृश्य र सुसुप्त रहन्छ । कतिपय अवस्थामा न्यायाधीश, कर्मचारी अनुसन्धानकर्ता आदिलाई आफूभित्र रहेको पूर्वाग्रहबारे पत्तै हुँदैन । तर त्यसले उनीहरूको निष्पक्षता, सक्रियता आदि सबैमा प्रश्नचिह्न खडा गरिरहेको हुन्छ । यसलाई हटाउने एउटै तरिका आफ्नो बोलीबचन र व्यवहारको बरोबर समीक्षा गरी पूर्वाग्रहहरू पत्ता लगाउने र हटाउने हो ।

लैंगिक संवेदनशीलतालाई व्यक्ति, परिवार र समाजको तहमा हेर्नु जरुरी मात्र होइन यी तिनै तहसँग सम्बन्धित सवालहरूको पहिचान गरी तिनलाई हटाउन कदमहरू चालिनु जरुरी हुन्छ । यी कुराहरूतर्फ पनि न्यायकर्मीहरूको ध्यान जानु जरुरी छ । प्रभावकारी न्यायले उनीहरूप्रति आस्था बढाउनुको साथै न्यायमा पहुँच पनि बढाउँछ । सोका लागि न्यायकर्मीहरूले विशेषतः देहायको बुँदामा ध्यान दिनुपर्छ–

- असंवेदनशील व्यवहारको कारण बालिकाहरूमा पर्ने असमान प्रभाव (Desparate Impact) लाई ख्याल गर्ने
- बालिकाहरू बिजाइँको दुनियाँमा प्रवेश गर्नुपर्ने कारण पत्ता लगाई त्यसलाई हटाउन प्रयास गर्ने
- कानुनी सहायता र प्रभावकारी क्षतिपूर्तिमार्फत बालिका/पीडितहरूको न्यायमा पहुँच बढाउने
- थुनामा सकभर नराख्ने र राख्नु नै परे उनीहरूका हक हनन् नहुने र उनीहरू पुनः पीडित हुनु नपर्ने अवस्थाको सुनिश्चय गर्ने
- कानुनको व्याख्या बालिकाहरूको हितमा गर्ने, बिजाइँ गर्ने र पीडित दुवै बालक भएमा पुनस्थापकीय सिद्धान्तहरूलाई आधार मानी कार्य गर्ने
- बालबालिकाको सर्वोत्तम हितलाई न्यायको प्रमुख सिद्धान्त मानि कार्य गर्ने
- सबै सरोकारवाला निकायहरू र व्यक्तिहरूबीच समन्वयात्मक रूपमा सहकार्य गरी सारभूत समानता सुनिश्चित गर्न कार्य योजना निर्माण गरी कार्य गर्ने ।

# १०. बाल न्यायलाई व्यवहारमा कसरी उतार्ने
**(Juvenile Justice: How to Make it Work)**

### १. बाल न्यायको आवश्यकता र औचित्य

बाल न्याय प्रणाली नेपालको न्याय प्रशासनका सन्दर्भमा एउटा नौलो अवधारणा हो । त्यसो त संसारभरकै लागि पनि यो प्रणाली त्यति पुरानो छैन तर नेपालको सन्दर्भमा यसले अझ पनि छुट्टै पद्धतिका रूपमा स्थान पाउन बाँकी छ । बालबालिकाबाट हुने बिज्याइँका कार्यहरू र वयष्कबाट गरिने आपराधिक कार्य बापत निजहरूले बेहोर्नुपर्ने दायित्वका रूपमा सजायको मात्रागत भिन्नताबाहेक तिनीहरूको मुद्दाको कारबाही छुट्टै न्याय प्रणालीअन्तर्गत हुने स्थिति अझ पनि बनिसकेको छैन ।

फौजदारी न्याय प्रणालीको मुख्य सार दण्डतत्वमा रहेको हुन्छ । कुनै व्यक्तिले अपराध गरेमा यसप्रति समाजले व्यक्त गर्ने प्रतिक्रियाका रूपमा विभिन्न प्रकारका दण्डहरू दिने प्रचलन परम्परादेखि रहिआएको मान्यता हो । अपराधीबाट समाजमा सुरक्षाको प्रत्याभूति गर्ने एवं अपराधी स्वयंलाई पनि भविष्यमा पुनः आपराधिक क्रियाकलापमा संलग्न हुनबाट निरुत्साहित गर्ने प्रभावकारी उपायका रूपमा दण्डलाई अंगीकार गरिएको हुन्छ । दण्डका पनि विभिन्न सिद्धान्तहरू छन् र अपराधको प्रकृतिअनुसार फरक-फरक अपराधका सन्दर्भमा यी सिद्धान्तहरूको प्रयोग फरक-फरक ढंगबाट गरिन्छन् । सिद्धान्तहरू जेसुकै भए पनि यिनको प्रयोगका पछाडि एउटा सामान्य मान्यता के रहेको छ भने आपराधिक कार्य खास परिस्थितिमा खास अभिप्रायले गरिएको हुन्छ । त्यसैले कुनै आपराधिक कार्य हुँदाको परिस्थिति र त्यस्तो कार्य गर्नुको अभिप्राय पत्ता लगाउन सकियो भने उपयुक्त दण्डको माध्यमबाट फौजदारी कानुनको उद्देश्य प्राप्त गर्न सकिन्छ भन्ने फौजदारी न्याय प्रणालीको मूल मान्यता हो । तर बालबालिकाले गर्ने बिज्याइँ र वयष्कहरूले गर्ने अपराधका कारण, परिस्थिति, प्रकृति र परिणाममा अन्तर हुन्छ । बालबालिकाहरूले बाल सुलभ स्वभावका कारण कानुनद्वारा निषेधित कार्य गर्न त सक्दछन् तर त्यस्तो कार्यको प्रकृति र परिणामबारे अनजान हुन सक्दछन् । कतिपय अवस्थामा तिनीहरूले अरूलाई हानि पुऱ्याउने दुरासय राखेर भन्दा पनि आफ्नो उमेरजन्य इच्छा र आवश्यकता पूरा गर्ने उद्देश्यले गरेका हुन सक्दछन् । कुनै अवस्थामा उनीहरूको आफ्नै स्वेच्छाले भन्दा पनि अरूको अह्राइमा वा संगतमा लागेर र अरूको प्रभाव वा बाध्यतामा परेर मात्र गरेका हुन सक्दछन् । यस्तो स्थितिमा बालबालिकाहरूको भूमिका माध्यमका रूपमा मात्र रहेको हुन्छ, उनीहरूको आफ्नै स्वतन्त्र विवेकको प्रयोग भएको हुँदैन । यही स्थितिलाई ध्यानमा राखेर खास उमेर समूहका बालबालिकाहरूलाई आपराधिक दायित्वबाट पूरै छुट र अरूलाई कम सजाय गर्ने प्रचलन पुरानै हो तर अनुसन्धान, अभियोजनदेखि अदालतमा गरिने सुनुवाइको प्रक्रिया र कार्यविधिमा खासै भिन्नता थिएन । यदि बालबालिकाको खास अवस्था र परिस्थितिलाई विचार गरेर सजायमा छुट वा कमी गरिन्छ भने कारबाहीको चरणमा पनि तिनीहरूको खास अवस्था र परिस्थितिलाई ध्यानमा राखिनुपर्छ भन्ने सोच अगाडि आएको छ । वास्तवमा बाल न्याय प्रणालीको विकास यिनै पृष्ठभूमिमा भएको हो ।

बालबालिका भविष्यका कर्णधार हुन् । ऊ भोलिको निम्ति राष्ट्रको निधि बन्ने कि भार बन्ने भन्ने कुरा धेरै हदसम्म बाल्यकालमा उसलाई दिइने शिक्षा, अवसर र वातावरणमा निर्भर गर्दछ । बालबालिकाहरू बाल्य कालमा कानुनसँगको द्वन्द्व (Conflict with Law) आउनु भनेको उसलाई समयमा शिक्षादीक्षा लगायतको उपयुक्त अवसर र वातावरण दिन नसकेर हो । वास्तवमा बाल्यकालमा बालबालिकाले अपराध गर्नुमा उसको

आफ्नै व्यक्तिगतभन्दा पनि परिवार र समाजको ठूलो भूमिका रहेको हुन्छ । त्यसैले यदि आपराधिक क्रियाकलापमा उसको संलग्नताको पछाडि परिवार र समाजको ठूलो भूमिका छ भने उसलाई सुधार्ने जिम्मा पनि समाजले नै लिनुपर्दछ र वयष्कले गरेको अपराधको सन्दर्भमा अपनाइने न्याय प्रणालीभन्दा पृथक् किसिमको न्याय प्रणाली अपनाउनुपर्दछ भन्ने मान्यताको विकास भएको छ । कानुनको द्वन्द्वमा परेका बालबालिकाहरूउपर सामान्य फौजदारी कानुनको प्रयोगले बालबालिकाका लागि मात्र होइन, सम्पूर्ण समाज र राज्यकै लागि पनि दूरगामी प्रतिकूल असर पर्छ । कारबाहीका क्रममा अपनाइने लामो कार्यविधिगत औपचारिकताले ल्याउने मनोवैज्ञानिक असर र अन्य अपराधीहरूसँगको संगतले अनजानमा कानुन उल्लंघन गर्न पुगेका बालबालिकाहरू पनि झन् साँच्चिकै अपराधीका रूपमा स्थापित हुन जाने सम्भावना दुवै समाजका लागि सकारात्मक संकेत होइनन् । सामान्य फौजदारी कानुनअन्तर्गत गरिने व्यवहार र दण्ड प्रणालीले बालबालिकालाई सदाका लागि दागी र खोटी मात्र बनाउँदैन, उसमा सामाजिक मूल्य र मान्यताप्रति नै तिरष्कारको भावना जगाउँदछ र बिस्तारै कानुन र समाजप्रति वितृष्णा जागृत गराउँछ । परिणामस्वरूप बालबालिकाको समग्र विकासमा नै नकारात्मक असर पार्छ । बाल न्याय प्रणाली बालबालिकाले गरेको बिज्याइँका सम्बन्धमा सामान्य फौजदारी कानुनको विकल्पमा विकसित पद्धति हो ।

### २. बाल न्याय प्रणालीको परिचय

सामान्य अर्थमा बाल न्याय प्रणाली भन्नाले बालबालिकाले गरेको बिजाइँका सम्बन्धमा कारबाही गर्न परम्परागत फौजदारी न्याय प्रणालीभन्दा छुट्टै रूपमा स्थापित न्याय प्रणाली हो । परम्परागत रूपमा फौजदारी कानुनको उल्लंघन गर्ने चाहे त्यो नाबालक होस् या उमेर पुगेको वयष्क सबैका लागि एउटै कानुन, एउटै अदालत र एउटै कार्यविधि लागू हुन्थ्यो । उमेर कम भएको हिसावले बालबालिकाले गरेका बिज्याइँका सम्बन्धमा सजाय कम हुने व्यवस्थाबाहेक मुद्दा सुनुवाइको अन्य प्रक्रियामा खासै अन्तर थिएन । कतिपय मुलुकमा त सजायको मात्रामा पनि घटीबढी थिएन ।[१६२] सजायको मात्रागत घटीबढी पनि उसलाई सुधारको अवसर दिने उद्देश्यले भन्दा पनि बालबालिकालाई पूर्ण मानवको कोटीमा नराखिएका कारणले दिइएको पाइन्छ । आफ्नो बच्चा Issac लाई बलि दिन तयार रहेको Abraham को कथा हामीले सुनेकै छौं । वास्तवमा अठारौं शताब्दीसम्म बालबालिकालाई व्यक्ति होइन, सम्पत्तिजन्य वस्तुका रूपमा लिइने प्रचलन थियो ।[१६३] अरू सम्पत्ति जस्तै बालबालिकालाई पनि खरिद गर्न र बिक्री गर्न सकिन्थ्यो । जस्तो रोमन कानुनमा Patriae Potestas को सिद्धान्त प्रचलित थियो, जसअनुसार just vitae necisque (power of life and death) तथा fortiori (uncontrolled corporal chastisement over children) जस्ता विषयहरू यसअन्तर्गत समावेश थिए । यही मान्यतामा आधारित भएर Bradley v. State (1824) को मुद्दामा अदालतले पनि बूढी औंलाभन्दा सानो लट्ठीले आफ्नी श्रीमतीलाई कुट्न पाउने नियम (rule of thumb) प्रतिपादन गरेको थियो । बालबालिकाका हकमा पनि यो नियम समान हिसावले लागू हुन्थ्यो । एकजना लेखकले जनावरहरूका लागि बरु क्रुरताबाट संरक्षणका लागि १८ औं शताब्दीमै केही कानुनहरू बनेको तर बालबालिकाको संरक्षणका लागि १९७० को दशकभन्दा अगाडि कुनै व्यवस्था नरहेको उल्लेख गरेका छन् ।[१६४]

यद्यपि बालबालिकाको संरक्षण र विकासका लागि ध्यानै नदिइएको भने होइन । अठारौं शताब्दीमा सुरु भएको औद्योगिक क्रान्तिताका बालबालिका माथि बढेको शोषण, यातना, पीडा र दुर्व्यवहारको स्थितिबाट बचाउन तिनीहरूको पुनःस्थापना गर्ने लगायतका विभिन्न अभियानहरू सञ्चालित भएको पाइन्छ । यीमध्ये सन् १८२३

---

[१६२] Robert W. Taylor et. Al; Juvenile Justice : Policies, Programs, and Policies, p.4, Mc- Graw Hill, 2002

[१६३] Mary J. Clement, The Juvenile Justice System: Law and process, p.2, Butterworth, 2002

[१६४] Id at 3

मा अमेरिकामा The Society for the Prevention of Pauperism को आह्वानमा १८२५ मा न्युयोर्क, पेन्सिल्भेनिया र म्यासाचुसेट्समा स्थापित Houses of Refuge महत्वपूर्ण छ भने बालबालिकालाई वयष्कबाट छुट्टै राखी सुधारको कार्यक्रमहरू सञ्चालन गर्ने पहिलो कारागारका रूपमा सन् १७९० मा पेन्सिल्भेनियाको फिलाडेल्फियामा स्थापित Walnut Street Jail महत्वपूर्ण छ । यी संस्थाहरूको एउटा दृढ विश्वास के थियो भने humans are inherently evil and must be taught to be good. यिनै संस्थामा सञ्चालित कार्यक्रममार्फत अर्को एउटा धारणा के पनि विकास भयो भने the state is sometimes in a better position than the family to raise a child and has a duty to do so whenever it is in the best interest of child.

वास्तवमा हिजोआज बालबालिकालाई सम्पत्तिजन्य वस्तु होइन, एउटा व्यक्तिका रूपमा र त्यस्तो व्यक्ति, जसलाई विशेष संरक्षण आवश्यकता पर्ने व्यक्तिका रूपमा लिने मान्यताको विकास भएको छ । अझ अहिलेको मानव अधिकारवादी दृष्टिकोणबाट हेर्दा यो विशेष संरक्षणको विषय तिनीहरूको आवश्यकता मात्र नभएर अधिकार (Shift from needs to rights) कै रूपमा स्थापित भएको पाइन्छ । उनीहरूको अपरपिक्वता (immaturity) केवल उमेरजन्य चरित्र हो र त्यही कारणबाट मात्र उनीहरूलाई विभिन्न अधिकारबाट वञ्चित गर्नु मानव अधिकारको उल्लंघन हो । बरु उमेरजन्य अपरिपक्वताको स्थितिबाट पूर्ण परिपक्वता हासिल गर्नका लागि आवश्यक पर्ने वातावरण, परिस्थिति र कार्यक्रम पाउनु उनीहरूको अधिकार हो । त्यसैले यिनै मान्यतामा आधारित रहेर समग्र न्याय प्रणालीभित्र पनि बालबालिकाको विशेष आवश्यकता र परिस्थितिलाई ध्यानमा राखेर बालमैत्री न्याय प्रणाली अपनाउनुपर्ने आवश्यकता महसुस गरिएको छ । बाल न्याय प्रणालीको आवश्यकताको पक्षमा निम्न तर्कहरू दिने गरिन्छ–

(क) वयष्कहरूको तुलनामा बालबालिकाहरू कम परिपक्व (less mature) हुनाले सही र गलत छुट्याउन सक्दैनन् ।

(ख) बालबालिकाहरूको मानसिकता वयष्कसरह विकास भएको हुँदैन (they have not developed the same level of intent as adults) ।

(ग) वयष्कको तुलनामा बालबालिकाहरूलाई सजिलै पुनःस्थापना गर्न सकिन्छ ।

हुन पनि बाल्यकालमा कुनै न कुनै प्रकारको बिज्याइँ नगर्ने व्यक्ति पाउन गाह्रो छ । फरक कति हो भने यी बिज्याइँहरू गम्भीर थिए वा थिएनन्, सार्वजनिक भए वा भएनन् र प्रहरीसम्म पुगे वा पुगेनन् । कसैले गरेको बिज्याइँ सार्वजनिक भयो र प्रहरीकहाँ पुग्यो, उसले सजाय पायो तर अर्कोले गरेको बिज्याइँ सार्वजनिक भएन, प्रहरीकहाँ पुगेन अनि सजाय पनि भएन । यहाँनिर हामीले सम्झनुपर्ने कुरा के छ भने यस प्रकारको बिज्याइँ गर्दा बालबालिकाहरूले न त कसैलाई हानि पुऱ्याउने पहिल्यैदेखिको सोच बनाएका हुन्छन् न त पूर्वयोजना नै । यो एउटा तात्कालिक भावनाको उपज हुन्छ र अरूलाई नोक्सानी गर्ने भन्दा पनि आफ्नो इच्छा पूरा गर्ने उद्देश्य रहेको हुन्छ । कतिपय अवस्थामा रमाइलाको लागि पनि बालबालिकाहरूले बिज्याइँ गरेका हुन्छन् । यस्तो स्थितिमा बालबालिकाहरूलाई पनि वयष्कसरह एउटै कानुन, एउटै अदालत र एकै किसिमको कार्यविधि लागू गर्ने हो भने निश्चित रूपमा हामीले बालबालिकाहरूको विशेष हित र आवश्यकताहरूलाई नबुझेको ठहर्छ र न्याय प्रणालीको उद्देश्य पनि पराजित हुन पुग्दछ । परम्परागत फौजदारी न्याय प्रणालीमा जस्तै बालबालिकाहरूले गरेको बिज्याइँका सन्दर्भमा पनि अमुक बालबालिका अपराधी हो होइन र निजलाई सजाय गर्नुपर्ने हो होइन भन्ने मापदण्डका आधारमा मात्र हेरेर कारबाही गर्ने हो भने निजको वैयक्तिक विकासको प्रक्रियामा नकारात्मक असर पर्ने मात्र नभई निजलाई सभ्य नागरिकका रूपमा स्थापित गरी समाजप्रतिको जवाफदेहीको भावना विकास गराउने लक्ष्यसमेत ओझेलमा पर्छ । त्यसैले बाल न्याय प्रणाली कानुनको द्वन्द्वमा आएका बालबालिकाहरूको आचरण र व्यवहारलाई नियमित गर्ने उद्देश्यले स्थापित फौजदारी न्याय प्रणालीभन्दा छुट्टै न्याय प्रणाली हो ।

यसअन्तर्गत ती सबै निकायहरू पर्दछन्, जुन बाल अपराधीसँग सम्बन्धित कुराहरू व्यवस्थित गर्ने उद्देश्यले स्थापना भएका हुन्छन् ।[१६५] बालबालिकाको देखभाल र संरक्षण यसको मुख्य उद्देश्य हुन्छ ।

बाल न्याय प्रणाली राज्यको अभिभावकत्वको सिद्धान्त (doctrine of parens patriae) मा आधारित छ ।[१६६] यसको अर्थ राज्यले अभिभावको भूमिका निर्वाह गर्नुपर्दछ भन्ने हो । राज्यले कानुन र व्यवस्था कायम गर्ने सिलसिलामा कानुन उल्लंघन गर्नेहरूलाई दण्ड सजाय दिने कार्य मात्र नगरी बाटो बिराएकाहरूलाई सत्मार्गमा ल्याउने भूमिका पनि निर्वाह गर्नुपर्छ भन्ने मान्यतामा यो सिद्धान्त विकसित भएको हो । खास गरेर जुन अभिभावकले आफ्नो बालबच्चालाई शिक्षादीक्षाको अवसर जुटाउन तथा तिनीहरूको बानीबेहोरामा नियन्त्रण गर्न अक्षम हुन्छन् वा चाहँदैनन् त्यस्तो अवस्थामा रहेका बालबालिकाहरूका निम्ति राज्यले अभिभावकत्व ग्रहण गर्नुपर्दछ भन्ने यो सिद्धान्तको मूल मान्यता हो । त्यसैले जसरी आफ्नो बालबालिकाको सर्वोत्तम हितको निमित्त प्राकृतिक अभिभावकले काम गर्छ त्यस्तै भूमिका राज्यले निर्वाह गर्नुपर्ने हुँदा बाल न्याय प्रणालीको संरचना सोहीअनुरूप निर्माण गरिएको हुन्छ । फौजदारी न्याय प्रणालीसँग बाल न्याय प्रणालीको तुलना गर्दा सामान्यतया निम्न भिन्नताहरू पाइन्छन्–

**भाषागत भिन्नता**

बाल न्याय प्रणालीलाई फौजदारी न्याय प्रणालीबाट छुट्याउनुको एउटा मुख्य उद्देश्य बाल अपराधीहरूको पुनःस्थापना गर्नु हो । किनभने अपराधीका रूपमा सदाका लागि दागी हुनबाट बचाउन पुनःस्थापना प्रक्रिया अपनाइने हो भने यसलाई यथासम्भव फौजदारी न्याय प्रणालीबाट टाढा राख्नुपर्दछ । त्यसैले फौजदारी न्याय प्रणालीमा प्रयोग गरिने शब्दावलीलाई बाल न्याय प्रणालीमा भिन्न रूपमा प्रयोग गर्ने गरिन्छ । यसका केही उदाहरण तल उल्लेख गरिन्छ–

| Juvenile Justice System Term | Criminal Justice System Term |
|---|---|
| Adjudication - Decision by a juvenile court judge that the juvenile committed the delinquent act | Conviction |
| Adjudication hearing- A hearing to determine whether there is evidence beyond a reasonable doubt to support the allegations against the juvenile. | Trial |
| After care- Supervision of a juvenile after release from an institution | Parole |
| Commitment - Decision by a juvenile court judge to send the adjudicated juvenile to an institution | Sentence to Prison |
| Delinquent Act- A behaviour committed by a juvenile that would have been a crime if committed by an adult | Crime |
| Delinquent - A juvenile who has been adjudicated of a delinquent act in juvenile court | Criminal |

[१६५] Supra Note at 4- The Juvenile Justice system is comprised of those agencies whose primary duty is to manage juvenile offenders.

[१६६] Parens Patriae is a legal doctrine in which state plays the role of a parent, Ibid

| | |
|---|---|
| Detention- short term secure confinement of a juvenile for the protection of the juvenile or for the protection of society | Confinement in jail |
| Detention Centre- A facility designed for short term secure confinement of juvenile prior to court disposition or execution of a court order | Jail |
| Disposition - The sanction imposed on a juvenile who has been adjudicated in juvenile court | Sentence |
| Disposition hearing- A hearing held after a juvenile has been adjudicated to determine what sanction should be imposed on the juvenile | Sentence hearing |
| Institution- A facility designed for long term secure confinement of a juvenile after adjudication | Prison |
| Petition- A document that states the allegations against a juvenile and requests a juvenile court to adjudicate a juvenile | Indictment |
| Taken into custody- The action on the part of a police officer to obtain custody of a juvenile accused of committing a delinquent | Arrest |

**अन्य भिन्नता :**

फौजदारी न्याय प्रणाली र बाल न्याय प्रणालीबीचका अन्य भिन्नताहरू देहायअनुसार छन्–

| **Juvenile Justice System** | **Criminal Justice System** |
|---|---|
| **Operating assumptions** | |
| ▪ Youth behavior is malleable<br>▪ Rehabilitation is usually a viable goal<br>▪ Youth are in families and not independent<br>▪ Reaction in proportion to the circumstances of both the offenders and offences. | ▪ Sentences proportional to the offence<br>▪ General deterrence works<br>▪ Rehabilitation is not a primary goal |

**Prevention**

- Many Specific delinquency prevention activities (Such as school, Church, recreation)
- Prevention intended to change individual behaviors (Often Family Focused)

- Generalized prevention activities aimed at deterrence (Such as crime watch)

**Law Enforcement**

- Specialized "Juvenile Units"
- Some additional behaviors prohibited ( truancy, running away, curfew violations)

- General law enforcement unit
- Open public access to all information

**Prosecution**

- Decision to file a petition for court action is based on both Social and legal factors

- Prosecution decision based largely on legal facts

**Detention**

- Juveniles may be detained for their own or the community's protection
- Juveniles may not be confined with adults without "Sight and Sound" Separation

- Adults are detained mainly for the community's protection
- Right to apply for bond

**Adjudication/Conviction**

- Juvenile Court proceedings are "quasi-Civil" and may be confidential of records
- Juvenile Court proceedings are more informal
- Close hearing
- Personalized justice

- All proceedings are open
- Criminal Court proceedings are more formal
- Open hearing
- Generalized justice

**Disposition/Sentencing**

- Dispositional philosophy includes a significant rehabilitation component
- Many dispositional alternatives are operated by the juvenile court
- Dispositions cover a wide range of community based and residential services
- Length of sentence usually short

- Sentencing philosophy is based largely on proportionality and punishment
- Length of sentence can be longer.

**Aftercare/Parole**

- A function that combines surveillance and reintegration activities (such as family, school, works)

- rimarily a surveillance and reporting function to monitor illicit behavior

Aims

- Well being of the juvenile
- Encourages a process of behavioral change to make feel accountable for actions
- Avoid the involvement of the formal court System
- Importance to constructive community based solutions

- Punishment
- Protection of Society
- Right to trial in the court system

**३. बाल न्यायका विभिन्न पक्षहरू**

**(क) रोकथाममुखी कार्यक्रम (Prevention Programme)**

भनिन्छ- उपचार भन्दा रोकथाम महत्वपूर्ण हो (Prevention is better than cure)।[१६७] अपराधका सन्दर्भमा पनि यो कुरा लागू हुन्छ। अपराध गरिसकेपछि सजाय गर्नुभन्दा अपराध नै हुन नदिनु उत्तम हुन्छ।[१६८] खास गरेर बालबालिकाका सम्बन्धमा यो विषय अझ महत्वपूर्ण छ। हुन पनि जबसम्म हामीले अपराध गर्न उत्प्रेरित गर्ने कारणहरूमा ध्यान दिँदैनौ तबसम्म अपराध रोकथाम र नियन्त्रणका प्रयासहरू फजुल अभ्यास सावित हुने

[१६७] Julia Sloth - Nielsen and Jacqui Gallinetti, Child Justice in Africa, p.7, Community Law Centre, 2004

[१६८] CeLRRd, Juvenile Justice System in Nepal, p.17, KSL, 2003

सम्भावना हुन्छ । अपराधको रोकथाममुखी अवधारणाले मुख्यतः यसै पक्षमा जोड दिन्छ । Palme भन्छन् : It is less costly and more efficient for society to prevent young people from starting on criminal careers than to pay for the outcome of criminal behaviors.[१६९]

पहिले फौजदारी न्याय प्रणाली बन्द प्रणाली (Close System) मा आधारित थियो । अपराध नियन्त्रणको मामलामा प्रहरीलाई नै सम्पूर्ण रूपमा दक्ष र विशेषज्ञ मानिन्थ्यो र सबै आपराधिक समस्याको समाधान प्रहरीले नै गर्न सक्ने अनुमान गरिन्थ्यो । अपराधलाई सामाजिक समस्याका रूपमा हेर्ने र यसको रोकथामका लागि कार्यक्रम सञ्चालन गर्ने कुरामा कमै ध्यान दिइन्थ्यो । साँच्चै भन्ने हो भने अपराध रोकथामको विषय समाजशास्त्रको क्षेत्रभित्रै पर्थेन । एकजना लेखकले अमेरिकामा सन् १९७१ मा Louisville मा National Crime Prevention Institute को स्थापनापछि मात्र अपराध रोकथामको विषयले औपचारिक मान्यता पाएको उल्लेख गरेका छन् ।[१७०] यसका अनुसार यी ३ वटा तत्वको विद्यमानतामा मात्र अपराध हुने मान्यता राखेका छन्–

१. अपराध गर्ने इच्छा (Criminal desire)
२. आपराधिक दक्षता (Criminal Skill)
३. अपराध गर्ने अवसर (Opportunity)

यसैले यी तीनमध्ये कुनै एउटा विशेष गरेर अझ अवसर तत्वलाई घटाउने कार्य नै अपराध रोकथाम हो भन्ने यिनीहरूको बुझाइ छ । भनिएको छ- Breaking any one of these three elements, especially decreasing the opportunity for a criminal to commit a crime, would be crime prevention. त्यसैले धेरै रोकथामका तरिकाहरू अपराध गर्ने अवसर नदिनु या यसलाई बढी कष्टकर बनाउनेतर्फ केन्द्रित भएको पाइन्छ । जस्तो घर फोड्नबाट बचाउन ठूलो भोटे ताल्चा लगाउनु यसैको उदाहरण मान्न सकिन्छ । तर के देखिन्छ भने ठूलो ताल्चाका बाबजुद अपराध घट्ने क्रम रोकिएको छैन । यसले अपराध रोकथामको विषयलाई नयाँ चुनौती थपिदिएको छ, जसले गर्दा यो विषयलाई व्यापकता (holistically) मा हेर्ने दृष्टिकोणको विकास भइरहेको छ ।

**अपराध रोकथामको तह (Delinquency Prevention Level)**

हिजोआज अपराध रोकथामका प्रयासहरूलाई विभिन्न तह र स्वरूपमा हेर्ने गरिन्छ । जस्तो–

**१. Primary Level (प्राथमिक तह)**

यो तरिका रोग नियन्त्रणका लागि स्वास्थ्य सेवामा अपनाइने प्रविधिबाट लिइएको हो । जसरी दाँत बिग्रनबाट बचाउन पानीमा फल्युराइड (Fluoride) मिसाएर प्रयोग गर्नुपर्ने शिक्षा दिइन्छ त्यसैगरी आपराधिक कार्यमा संलग्न र पीडित हुनबाट कसरी बच्ने भन्ने उपायहरू दिएर बालबालिकाहरूलाई रोकथाम गरिन्छ । जस्तो यो उपाय खासगरेर प्राथमिक शिक्षा अध्ययन गरिरहेकाहरूका निम्ति साइकल सुरक्षा, बाटो काट्ने तरिका, अपरिचितहरूसँग कस्तो व्यवहार गर्ने वा के नगर्ने जस्ता शिक्षाहरू दिने गरिन्छ ।

**२. द्वितीय तह (Secondary Level)**

यो तहमा रोकथाम प्रयासहरू अपराधी बन्ने वा अपराधबाट पीडित बन्ने खतरामा रहेका (Persons who are at risk to become victims or offenders) हरूलाई केन्द्रित गरिन्छ । यसका पछाडि के मान्यता राखिन्छ भने पछि गएर अपराधी बन्ने व्यक्तिहरूमा बाल्यअवस्थामै केही लक्षणहरू देखिन्छन् र बाल्यकालमै जो अपराधबाट पीडित भएको छ त्यतिबेला उसलाई राम्रोसँग सान्त्वना दिन सकिएन भने उसले त्यो पीडाको प्रतिक्रिया बिस्तारै

[१६९] Johnny Juhi Sorensen and Jorgen Jepsen (eds), Juvenile Justice in Transition, P. 163, DIHR, 2005

[१७०] Mary J. Clement "The Juvenile Justice System", P. 409, Butterworth, 2002

समाजमा पोख्दै जान्छ चाहे त्यो वेश्यावृत्ति वा लागु औषधको कुलतजस्ता आफैंप्रति लक्षित रूपमा होस् वा अरूप्रतिको हिंसाजन्य कार्यका रूपमा । प्रायः अपराध रोकथामसम्बन्धी अन्तरराष्ट्रिय प्रयासहरू "Risk focused crime prevention" सँग सम्बन्धित छन् । यसअनुसार त्यहाँ वैयक्तिक, सामाजिक तथा आर्थिकजस्ता केही तत्वहरू, जसले अपराध घट्न सक्ने सम्भावनालाई बढाउँछ । जस्तो– पारिवारिक विघटन, हिंसा, कमजोर अभिभावकत्व, गरिबी आदि यो स्थितिमा सुधार गर्न सकिएमा अपराध घट्न सक्ने सम्भावनामा कमी आउँछ भन्ने मान्यता यसमा राखिन्छ र यी तत्वहरूलाई Protective factors भनिन्छ । यो अवधारणालाई आधार मान्दा जोखिम तत्वहरू (Risk factors) लाई कम गराउने र संरक्षणात्मक तत्वहरू (Protective factors) लाई सुदृढ गरेर अपराध रोकथाम गर्न सकिन्छ ।

**३. तृतीय तह (Tertiary Level )**

अपराध रोकथामसम्बन्धी यो तहको प्रयास एकपटक अपराध गरिसकेकाहरूलाई भविष्यमा पुनः अपराध गर्नबाट रोक्ने कार्यतर्फ लक्षित छ । यसअन्तर्गत प्रोवेसन, जरिवाना, क्षतिपूर्ति, सामुदायिक सेवालगायत विभिन्न सुधार कार्यक्रमहरू पर्दछन् ।

Julia Sloth- Nielsen र Jacqui Gallinetti ले अपराध रोकथामको प्रयासलाई अर्को तरिकाबाट यसरी उल्लेख गरेका छन्–

**१. कानुन कार्यान्वयन (Law Enforcement)**

कानुन बनाउने, कुनै कार्यलाई अपराध घोषित गर्ने, त्यस्तो अपराध गरेबापत सजायको व्यवस्था गर्ने र सजायको त्रास देखाएर अपराध गर्न रोकथाम गर्ने यो एउटा परम्परागत तरिका हो ।

**२. परिस्थितिजन्य रोकथाम (Situational crime prevention)**

अपराध हुन सक्ने परिस्थिति र अवसर घटाउन लागू गरिने उपायहरू यसअन्तर्गत पर्दछन् ।

**३. सामाजिक रोकथाम (Social crime prevention)**

अपराध हुन र गर्न प्रश्रय दिने खालका सामाजिक अवस्थामा सुधारका लागि चालिने उपायहरू यसअन्तर्गत पर्दछन् ।

Piaget ले बाल्यकालमा हुने मनोवैज्ञानिक विकासलाई विभिन्न उमेर समूहको आधारमा विश्लेषण गरेर अपराध रोकथामका प्रयासहरू तिनीहरूको अवस्था र आवश्यकतामा आधारित हुनुपर्ने बताएका छन् । उनका अनुसार–

- जन्मदेखि २ वर्षसम्मको उमेर अवस्थालाई पहिलो अवस्था (sensorimotor) नाम दिएका छन् ।
- २ देखि ७ वर्षसम्मको उमेर अवस्थालाई दोस्रो अवस्था (Preoperational Stage) मानेका छन् ।
- ७ देखि ११ वर्षसम्मको उमेर अवस्थालाई तेस्रो अवस्था (Operational Stage) मानेका छन् ।
- ११-१५ वर्षसम्मको उमेर अवस्थालाई चौथो अवस्था (Formal Operational Stage) मानेका छन् । Kohlberg ले अमेरिकामा बाल अपराधको दर बढ्नुमा करिव आधा जति अमेरिकी युवाहरू formal operation level of thinking मा पुगेकै हुँदैनन् भन्ने निष्कर्ष निकालेका छन् ।

समग्रमा बाल अपराध रोकथाम (Delinquency Prevention) भन्नाले बालबालिकाहरूलाई अपराध हुनबाट रोकथाम गर्न अवलम्बन गरिने सबै कार्यक्रमहरू पर्दछन् र बाल अपराध रोकथामका लागि अपनाइने उत्तम उपाय भनेको यस्तो अपराध हुन नपाउने स्थिति सिर्जना गर्नु हो ।[१७१]अपराध रोकथाम प्रयासका पछाडि देहायका मान्यताहरू रहेका छन्–

- आपराधिक कार्यमा संलग्न हुने खतरामा रहेका बालबालिकाहरूको पहिचान गर्न सकिन्छ
- अपराधी बन्ने बालबालिकाहरूले पहिल्यै लक्षण देखाउँछन्
- उपयुक्त कार्यक्रमको माध्यमद्वारा बालबालिकाको आपराधिक मनोवृत्तिमा परिवर्तन ल्याउन सकिन्छ

**अपराध रोकथामका लागि अपनाउन सकिने उपायहरू**

अपराध रोकथामका लागि अपनाउन सकिने उपायहरू धेरै छन् । धेरै मुलुकहरूमा आ-आफ्नै प्रकारका उपायहरू अवलम्बन गरिएको पाइन्छ तथापि केही मुख्य कार्यक्रमहरू निम्नअनुसार छन्–

**१. अपराध हुनुभन्दा पहिल्यै अपनाइने रोकथामको उपाय (Early Pre-Delinquent Intervention and Prevention)**

अपराध रोकथामका यी कार्यक्रमहरू जीवनको प्रारम्भिक अवस्थामा सञ्चालन गरिन्छन् । अमेरिकाको बाल न्याय तथा अपराध रोकथाम (Juvenile Justice and Delinquency Prevention) कार्यालय, वासिङटनले सन् १९९९ मा गरेको अध्ययनअनुसार मान्छेको दिमागमा हुने जति पनि शारीरिक विकास छ त्यो ३ वर्षको उमेरभित्र भइसकेको हुन्छ । त्यसैले अपराध रोकथामका लागि कार्यक्रमहरू सञ्चालन गर्दा बालबालिकाको विकास क्रममा अन्तरनिहित खतरा तत्वहरू (risk factors) को पहिचान गर्न सक्नुपर्दछ र तिनीहरूलाई लक्ष्य गरेर कार्यक्रम सञ्चालन गर्नुपर्दछ । उदाहरणका लागि अमेरिकाको Perry Pre-School Programme लाई लिन सकिन्छ । यो कार्यक्रमले सामाजिक आर्थिक हैसियत कम भएका परिवारका ३।४ वर्षका बालबालिकाहरूलाई लक्ष्य बनाएको छ । यो २ वर्षे कार्यक्रम हो । यसमा प्रतिदिन साढे दुई घन्टा, प्रतिहप्ता ५ दिन, प्रतिवर्ष ७ महिनाको कार्यक्रम हुन्छ र हप्ताको १ पटक तालिम प्राप्त शिक्षकहरूद्वारा घर भ्रमण गरिन्छ । अनुसन्धानले यो कार्यक्रममा सहभागी भएका बालबालिकाहरूको अपराध दर जादै न्यून रहेको देखाएको छ । हालैको अध्ययनले के देखाएको छ भने बालबालिकाको पहिलो २ वर्षको संरक्षकत्वले उसको बाँकी जीवनको आचरण व्यवहार प्रभावित हुन्छ । यति मात्र होइन गर्भावस्थाकी आमाले आफ्नो जीउको हेरविचार कसरी गर्छिन् र व्यवहार कस्तो देखाउँछन् भन्ने कुराले पनि बालबालिकाको पछिल्लो जीवनचर्या प्रभावित हुने देखाएको छ ।[१७२] त्यसैले कतिपय कार्यक्रमहरू at risk pregnant mother लाई लक्षित गरेर पनि सञ्चालन गर्ने गरिएको पाइन्छ ।

**२. दिशान्तर (Diversion)**

अपराध रोकथामका सन्दर्भमा दिशान्तर भन्नाले दुराचारमा संलग्न रहेका बालबालिकाहरूलाई औपचारिक न्याय प्रणालीको सम्पर्कमा आउन नदिई विभिन्न प्रकारका सेवामूलक कार्यक्रममा लैजाने प्रक्रिया बुझिन्छ । यसको मुख्य उद्देश्य पहिलोपटक अपराध गर्न पुगेका बालबालिकालाई सुध्रने अर्को एउटा अवसर दिएर दोस्रोपटक अपराध गर्नबाट रोक्नु हो । यसको पछाडि रहेको मान्यताका सम्बन्धमा भनिएको छ- The basic theory that guides diversion programmes is that most youths will at some point commit some type of delinquent act or otherwise make a mistake. As such, it is not fair to permanently label a youth as a delinquent and subject them to punishment and embarrassment. It is more prudent to allow the juvenile a second chance and divert the juvenile away from formal processing by the system. यसप्रकार दिशान्तरको

---

[१७१] The best way to deal with juvenile delinquency is to prevent it from occuring in the first place.

[१७२] Supra Note 1 at p. 544

सिद्धान्त कलंकको सिद्धान्तमा (labeling theory) मा आधारित छ र न्यायको औपचारिक प्रक्रियामा लगिनाले तिनीहरूउपर लागेको कलंकलाई सानो पार्ने भन्दा ठूलो पार्ने सम्भावना रहन्छ भन्ने विश्वास गरिन्छ।
कलंकको सिद्धान्त Edwin M. Lemert ले प्रतिपादन गरेका हुन् र १९६० को दशकतिर यसको लोकप्रियता ज्यादै बढेको थियो। वास्तवमा बाल दुराचारका क्रियाकलापहरू धेरैले गरेका हुन्छन्। फरक यत्ति हो कि कसैले गरेको दुराचार पत्ता लाग्यो र कारबाही भयो, कसैले गरेको दुराचार पत्ता लागेन र कारबाहीबाट उम्किए। उम्कनेहरू उम्केको उम्क्यै भए तर कारबाहीमा पर्नेहरूलाई लेबल लगाइयो। यसरी जब समाजले कसैप्रति लेबल लगाएर भिन्न किसिमबाट प्रतिक्रिया जनाउँछ तब तिनीहरूले पनि लेबललाई आन्तरिकीकृत (internalize) गर्छन् र आफूले आफैंलाई दुराचारीका रूपमा ठान्दछन् अनि पुनः सोही कार्य जारी राख्छन्। Harold Garfinkel ले labeling लाई यसको नकारात्मक प्रभाव बुझेर status degradation ceremony को संज्ञा दिएका छन्। त्यसैले अपराध रोकथामको एउटा उपायका रूपमा विद्वान्हरूले बाल दुराचारीहरूलाई labeling बाट बचाउनुपर्ने र labeling बाट बचाउन दिशान्तर गर्नुपर्ने कुरामा जोड दिएका छन्। गोपनीयता (Confidentiality Standard) र कारागारभन्दा बाहिर राख्ने (Deinstitutionalization) जस्ता कुराहरू कलंकित पार्ने प्रक्रिया (labeling process) को प्रभावलाई कम गर्ने उद्देश्यले नै प्रयोगमा ल्याइएका हुन्।

### ३. विद्यालयमा आधारित कार्यक्रमहरू (School Based Programmes)

अपराध रोकथामका धेरै कार्यक्रमहरू विद्यालयमा आधारित छन्। बालबालिकाहरूको धेरै समय विद्यालयमै बित्ने हुँदा अपराध रोकथामका लागि विद्यालयमा कार्यक्रमहरू सञ्चालन हुनु औचित्यपूर्ण पनि छ। विद्यालयमा सञ्चालित कार्यक्रममार्फत -

- उनीहरूलाई आवश्यक पर्ने सीप दिन सकिन्छ
- उनीहरूमा समाजप्रतिको जिम्मेवारीको भावना विकास गराउन सकिन्छ
- तिनीहरूको समयलाई व्यस्त बनाउन सकिन्छ ताकि आपराधिक सोच बनाउन र त्यस्तो क्रियाकलापमा लाग्ने फुर्सद पाउँदैनन्

### ४. समुदायमा आधारित कार्यक्रम (Community Based Programme)

अपराध रोकथामका लागि सञ्चालन गरिने यो कार्यक्रम सम्पूर्णताको दृष्टिकोण (holistic approach) मा आधारित अवधारणा हो। औपचारिक न्याय प्रणालीभन्दा बाहिर सञ्चालन गरिने यो कार्यक्रममा धेरैभन्दा धेरै सामुदायिक समूह र संगठनहरूलाई परिचालन गरिन्छ। अपराधबाट आहत हुने खतरा समुदायका सबै सदस्यलाई छ भने समुदायको संरक्षणका लागि काम गर्नु पनि सबैको जिम्मेवारी हुन्छ भन्ने मान्यतामा यी कार्यक्रमहरू आधारित छन्।

नेपालमा अपराध रोकथामको विषयलाई लक्षित गरेर कुनै स्पष्ट कानुनी प्रावधान र कार्यक्रमहरू सञ्चालन भएको पाइँदैन। माथि गरिएको विवेचनाबाट नेपालमा बाल दुराचार रोकथामका लागि देहायअनुसारको उपाय अवलम्बन गर्न सकिन्छ–

क) निश्चित उमेरसम्मका बालबालिकाका लागि अनिवार्य अभिभावकत्व (Parenting) को व्यवस्था गर्ने। जस्तो Sherman को भनाइमा बालबालिकाहरूलाई कुबाटोमा जानबाट बचाउने एउटै भरपर्दो खोप (vaccine) अभिभावकत्व (parental attachment) हो।

ख) अन्य मुलुकहरूमा जस्तै बालबालिकाहरू बिनाअनुमति विद्यालयमा अनुपस्थित रहने (Truancy) समस्या नेपालमा पनि गम्भीर बन्दै गइरहेको छ। विद्यालय पोसाकमै बालबालिकाहरू अश्लील कार्यमा लीन भएका, लागु औषध सेवन गरिरहेका घटनाहरू समाचारपत्रमा छाउने गरेका छन्। यो स्थिति निराकरणका लागि विद्यालयहरूमा विशेष कार्यक्रम सञ्चालन गरिनु जरुरी छ। जस्तो अमेरिकामा

विद्यालयले अनुपस्थितिको समस्या भएकाहररूको सूची जिल्ला न्यायाधिवक्तालाई उपलब्ध गराउने, न्यायाधिवक्ताले सम्बन्धित अभिभावकलाई जवाफदेही बहन गर्न सम्झाएर पत्र लेख्ने, सम्बन्धित बालबालिका, निजको अभिभावक र विद्यालयका शिक्षकहरूबीच नियमित भेटघाट र बैठकको आयोजना गर्ने, बैठकमा कुनै बालबालिका र अभिभावक उपस्थित भएन भने दोस्रोपटक पत्र लेखिने, त्यसपछि न्यायाधिवक्ताको कार्यालयबाटै बालबालिकाको उपस्थितिबारे अनुगमन हुने, अभिभावकले आफ्नो बालबालिकाको उपस्थितिबारेको जवाफदेहीता पूरा नगरेमा १ वर्षसम्म कैद वा २५०० डलरसम्म जरिवाना हुने व्यवस्था छ ।

ग) रातमा निश्चित समयपछि बालबालिकाले एक्लै हिँड्न नपाउने (Curfew law) व्यवस्था गर्ने ।

घ) बालबालिकाको संरक्षण र विकासका लागि कार्यक्रमहरू सञ्चालन गर्न समुदायस्तरमा प्रोत्साहित गर्ने । अन्यत्र CTC (Communities that care), The Hands without Guns Programme, Youth Advisory Council (YAC), Big Brother Programme आदि सञ्चालन भएको पाइन्छ ।

ङ) जोखिम केन्द्रित रोकथाम कार्यक्रमहरू (Risk- Focused Prevention Programme) सञ्चालन गर्ने जस्तो अनाथ, बाबु-आमाबाट त्यागिएका, पढ्न छोडेका, सडकमा बसेका बालबालिकाहरूले समाजप्रति नकारात्मक ढंगबाट प्रतिक्रिया व्यक्त गर्ने सम्भावना रहने हुँदा उनीहरूको पालनपोषण र शिक्षाका लागि उचित प्रबन्ध गरिनुपर्ने ।

च) बालदुराचारमा फसेका बालबालिकाहरूलाई एकैपटक औपचारिक न्याय प्रणालीमा लगेर कारबाही नगरी समुदाय तहमै मेलमिलाप (Victim offender dialogue) गराउने पद्धतिको विकास गराउने ।

छ) औपचारिक न्याय प्रणालीको सम्पर्कमा आइसकेपछि पनि कारबाहीको हरेक चरणमा दिशान्तर गर्न सकिने व्यवस्था गर्ने ।

ज) बालबालिकाको हक हित संरक्षणका लागि बालबालिकासम्बन्धी ऐन, २०४८ मा केही व्यवस्थाहरू भए पनि तिनको कार्यान्वयन भएको नपाइएको हुँदा तिनलाई प्रभावकारी बनाइनुपर्ने र पूर्वाधारहरू निर्माण गरिनुपर्ने ।

**(ख) कारबाहीको अवस्थामा बालबालिकाको अधिकार**

बाल्य अवस्था भनेको तिनीहरूको संरक्षण र विकासका लागि विशेष हेरचाहको आवश्यकता पर्ने अवस्था हो । यो अवस्थामा कुनै बालबालिकालाई बालदुराचार गर्ने वा नगर्ने स्थितिमा पुऱ्याउनुमा निज स्वयंको भन्दा पनि सम्बन्धित अभिभावक, समुदाय र परिवारको भूमिका ठूलो हुन्छ । त्यसैले बालबालिकालाई दुराचारी कार्यमा संलग्न हुनबाट बचाउन गर्न सकिने उपायहरूबारे यसअघि उल्लेख गरिसकिएको छ । कुनै बालबालिकाले दुराचारको कार्य गरी नै हालेछन् र कारबाही नै गर्नुपर्ने अवस्था भएछ भने पनि अन्तरराष्ट्रिय सन्धि महासन्धि र प्रचलित कानुनले कारबाहीको अवस्थामा प्राप्त हुने केही अधिकारहरूको व्यवस्था गरेको छ । ती अधिकारहरूको सम्मान गरी बालबालिकाहरूलाई सुरक्षाको प्रत्याभूति दिनु बाल न्याय प्रणालीका प्रत्येक जिम्मेवार अधिकारीको कर्तव्य हुन आउँछ ।

बालबालिकाको अधिकार र संरक्षणको प्रश्न बाल्यावस्था कहिले देखि सुरु हुन्छ भन्ने विषयसँग सम्बन्धित छ । कसैले गर्भावस्थादेखि नै तिनीहरूको अधिकार प्राप्त हुने र संरक्षण गर्नुपर्ने मान्यता अगाडि सारेका छन् भने कसैले बालबालिकाको जन्म भइसकेपछि मात्र तिनीहरूको अधिकार सिर्जना हुने र संरक्षण हुनुपर्ने मान्यता अगाडि सारेका छन् । तर यहाँ बालबालिकाको संरक्षण र विकासका लागि प्राप्त हुने सामान्य अधिकारहरूको विवेचना नगरी कानुनको द्वन्द्वमा आएका बालबालिकाहरूलाई प्राप्त अधिकार र संरक्षणका विषयहरू उल्लेख गरिन्छ ।

कानुनको द्वन्द्वमा आएका बालबालिकाहरूको अधिकार सम्बन्धमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्रले केही व्यवस्था गरेको भए पनि बालबालिकाका हकमा भएका केही विशेष व्यवस्थाबाहेक अरू सामान्य व्यवस्थाका रूपमा रहेका छन् । यसबाहेक बाल अधिकार महासन्धि १९८९, कैदीहरूसँग गरिने व्यवहारसम्बन्धी आधारभूत नियमहरू १९५५, बाल न्याय प्रशासनसम्बन्धी आधारभूत नियमहरू, १९८५ (बेइजिङ नियम), बालदुराचार रोकथामसम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशिका, १९९० (रियाद निर्देशिका) गैरथुनाका उपायहरूसम्बन्धी आधारभूत नियमहरू, १९९० (टोकियो नियम), स्वतन्त्रताबाट वञ्चित गरिएका बालबालिकाको संरक्षणसम्बन्धी आधारभूत नियमहरू १९९० (JDLS) तथा फौजदारी न्याय प्रणालीमा बालबालिकाउपर कारबाहीका लागि निर्देशिका, १९९७ ले पनि बालबालिकाका अधिकारबारे व्यवस्था गरेका छन् । यी अधिकारहरूलाई संक्षेपमा देहायअनुसार उल्लेख गरिन्छ–

१. भेदभाव विरुद्धको अधिकार (ICCPR Art. 2.1, 14.1, CRC Art 2, JDL Rule (1)
२. स्वतन्त्रता उल्लंघन भएमा प्रभावकारी उपचार पाउने (ICCPR Art.2.3 (a)
३. जीवनको अधिकार (ICCPR Art. 6.1)
४. मृत्युदण्ड विरुद्धको अधिकार (ICCPR Art. 6;5 CRC Art. 37. a, Beijing Rules 17.3)
५. यातना, क्रूर र अमानवीय एवं अपमानजनक व्यवहार र सजाय विरुद्धको अधिकार (ICCPR Art. 7, CRC Art 37. a)
६. कानुनद्वारा निर्धारित आधार र कार्यविधिबमोजिम बाहेक वैयक्तिक स्वतन्त्रता अपहरण नगरिने अधिकार (ICCPR Art 9.1, CRC Art 37. b, JDL Rule 1)
७. पक्राउमा परेकोमा सो को कारणको सूचना पाउने अधिकार (ICCPR Art. 9.2, Beijing Rules 10.1)
८. मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराइपाउने अधिकार (ICCPR Art. 9.3)
९. न्यायोचित समयअवधिभित्र सुनुवाइ गरी पाउने अधिकार (ICCPR Art. 9.3, 10.2 (b), 14.3 (c), CRC Art. 37. d, 40.2 (b), Beijing Rules 20)
१०. बाल अभियुक्तहरूलाई वयष्कबाट अलग राखिने र सजाय पाएकाबाट पनि अलग रहन पाउने अधिकार (ICCPR Art. 10.2 (a) (b), Art. 10.3, CRC Art. 37. c, JDL Rule 17, 29, Beijing Rules 13.4)
११. निर्दोषिताको अनुमानको अधिकार (ICCPR Art. 14.2, CRC Art. 40.2 (b), JDL Rule 17, Beijing Rules 7.1)
१२. आफू विरुद्धको अभियोगको प्रकृति र कारण थाहा पाउने अधिकार (ICCPR Art. 14.3 (a), CRC Art. 40.2 (b), Beijing Rules 7.1)
१३. प्रतिरक्षाको अधिकार (ICCPR ARt. 14.3 (b) (d), CRC Art. 12 )
१४. कानुन व्यावसायीको सहयोगको अधिकार (ICCPR Art. 14.3 (b) (d), CRC Art. 37.d, 40.2 (b), JDL Rule 18, Beijing Rules 7.1, 15.1)
१५. आफ्नो साक्षी उपस्थित गराउने र आफू विरुद्धको साक्षी परीक्षण गरी पाउने अधिकार (ICCPR Art. 14.3 (e), CRC Art 40.2 (b), Beijing Rules 7.1)
१६. स्वेच्छाविरुद्ध बयान दिन कर नलाग्ने (ICCPR Art. 14.1 (g), CRC Art. 40.2 (b), Bejing Rules 7.1)
१७. दोभासेको अधिकार (ICCPR Art. 14.3 (f), CRC Art. 40.2 (b), JDL Rule 1)
१८. पुनरावेदनको अधिकार (ICCPR Art. 14.5, CRC Art. 14.2 (b), Beijing Rules 7.1, Tokyo Rules 6.3)
१९. दोहोरी मुद्दा नचलाइने (ICCPR Art. 14.7)
२०. प्रचलित कानुनले हुनेभन्दा बढी सजाय नगरिने (ICCPR Art. 15.1, CRC Art.14.2 (a) )
२१. गोपनीयताको अधिकार (CRC Art. 16, 14.2 (b), JDL Rule 18, Beijing Rules 8, 21)

२२. गिरफ्तारी एवं थुनालाई अन्तिम उपायका रूपमा र यथाशक्य छोटो अवधिका लागि गरिने (as a measure of last resort and for the shortest appropriate period of time) - CRC Art. 37.b, JDL Rule 1, 17, Beijing Rules 13.1, Tokyo Rules 6.1)
२३. परिवारसँग सम्पर्क राख्ने अधिकार (CRC Art. 37.c)
२४. अभिभावकको उपस्थितिको अधिकार (Beijing Rules 7.1, 15.1)

यस अतिरिक्त बाल अधिकारसम्बन्धी महासन्धिले मुख्यतः ४ सिद्धान्तलाई आत्मसात गरेको पाइन्छ–

- सर्वोत्तम हितको सिद्धान्त (best interest of child)
- विकासको सिद्धान्त (development of child)
- सहभागिताको सिद्धान्त (participation of child)
- भेदभाव रहितता (non-discrimination)

बाल न्याय प्रणालीअन्तर्गत कारबाही गर्दा कारबाहीको हरेक चरणमा यी सिद्धान्तहरूलाई ध्यानमा राखेर अन्य व्यवस्थाहरूको प्रयोग गर्नुपर्ने हुन्छ । यी व्यवस्थामा बालबालिकालाई मानवीय मूल्य र मर्यादा कायम हुने गरी व्यवहार गर्नुपर्ने, तिनीहरूको उमेरजन्य आवश्यकतालाई विचार गर्नुपर्ने, समाजमा उनीहरूले खेल्न सक्ने रचनात्मक भूमिकालाई ध्यानमा राखेर बालबालिकाको पुनः एकीकरणलाई प्रश्रय दिनुपर्ने, सकेसम्म न्यायिक कारबाही अवलम्बन नगर्ने, फैसला गर्दा संस्थागत संरक्षणबाहेकका वैकल्पिक उपायहरू अपनाउनमा जोड दिने आदि पर्दछन् । यसैगरी बेइजिङ नियमले दिशान्तरको व्यवस्था गर्दै दिशान्तरका लागि सम्बन्धित बालबालिका अथवा निजको अभिभावकको सहमति लिनुपर्ने, कारबाहीको हरेक चरणमा दिशान्तर गर्न सकिने प्रावधान हुनुपर्ने, दिशान्तर गर्दा यथाशक्य सामुदायिक कार्यक्रममा सहभागी गराउन जोड दिने, बालबालिकालाई कारबाही गर्ने विशेष प्रहरी एकाइ स्थापना हुनुपर्ने आदि व्यवस्था गरेको छ ।

नेपालमा बालबालिकासम्बन्धी ऐन, २०४८ र बाल न्याय (कार्यविधि) नियमावली, २०६३ ले कारबाहीको अवस्थामा बालबालिकालाई प्राप्त हुने अधिकारहरूको व्यवस्था गरेको छ । यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ ले पनि भाग ३ मा मौलिक हकहरूअन्तर्गत विभिन्न अधिकारहरूको व्यवस्था गरेको छ । यद्यपि संविधानमा व्यवस्थित यी अधिकारहरू बालबालिकाका लागि नै भनेर तोकिएका छैनन् तथापि बालबालिका भएकै नाताले यी अधिकारहरूबाट वञ्चित गर्न पनि सकिँदैन । संविधानमा धारा २२ मा पहिलोपल्ट बालबालिकाको हकको स्पष्ट व्यवस्था भएको छ भने कारबाहीका अवस्थामा प्राप्त हुने देहायका अधिकारहरूको पनि व्यवस्था भएको छ । यीमध्ये कतिपय अधिकारहरू बालबालिकासम्बन्धी ऐन र नियमावलीमा पनि व्यवस्था भएका छन्–

१. पक्राउ परेकोमा सो को कारणसहितको सूचना पाउने अधिकार- धारा २४.१
२. कानुन व्यवसायीसँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने हक- धारा २४.२, २४.१० बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा १९
३. पक्राउ परेको २४ घन्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराई पाउने अधिकार - धारा २४.३
४. प्रचलित कानुनले तोकेभन्दा बढी सजाय नहुने- धारा २४.४
५. कसुर प्रमाणित नभएसम्म निर्दोषिताको अनुमान गर्ने- धारा २४.५
६. एउटै कसुरमा दोहोरो मुद्दा नचल्ने- धारा २४.६
७. आफनो विरुद्ध साक्षी हुन कर नलाग्ने- धारा २४.७
८. स्वच्छ सुनुवाइको हक- धारा २४.९
९. यातना विरुद्धको हक- धारा २६, बालबालिकासम्बन्धी ऐनको दफा ७

१०. बाल्य अवस्थामा गरेको अपराधको कारण अयोग्यता वा पटक कायम नहुने- बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १२
११. कठोर सजाय दिन नहुने - ऐ. दफा १५
१२. बन्द सुनुवाइको अधिकार- ऐ. दफा ४९
१३. गोपनीयताको अधिकार- ऐ. दफा ५२
१४. कारबाहीमा प्राथमिकताको अधिकार- ऐ. दफा ५७

**(ग) कारबाहीका क्रममा बालबालिकासँग गरिने व्यवहार**

**अनुसन्धान (Investigation)**

बाल न्याय प्रणालीअन्तर्गत बालबालिकाले गरेको बिज्याइँका सम्बन्धमा पहिलो चरणको कारबाहीका रूपमा अनुसन्धान तहकिकात गर्ने गरिन्छ । सबैजसो मुलुकमा अनुसन्धान तहकिकातको कार्य गर्ने जिम्मा प्रहरीले पाएको हुन्छ । यद्यपि कहीँकहीँ (अमेरिकाको केही राज्यहरूमा) प्रहरीका साथमा बाल कल्याण अधिकारी अथवा सामाजिक सेवा संस्थाहरू (child welfare officer or social service agencies) पनि संलग्न रहने व्यवस्था छ । औपचारिक न्याय प्रणालीअन्तर्गत बालबालिकाको प्रवेशद्वारमा रहेको निकाय प्रहरी नै हुने हुँदा तिनीहरूसँगको प्रहरीको व्यवहारबाट नै समग्र न्याय प्रणाली, कानुन, राज्य र समाजप्रतिको तिनीहरूको धारणा निर्धारित हुने गर्दछ । भनिन्छ- one common characteristic of all police agencies is that they are the gate keepers of the juvenile justice system. त्यसैले बालमैत्री व्यवहार गरी बालबालिकाको हक हितको संरक्षण र संवर्द्धन गर्ने दिशामा अनुसन्धान तहकिकातको चरण भनेको एउटा महत्वपूर्ण अवस्था हो ।

अनुसन्धानले के देखाएको छ भने बालबालिकाको अधिकार संरक्षणका दृष्टिले सबैभन्दा असुरक्षित अवस्था भनेको अनुसन्धान कारबाहीको अवस्था हो । सबैभन्दा बढी यातना र क्रूर व्यवहार भोग्नुपर्ने अवस्था गिरफ्तार गर्दा र गिरफ्तार गरिसकेपछिको तत्कालको अवस्था हो । केटीहरू यौन दुर्व्यवहार र अभद्रताको सिकार हुने गर्दछन् भने केटाहरू कुटाइ खाने, श्रम शोषण बेहोर्नुपर्ने लगायत अमानवीय र अपमानजनक व्यवहार भोग्ने गर्दछन् । यही अवस्थामा अभिभावक, कानुन व्यवसायी वा अन्य प्रतिनिधिको उपस्थिति पनि इन्कार गरिन्छ । धेरै ठाउँको अनुभवबाट पक्राउ परेका बालबालिकाहरूलाई मुद्दा हेर्ने अधिकारीको अनुमति बेगरै लामो समयसम्म हिरासतमा राख्ने गरेको देखिएको पनि छ ।

कुनै बालबालिकाले सरकारी मुद्दासम्बन्धी ऐनको अनुसूची -१ मा परेको कुनै अपराध गरेमा सोको सूचना नजिकको प्रहरी कार्यालयमा जोसुकैले पनि दिन सक्दछ । यदि यस्तो अपराध कुनै प्रहरी कर्मचारीको उपस्थितिमा भएमा सम्बन्धित प्रहरी कर्मचारी स्वयंले पनि अपराधको सूचना दिन सक्दछ । अपराधको सूचना प्राप्त भएपछि प्रहरी कार्यालयले सो अपराधको सम्बन्धमा अनुसन्धान तहकिकात गर्न कुनै प्रहरी कर्मचारीलाई तोक्दछ । यसरी तोकिएको प्रहरी कर्मचारीले जतिसक्दो चाँडो घटनास्थलमा पुगी अभियुक्तलाई पक्राउ गर्ने, अपराधसँग सम्बन्धित दशी प्रमाणहरू रीत पुऱ्याई संकलन गर्ने, आवश्यकताअनुसार कुनै ठाउँ वा कसैको घरको खानतलासी लिने, ज्यान मारेको अपराध भए लास जाँच गरी चिकित्सकबाट शव परीक्षण गराउने आदि गर्नुपर्ने हुन्छ । यसरी अपराध अनुसन्धान गर्दा बालबालिकाका सम्बन्धमा केही विशेष नियमहरूको पालना गर्नुपर्ने हुन्छ । जस्तो–

- बालबालिकाले गरेको कसुरका सम्बन्धमा अनुसन्धान तहकिकात गर्न प्रहरी कर्मचारीको छुट्टै एकाइ रहने र त्यस्तो एकाइ नभएसम्म कुनै प्रहरी कर्मचारीलाई सो कार्य गर्न तोकिने
- प्रहरी कर्मचारीले प्रहरीको पोसाक नलगाई साधा पोसाक लगाउनुपर्ने
- बालकलाई पक्राउ गर्नुपर्दा आफ्नो परिचय दिई परिचय खुल्ने कागज देखाउनुपर्ने
- बालकलाई पक्राउ गर्नुपर्दा पक्राउ गर्नुपरेको कारण खुलाउनुपर्ने

- पक्रिएको बालकलाई निजको संवैधानिक तथा कानुनी हकबारे निजले बुझ्ने भाषामा जानकारी गराउने
- सम्भव भएसम्म बालकको बाबुआमा भए दुवैलाई वा कम्तीमा एकजनालाई र बाबुआमा नभए निजको संरक्षकलाई बालकले गरेको कसुरको सम्बन्धमा सूचना दिनुपर्ने
- नजिकैको सरकारी अस्पताल वा चिकित्सकबाट तुरुन्तै बालकको शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गर्न लगाउने
- सर्जमिन गर्दा बालकको बाबुआमा भएसम्म दुवैजना वा कम्तीमा एकजना र बाबुआमा नभए निजको संरक्षकलाई रोहवरमा राख्नुपर्ने
- सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सम्बन्धित बालकका सम्बन्धमा सामाजिक अध्ययन प्रतिवेदन तयार गरिदिन अनुरोध गर्ने
- बालकसँग बयान लिँदा निजले सोधिएको कुराको उत्तर व्यक्त गर्न सक्ने बालमैत्री वातावरण बनाई सहज ढंगमा सोध्नुपर्ने
- बयान लिँदा बालकको बाबु-आमा, संरक्षक, कानुन व्यवसायी वा त्यस्तो बालक बाल कल्याण गृह वा अनाथलयमा बसेको भए सोको प्रतिनिधिको उपस्थितिमा गर्ने
- सोधपुछ गर्दा सम्बन्धित कसुर, बालकको पारिवारिक तथा सामाजिक पृष्ठभूमि र अन्य आवश्यक कुराहरूका सम्बन्धमा सोधपुछ गर्न सकिने
- बालकलाई एकपटकमा १ घन्टाभन्दा लामो समयसम्म र रातको समय सोधपुछ गर्न नहुने
- बालकलाई क्रूर वा यातनापूर्ण व्यवहार गर्न नहुने
- पक्राउ परेको बालकको कसुरसम्बन्धी तथ्यांक र विवरण गोप्य राख्नुपर्ने
- थुनामा राख्न उपयुक्त नदेखिएका बालकलाई खोजेको बखत उपस्थित गराउने सर्तमा अभिभावक, संरक्षक वा कुनै संस्थाको जिम्मा लगाई तहकिकात गर्न सकिने
- बालकलाई नेल हत्कडी लगाउन नहुने
- तहकिकातको निमित्त थुनामा बस्नुपर्ने बालकलाई बाल सुधार गृहमा राख्न पठाउने
- अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले बालकसँग सोधपुछ गर्दा आवश्यक परेमा दोभासेको सुविधा उपलब्ध गराई सोधपुछ गर्न सक्ने

यस अतिरिक्त कुनै अपराध तहकिकात सुरु गर्नुभन्दा पहिले तहकिकात गर्ने कर्मचारीले तहकिकात गर्ने कुराहरू खुलाई सम्बन्धित सरकारी वकिल कार्यालयमा अपराधसम्बन्धी प्रारम्भिक प्रतिवेदन पठाउनुपर्ने हुन्छ र प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकिलले अपराधको तहकिकातको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ। कुनै अपराधका सम्बन्धमा पक्राउ परेको बालबालिकाको बयान लिनुपर्दा तहकिकात गर्ने कर्मचारीले सरकारी वकिलसमक्ष बयान लिनुपर्ने व्यवस्था छ। यसैगरी कुनै महिलालाई पक्राउ गर्नुपर्दा यथासम्भव महिला प्रहरीद्वारा पक्राउ गर्न लगाउनुपर्ने, कुनै पनि व्यक्तिलाई अपराधको तहकिकातको लागि २४ घन्टाभन्दा बढी थुनामा राख्न नहुने, २४ घन्टाभित्र तहकिकात पूरा नहुने भई सो भन्दा बढी अवधि थुनामा राखी तहकिकात जारी राख्नुपर्ने देखिएमा निजलाई मुद्दा हेर्ने अदालतसमक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्न सकिने, थुनामा राख्ने अनुमतिका लागि अदालतमा उपस्थित गराइएको व्यक्तिले त्यसरी अदालतमा उपस्थित हुँदा आफ्नो शारीरिक जाँचका लागि अदालतसमक्ष निवेदन दिन सक्ने, पक्राउ गर्नुपर्ने मनासिव आधार नदेखिएको अवस्थामा पक्राउ नगरी अनुसन्धान गर्नुपर्ने (स.मु.स.नियम ९), तहकिकातको सिलसिलामा प्रहरी हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक नदेखिए त्यस्तो व्यक्तिलाई हाजिर जमानीमा छोड्न सकिने जस्ता वयष्क कसुरदारका सम्बन्धमा गरिएका व्यवस्थाहरू बालबालिकाका हकमा पनि लागू हुन्छन्।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ मा केही न्यायसम्बन्धी हकहरूको व्यवस्था गरिएको छ । यी अधिकारहरू बालबालिकाकै लागि भनेर प्रस्ट नतोकिए पनि सबै व्यक्तिहरूलाई प्राप्त हुने हकका रूपमा बालबालिकाहरूलाई यी हकहरू प्राप्त हुन्छन् । यी हकहरूमा पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा नराखिने, पक्राउ परेको समयमा नै आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने, पक्राउ गरिएको २४ घन्टा (बाटाको म्यादबाहेक) भित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने, त्यस्तो अधिकारीको आदेशले बाहेक थुनामा नराखिने, कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने, आफ्नो विरुद्ध साक्षी हुन कर नलगाइने, आफू विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने, स्वच्छ सुनुवाइको हक हुने, असमर्थ पक्षका हकमा निःशुल्क कानुनी सेवा पाउने हक पर्दछन् । संविधानको धारा २६ ले अनुसन्धान तहकिकातको सिलसिलामा थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने प्रत्यभूति गरेको छ ।

**अभियोजन (prosecution)**

नेपालमा नेपाल सरकार वादी हुने मुद्दामा अभियोजन गर्ने अन्तिम अधिकार महान्यायाधिवक्तामा निहित रहेको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ (२) बमोजिम कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ । महान्यायाधिवक्ताले आफूलाई प्राप्त यी अधिकारहरू मातहतका न्यायाधिवक्ताहरूलाई प्रत्यायोजन गरेको छ । यसअनुसार हरेक जिल्लामा घटेका सरकारवादी मुद्दाहरूका सम्बन्धमा मुद्दा चलाउने वा नचलाउने तथा कुन अभियोगमा चलाउने भन्ने निर्णय सम्बन्धित जिल्लास्थित जिल्ला न्यायाधिवक्ताले गर्दछ । जिल्ला न्यायाधिवक्ताले मुद्दा नचलाउने निर्णय गरेकामा भने सो को अन्तिम निकासा महान्यायाधिवक्ताबाट हुनुपर्ने व्यवस्था छ ।

कुनै बालबालिकाले गरेको अपराधका सम्बन्धमा तहकिकात पूरा भएपछि अभियोजनका लागि तहकिकात गर्ने प्रहरी कर्मचारीले आफ्नो रायसहितको प्रतिवेदन सरकारी वकिल कार्यालयमा पठाउनुपर्छ । यसरी पठाउने राय प्रतिवेदनमा अपराध भएको र सबै वा केही अभियुक्तउपर मुद्दा चलाउन प्रमाण पुग्ने देखिएकोमा सोही कुरा खोली तथा अपराध नभएको देखिएको वा अपराध भएको भए पनि अभियुक्त यही हो भन्ने खुल्न नसकेको वा कुनै अभियुक्तउपर मुद्दा चलाउन प्रमाण नपुग्ने देखिएमा सोही बेहोरा खुलाउनुपर्ने व्यवस्था छ । सरकारी वकिलले पनि आफूकहाँ मिसिल प्राप्त भएपछि अध्ययन गर्दा थप सबुद प्रमाण संकलन गर्न आवश्यक देखेमा तहकिकात गर्ने प्रहरी कर्मचारीलाई निर्देशन दिन सक्दछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रहरी कर्मचारीको कर्तव्य हुन्छ । प्राप्त मिसिल अध्ययन गर्दा तहकिकात पूरा भएको र मुद्दा चल्ने देखिएमा सरकारी वकिलले तोकिएको ढाँचामा अभियोगपत्र तयार गरी थुनुवासहित म्यादभित्रै अभियोगपत्र अदालतमा दायर गरिने व्यवस्था छ । मुद्दा नचल्ने देखेमा थुनुवालाई हाजिर जमानीमा छाडी अन्तिम निकासाका लागि आफूभन्दा माथिल्लो कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ ।

**सुनुवाइको प्रक्रिया (Trial Procedures)**

सरकारी वकिलले मुद्दा चलाउने निर्णय गरी अभियोगपत्र अदालतमा दर्ता भएपछि अदालतमा सुनुवाइको प्रक्रिया प्रारम्भ हुन्छ । पहिल्यै उल्लेख गरिएअनुसार बालबालिका वादी वा प्रतिवादी भएको मुद्दाको सुनुवाइ बाल अदालत वा बाल अदालतको गठन नभएसम्म बाल इजलासले गर्ने व्यवस्था छ ।[१७३] हालसम्म बाल अदालतको

[१७३] बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ५५

गठन भएको नहुँदा यस्ता मुद्दाहरू बाल इजलासबाट हेरिने गरेका छन् । बाल इजलासमा जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बाल मनोवैज्ञानिकलाई समेत समावेश गरिने व्यवस्था छ ।

कुनै पनि कसुरका सम्बन्धमा अभियोगपत्र दर्ता भएपछिको पहिलो कारबाहीका रूपमा थुनुवासहित अभियोगपत्र दायर हुन आएको रहेछ भने निजको बयान लिने र थुनछेकको आदेश गर्ने गरिन्छ । यस्तो आदेश समान्यतया ३ किसिमको हुन सक्दछ–

- पुर्पक्षका लागि थुनामा राख्ने
- धरौट वा जेथा लिई तारिखमा राख्ने
- साधारण तारिखमा राख्ने ।

यदि अभियोगपत्र साथ अभियुक्त दाखिल गराइएको रहेनछ भने सर्वप्रथम कसुरको प्रकृति हेरी वारेन्ट वा म्याद जारी गरी अभियुक्तलाई झिकाइन्छ र उपस्थित भएपछि निजको बयान गराई थुनछेकको आदेश गरिन्छ । बालबालिका कसुरदार भएको मुद्दा हो भने निम्नअनुसारको विशेष प्रक्रिया अपनाइन्छ–

- बालबालिकाको मुद्दाको सुनुवाइ बन्द इजलासमा हुने[१७४]
- बन्द इजलासमा मुद्दाको कारबाही चल्दा सम्बन्धित कानुन व्यवसायी, सरकारी वकिल, विशेषज्ञ, अभियुक्त, पीडित व्यक्ति, निजको संरक्षक तथा अदालतले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी मात्र उपस्थित हुन[१७५] पाउने
- बन्द इजलासबाट हेरिएका मुद्दासम्बन्धी कागजातको प्रतिलिपि वादी, प्रतिवादी र पीडितबाहेक अरूलाई दिन नहुने[१७६]
- बन्द इजलासबाट हेरिएका मुद्दाको तथ्य खुलाई कुनै पत्रपत्रिकामा समाचार सम्प्रेषण गर्न नहुने[१७७]
- बालकविरुद्ध अभियोगपत्र दायर भएपछि बाल अदालत वा बाल इजलासले त्यस्तो अभियोगपत्र र तत्सम्बन्धी लिखत प्रमाणको एक एकप्रति बालकको बाबु-आमा वा संरक्षकलाई तुरुन्त दिनुपर्ने
- बाबु-आमा वा संरक्षक नभेटिएमा वा बुझ्न नमानेमा त्यस्तो बालकको कानुन व्यवसायीलाई उपलब्ध गराउनुपर्ने
- बाल अदालत वा बाल इजलासमा बालमैत्री वातावरणमा सुनुवाइ गर्नुपर्ने
- बालकले बुझ्ने एवं बालकको उमेर र शारीरिक मानसिक विकास सुहाउँदो भाषा प्रयोग गर्नुपर्ने
- सुनुवाइ गर्दा आरोपित बालकलाई कसुरको प्रकृति र प्राप्त साक्षी प्रमाणका सम्बन्धमा जानकारी दिनुपर्ने
- बालकलाई सोधपुछ गर्दा छुट्टै कोठामा क्यामेरा जडान गरी सोही कोठामा सोधपुछ गरी त्यसरी सोधिएका कुरा इजलासको पर्दा (स्क्रिन) मा देखिने व्यवस्था गर्न सकिने
- सोधपुछ गर्न बाल मनोविज्ञानवेत्ता वा बालकसँग सहज रूपमा सञ्चार वा संवाद गर्न सक्ने व्यक्ति इजलासले तोक्न सक्ने
- सोधपुछ गर्दा बालकसँगै निजको बाबु, आमा, संरक्षक वा कानुन व्यवसायी बस्न सक्ने
- सामाजिक अध्ययन प्रतिवेदन तयार गरी पेस गर्न लगाउने

---

[१७४] जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६(ख)

[१७५] ऐ.ऐ. नियम ४६ ख (२), तर वालवालिका सम्वन्धी ऐन, २०४८ को दफा ४९ (१) अनुसार बालकसम्बन्धी कुनै मुद्दाको कारबाही चल्दा कानुन व्यवसायीका अतिरिक्त बालककाबाबॅ, आमा, नातेदार वा संरक्षक र मुद्दा हेर्ने अधिकारीले उपयुक्त देखी अनुमति दिएमा बालकको हक हित संरक्षण गर्ने कार्यमा संलग्न कुनै व्यक्ति वा सामाजिक संस्थाको प्रतिनिधि इजलासमा उपस्थित हुन सक्ने व्यवस्था छ ।

[१७६] जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६(ख) (३)

[१७७] ऐ.ऐ. नियम ४६ ख (४) तथा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४९ (२)

- बालकविरुद्ध लगाइएको अभियोग खण्डन गर्ने प्रमाण आफूसँग भए त्यस्तो प्रमाण बुझिपाउनका लागि जोसुकैले निवेदन दिन सक्ने र इजलासले पनि त्यस्तो प्रमाण पेस गर्न अनुमति दिन सक्ने
- बालकविरुद्ध लगाइएको अभियोगमा निजको प्रतिरक्षा गर्ने कानुन व्यवसायी नभई अदालतले मुद्दाको कारबाही किनारा नगर्ने

प्रायः बालबालिकासम्बन्धी मुद्दामा उमेर यकिन गर्ने विषय एउटा समस्याका रूपमा देखापर्ने गरेको पाइन्छ । उमेरको आधारमा नै कुनै व्यक्ति नाबालक वा साबालक मानिने व्यवस्था भएको तथा आपराधिक दायित्व पनि घटीबढी हुने व्यवस्था रहेको सन्दर्भमा अभियुक्तले यथाशक्य घटी उमेर देखाउने र अभियोजन पक्षले बढी उमेर देखाउने प्रवृत्ति रहेको पाइन्छ । उमेर यकिन गर्ने सम्बन्धमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ३(२) ले दर्तावाल चिकित्सकको राय लिई जन्ममिति कायम गर्नुपर्ने व्यवस्था गरेको छ भने बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५ बमोजिम निम्न कागजातको आधारमा बालकको उमेर निर्धारण गर्नुपर्ने व्यवस्था छ–

- अस्पतालबाट जारी गरिएको बालकको जन्म प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति
- सो प्रमाणपत्र नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्म दर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति
- सो पनि नभए विद्यालयबाट दिइएको प्रमाणपत्रमा उल्लेखित जन्म मिति
- विद्यालयको प्रमाणपत्र पनि नभए सरकारी अस्पतालबाट प्रमाणित उमेर ।

उपर्युक्तअनुसार उमेर यकिन गर्दा कुनै बालबालिकाको उमेर १६ वर्षभन्दा मुनिको देखियो भने अभियोगपत्रसाथ दाखिल गराइएका अभियुक्त बालबालिकाको अदालतमा बयान कार्य सम्पन्न भएपछि पुर्पक्षका निम्ति थुनछेकको आदेश गरिन्छ । थुनछेकको आदेश गर्दा मु.ऐ.अ.वं. ११८ नं. अनुसार तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने सरकारवादी मुद्दामा तत्काल प्रमाणबाट कसुरदार हो भन्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश गरिने व्यवस्था छ । तर सोही महलको ११८(४) नं. अनुसार यदि अभियुक्त नाबालक रहेछ भने निजसँग धरौट वा जमानत लिई थुनामा नराखे पनि हुने गरी स्वविवेकीय अधिकार अदालतलाई प्राप्त छ । धरौट वा जमानतको अंक तोक्दा पनि अ.वं. ११८ (१०) अनुसार अभियुक्तको उमेरलाई विचार गर्नुपर्ने अवस्था छ । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० (१) मा यससम्बन्धी अझ स्पष्ट व्यवस्था गरिएको छ । जसअनुसार कुनै कसुरको अभियोग लागेको बालकको शारीरिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थिति र थुनामा बस्नुपर्ने ठाउँलाई ध्यानमा राख्दा निजलाई थुनामा राख्न उपयुक्त हुँदैन भन्ने लागेमा चाहिएको बखत उपस्थित गराउने सर्तमा बाबु आमा, नातेदार वा संरक्षकको जिम्मा लगाई वा बालकको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको पुर्पक्ष गर्ने आदेश दिन सक्ने व्यवस्था छ । मुद्दाको पुर्पक्षको निमित्त थुनामै बस्नुपर्ने बालक रहेछ भने पनि बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२ (२) को खण्ड (क) बमोजिम बाल सुधार गृहमा पठाउनुपर्ने व्यवस्था छ । थुनछेकको आदेश भएपछि साक्षी प्रमाण बुझ्ने प्रक्रिया सुरु हुन्छ । बालकको आफ्नो तर्फबाट आफैं साक्षी उपस्थित गराउन चाहेमा अदालतले त्यस्तो साक्षी झिकाउन अनुमति दिन सक्दछ । साक्षीको बकपत्र गराउने सन्दर्भमा सोधपुछ, जिरह र पुनः सोधपुछका प्रक्रियाहरू अरू सामान्य मुद्दासरह छन् ।

**क्षेत्राधिकार (Jurisdiction)**

सामान्य अर्थमा क्षेत्राधिकार भन्नाले मुद्दाको सुनुवाइ गर्ने सम्बन्धमा कानुनद्वारा प्राप्त अदालतको अधिकार भन्ने बुझिन्छ ।[१७८] बाल न्याय प्रणालीअन्तर्गत क्षेत्राधिकारको कुरा गर्दा देहायका प्रश्नहरू सान्दर्भिक हुन आउँछन्–

---

[१७८] Jurisdiction is the authority granted by law to hear a case - Robert W. Taylor all, Juvenile Justice : Policies proprammes and practices, P.5, 2002.

- बालबालिकाले गरेका कस्ता बिज्याइँहरू बाल अदालतको क्षेत्राधिकारभित्र पर्दछन् ?
- कति वर्षसम्मका बालबालिकाले गरेका बिज्याइँहरू बाल अदालतको क्षेत्राधिकारभित्र पर्दछन् ?
- एउटै अपराधमा बालबालिका र वयष्क दुवै मुछिएको अवस्थामा बाल अदालतको क्षेत्राधिकारको स्थिति के हुने ?

**बाल बिज्याइँको परिभाषाको प्रश्न (Defining Delinquency)**

बाल बिज्याइँ भन्नाले राज्यको बालबालिकासम्बन्धी कानुनले निषेध गरेको क्रियाकलापलाई बुझिन्छ (Juvenile desinquency is any behaviour that is prohibited by the juvenile law of state)। बाल बिज्याइँका सबै क्रियाकलापहरूउपर बाल अदालतको क्षेत्राधिकार कायम रहन्छ। तथापि यस्ता बिज्याइँहरू दुई प्रकारका हुन्छन्– वयष्कले गर्दा अपराध मानिने क्रियाकलापहरू र वयष्कले गर्दा अपराध नमानिने क्रियाकलापहरू। पहिलो समूहका अपराधमा बालबालिकाले गर्ने त्यस्ता क्रियाकलापहरू पर्दछन् जुन वयष्कहरूले गर्दा पनि अपराध मानिन्छन्। यस्ता अपराधहरूउपर बाल अदालत र वयष्क अदालत दुवैको समान रूपमा क्षेत्राधिकार रहन्छ। जस्तो चोरी, ज्यान, डाँका आदि कार्यहरू बालबालिकाले गरे पनि अपराध मानिन्छ, वयष्कले गरे पनि अपराध मानिन्छ। दोस्रो समूहका अपराधमा बालबालिकाको हैसियतले गरिने क्रियाकलापहरू (Status Offences) पर्दछन्। यस्ता क्रियाकलापहरू वयष्कले गर्दा अपराध नमानिने तर बालबालिकाले गर्दा मात्र अपराध मानिने खालका हुन्छन्। जस्तो घरबाट भागेर हिँड्ने, विद्यालयबाट बिनाअनुमति अनुपस्थित रहने भाग्ने, अभिभावकको नियन्त्रणमा नरहने, मादक पदार्थको गैरकानुनी खरिद र सेवन, तोकिएको भन्दा कम उमेरकाले धूमपान सेवन गर्ने आदि क्रियाकलापहरू वयष्कका सन्दर्भमा अपराध मानिदैनन् तर बालबालिकाले गर्दा अपराध हुने गरी कानुनमा व्यवस्था हुने गरेको पाइन्छ। हैसियत अपराध (Status Offences) गर्ने बालबालिकालाई प्रायः दुराचारी (deinquents) नभनेर सुपरीवेक्षणको आवश्यकतामा रहेका बालबालिकाहरू (children in need of supervision) भन्ने गरिन्छ। यसो गर्नुको पछाडि दुई कारण छन्–

१. बालबालिकाउपर सदाका लागि लाग्न सक्ने कलंक (Stigma) बाट मुक्त गर्नु
२. बालबालिकाहरू विशेष समस्यामा परेका र आवश्यकता भएका वर्ग हुन् तर अपराधी होइनन् भन्ने देखाउनु

**बालबालिकाको परिभाषाको प्रश्न (Defining a Juvenile)**

बाल बिज्याइँको परिभाषाका सन्दर्भमा मुलुकपिच्छेको अभ्यासमा फरक भए जस्तै बालबालिकाको परिभाषाका सन्दर्भमा विभिन्न मुलुकहरूमा फरक-फरक अभ्यास पाइन्छ। अन्तरराष्ट्रिय सन्धि महासन्धिमा पनि यस सम्बन्धमा स्पष्ट व्यवस्था हुन सकेको पाइँदैन। विश्वव्यापी रूपमा स्वीकार्य आपराधिक उमेर (criminal age) निर्धारित हुन बाँकी नै छ। बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा १ ले बालबालिका भन्नाले १८ वर्ष नपुगेका व्यक्तिलाई बुझ्नुपर्ने गरी परिभाषा गरेको पाइए पनि सोही धाराले त्यो भन्दा पहिल्यै वयष्क मानिने कानुन बनाउन पनि छुट दिएको छ। सोही महासन्धिको धारा ४०.३ (a) ले यस्तो एउटा न्यूनतम उमेर तोक्न आह्वान गरेको छ, जोभन्दा कम उमेरकाहरू फौजदारी कानुन उल्लंघन गर्न अक्षम अनुमान गरियोस्। बेइजिङ नियमको नियम ४.१ ले त्यस्तो न्यूनतम उमेर यति कम नतोकियोस्, जसबाट बालबालिकाको भावनात्मक, मानसिक र बौद्धिक परिपक्वताको स्थितिलाई बेवास्ता गरिएको ठानियोस् भनेको छ।

उमेरको हद तोक्ने सम्बन्धमा यस प्रकारको लचकताका बाबजुद फौजदारी दायित्वको उमेर (age of criminal responsibility) को विषयलाई लिएर बाल अधिकार समितिमा धेरै आलोचनाहरू हुने गरेका छन्। प्रायः राज्यबाट प्रस्तुत प्रतिवेदनहरूउपरको समापन टिप्पणी (concluding observations) मा समितिले उच्चतम सम्भाव्य न्यूनतम उमेर (highest possible minimum age) निर्धारण गर्न सिफारिस गरेको पाइन्छ। खास गरेर

१० वर्षभन्दा कम उमेर तोकिएको प्रति धेरै आपत्ति जनाइएको पाइन्छ । यसैले बाल न्याय प्रणालीअन्तर्गत क्षेत्राधिकारको कुरा गर्दा बालबालिकाको उमेरसम्बन्धी विषयलाई २ किसिमबाट हेर्न सकिन्छ–

१. बाल अदालतको क्षेत्राधिकार लागू हुने अधिकतम उमेर (Maximum age of juvenile court jurisdiction)। यही उमेरले नै कुनै व्यक्तिलाई बालबालिका वा वयष्क भनेर छुट्याउँछ ।

२. बाल अदालतको क्षेत्राधिकार लागू हुने न्यूनतम उमेर (Minimum age of juvenile court jurisdiction)। यो उमेरभन्दा कम उमेरका बालबालिकालाई सही र गलत भनेर छुट्याउन नसक्ने अवोधका रूपमा लिइन्छ र जस्तोसुकै बिज्याइँ गरेको भए पनि यस्ता बालबालिकालाई बाल अदालतको क्षेत्राधिकारको विषय बनाइँदैन ।

यसप्रकार न्यूनतम र अधिकतम उमेरको हदभित्र परेका बालबालिकाले बाल बिज्याइँ गरेमा मात्र त्यस्ता व्यक्तिहरू बाल अदालतको क्षेत्राधिकारभित्र पर्दछन् । नेपालमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ अनुसार न्यूनतम उमेर १० वर्ष तोकिएको छ भने अधिकतम उमेर १६ वर्ष तोकिएको छ ।

तर उमेर कति तोकिएको छ भन्ने कारणले मात्र बालबालिकाप्रति अमुक मुलुकले गर्ने व्यवहार बुझिँदैन । स्कटल्यान्डमा आपराधिक दायित्वका लागि न्यूनतम उमेर ८ तोकिएको छ तर पनि बालबालिकाको मुद्दाको कारबाहीमा त्यहाँको व्यवस्था धेरै प्रगतिशील मानिन्छ । १६ वर्ष नपुगेका कुनै पनि बालाबालिकाको मुद्दा औपचारिक न्याय प्रणालीमा ल्याइँदैन र प्रायः गैरहिरासतका उपायहरू (non-custodial measures) अवलम्बन गरिन्छन् । रुमानियामा न्यूनतम उमेर १४ तोकिएको छ तर १४ वर्ष पुगेकालाई औपचारिक न्याय प्रणालीमा ल्याएर कारबाही गरिन्छ र हिरासतमा राखिन्छ । ग्वाटेमालामा १८ वर्षसम्मकालाई सामाजिक शैक्षिक संस्थामा (socio-educational institutional placement) मा पठाइन्छ । जोर्डनमा न्यूनतम उमेर ७ तोकिएको छ तर १२ वर्ष सम्मकालाई केवल व्यवहार सुपरीवेक्षण उपाय (behaviour observation measure) मात्र तोकिन्छ । फ्रान्समा न्यूनतम उमेर १३ छ तर १० देखि १२ वर्षसम्मकालाई पनि बाल न्यायाधीश (Juvenile Judge) समक्ष उपस्थित गराइन्छ । समग्रमा फौजदारी दायित्वको उमेर (age of criminal responsibility) ले मात्र कुनै व्यवस्था प्रतिगामी या प्रगतिशील मान्न मिल्दैन ।

**देवानी र फौजदारी परिपक्वता (Civil majority and criminal majority)**

बालबालिकाको परिपक्वताको स्थितिलाई आधार मानेर कुनै उमेरका व्यक्तिले गरेको बिज्याइँमा बाल अदालतको क्षेत्राधिकार हुने व्यवस्था गर्ने गरिएको सन्दर्भमा यो परिपक्वता देवानी र फौजदारी विषयमा एउटै हुनुपर्छ वा पर्दैन भन्ने प्रश्न पनि उठ्ने गरेको पाइन्छ । जस्तो नेपालमा एउटै कानुन प्रणालीअन्तर्गत देवानी र फौजदारी दायित्व बहन गर्ने विषयमा फरक-फरक उमेरका हदहरू तोकिएको पाइन्छ । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) ले आपराधिक दायित्वको प्रयोजनका लागि १६ वर्षभन्दा मुनिकालाई नाबालक मानेको छ । यसैगरी भिक्षा माग्ने (निषेध) ऐन, २०१८, नेपाल नागरिकता ऐन, २०२०, होटल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३, बिमा ऐन, २०३९ ले पनि १६ वर्ष भन्दा मुनिकोलाई नाबालक मानेको छ । श्रम ऐन, २०४८ ले १८ वर्ष पूरा नगरेकोलाई नाबालक मानेको छ भने बिफर नियन्त्रण ऐन, २०२० ले बालकको परिभाषा गर्दा १२ वर्ष मुनिकोलाई सम्झनुपर्ने गरी तोकेको छ । जबरजस्ती करणीको १ नं. ले १६ वर्ष मुनिका बालिकालाई मञ्जुरी दिन नसक्ने वर्गमा राखी १६ वर्ष मुनिकी बालिकाको मञ्जुरी लिएर करणी गरे पनि जबरजस्ती करणीको अपराध मानिने व्यवस्था गरेको छ र १६ वर्ष पुगेकालाई मञ्जुरी दिन सक्षम मानेको छ तर बिहावारीको महलको २ नं. ले संरक्षकको मञ्जुरी नभए २० वर्ष नपुगी बिहावारी गर्न गराउन नहुने व्यवस्था गरेर सम्बन्धित महिला-पुरुषले बिहे गर्ने निर्णय लिन सक्ने उमेर बढी तोकेको छ । यसैगरी मतदानको अधिकार १८ वर्ष पुगेकालाई मात्र प्राप्त छ । त्यसैले उमेरको आधारमा दायित्व तोक्दा विभिन्न मुलुकहरूबीच अन्तर हुनु,

उनीहरूको धार्मिक साँस्कृतिक मान्यता, बाल मृत्युदर, औसत आयु, आर्थिक सामाजिक अवस्था आदिमा रहेको भिन्नताको कारण स्वाभाविक हुन सक्ला तर एउटै कानुन प्रणाली अपनाएको एउटै मुलुकमा विभिन्न प्रयोजनका लागि बालबालिका मानिने उमेरमा विविधता हुनुले यो बालबालिकाको विकास एवं परिपक्वतासँग सम्बन्धित नभएको देखिन आउँछ । सिद्धान्ततः भनिन्छ- In accordance with the principle that criminal liability be based on full responsibility for one's actions, the minimum age of responsibility for juveniles should be raised so that it is more closely pegged to the age at which a young person is deemed mature enough to start exercising their civil rights.[१७९]

**बालबालिका र वयष्क मिसिएको मुद्दामा क्षेत्राधिकार**

बालबालिकासँग सम्बन्धित मुद्दा हेर्ने क्षेत्राधिकार बाल अदालतलाई रहने कुरामा विवाद छैन तर एउटै मुद्दामा बालबालिका र उमेर पुगेका वयष्क व्यक्तिहरू संलग्न रहेको स्थितिमा त्यस्तो मुद्दा बाल अदालत वा वयष्क अदालतमध्ये कसले हेर्ने भन्ने प्रश्न पनि उठ्ने गरेको पाइन्छ । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५(२) को प्रतिबन्धात्मक वाक्यांशका अनुसार बालकको साथै उमेर पुगेको व्यक्तिसमेत संलग्न भएको मुद्दाको सम्बन्धमा बाल अदालतले कारबाही र किनारा नगर्ने व्यवस्था छ । यो व्यवस्थाबाट बालबालिकाले सकेसम्म औपचारिक न्याय प्रणालीको सम्पर्कमै आउन नपर्ने अधिकार गुमाउन पुगेका छन् भने औपचारिक न्याय प्रणालीअन्तर्गत प्राप्त हुने कार्यविधिगत र अन्य अधिकारहरूबाट वञ्चित हुनुपर्ने स्थिति छ । मस्यौदा अवस्थामा रहेको बालबालिकासम्बन्धी ऐन, २०६६ को दफा ३०(६) ले हाल भइरहेको व्यवस्थाको विपरीत बालबालिकाको साथमा उमेर पुगेका व्यक्ति संलग्न भएको मुद्दामा समेत बालबालिकाका हकमा बाल अदालतले कारबाही र किनारा गर्ने व्यवस्था प्रस्तावित गरिएको छ भने उमेर पुगेका व्यक्तिका हकमा छुट्टै मिसिल खडा गरी प्रचलित कानुनबमोजिम मुद्दाको कारबाही र किनारा गर्नँपर्ने व्यवस्था प्रस्तावित गरिएको छ । भारतमा पनि भारतीय बाल न्यायसम्बन्धी ऐन, २००० को दफा १८ ले बालबालिकाको साथमा उमेर पुगेका व्यक्ति संलग्न रहेछ भने एउटै मुद्दा नचलाएर छुट्टाछुट्टै मुद्दा चलाउनुपर्ने व्यवस्था गरेको छ ।

अमेरिकामा बालबालिकासम्बन्धी मुद्दाको क्षेत्राधिकार सन्दर्भमा निम्न ३ प्रकारको व्यवस्था भएको पाइन्छ–

**१. पूर्ण क्षेत्राधिकार (exclusive jurisdiction)**

बालबालिकाका सबै प्रकारका मुद्दा हेर्ने क्षेत्राधिकारलाई पूर्ण क्षेत्राधिकार (exclusive jurisdiction) भनिन्छ । अमेरिकामा २८ वटा राज्यमा यस्तो व्यवस्था छ ।

**२. समवर्ती क्षेत्राधिकार (concurrent jurisdiction)**

केही अपराधमा सुरुमा बाल अदालतमै कारबाही गरिने तर निश्चित प्रक्रियापछि उक्त मुद्दालाई सामान्य फौजदारी अदालतमा पठाइन्छ, खास गरेर यो अधिकार अभियोजनकर्ता (prosecutor) ले प्रयोग गर्छन् । कहीँकहीँ Judicial waiver को व्यवस्था पनि छ ।

**३. सामान्य क्षेत्राधिकार**

कहीँकहीँ बालबालिकाले नै गरेको अपराध भए पनि कानुनद्वारा नै यी मुद्दाहरू सीधै सामान्य फौजदारी अदालतमा जाने व्यवस्था गरिएको हुन्छ । यस्तो व्यवस्थालाई statutory waiver अथवा Mandatary Waiver भनिन्छ जस्तो कर्तव्य ज्यानजस्ता गम्भीर अपराधहरू ।

[१७९] Johnny Juhi Sorensen and Jorgen Jepsen (eds), Juvenile Justice in Transition, P. 134, Danish Institute for Human Rights, 2005

# ११. बालबालिकासम्बन्धी मुद्दाको फैसला र तिनको कार्यान्वयन

मुद्दाको कारबाहीमा फैसला र तिनको कार्यान्वयन सबैभन्दा अन्तिम कारबाही हो । कुनै पनि अपराधको अभियोग लागेको अभियुक्तले उक्त अपराध गरेको ठहर्छ वा ठहर्दैन भनेर निर्णय गर्ने प्रक्रिया फैसला हो । अन्यत्र अपराध गरे नगरेको ठहर गर्ने (adjudication)[१८०] र अपराध गरेको ठहरे कति सजाय गर्ने (disposition)[१८१] भनेर सजाय तोक्ने प्रक्रियाको लागि छुट्टाछुट्टै सुनुवाइ गर्ने प्रचलन छ तर हामीकहाँ अपराधी ठहर गर्ने र सजाय निर्धारण गर्ने दुवै काम एकैपटक एउटै निकायबाट हुने गर्दछ । फैसला गर्दा शंकारहित तवरबाट पुष्टि हुनुपर्ने, शंकाको सुविधा अभियुक्तले पाउने, कसुर प्रमाणित गर्ने भार वादीमा रहने जस्ता फौजदारी न्यायका सिद्धान्तहरू बाल न्यायका सन्दर्भमा पनि समान रूपले लागू हुन्छन् । यस अतिरिक्त बालबालिकाको मुद्दा फैसला गर्दा देहायका कुराहरूलाई ध्यानमा राख्न जरुरी छ–

- बालकले एउटै अपराध एकपटक भन्दा बढी गरेको भए पनि पटकको आधारमा निजलाई थप सजाय गर्न नहुने[१८२]
- सजाय गर्ने प्रयोजनका लागि पटक कायम गर्दा बाल्यावस्थामा गरेको अपराधको गणना नहुने[१८३]
- कुनै अपराध गरेको कारणबाट कानुनबमोजिम कुनै पद वा सुविधा प्राप्त गर्न कुनै व्यक्ति अयोग्य हुने रहेछ भने पनि बाल्यावस्थामा गरेको त्यस्तो अपराधबाट त्यस किसिमको अयोग्यता सिर्जना नहुने[१८४]
- बालबालिकालाई नेल हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरे बापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्न नहुने [१८५]
- प्रतिरक्षा गर्ने कानुन व्यवसायीबिना मुद्दाको फैसला गर्न नहुने[१८६]
- कैदको सजाय भई कैदमा बस्नुपर्ने बालकलाई कारागारमा नराखी बाल सुधार गृहमा राख्नुपर्ने[१८७]
- कसुरदार ठहरी कैदको सजाय पाएको बालकको अवस्था विचार गरेर तोकिएको सजाय तत्काल भोग्न नपर्ने गरी स्थगित राख्न सकिने [१८८]

तर सजाय स्थगित गरिएकामा सोही बालकले त्यसको एक वर्षभित्र त्यही वा अन्य कसुर गरेबापत दोषी ठहरी कैदको सजाय पाएमा सोसमेत खापी एकैपटक दुवै कैदको सजाय कार्यान्वयन गर्ने गरी मुद्दा हेर्ने अधिकारीले आदेश दिन सक्ने व्यवस्था छ ।

- तोकिएको सजायको अवधि कुनै बाल सुधार गृहमा वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतित गर्नुपर्ने गरी तोक्न सकिने[१८९]

---

[१८०] Adjudication hearing is a hearing to determine whether there is evidence beyond a reasonable doubt to support the allegations against a juvenile.

[१८१] Disposition hearing is a hearing held after a juvenile has been adjudicated to determine what sanction should be imposed on the juvenile.

[१८२] वालवालिका सम्वन्धी ऐन, २०४८ दफा १२ (३)

[१८३] ऐ ऐ दफा १२ (२)

[१८४] ऐ दफा १२ (१)

[१८५] वालवालिका सम्वन्धी ऐन, २०४८ को दफा १५

[१८६] ऐ दफा १९

[१८७] ऐ. दफा ४२ (२) को दण्ड (ख)

[१८८] ऐ दफा ५० (२)

[१८९] ऐ ऐ

- बालबालिका वादी वा प्रतिवादी भएको मुद्दालाई प्राथमिकता दिई कारबाही र किनारा गर्नुपर्ने[१९०]
- बाल अदालत वा बाल इजलासले मुद्दा दायर भएको १२० दिनभित्र फैसला गरिसक्नुपर्ने[१९१]
- फैसलाको प्रतिलिपि बालबालिकालाई निःशुल्क उपलब्ध गराइदिनुपर्ने[१९२]
- फैसलाको कार्यान्वयन प्रचलित कानुनबमोजिम हुने[१९३]

माथि उल्लेख भएअनुसार हामीकहाँ फैसला गर्दा बालबालिकालाई यथाशक्य कारागारमा नराखेर बाल सुधार गृहमा राख्नुपर्ने, कारागारमा राख्नुपरेकै अवस्थामा पनि उमेर पुगेका कैदीका साथमा राख्न नहुने, तोकिएको सजाय तत्काल भोग्न नपर्ने गरी स्थगित राख्न सकिने, सजायको अवधि बाल सुधार गृह वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतित गर्नुपर्ने गरी तोक्न सकिने जस्ता व्यवस्थाबाट बालबालिकाको अवस्था र तिनीहरूको सर्वोत्तम हितको विषयलाई ध्यान नदिइएको भन्न मिल्दैन । तर हामीले यी व्यवस्थाहरूलाई कति कार्यान्वयनमा ल्याएका छौं र बाल दुराचारका कार्यमा संलग्न बालबालिकाहरूलाई सुधारका निम्ति के कार्यक्रमहरू सञ्चालन गरेका छौं भन्ने विषय महत्वपूर्ण छ ।

**सुधारका सुविधाहरू (Correction Facility)**

बालबालिकाले गरेको दुराचारका सम्बन्धमा कारबाही र सुनुवाइ गर्न छुट्टै बाल न्याय प्रणाली हुनुपर्छ भन्नुको पछाडि यसका केही उद्देश्य र मान्यताहरू छन्–

१. बाल न्यायको प्रमुख उद्देश्य बालबालिकाको सर्वोत्तम हित र कल्याणमा जोड दिनु हो
२. बालबालिकाप्रति व्यक्त गरिने प्रतिक्रिया जहिले पनि समानुपातिकता (proportionality)[१९४] मा आधारित हुनुपर्छ
३. बानी बेहोरामा परिवर्तन (behavioral change) को प्रक्रियालाई प्रोत्साहित गर्नु, जसबाट आफूले गरेको कामप्रति जवाफदेहिताको भावना विकास गराउन र यसबाट अरूमाथि पर्ने प्रभाव बुझ्न सक्ने तुल्याउन सकियोस्
४. अलग गराउन (alienation) मा भन्दा एकीकरण (integration) लाई प्राथमिकता दिने ता कि समुदायमा फर्कन सक्ने तुल्याउन सहयोग होस्

उपर्युक्त उद्देश्य र मान्यताको पृष्ठभूमिमा सुधारका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने गरेको पाइन्छ–

**क. संस्थागत सुधार कार्यक्रम (Institutional Correction Programme)**

संस्थागत सुधार कार्यक्रम भन्नाले बालबालिकालाई निजको बाबु-आमाको संरक्षणबाट हटाएर राज्य नियन्त्रित सुधार गृहमा राख्नु भन्ने बुझिन्छ । कतिपय अवस्थामा यस्तो सुधार गृहका रूपमा निजी तवरबाट सञ्चालित संस्थाहरूलाई पनि मान्यता दिइएको हुन्छ । बालबालिकाको सुधारका निम्ति अपनाइने विभिन्न उपायहरूमध्ये यो सबैभन्दा कठोर उपाय हो । यस्तो गृहमा बालबालिकालाई न्यायाधीशको आदेशबमोजिम पठाउने गरिन्छ । न्यायाधीशले आदेश गर्दा बालबालिकाले गरेको अपराधको प्रकृति, बालबालिकालाई सुधार गृहमा नराख्दा निजलाई हुन सक्ने खतरा र आवश्यक पर्ने उपचार आदि कुरालाई आधार मान्ने गरिन्छ । यसै आधारमा सुधार

---

[१९०] ऐ दफा ५७

[१९१] वाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १६

[१९२] ऐ नियम १९

[१९३] ऐ नियम १८

[१९४] The principle of proportionality is well known as an instrument for curbing punitive sanctions. The response to young offenders should be based on the consideration not only of the gravity of the offence but also of personal circumstances. वेइजिङ नियमको नियम ५ ले पनि यस सिद्धान्त अवलम्वन गर्न मार्गदर्शन गरेको छ ।

अधिकारी (Correction Authority) ले सम्बन्धित बालबालिकालाई कस्तो सुविधामा राख्ने, के के उपचार दिने भन्ने कुराको तय गर्छन् । संस्थागत सुधार कार्यक्रमअन्तर्गत अन्यत्र देहायका कार्यक्रमहरू सञ्चालन हुने गरेको पाइन्छ–

**१. सुधारात्मक उपचार (Correctional Treatment)**

सुधारात्मक उपचारको मुख्य उद्देश्य बालबालिकाको व्यवहारमा परिवर्तन गर्नु हो ताकि तिनीहरू पुनः भविष्यमा आपराधिक कार्यमा संलग्न नहोऊन् (The fundamental purpose of correctional treatment is to change the behavior of youth so that they do not commit future delinquent acts) । प्रत्येक सुधार गृहमा कुनै न कुनै प्रकारको उपचारात्मक कार्यक्रमहरू हुन्छन् र ती सबैका आफ्नै उद्देश्य र प्रयोजन हुन्छन् । तर पनि केही कार्यक्रमहरू सबैमा समान हुन्छन् । ती हुन्–

**पुनःस्थापन (Rehabilitation)**

यसलाई पुनः सामाजिकीकरणको उपाय (resocialization model) पनि भनिन्छ । यसमा बाल दुराचारीलाई सुधार गर्ने प्रयत्नस्वरूप उपचार र परामर्श (treatment and counseling) का यस्ता उपायहरू अवलम्बन गरिन्छन्, जसबाट तिनीहरू समाजमा फर्कंदा हिंसात्मक (destructive) होइन, रचनात्मक विचारधारा लिएर फर्कन सकून् ।

**निरोध (Deterrence)**

निरोधात्मक उपचारअन्तर्गत यस्ता उपायहरू अवलम्बन गरिन्छन्, जसबाट बालबालिकालाई अपराध गर्दाको जोखिम र परिणामहरूप्रति सचेत गराइन्छ । यदि अपराधबाट प्राप्त हुने लाभको तुलनामा जोखिम र परिणामहरू गम्भीर हुन्छन् भने तिनीहरूले अपराध गर्न रोज्दैनन् भन्ने मान्यता यसले राखेको छ ।

**असमर्थता (Incapacitation)**

यसअन्तर्गत बालबालिकालाई समुदायबाट बाहिर निकालिन्छ ताकि तिनीहरू अपराध गर्न असमर्थ होऊन् । यसअनुसार बालबालिकालाई बन्द गरेर राखिन्छ र समाजमा अरू नोक्सानी पुऱ्याउन अक्षम तुल्याइन्छ (Literally, it means locking up the person so that they are incapacitated from causing any more harm)

**२. सुधारात्मक शिक्षा (Correctional education)**

बालसुधार संस्थाको एउटा प्रमुख उद्देश्य शिक्षा हो । शिक्षा बालबालिकालाई समाजमा पुनःस्थापन गराउने एउटा प्रक्रिया पनि हो । यसअन्तर्गत सीप विकास, समस्या समाधान, सहयोगात्मक भावनाको विकास जस्ता विषयहरूमा जोड दिइन्छ ।

**३. व्यावसायिक तालिम (Vocational Training)**

यस्तो तालिम प्रायः काम गर्ने उमेर पुग्न लागेको बालबालिकालाई दिने गरिन्छ । काममा लाग्न आवश्यक पर्ने ज्ञान, सीप र दक्षता दिइनुका साथै सूचनाहरूको प्रयोग गर्ने तरिका, प्रविधि र पद्धतिबारे जानकारी दिने, साझेदारी काममा साझेदारसँग सम्बन्ध कायम गर्ने र बढाउने तरिका सिकाउने आदि गरिन्छ । यस्ता कार्यक्रममा internship, apprenticeships, mentorship आदि पर्दछन् । जस्तो क्यालिफोर्नियामा youth authority's free venture programme सञ्चालन गरिएको छ । जसमा बाल दुराचारीहरूलाई यसले काममा लगाउँछ र काम गराएबापत निश्चित रकम पारिश्रमिक पनि दिन्छ । पारिश्रमिक रकमको केही प्रतिशत क्षतिपूर्ति तिर्नमा प्रयोग गरिन्छ र केही प्रतिशत बालबालिकालाई नै दिइन्छ ।

**ख. सामुदायिक सेवा (Community Services)**

बालबालिकाको सुधारका लागि अपनाइने यो अर्को उपाय हो । संस्थागत सुधारको प्रबन्धभन्दा यो कम नियन्त्रणात्मक हुन्छ । सामुदायिक सुधार भन्नाले दुराचारका कार्यमा संलग्न बालबालिकाहरूलाई उनीहरू बसोवास गरेकै समुदायमा राखेर सुधार गर्ने कार्यक्रमलाई बुझिन्छ (Community correction simply means that the juveniles are released back to the community and are most typically allowed to remain at home.) । प्रायः दुराचारी ठहर भइसकेका बालबालिकाहरूका हकमा हो भने फैसला गर्दाका अवस्थामै अदालतले सम्बन्धित बालबालिकाको हकमा कार्यान्वयन योजना (Disposition plan) बनाउँदछ र सोही योजनाअनुरूप बालबालिकालाई कस्तो व्यवहार गर्ने, कस्तो शिक्षा दिने, कहाँ राख्ने आदि कुराको निधो गरिन्छ । दुराचारी ठहर भइसकेका तथा विभिन्न कारणबाट सुधार कार्यक्रममा सहभागी गराउनुपर्ने जरुरी देखिएमा अन्यत्र (सम्बन्धित परिवार, विद्यालय आदि) बाट पनि सिफारिस भई आउन सक्तछन् । अमेरिकामा यस प्रयोजनका लागि विभिन्न सामुदायिक सेवा केन्द्र (community service agencies) हरूको स्थापना भएको पाइन्छ । बालबालिकाहरूलाई आफ्नै घरमा वा सामुदायिक संस्थाहरूमा राखेर विभिन्न कार्यक्रमहरूमा सहभागी गराइन्छ । जस्तो–

सामुदायिक सेवा : यसअन्तर्गत बालबालिकालाई दैनिक निश्चित घन्टाका दरले सामुदायिक सुधार कार्यमा लगाइन्छ ।जस्तो– सडकको फोहोर उठाउने, पार्क सफा गर्ने, बिरुवामा पानी हाल्ने आदि । यसको मुख्य उद्देश्य तिनीहरूको सेवामार्फत समुदायलाई क्षतिपूर्ति गराउनु हो ।

फोस्टर केयर : आफ्नो बाबु-आमाले पालन-पोषण र संरक्षण गर्न नसकेका वा नचाहेका, पारिवारिक विघटन (broken family) मा परेका बालबालिकाहरूलाई केही समयका लागि वा बालिग नभएसम्मका लागि अर्कै परिवारले संरक्षणमा राख्ने कार्य ।

सामूहिक घर (Group homes) : अदालतबाट दुराचारी ठहर भएका बालबालिकालाई एउटै सामूहिक घरमा राख्ने कार्य । दिउँसोको समयमा काम गर्न वा अन्य व्यक्तिगत क्रियाकलापमा संलग्न रहन पाउँछन् तर बेलुका यही निवासमा बस्न आउनुपर्छ । यसबाहेक अरू थुप्रै किसिमका कार्यक्रमहरू जस्तो– Adult role model, Day treatment programme, Wilderness and Adventure programmes, Vocational and Apprenticeship सञ्चालन हुने गरेको पाइन्छ ।

**ग. प्रोवेसन सेवा (Probation Services)**

प्रोवेसन अदालतबाट भएको फैसलाको कार्यान्वयन गरिने एउटा तरिका हो । हिजोआज बालबालिका संलग्न मुद्दाका सम्बन्धमा मात्र होइन, वयष्कहरूको मुद्दाका सम्बन्धमा पनि प्रोवेसन सेवा प्रयोग गर्ने गरिन्छ । बालबालिकाका हकमा प्रोवेसन सेवाको अझ बढी महत्व छ ।

प्रोवेसन सेवाको सुरुआत गर्ने श्रेय John Augustus (अमेरिकी) लाई जान्छ । यिनी म्यासाचुसेट्स राज्यको बोस्टनमा जुत्ता सिउने पेसाकर्मी (Cobbler) हुन् । अठारौं शताब्दीको मध्यतिर खास गरेर मादक पदार्थ सेवन गरेको अभियोगमा मुद्दा चलाइएका अभियुक्तहरूलाई आफू जमानत बसेर थुनाबाट छुटाउने र समुदायमा तिनीहरूको गतिविधि र व्यवहारको व्यक्तिगत रूपमा अनुगमन गर्ने उनको कार्यबाट यो सेवाको विकास भएको हो । पछि सन् १८६९ मा म्यासाचुसेट्सले यसलाई औपचारिक मान्यता दियो र १८७८ मा तलबसहितको पूर्णकालीन प्रोवेसन अधिकृत नियुक्त गरियो ।

Juvenile probation: A sanction where the court releases a youth to a parent or other guardian to live in the community with certain rules and conditions. These rules and conditions attempt to balance the need to protect society with what is in the best interest of the child.

प्रोवेसन भन्नाले दोषी ठहर भइसकेका बालबालिकालाई निजले पाएको सजाय व्यतित गर्ने एउटा वैकल्पिक उपाय हो । धेरै मुलुकहरूमा हाम्रो कारागार विभागजस्तो छुट्टै प्रोवेसन विभाग हुन्छ र प्रोवेसन कार्यालयहरू यसै विभागअन्तर्गत सञ्चालित हुन्छन् । प्रोवेसन अधिकृतको मुख्य काम अदालतको फैसलामार्फत तोकिदिएको योजना (Disposition plan) मुताबिक बालबालिकाले कार्य गरे नगरेको सुपरीवेक्षण गर्नु तथा सोको पालना गराउनु हो । अन्य सुधार कार्यक्रमहरूको तुलनामा कम खर्चिलो र प्रभावकारी भएको कारण प्रोवेसन प्रणाली संसारभर लोकप्रिय बन्दै आइरहेको छ ।

**प्रोवेसनका सर्तहरु**

प्रोवेसनका सर्तहरू विभिन्न मुलुकहरूमा फरक-फरक पाइन्छन् । तर पनि प्रोवेसनमा रहने बालबालिकाहरूले सामान्यतया देहायका सर्तहरू पालना गर्नु जरुरी ठानिन्छ–

- विद्यालयमा नियमित तवरले उपस्थित हुनु
- तोकिएको काम गर्नु
- लागु औषध र मादक पदार्थ सेवन नगर्ने
- प्रोवेसन अधिकृतसँग नियमित सम्पर्कमा रहनु
- विशेष प्रकारका परामर्श र उपचारात्मक कार्यक्रममा सहभागी हुनु
- अपराधी भनेर चिनिएका व्यक्तिसँग संगत नगर्नु
- अर्को अपराध नगर्ने
- कर्फ्युसम्बन्धी कानुनको पालना गर्नु
- हतियार नलिने
- बाबु-आमा र अभिभावकप्रति आज्ञाकारी बन्नु
- सामुदायिक सेवा सम्पन्न गर्नु
- पीडितलाई क्षतिपूर्ति तिर्नु ।

न्यायाधीशको स्वविवेकमा यीबाहेकका अरू सर्तहरू पनि थप्न सकिन्छ । प्रोवेसन अधिकार होइन, सुविधा हो । बालबालिकालाई प्रोवेसनमा राख्दा अदालतसँग प्रोवेसन सम्झौता गर्नुपर्ने हुन्छ । यही सम्झौतामा नै प्रोवेसनका सबै सर्तहरू उल्लेख गरिएको हुन्छ । कतिपय अवस्थामा बालबालिकाका बाबु-आमाले पनि प्रोवेसन सम्झौतामा सही गरेका हुन्छन् । प्रोवेसन सम्झौता सम्बन्धित बालबालिका र अदालतबीच करारका रूपमा रहेको हुन्छ, जसले के गर्न हुने र के गर्न नहुने भन्ने सम्बन्धमा स्पष्ट व्यवस्था गरेको हुन्छ । कुनै बालबालिकाले प्रोवेसनका सर्तहरू पालन गरेनन् वा गर्न सकेनन् भने तिनीहरूउपर सर्तहरू थप्ने वा कडाइ पार्ने गरिन्छ वा पुनः कैदमा पठाउने गरिन्छ ।

सामान्यतया प्रोवेसन अदालतबाट मुद्दा फैसला भइसकेपछि प्रयोग गरिने पद्धति हो । कहिलेकाहीँ भने फैसलाको सट्टामा नै पनि प्रोवेसन प्रयोग गरिन्छ । यसलाई deferred adjudication भनिन्छ । यस्तो प्रोवेसनमा बालबालिकाले अदालतमा नगईकनै प्रोवेसनका सर्तहरू पालन गर्न मन्जुर गर्छ । यस प्रकारको प्रोवेसनमा सामान्यतया प्रत्यक्ष सुपरिवेक्षण हुँदैन र प्रोवेसनको अवधि पनि तुलनात्मक रूपमा छोटो हुन्छ । बालबालिकालाई यस्तो प्रोवेसनको फाइदा भनेको त्यहाँ औपचारिक सुनुवाइ हुँदैन र कारबाहीको अभिलेख पनि रहँदैन । यस्तो प्रोवेसन आदेश दिने अधिकार प्रहरी र सरकारी वकिललाई रहन्छ ।

**प्रोवेसनका स्वरूपहरू (variations in juvenile probation)**

प्रोवेसन विभिन्न प्रकारका हुन्छन् । सुपरीवेक्षणको स्तर, सुरक्षा तथा नियन्त्रणको तह, परामर्श तथा सुधारात्मक उपचारको प्रक्रिया आदिलाई आधार मानेर प्रोवेसनलाई विभिन्न नाम दिइएको छ । प्रोवेसनका विभिन्न स्वरूपहरू निम्नअनुसार छन्–

**१. कठोर सुपरीवेक्षणसहितको प्रोवेसन (Intensive supervision probation)**

Intensive supervision probation (ISP) is a form of probation characterized by increased supervision and treatment. नामैबाट बुझिएजस्तै यस प्रकारको प्रोवेसनमा प्रोवेसन अधिकृतको निगरानी कडा पारिन्छ र सर्तहरूको पूर्ण परिपालनामा जोड दिइन्छ । कठोर सुपरीवेक्षणसहितको प्रोवेसन संस्थाकृत सुरक्षा (Secure institutionalization) को विकल्पमा ल्याइएको पद्धति हो । यसअन्तर्गत उपचारात्मक सेवाहरूका अतिरिक्त केवल निगरानी (surveillance) र नियन्त्रणका कार्यक्रमहरू समावेश हुन्छन् । यो पनि विभिन्न रूपको हुन सक्दछ तर यसको सामान्य चरित्र के छ भने सुरक्षित संस्थागत रखाइ (Secure institutional placement) को विकल्पमा गम्भीर बाल अपराधीहरूका निम्ति फैसला भइसकेपछि राखिने गैरआवसीय (nonresidential) कार्यक्रम हो । अमेरिकाको अपराध तथा बाल दुराचार राष्ट्रिय परिषद् (National Council on Crime and Delinquency) ले ५ वटा विशेषता हुने उल्लेख गरेको छ ।

- उत्तरदायित्व र सुपरिवेक्षणमा जोड दिँदै जोखिम नियन्त्रणको दर्शनमा आधारित
- कठोर सुपरीवेक्षणसहितको प्रोवेसन (ISP) कार्यक्रम आवश्यक पर्ने बालबालिकाको राम्रो पहिचान आवश्यक पर्नेलाई नराखिनु एवं आवश्यक नपर्नेलाई समावेश गरिनु दुवै खतराजन्य मानिन्छ ।
- अति व्यवस्थित सुपरिवेक्षण
- समुदायको उच्चतम सहयोग प्राप्त गरिने
- आर्थिक प्रतिबद्धता (Financial Commitment)

**२. सक प्रोवेसन (Shock probation)**

बालबालिकाहरूलाई पहिले संस्थागत सुविधामा बस्ने प्रतिबद्धता लिएर पछि प्रोवेसनमा छोडिने यो भिन्न प्रकारको प्रोवेसन हो । यसमा पहिले बालबालिकालाई प्रोवेसनमा छोडिने कुरा बताइँदैन । उसलाई मानसिक रूपमा संस्थागत सुधार कार्यक्रममा समावेश हुन तयार गराइन्छ । तर छोटो बसाइमै उसलाई प्रोवेसनमा छोडिन्छ । यसको मुख्य उद्देश्य संस्थागत घेराबन्दीमा बस्नु र प्रोवेसनमा छोडिनु दुवै कुराको Shock value बढाउनु हो । यस्तो कुरा एउटा भरियालाई आफ्नो भारी हलुंगो भएको आभास गराउन ढुंगा थपेर एकछिन बोकाएपछि अनि झिकिदिने मान्यतामा आधारित छ । यसमा पनि बालबालिकालाई पहिले संस्थागत प्रबन्धमा राखेर त्यहाँ रहँदा बेहोर्नुपर्ने शारीरिक मानसिक कष्टप्रति महसुस गराइन्छ र त्यहाँबाट निस्कन पाए जस्तोसुकै अनुशासन कायम गर्न पनि तयार हुने स्थितिमा पुऱ्याइन्छ र अनि प्रोवेसनमा छोडिन्छ ।

**३. विद्यालयमा आधारित प्रोवेसन (School-Based Probation)**

विधालयमा आधारित प्रोवेसन भन्नाले विद्यालयको हाताभित्रै प्रोवेसन अधिकृत राखेर कार्यक्रम सञ्चालन गर्ने तरिका बुझिन्छ (School - based probation is a model where the probation officer works and is housed within the walls of the school.) । प्रोवेसनमा रहेका अधिकांश बालबालिकाहरूलाई विद्यालयमा भर्ना गरिन्छ र विद्यालयमा नियमित उपस्थित हुनु प्रोवेसनको एउटा सर्त नै हुन्छ भने यस किसिमको प्रोवेसनले प्रोवेसन अधिकृत र बालबालिकाबीचको सम्पर्कलाई निकट बनाउँछ, जसले गर्दा बालबालिकाउपरको निगरानी र सुपरीवेक्षण प्रभावकारी हुन सक्दछ ।

**४. घरमै राखेर विद्युतीय अनुगमन गर्ने (House Arrest and Electronic Monitoring)**

House arrest is confining a juvenile to their home when they are not at school or undergoing treatment. Electronic monitoring is restricting a juvenile through the use of an electronic tracking device. यदि कुनै बालबालिकाले गम्भीर अपराध गरेको छ र उसको सुरक्षामा खतरा छ भन्ने लाग्दछ भने अदालतले निजलाई घरमै रहन आदेश दिन सक्दछ । यसमा रहेका बालबालिकालाई विद्यालय जान, अदालतमा उपस्थित हुन, कुनै उचारात्मक कार्यक्रममा भाग लिनबाहेक अन्य कारणले घर छोड्न अनुमति हुँदैन । यसमा

प्रोवेसन अधिकृत आफैं घरमा गएर वा आकस्मिक रूपमा गरिने टेलिफोनबाट छड्के गरेर बालबालिकाउपर निगरानी र सुपरिवेक्षण राखिन्छ । बालबालिकालाई कहाँ जाने र के गर्ने भन्ने विषयमा दैनिक कार्यतालिका दिइएको हुन्छ र सोको पालना भए/नभएको कुराको अनुगमन गर्ने जिम्मा निजको बाबु, आमा तथा अभिभावकलाई पनि दिइएको हुन्छ । त्यसैले यस प्रकारको प्रोवेसनमा राख्दा बालबालिकाको गतिविधिमा सुपरिवेक्षण गर्ने र तोकिएको सुधार योजना विपरीतको कार्यमा संलग्न रहे सोको जानकारी प्रोवेसन अधिकारीलाई गराउने विषयमा पहिले नै बाबु-आमाबाट सम्झौतामा हस्ताक्षर गराइएको हुन्छ । यदि बाबु-आमाले सम्झौताअनुसारको दायित्व पूरा गरेनन् भने अदालतको अवहेलनामा कारबाही गरिन्छ ।

विद्युतीय अनुगमन भन्नाले बालबालिकाको जीउमा सामान्यतया कुर्कुच्चामा विद्युतीय उपकरण जडान गरिएको हुन्छ । यो उपकरण निजको घरमा राखिएको अनुगमन प्रणालीसँग आबद्ध हुने गरी फोन लाइनसँग जोडिएको हुन्छ । यसको मुख्य उद्देश्य यदि बालबालिका अनुमति पाएको दूरीभन्दा टाढा गयो भने स्वचालित रूपमा निजको जीउमा जोडिएको उपकरण बज्छ र प्रोवेसन अधिकारीकहाँ टेलिफोन जान्छ । हिजोआज प्रविधिको विकाससँगै बालबालिकाउपर भूउपग्रह (Satellite) बाट अनुगमन गर्ने प्रणाली पनि विकास भइरहेको छ ।

**मनोसामाजिक सेवा (Psychosocial Support)**

मनोवैज्ञानिकहरूका अनुसार व्यक्तिलाई आपराधिक क्रियाकलापमा संलग्न गराउनमा उसमा विकसित मनोविज्ञानको प्रमुख भूमिका हुन्छ । जस्तो मनोविश्लेषक सिग्मन्ड फ्रायडका अनुसार व्यक्तिको व्यक्तित्व बाल्यअवस्थामै विकसित हुन्छ र बिस्तारै विकसित हुँदा ३ किसिमको व्यक्तित्व Id, Ego र Superego बन्छ । Id व्यक्तिमा थाहै नपाई विकसित हुने शारीरिक र मनोवैज्ञानिक इच्छा र आवश्यकताहरूको समूह हो । Ego ले व्यक्तिको वास्तविक पहिचान र व्यवहारलाई प्रतिनिधित्व गर्छ भने Superego ले सद्विवेक र नैतिक चरित्रलाई प्रतिनिधित्व गर्छ । August Aichhorn का अनुसार Id को अनियन्त्रित स्वरूप नै आपराधिक क्रियाकलापको आधार हो । उनी भन्छन्- बाल दुराचारीहरूमा Superego राम्रोसँग विकास भएको हुँदैन, जसले गर्दा Id लाई नियन्त्रण गर्न असमर्थ हुन्छन् । Ego चाहिँ Id र Superego बीच संघर्षको परिणाम हो । Ego व्यक्तिले देखाउने वास्तविक व्यवहार हो । त्यसैले यदि कुनै बालबालिकामा Id बलियो छ र Superego कमजोर छ भने उसको व्यवहार दुराचारका रूपमा देखिने सम्भावना बढी हुन्छ र यदि Id कमजोर अनि Superego बलियो छ भने निजबाट आपराधिक क्रियाकलाप हुने सम्भावना पनि कम हुन्छ । बालदुराचारसम्बन्धी मनोसामाजिक विश्लेषणले अपराध रोकथाम एवं नियन्त्रणका लागि बाल व्यक्तित्वमा रहने यी गुणहरूको पहिचान गरी Superego तत्वको विकासमा जोड दिन्छ ।

Lawrence Kohlberg ले बालबालिकामा सिकाइ विकास (Cognitive Development) को प्रक्रिया क्रमिक हुने बताउँदै ती प्रत्येक चरणमा बालबालिकाले सही र गलत छुट्याउने आधार फरक-फरक रहने उल्लेख गरेका छन् । उनले नैतिक विकासका ६ वटा अवस्थाहरू उल्लेख गरेका छन्–

1. Punishment and Obedience Orientation
2. Hedonistic Orientation
3. Interpersonal Concordance
4. Law and Order Orientation
5. Social Contract, Legalistic Orientation
6. Orientation to Universal Ethical Principles

पहिलो २ अवस्था ७ वर्ष पुग्दा नपुग्दै पूरा हुन्छ । तेस्रो र चौथो अवस्था युवावस्थामा र पछिल्लो २ अवस्था बालिग भएपछि पूरा हुन्छ । अनुसन्धानले बालदुराचारीहरू नैतिक विकासको पहिलो २ अवस्थामा रहने गरेको देखाएको

छ । पहिलो अवस्थामा बालबालिकाले कुनै कुरा पालन गर्छन् भने त्यो डरको कारणले गर्दछन् । सजाय नभएसम्म हरेक कुरालाई सही मान्ने यिनीहरूको धारणा हुन्छ । त्यसैले आपराधिक क्रियाकलाप गर्नु यिनीहरूले स्वीकारयोग्य व्यवहारका रूपमा लिन्छन् । यिनीहरूले अरू समाजप्रतिको दायित्व लिँदैनन् । दोस्रो अवस्थामा बालबालिकाले जुन कुराले आफ्नो आवश्यकता पूरा गर्छ त्यसैलाई सही मान्दछन् । तेस्रो अवस्थामा पुगेपछि बालबालिकाले अरूको भावनाको कदर गर्न थाल्दछन् । त्यसैले तेस्रो अवस्था नाघेका बालबालिकाले अपराध गर्ने सम्भावना ज्यादै कम रहन्छ भनिन्छ ।

मनोसामाजिक विश्लेषकहरूका अनुसार बालबालिकालाई सुधार कार्यक्रम सञ्चालन गर्नुपर्दा बालबालिकाको मनोवैज्ञानिक विकासको अवस्थालाई बुझेर त्यसमा आधारित गराउन सक्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका परामर्श (Counseling) सेवा र उपचारात्मक कार्यक्रम (treatment programmes) हरू सञ्चालन गर्न सकिन्छ । जस्तो अमेरिकामा Vision Quest कार्यक्रमले लोकप्रियता हासिल गरेको छ । यस कार्यक्रमका विशेषताहरू–

- अदालतबाट सिफारिस गरी पठाइएका र जोखिममा रहेका अन्य बालबालिकालाई लिइने
- चुनौतीहरूको सामना गर्न र आफूमा रहेको क्षमता र सम्भावना पहिचान गराउन मद्दत गर्ने
- सोचाइ, दृष्टिकोण र व्यवहारमा स्थिरता र सन्तुलन कायम गराउने
- जीवनको लक्ष्य प्राप्तिका लागि आवश्यक पर्ने सीप र धारणा (attitude) विकास गराउने
- आत्मविश्वास जगाउने
- परिवारसँग पुनर्मिलन गराउने ।

बालबालिकाको मनोसामाजिक स्थितिमा परिवर्तन गर्ने हिसावले विभिन्न ठाउँमा साहसिक कार्यक्रममा संलग्न गराउने प्रचलनहरू पनि देखिन्छ । जस्तो अमेरिकाको इन्डियानामा Adventure Based Counseling Program (ABC) सञ्चालन गरेर वैयक्तिक विकासका निम्ति अनुकूल वातावरण सिर्जना गरिदिने, नयाँ सोच र दृष्टिकोणको विकास गराउने, आफूभित्रको सम्भावना पहिचान गराउन र बढाउन मद्दत गर्ने आदि उद्देश्य राखेको पाइन्छ ।

**न्यायमा सहकार्य र समन्वय**

वर्तमान युग भनेको सहकार्यको युग हो । आर्थिक सामाजिकलगायत विभिन्न क्षेत्रमा सहकार्यको प्रवृत्ति र सम्भावना बढ्दो छ चाहे एक मुलुक र अर्को मुलुकबीच होस् अथवा एउटा मुलुकभित्रै पनि सरकार र निजी क्षेत्रबीच होस् । वास्तवमा राज्यभित्र सम्पूर्ण कुराको व्यवस्था गर्ने जिम्मा सरकारको हो भन्ने मान्यतामा आमूल परिवर्तन आएको छ । न्यायिक क्षेत्र पनि यो मान्यताबाट अलग रहेको छैन ।

**बाल न्यायका क्षेत्रमा गैरसरकारी संस्थाहरूसँगको सहकार्य**

फौजदारी दण्ड प्रणालीमा सुधार, लैंगिक समानता र वातावरणीय न्यायका क्षेत्रमा जस्तै बाल न्याय प्रणालीको स्थापना र विकासमा पनि गैरसरकारी संस्थाहरूले खेलेको भूमिका महत्वपूर्ण रहेको छ । साँच्चै भन्ने हो भने यससम्बन्धी अवधारणाको सूत्रपात नै गैरसरकारी संस्थाहरूले गरेका हुन् । नेपालमा मात्र होइन, अन्य मुलुकहरूमा पनि बाल न्याय प्रणालीको विकासमा गैरसरकारी संस्थाहरूको भूमिका महत्वपूर्ण रहेको छ । जस्तो दक्षिण अफ्रिकामा पहिलो दिशान्तर कार्यक्रम सन् १९९२ मा the National Institute for Crime Prevention and the Rehabilitation of Offender - NICRO नामको गैरसरकारी संस्थाले सुरु गरेको थियो । यो संस्थाले हाल दक्षिण अफ्रिकाको ९ वटै प्रान्तमा आफूलाई विस्तार गरेको छ र १६००० भन्दा बढी बालबालिकाहरूलाई सेवा पुऱ्याएको छ । जाम्बियामा UNICEF को सहयोगमा child friendly court project सञ्चालित छ र एउटा गैरसरकारी संस्थालाई Life Skill Programme को जिम्मा दिइएको छ । नामिबियाको बाल न्याय परियोजना सरकारी र गैरसरकारी संस्थाहरूबीच सहकार्यको नमुना मानिन्छ । अध्ययनबाट नामिबियामा पक्राउ परेका बालबालिकाहरूको अधिकार गम्भीर रूपमा हनन भएको पाइएपछि सन् १९९४ मा मन्त्रालय, गैरसरकारी संस्था र अरू व्यक्तिहरू

मिलेर बाल न्याय मञ्च (Juvenile Justice Forum) स्थापना गरिएको छ । मालावीमा पनि बाल न्याय मञ्च स्थापना गरिएको छ र समग्र बाल न्याय प्रणाली न्याय मन्त्रालय, मलावी कारागार विभाग र गैरसरकारी संस्थाबीचको त्रिपक्षीय सम्बन्धबाट विकसित भएको मानिन्छ । दक्षिण अफ्रिकाको The Child Justice Alliance ले बाल न्याय विधेयकको मस्यौदा, सोसम्बन्धी वकालत र संसदको सम्बन्धित समितिका सदस्यहरूलाई विश्वासमा लिएर ठूलो भूमिका खेलेको पाइन्छ । सारांशमा बाल न्यायका क्षेत्रमा गैरसरकारी संस्थाहरूले देहायका विषयमा भूमिका खेल्न सक्ने देखिन्छ–

- बाल न्याय प्रवर्द्धनका लागि वकालत
- दिशान्तर, आवासीय सुधार सेवाजस्ता कार्यक्रमहरूको सञ्चालन
- सचेतना अभिवृद्धि
- अनुसन्धान र तालिम
- सशक्तिकरण
- अनुगमन
- कानुनी सहायता
- बाल न्यायका सरोकारवालाहरूको क्षमता विकास
- बालबालिकालाई शिक्षा ।

नेपालमा Save the Children, UNICEF, बाल कल्याण समिति, सेलर्ड, काठमान्डु स्कुल अफ ल, एडभोकेसी फोरम, नेपाल बाल अधिकार संरक्षण सहयोग केन्द्र (CAP-CRON), सिविन, UCEP जस्ता संस्थाहरूको भूमिका महत्वपूर्ण रहेको छ ।

**बाल न्याय समन्वय समिति**

बाल न्यायसँग सम्बन्धित विभिन्न निकायहरूबीच समन्वय गर्ने उद्देश्यले बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम २२ ले सर्वोच्च अदालतका एकजना न्यायाधीशको अध्यक्षतामा ९ सदस्यीय बाल न्याय समन्वय समिति गठन गर्ने व्यवस्था गरेको छ । यो समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने व्यवस्था छ–

- बाल न्याय प्रणाली सुदृढीकरण र विकासका लागि आवश्यक पर्ने कानुनी तथा नीतिगत व्यवस्थाका लागि नेपाल सरकारलाई आवश्यक सुझाव र परामर्श दिने
- नेपालमा बाल अधिकार र बाल न्याय प्रणालीका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघसंस्थाबाट भइरहेका कार्यक्रमहरूबीच समन्वय गर्ने/गराउने
- बाल न्याय सम्पादनलाई छिटो, छरितो, प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि बाल न्याय सम्पादनमा संलग्न हुने निकायमा कार्यरत सरकारी तथा गैरसरकारी व्यक्ति तथा संस्थाहरूलाई बाल न्यायका सन्दर्भमा विकसित नवीन दृष्टिकोण र कार्यक्रमबारे जानकारी गराउन क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने
- बाल अधिकार र बाल न्यायको विषय नेपालका विद्यालय, विश्वविद्यालय तथा अन्य शैक्षिक संस्थाका पाठ्यक्रममा समावेश गर्न नेपाल सरकारलाई अनुरोध गर्ने
- बाल न्याय सम्पादनमा संलग्न हुने निकायबाट सम्पादन भएका सेवा र कार्यहरूको स्तरसम्बन्धी रेखदेख तथा व्यवस्थापनसम्बन्धी काम कारबाही गर्ने गराउने ।

**लेखक परिचय :**

१. **डा. श्री आनन्दमोहन भट्टराई :** हाल पुनरावेदन अदालत पाटनको न्यायाधीशमा कार्यरत डा.श्री आनन्दमोहन भट्टराई कानूनर न्यायको क्षेत्रमा परिचित प्रशिक्षक तथा लेखकका रुपमा स्थापित हुनुहुन्छ ।

२. **श्री आशिष अधिकारी :** काठमाडौं स्कूल अफ ल मा उपप्राध्यापक रहनु भएका श्री अधिकारी अधिवक्ता पनि हुनुहुन्छ । बाल न्यायको क्षेत्रमा वहाँले लामो समयदेखि कार्य गर्दै आउनु भएको छ ।

३. **श्री केशरीराज पण्डित :** कानून र न्यायका क्षेत्रका सिद्धहस्त विद्वान लेखक श्री पण्डित हाल पुनरावेदन अदालत हेटौंडामा मुख्य न्यायाधीशको पदमा कार्यरत हुनुहुन्छ ।

४. **श्री चन्द्रिका खतिवडा** : पेशाले कानून व्यवसायी रहनु भएका श्री खतिवडा बाल अधिकारको क्षेत्रमा लामो समय देखि कार्यरत हुनुहुन्छ ।

५. **श्री तिलप्रसाद श्रेष्ठ :** पुनरावेदन अदालतका न्यायाधीश लेखक श्री श्रेष्ठ हाल राष्ट्रिय न्यायिक प्रतिष्ठानमा काजमा कार्यरत हुनुहुन्छ ।

६. **श्री राजेन्द्र खरेल :** कानून र न्यायको क्षेत्रमा कलम चलाईरहने लेखक श्री खरेल हाल काठमाडौं जिल्ला अदालतको न्यायाधीश पदमा कार्यरत हुनुहुन्छ ।

७. **श्री सुष्मा रेग्मी :** विभिन्न गैरसरकारी संस्थामा आवद्ध लेखिका सुष्मा रेग्मी बालमनोविज्ञानवेत्ता हुनुहुन्छ ।

Serial No. 17

**Mailing Address:**
National Judicial Academy (NJA)
Harihar Bhawan, Pulchok
Lalitpur, Nepal
Tel: 977-1-5549057 / 5549067
E-mail: info@njanepal.org.np
Website: njanepal.org.np